बढैयाताल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

मैनापोखर, बर्दिया, ५ नं. प्रदेश, नेपाल

# पार्श्वचित्र

२०७५

# मेरो दुई शब्द



साविकका जमुनि, सोरहवा, कालिका र मैनापोखर गाविस समावेश गरी ९ वडाहरु कायम गरी मिति २०७३/११/२७ मा बढैयाताल गाउँपालिका गठन गरिएपछि तयार भएको पार्श्वचित्र तयारी गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ ।

आधुनिक एन्ड्रोइड प्रविधि अपनाई प्राथमिक तथ्याङ्क प्राप्त गर्न बढैयाताल गाउँपालिकाको घरधुरी सर्वेक्षण सम्पन्न गरी विशिष्टिकृत प्रश्नावली निर्माण गरी प्राप्त सुचनाका आधारमा यो पार्श्वचित्र तयार पारिएको हो । यसमा जनसंख्यिक, सामाजिक, आर्थिक, कृषि, सडक, विद्युत, सञ्चार, सेवा, विप्रेषण लगायत अन्य सम्पुर्ण आवस्यक आधारभुत तथ्याङ्कहरुलाई समावेश गरी यो पार्श्वचित्र तयार पारिएको छ । राज्यको पुनर्संरचनाको सिलसिलामा स्थापित यस गाउँपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउने पार्श्वचित्र तयारीले नगरको विकासको वर्तमान अवस्थालई चित्रित गरेको छ । यस्तो चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी हामीलाई उपलब्ध सीमित श्रोत तथा साधनको अधिकतम सदुपयोग गरी गाउँ विकासलाई गति प्रदान गर्न अवश्य पनि सहयोग पुऱ्याउने आशा तथा विश्वास लिएको छु । यस अध्ययन प्रतिवेदनले प्राय : सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेट्न प्रयास गरेको भएतापनि सीमित समय तथा स्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण हुन सक्दैन । यसलाई समय सन्दर्भ अनुसार परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस हामी सबैले गर्नु पर्ने हुन्छ ।

योजनावद्ध विकासको आधारको रूपमा रहने यो पार्श्वचित्र समयमै तयार गर्न लगाउने गाउँपालिका सम्पूर्ण परिवार, प्रमुख प्रशासकीय अधिकृत ज्युहरु, वडा अध्यक्ष ज्युहरु, गणकहरु, सम्पुर्ण गाउँपालिकाबासीहरु लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा गाउँपालिकाको तर्फबाट आभार प्रकट गर्न चाहन्छु । यसै गरी यो अध्ययन प्रतिवेदन समयमै सम्पन्न गर्ने यो रुप दिने परामर्शदाता श्री पानोरामा रिसर्च सेन्टर प्रा.लि. काठमाडौंलाई विशेष धन्यबाद दिन चाहन्छु ।

अन्तमा गाउँपालिका विकासको आधार चित्र कोर्न यो प्रतिवेदन सहयोगी बनोस र दीर्घकालिन सोचका साथ अगाडि बढ्न हामी सबैलाई दिशा निर्देश प्राप्त होस् भन्ने शुभेच्छा प्रकट गर्दछु ।

**लालबहादुर श्रेष्ठ**
**अध्यक्ष**

# मेरो भन्नु



दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि गाउँपालिकाको समग्र तथ्याङ्क आवश्यक पर्दछ । यसै आवश्यकतालाई मध्य नजर गरी बढैयाताल गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको छ । जसमा गाउँपालिकाको जनगणना गरी विभिन्न विषय समावेश गरिएको श्रोत नक्साहरू, विषयगत कार्यालयहरूबाट सङ्कलन गरिएका तथ्यहरूमा आधारित भई उपलब्ध भएसम्मका कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाई, खानेपानी, विद्युत आदिका संस्थागत तथ्याङ्क समावेश गरी गाउँपालिका पार्श्वचित्र तयारी गरिएको छ ।

यस गाउँपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा गाउँपालिका वासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्ने मैले आशा लिएको छु । पार्श्वचित्रमा उल्लेखित विवरणमा गाउँपालिकाको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै गाउँपालिकाको जनगणना २०७५ का विविध पक्षहरू समावेश गरिएको छ ।

अन्तमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष र परोक्षरूपमा सहयोग गर्नु हुने सम्पूर्ण विषयगत कार्यालय, संघ/संस्था, सामाजिक परिचालक, वडा सचिवहरू, गाउँ कार्यपालिकाका कर्मचारीहरू, गाउँपालिका अध्यक्ष ज्यु, प्रमुख प्रशासकीय अधिकृत तथा शुरुदेखि तथ्याङ्क संकलन, प्रशोधन गरी पार्श्वचित्रलाई यो रुप दिनुहुने परामर्शदाता श्री पानोरामा रिसर्च सेन्टर प्रा.लि. काठमाडौँलाई हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

**दीपा कुमारी गौतम**
**उपाध्यक्ष**

# मेरो भन्नु



कुनै पनि विकासको मार्ग तयार गर्ने योजनाको सही छनोट प्रभावकारी कार्यान्वयन, सरोकारवालाहरुको पूर्ण सन्तुष्टि सहितको उपयोग र निरन्तर अनुगमन एवम् मूल्याङ्कन र दिगोपनाको लागि सही र वस्तुनिष्ट निर्णय लिन तथ्याङ्कको आवश्यकता पर्दछ । विगतबाट सिकेर वर्तमानको भोगाईका आधारमा भविष्यका लागि योजना तर्जुमा गर्नु वर्तमान पुनर्संरचित स्थानीय सरकारको पहिलो आवश्यकता हो भन्नेमा दुईमत हुन सक्दैन ।

वस्तुनिष्ठता र आवश्यकताको कसीमा योजनाहरू तथा कार्ययोजनाहरू अगाडि बढाउन नसकिएकमा जनताले स्थानीय तहबाट राखेका अपेक्षा पुरा हुन सक्दैनन् । यसैकारण वर्तमानको हाम्रो धरातलीय, सामाजिक, साँस्कृतिक तथा आर्थिक अवस्थाको पहिचान गरी भविष्यका आवश्यकता आँकलन गर्ने उद्देश्यका साथ यो अध्ययन प्रतिवेदन (पार्श्वचित्र) प्राथामिक तथ्याङ्क संकलन गरी तयार गरिएको हो । पार्श्वचित्रलाई सामान्य रुपमा अध्ययन गर्ने जो कोहीले पनि यो नगरको बहुआयामिकता सहितको वर्तमान अवस्था सहजै आँकलन गर्न सक्ने देखिन्छ । यो पार्श्वचित्रलाई एकातिर गाउँपालिकाको सम्पूर्ण चिनारीको रूपमा हेर्न सकिन्छ भने अर्कोतर्फ हाम्रा सम्भावना र चुनौतिहरूलाई अवगत गर्न सकिन्छ ।

पार्श्वचित्र तयारीको क्रममा आफ्नो महत्वपूर्ण समय प्रदान गर्ने गाउँपालिका अध्यक्ष ज्यु, गाउँपालिका उपाध्यक्ष ज्यु, विषयगत कार्यालयका प्रमुख लगायत सम्पूर्ण कर्मचारी, वडाध्यक्षज्यूहरू, वडा सचिव साथीहरू, सामाजिक परिचालकहरू, गणकहरु, विभन्न संघ/संस्थाका प्रमुख तथा अन्य कर्मचारीहरू तथा पार्श्वचित्रलाई यो रुप दिन सहयोग पुऱ्याउनु हुने परामर्शदाता श्री पानोरामा रिसर्च सेन्टर प्रा.लि. अनामनगर लाई हार्दिक आभार व्यक्त गर्दछु ।

अन्तमा, यो पार्श्वचित्र आफ्नो उद्देश्य प्राप्तिमा सफल रहोस् भन्ने सुभेच्छा व्यक्त गर्दछु ।

**नारायण प्रसाद ढकाल**
**प्रमुख प्रशासकीय अधिकृत**

# विषय सूची


खण्ड १: भूमिका — १

१.१ पृष्ठभूमि — १
१.२ गाउँ पार्श्वचित्र तयारीको उद्देश्यहरु — १
१.३ अध्ययनको महत्व — २
१.४ अध्ययनको औचित्य — २
१.५ गाउँपालिका पार्श्वचित्र तयारी विधि — २
१.६ गाउँपालिका पार्श्वचित्र तयारीका सिमाहरु — ३

खण्ड २: बढैयाताल गाउँपालिकाको परिचय — ४

२.१ ऐतिहासिक पृष्ठभूमि, नामाकरण, अवस्थिती, सिमाना र क्षेत्रफल — ४
२.२ भौगोलिक अवस्थिति — ६
२.३ राजनैतिक तथा प्रशासनिक केन्द्र — ७
२.४ भौगोलिक स्वरुप (टोपोग्राफी) — ९
२.४.१ माटोको बनावट र उर्वराशक्ति — १०
२.४.२ जलवायु तथा वर्षा — १०
२.५ गाउँपालिकामा रहेका सम्भाव्यता र अवसरहरू — १२
२.६ गाउँपालिकाको समस्या तथा चुनौतीहरु — १३
२.७ गाउपालिकाको समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरू — १४
२.८ गाउँपालिकाको अन्तर गाउँपालिका/नगरपालिकासँग सम्बन्ध — १५
२.९ सिमसार क्षेत्र — १५
२.१० खोलानाला, नदी तथा पोखरीहरु — १५
२.११ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु — १८
२.१२ होटेल रिर्सोट रेष्टुरेण्ट र होमस्टे सम्बन्धी विवरण — १९
२.१३ सार्वजनिक पाटीपौवा र चौतारासम्बन्धी विवरण — २०
२.१४ पार्क तथा पिक्निक स्थलको विवरण — २१
२.१५ मुख्य चाडपर्वहरु — २१

खण्ड ३: जनसाङ्ख्यिक विवरण — २५

३.१ वडागत घरधुरी संख्या तथा लिङ्गको आधारमा जनसंख्याको वितरण — २५
३.२ उमेर समूह अनुसार वडागत जनसंख्याको विवरण — २८
३.३ उमेर र लिङ्गअनुसार वडागत जनसंख्याको विवरण — २९
३.४ परिवारमा रहेको सदस्य संख्याको आधारमा वडागत घरधुरीको वितरण — ३१
३.५ उमेर समूहको आधारमा घरमूलीको वितरण — ३२
३.६ उमेर समूह र लिङ्गका आधारमा घरमूलीको वितरण — ३३
३.७ राष्ट्रियताको आधारमा वडागत जनसंख्याको वितरण — ३४
३.८ जातजातीको आधारमा वडागत जनसंख्याको वितरण — ३५

३.९ गाउँपालिकामा बोलिने भाषाको आधारमा जनसंख्याको वितरण ३६
३.१० धर्मअनुसार जनसंख्याको वडागत वितरण ३७
३.११ ५ वर्ष भन्दा कम उमेरका बालबालिकाहरुको जिवनशैलीका आधारमा वडागत वितरण ३८
३.१२ १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक स्थिति ३९
३.१३ उमेर समूहका आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको वितरण ४१
३.१४ उमेर समूह तथा लैङ्गिक आधारमा १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको वितरण ४१
३.१५ उमेर तथा लैङ्गिक आधारमा १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण ४२
३.१६ १० वर्ष वा सोभन्दा माथिको लैङ्गिक आधारमा विवाहित जनसंख्याको पहिलो विवाह गर्दाको उमेरको विवरण ४३
३.१९ विदेशमा जन्मेका व्यक्तिहरुको विवरण ४५
३.२० बसाईको समयको आधारमा ४५
३.२१ बसाईको कारणले गर्दा नगरपालिकाको गणनामा समावेश भएका जनसंख्या सम्बन्धी विवरण ४६
३.२२ ५ वर्ष वा सो भन्दा बढी यही गाउँपालिकामा बसोबास गर्ने जनसंख्या सम्बन्धी विवरण ४७
३.२३ लैङ्गिक आधारमा उत्तरदाताहरुको वितरण ४८
३.२४ परिवारले प्रयोग गरेको घरको स्वामित्वको आधारमा घरधुरी वितरण ४९
३.२५ परिवारले प्रयोग गरेको घर भएको जग्गाको स्वामित्वको आधारमा घरधुरीको वितरण ५०
३.२६ घरको किसिमको आधारमा घरधुरीको वितरण ५१
३.२७ परिवारले प्रयोग गरेको घरको तल्लाको आधारमा घरधुरीको वितरण ५२
३.२८ परिवारले प्रयोग गरेको घर बनेको अवधीको आधारमा घरधुरीको वितरण ५३
३.२९ परिवारले प्रयोग गरेको घरको कोठा संख्याको आधारमा घरधुरीको वितरण ५४
३.३० घरधुरीले प्रयोग गरिरहेको कोठा संख्याको आधारमा घरधुरीको वितरण ५५
३.३१ घर बनेको आफ्नो जग्गाको क्षेत्रफलको आधारमा घरधुरीको वितरण ५६
३.३२ जग्गामा भएको स्वामित्वको आधारमा घरधुरीको वितरण ५७
३.३३ घर तथा जमिनमा महिलाको स्वामित्व हुने घरधुरीको वितरण ५८
३.३४ विगत १२ महिनामा मृत्यु भएका परिवारका सदस्यहरुको संख्याको आधारमा घरधुरीको वितरण ५९
३.३५ उमेर र लिङ्ग अनुसार मृत्यु संख्याको वितरण ६०
३.३६ गाउँपालिकामा विगत १२ महिनामा मृत्यु भएका परिवारका सदस्यहरुको मृत्युको कारण ६१
३.३७ मृत्यु दर्ता गर्ने घरधुरीको आधारमा वडागत वितरण ६२
३.३८ उमेर र लिङ्गका आधारमा अनुपस्थित जनसंख्याको वितरण ६३
३.३९ शैक्षिक स्तरको आधारमा गाउँपालिकामा अनुपस्थित जनसंख्याको वितरण ६४
३.४० शैक्षिक स्तर, लिङ्ग र उमेर समूहका आधारमा अनुपस्थित जनसंख्याको वितरण ६५
३.४१ अनुपस्थित रहेको अवधिको आधारमा अनुपस्थित जनसंख्याको वितरण ६५
३.४२ अनुपस्थित रहने कारणका आधारमा अनुपस्थित जनसंख्याको वितरण ६६
३.४३ गन्तव्यस्थलका आधारमा अनुपस्थित जनसंख्याको वितरण ६७
३.४४ अनुपस्थित हुने कारण र गन्तव्यस्थलका आधारमा अनुपस्थित जनसंख्याको वितरण ६८
३.४५ व्यक्तिगत घटना दर्ता ६९
३.४५.१ पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत वितरण ६९
३.४६ मतदाता संख्याको विवरण ७०

खण्ड ४: भू–उपयोग ७२
४.१ गाउँपालिका भू-उपयोगको विवरण ७२
४.२ मुख्य बस्ती सम्बन्धी विवरण ७४
४.३ ग्रामीण वस्ती विस्तारको स्वरुप ७५
४.४ क्रमिक विकास भइरहेका बस्तीहरूको वर्तमान स्वरुप ७६
४.४.१ लालपुर्जा भएको वा नभएको जमिनमा बनेको घरहरूको आधारमा घरधुरीहरूको विवरण ७६
४.४.२ घर निर्माण सम्पन्न प्रमाणपत्र लिएका घरधुरीको संख्याको आधारमा घरधुरीको विवरण ७७
४.४.३ कोठा वा फ्ल्याट भाडामा दिएका घरधुरीहरूको वडागत विवरण ७८
४.४.४ कोठा भाडा दिएका घरधुरीहरूले गर्ने मासिक आम्दानीको आधारमा वडागत विवरण ७९
४.४.५ भाडाको घरमा बस्ने परिवारहरूले मासिक रुपमा तिर्ने भाडाको आधारमा घरधुरीको वितरण ८०
४.५ बस्ती विकासमा देखिएका चुनौतीहरू ८१
४.६ भू-क्षय सम्भावित क्षेत्र ८१
४.७ प्रकोपबाट भएको क्षति ८१
४.८ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ८२
४.९ विपद व्यवस्थापन पूर्व तयारी सम्बन्धी विवरण ८२
खण्ड ५: आर्थिक क्षेत्र तथा रोजगार स्थिति ८३
५.१ गाउँपालिकाको अर्थतन्त्रको संरचनात्मक स्वरुप ८३
५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ८३
५.३ आश्रित जनसंख्याको विवरण ८३
५.४ मुख्य पेशाको आधारमा जनसंख्याको वडागत विवरण ८४
५.५ आम्दानीको पहिलो प्रमुख श्रोतका आधारमा घरधुरीको वितरण ८५
५.६ आम्दानीको दोश्रो प्रमुख श्रोतका आधारमा घरधुरीको वितरण ८६
५.७ आम्दानीको तेश्रो प्रमुख श्रोतका आधारमा घरधुरीको वितरण ८७
५.८ आम्दानीका श्रोतहरुका आधारमा घरधुरीको वितरण ८८
५.९ परिवार धान्न आवश्यक पर्ने मासिक खर्चको आधारमा घरधुरीको वितरण ८९
५.१० आफ्नै वार्षिक आम्दानीले परिवार धान्न पुग्ने महिनाको आधारमा घरधुरीको वितरण ९०
५.११ परिवारले लिएको ऋणका आधारमा घरधुरीको वितरण ९१
५.१२ परिवारले लिएको ऋण रकमका आधारमा घरधुरीको वितरण ९२
५.१३ ऋण लिनुको कारणका आधारमा घरधुरीको वितरण ९३
५.१४ ऋण लिएको स्रोतका आधारमा घरधुरीको वितरण ९४
५.१५ खर्चको पहिलो प्राथमिकताका आधारमा विप्रेषण पठाउनेको वितरण ९५
५.१६ खर्चको दोश्रो प्राथमिकताका आधारमा विप्रेषण पठाउनेको वितरण ९६
५.१७ खर्चको तेश्रो प्राथमिकताका आधारमा विप्रेषण पठाउनेको वितरण ९८
५.१८ विप्रेषण खर्च हुने प्रमुख क्षेत्रहरुको आधारमा विप्रेषण पठाउनेको वितरण ९९
५.१९ विप्रेषणको आकारको आधारमा वडागत विवरण ९९
५.२० कृषि १००
५.२०.१ कृषियोग्य जमिनको स्वामित्वका आधारमा घरधुरीको वितरण १०१
५.२०.२ खेतीपातीमा उपयोग भएको जग्गा जमिनको आकारको आधारमा घरधुरीको वितरण १०२
५.२०.३ खेतीयोग्य जमिनको उपयोगको आधारमा घरधुरीको वितरण १०३

५.२०.४ कृषि उत्पादनमा आबद्ध घरधुरीको वितरण १०४
५.२०.५ कृषी बाली उत्पादनको आधारमा घरधुरीको वितरण १०५
५.२०.६ कृषीजन्य बाली बिक्रीका आधारमा घरधुरीको वितरण १०६
**५.२१ कृषक र गैर-कृषकका आधारमा घरधुरीको वितरण ११३**
**५.२२ जम्मा घरधुरी, कृषक घरधुरी र खेतीयोग्य जमिनको क्षेत्रफल ११४**
**५.२३ आफ्नो उत्पादनले खान पुग्ने अवधीको आधारमा घरधुरीको वितरण ११५**
**५.२४ कृषि बालीमा लाग्ने रोग ११६**
**५.२५ माछापालन सम्वन्धी विवरण ११७**
**५.२६ कृषि बजारीकरण ११८**
**५.२७ जग्गाको उर्वराशक्ति ११८**
**५.२८ कृषि सेवा केन्द्र ११८**
**५.२९ कृषि पकेट क्षेत्रको विवरण ११८**
**५.३० सिंचाइ ११९**
**५.३१ पशुपालन ११९**
५.३१.१ पशु नश्ल ११९
५.३१.२ घरपालुवा पशुपंक्षी पालनका आधारमा घरधुरीको वितरण १२०
५.३१.३ घरपालुवा पशुपंक्षी पालनको आकारका आधारमा घरधुरीको वितरण १२१
५.३१.४ पशुपंक्षीहरुको उत्पादन तथा विक्रिका आधारमा घरधुरीको वितरण १२७
५.३१.५ पशुपंक्षी जन्य वस्तुको उत्पादनको आकारका आधारमा घरधुरीको वितरण १२९
५.३१.६ पशुपंक्षी जन्य उत्पादन तथा बिक्रीका आधारमा घरधुरीको वितरण १३०
५.३१.७ पशुपंक्षीमा लाग्ने रोगहरु १३१
५.३१.८ गाउँपालिकामा दुग्ध बजारीकरण १३२
५.३१.९ मासु बजारीकरण १३२
५.३१.१० पशु सेवा केन्द्र तथा उपकेन्द्रहरू १३३
५.३१.११ पशुपंक्षी फार्म १३३
**५.३२ उद्योग १३३**
**५.३३ व्यापारिक क्षेत्र १३४**
५.३३.१ ढुवानी तथा भण्डार व्यवस्था १३५
५.३३.२ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति १३५
**५.३४ अन्य आर्थिक विकासका सम्भावनाहरू १३५**
**५.३५ गाउँपालिकाको अर्थतन्त्रको विशिष्टिकरण १३६**
**५.३६ बैंक तथा वित्तिय संस्थाहरुको विवरण १३६**
५.३६.१ बैंक खाता भएका घरधुरीको संख्याको आधारमा घरधुरीको वितरण १३७
**५.३७ सहकारी संस्थाको विवरण १३८**
**५.३८ संघ संस्था तथा विभिन्न समूहहरू १३८**
**५.३९ गैर सरकारी संस्थाहरू १३८**

खण्ड ६: भौतिक तथा सार्वजनिक पूर्वाधार १३९

६.१ यातायात १४०

६.१.१ सडक १४०

६.१.२ सडक सुविधा पहुँचको प्रकारका आधारमा वडागत घरधुरीको विवरण १४१

६.१.३ घरधुरीले प्रयोग गरेको सडकको चौडाइको आधारमा वडागत विवरण १४२

६.१.४ सडक मार्गबाट जोडिने बस्तीहरु १४३

६.२ यातायात सेवा १४३

६.२.१ वडा केन्द्रबाट गाउँपालिका कार्यालयमा पुग्न लाग्ने समय १४३

६.२.२ गाउँपालिका कार्यालयमा पुग्न लाग्ने समय १४४

६.२.३ सवारी साधनहरु १४४

६.२.४ पुल तथा पुलेसाको विवरण १४५

६.२.५ पैदल मार्गको विवरण १४५

६.३ संचार १४६

६.३.१ परिवारमा भएको साधन तथा सुविधाको आधारमा घरधुरीको वितरण १४६

६.३.२ दूर सञ्चार सेवाको अवस्था १४८

६.३.३ टेलिफोन/मोबाइल १४८

६.३.४ हुलाक सेवा १४८

६.३.५ पत्रपत्रिका १४९

६.४ खानेपानी तथा सरफाई १४९

६.४.१ खानेपानीको स्रोतको आधारमा घरधुरीको वितरण १४९

६.४.२ खानेपानीको मुख्य श्रोत भएको ठाउँसम्म पुग्न लाग्ने समयको आधारमा घरधुरीको वितरण १५०

६.४.३ खानेपानी शुद्धिकरण गर्ने विधीका आधारमा घरधुरीहरुको वितरण १५१

६.४.४ परिवारले खाना पकाउन प्रयोग गर्ने इन्धनको आधारमा घरधुरीको वितरण १५३

६.४.५ शौचालय प्रयोगको प्रकारको आधारमा घरधुरीको वितरण १५४

६.४.६ गाउँपालिकामा खानेपानी तथा सरसफाइ क्षेत्रको समस्या र चुनौतिहरु १५५

६.४.७ गाउँपालिकाको व्यक्तिगत सरसफाइ, घरायसी सरसफाइ, वातावरणीय सरसफाइको प्रबर्द्धन १५६

६.४.८ गाउँपालिकामा खानेपानी शुद्धिकरण तथा खानेपानी तथा सरसफाइ आयोजनाको व्यवस्थापन १५६

६.५ विद्युत १५६

६.५.१ दैनिक बत्ति बाल्न प्रयोग गरिने इन्धनको आधारमा घरधुरीको वितरण १५७

खण्ड ७: सामाजिक पूर्वाधार तथा सेवा १५८

७.१ शिक्षा १५९

७.१.१ ५ वर्ष भन्दा माथिल्लो उमेर समूहमा साक्षरताको अवस्था १५९

७.१.२ लैङ्गिक आधारमा ५ देखि २४ वर्षका हाल विद्यालय/कलेज गैरहेको वडागत जनसंख्याको विवरण १६१

७.१.३ लैङ्गिक आधारमा ५ देखि ३५ वर्षका हाल विद्यालय/कलेज गैरहेको वडागत जनसंख्याको विवरण १६१

७.१.४ लैङ्गिक आधारमा ५ देखि ३९ वर्षभित्रका विद्यालय/कलेज गैरहेका वा नगएका जनसंख्याको वडागत वितरण १६२
७.१.५ ५-३५ वर्षको उमेर समूहमा विद्यालय/कलेज उपस्थित नहुनेहरुको विवरण १६३
७.१.६ वडा अनुसार ५-२४ वर्षको उमेर समूहमा विद्यालय/कलेज उपस्थित नहुनेहरुको विवरण १६४
७.१.७ विद्यालय/कलेजको प्रकारको आधारमा ५ देखि ३५ वर्षभित्रको जनसंख्याको वडागत लैङ्गिक वितरण १६४
७.१.८ पाँच देखि ३५ वर्षका हाल विद्यालय/कलेज नगएकाहरुको कारणका आधारमा वडागत लैङ्गिक विवरण १६५
७.१.९ पाँच देखि ३५ वर्षका हाल विद्यालय/कलेज नगएकाहरुको कारणका आधारमा उमेर अनुसार, वडागत, लैङ्गिक विवरण १६७
७.१.१० लैङ्गिक आधारमा ५ वर्षभन्दा माथिको जनसंख्या मध्ये औपचारिक वा अनौपचारिक तालिम लिएकाहरुको वडागत विवरण १६८
७.१.११ विशेष सीप वा दक्षता भएको जनसंख्याको वडागत विवरण १६९
७.१.१२ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण १७१
७.१.१३ विद्यालय बाहिर रहेका बालबालिकाको विवरण १७४
७.१.१४ शिक्षक विवरण १७७
७.१.१५ तालिम प्राप्त जनशक्ति १७७
७.१.१६ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू १७७

**७.२ स्वास्थ्य १७८**

७.२.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू १७९
७.२.२ गााउँघर क्लिनीक र नियमित खोप १८०
७.२.३ एच. आई. भी./एडसको अवस्था १८०
७.२.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण १८०
७.२.५ १५ देखि ४९ वर्षसम्मका विभिन्न उमेर समूहका विवाहित महिलाहरुले जिवित जन्माएका शिशुहरुको संख्याको आधारमा जनसंख्याको विवरण १८१
७.२.६ १५ देखि ४९ वर्षसम्मका विभिन्न उमेर समूहका विवाहित महिलाहरुले जिवित जन्माएका शिशुहरुको संख्याको आधारमा जनसंख्याको विवरण १८१
७.२.७ उमेर समूह अनुसार आमाहरुले जन्माएका मृत तथा हालसम्म जिवित शिशुहरुको समग्र विवरण १८५
७.२.८ उमेर समूह अनुसार आमाहरुले जन्माएका मृत तथा हालसम्म जिवित शिशुहरुको वडागत समग्र विवरण १८५
७.२.९ १५ देखि ४९ वर्षका विवाहित महिलाले जिवित जन्माएका शिशुहरुको लिङ्गका आधारमा, मृत्यु संख्या र हालको बसोबासको विवरण १८९
७.२.१० आमाको साक्षरता स्तर र शैक्षिक उपलब्धीका आधारमा जीवित जन्मेका बालबालिकाहरुको संख्या १९०
७.२.११ १५ देखि ४९ वर्षका विवाहित महिलाहरुबाट विगत १ वर्षमा जन्माएका जिवित शिशुहरुको लैङ्गिक तथा आमाको उमेर समूहका आधारमा विवरण १९२
७.२.१२ १५ देखि ४९ वर्षका विवाहित महिलाहरुबाट विगत १ वर्षमा जन्माएका जिवित शिशुहरुको लैङ्गिक तथा आमाको उमेर समूहका आधारमा वडागत विवरण १९३
७.२.१३ बितेका १२ महिनामा जन्मेका शिशुहरुको जन्मदाको तौलका आधारमा वडागत विवरण १९५
७.२.१४ १५-४९ उमेरसमूहका विवाहित महिलाहरुको पहिलो शिशु जन्मिदाको उमेर सम्बन्धी विवरण १९६

७.२.१५ खोपको विवरण १९७
७.२.१६ पूर्ण खोपयुक्त पाँच वर्ष मूनिका बालबालिकाहरुको वडागत जनसंख्याको वितरण १९८
७.२.१७ बाल्यकालमा हुने रोगका जोखिम १९९
७.२.१८ शिशु तथा ५ वर्ष मुनिको बाल मृत्युदर २००
७.२.१९ पोषण सम्वन्धी विवरण २००
**७.३ खेलकुद तथा मनोरञ्जन २०१**
**७.३ नागरिक सुरक्षा सेवा २०२**
७.३.१ सामाजिक सुरक्षा २०२
७.३.२ बृद्धबृद्धाहरूको अवस्था २०२
**७.४ महिला तथा बालबालिका २०३**
७.४.१ महिला सम्बन्धी विवरण २०३
७.४.२ बाल अधिकार २०४
७.४.३ बालअधिकारका सिद्धान्तहरू २०५
७.४.५ बालश्रमको अवस्था २०६
७.४.६ बढैयाताल गाउँपालिकाको बाल अधिकारको अवस्था २०६
७.४.७ बालक्लब २०८
७.४.८ बाल विकास केन्द्र २०८
**७.५ अपाङ्गताको विवरण २०९**
**७.६ फोहोरमैला व्यवस्थापन २१०**
७.६.१ फोहोरमैला व्यवस्थापन गर्ने स्थानको आधारमा घरधुरीको वितरण २११
**७.१२ शवदाह/ चिहानहरुको विवरण २१२**
**खण्ड ८: वन तथा वातावरण २१३**
**८.१ प्राकृतिक वन तथा वनस्पती २१३**
**८.२ जैविक विविधता सम्बन्धी विवरण २१३**
**८.३ गाउँपालिकामा पाईने वन्यजन्तु २१४**
**८.४ वनजंगल २१५**
८.४.१ सामुदायिक वन २१६
८.४.२ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था २१८
**८.५ जडिबुटी सम्बन्धी विवरण २१८**
**८.६ वन पैदावारमा आधारित उद्योगहरूको विवरण २१९**
**८.७ वन संरक्षणका लागि चाल्नु पर्ने कदम २१९**
**खण्ड ९: विकास सूचकाङ्क र गरिबीको स्थिति २२०**
**९.१ मानव विकास सुचकको विवरण (HDI) २२०**
**९.२ मानव गरीबी सूचकाङ्ख (Human Poverty Index) २२०**
**९.३ मानव विकास र गरीबी २२१**
**९.४ गरिबी न्यूनीकरण २२१**
**९.५ समग्र विकास स्थिति २२१**
**खण्ड १०: गाउँपालिकाको संगठनात्मक ढाँचा २२३**
**१०.१ हाल कार्यरत कर्मचारीहरुको विवरण २२३**
**१०.२ जन प्रतिनिधिहरुको विवरण २२४**
**१०.३ प्रमुख राजनैतिक दलहरुको विवरण २२६**

# तालिका सूची


तालिका नं. १: बढैयाताल गाउँपालिकाको वडा विभाजन ७
तालिका नं. २: बर्दिया जिल्लाको औषत तापक्रम ११
तालिका नं. ३: नदी नाला तथा खोलाहरुको विवरण १६
तालिका नं. ४: बढैयाताल गाउँपालिकामा रहेका धार्मिक स्थलहरू १९
तालिका नं. ५: होटेल रिर्सोट रेष्टुरेण्ट र होमस्टे सम्बन्धी विवरण १९
तालिका नं. ६: सार्वजनिक पाटीपौवा र चौतारासम्बन्धी विवरण २०
तालिका नं. ७: पार्क तथा पिक्नीक स्थलको विवरण २१
तालिका नं. ८: मुख्य चाडपर्व/मेलाहरुको विवरण २२
तालिका नं. ९: वडागत घरधुरी संख्या तथा लिङ्गको आधारमा जनसंख्याको वितरण २७
तालिका नं. १०: उमेर समूह अनुसार वडागत जनसंख्याको विवरण २८
तालिका नं. ११: उमेर र लिङ्गअनुसार वडागत जनसंख्याको विवरण २९
तालिका नं. १२: परिवारमा रहेको सदस्य संख्याको आधारमा वडागत घरधुरीको वितरण ३१
तालिका नं. १३: उमेर समूहको आधारमा घरमूलीको वितरण ३२
तालिका नं. १४: उमेर समूह र लिङ्गका आधारमा घरमूलीको वितरण ३३
तालिका नं. १५: राष्ट्रियताको आधारमा वडागत जनसंख्याको वितरण ३४
तालिका नं. १६: जातजातीको आधारमा वडागत जनसंख्याको वितरण ३५
तालिका नं. १७: गाउँपालिकामा बोलिने भाषाको आधारमा जनसंख्याको वितरण ३६
तालिका नं. १८: धर्मअनुसार जनसंख्याको वडागत वितरण ३७
तालिका नं. १९: ५ वर्ष भन्दा कम उमेरका बालबालिकाहरुको जिवनशैलीका आधारमा वडागत वितरण ३८
तालिका नं. २०: १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक स्थिति ३९
तालिका नं. २१: उमेर समूहका आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको वितरण ४१
तालिका नं. २२: उमेर समूह तथा लैङ्गिक आधारमा १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको वितरण ४१
तालिका नं. २३: उमेर तथा लैङ्गिक आधारमा १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण ४२
तालिका नं. २४: १० वर्ष वा सोभन्दा माथिको लैङ्गिक आधारमा विवाहित जनसंख्याको पहिलो विवाह गर्दाको उमेरको विवरण ४३
तालिका नं. २५: विदेशमा जन्मेका व्यक्तिहरुको विवरण ४५
तालिका नं. २६: बसाईको समयको आधारमा ४५
तालिका नं. २७: बसाईको कारणले गर्दा नगरपालिकाको गणनामा समावेश भएका जनसंख्या सम्बन्धी विवरण ४६
तालिका नं. २८: ५ वर्ष वा सो भन्दा बढी यही गाउँपालिकामा बसोबास गर्ने जनसंख्या सम्बन्धी विवरण ४७
तालिका नं. २९: लैङ्गिक आधारमा उत्तरदाताहरुको वितरण ४८
तालिका नं. ३०: परिवारले प्रयोग गरेको घरको स्वामित्वको आधारमा घरधुरी वितरण ४९
तालिका नं. ३१: परिवारले प्रयोग गरेको घर भएको जग्गाको स्वामित्वको आधारमा घरधुरीको वितरण ५०
तालिका नं. ३२: घरको किसिमको आधारमा घरधुरीको वितरण ५१
तालिका नं. ३३: परिवारले प्रयोग गरेको घरको तल्लाको आधारमा घरधुरीको वितरण ५२
तालिका नं. ३४: परिवारले प्रयोग गरेको घर बनेको अवधीको आधारमा घरधुरीको वितरण ५३
तालिका नं. ३५: परिवारले प्रयोग गरेको घरको कोठा संख्याको आधारमा घरधुरीको वितरण ५४
तालिका नं. ३६: घरधुरीले प्रयोग गरिरहेको कोठा संख्याको आधारमा घरधुरीको वितरण ५५
तालिका नं. ३७: घर बनेको आफ्नो जग्गाको क्षेत्रफलको आधारमा घरधुरीको वितरण ५६

तालिका नं. ३८: जग्गामा भएको स्वामित्वको आधारमा घरधुरीको वितरण ५७
तालिका नं. ३९: घर तथा जमिनमा महिलाको स्वामित्व हुने घरधुरीको वितरण ५८
तालिका नं. ४०: विगत १२ महिनामा मृत्यु भएका परिवारका सदस्यहरुको संख्याको आधारमा घरधुरीको वितरण ५९
तालिका नं. ४१: उमेर र लिङ्ग अनुसार मृत्यु संख्याको वितरण ६०
तालिका नं. ४२: गाउँपालिकामा विगत १२ महिनामा मृत्यु भएका परिवारका सदस्यहरुको मृत्युको कारण ६१
तालिका नं. ४३: मृत्यु दर्ता गर्ने घरधुरीको आधारमा वडागत वितरण ६२
तालिका नं. ४४: उमेर र लिङ्गका आधारमा अनुपस्थित जनसंख्याको वितरण ६३
तालिका नं. ४५: शैक्षिक स्तरको आधारमा गाउँपालिकामा अनुपस्थित जनसंख्याको वितरण ६४
तालिका नं. ४६: शैक्षिक स्तर, लिङ्ग र उमेर समूहका आधारमा अनुपस्थित जनसंख्याको वितरण ६५
तालिका नं. ४७: अनुपस्थित रहेको अवधिको आधारमा अनुपस्थित जनसंख्याको वितरण ६५
तालिका नं. ४८: अनुपस्थित रहने कारणका आधारमा अनुपस्थित जनसंख्याको वितरण ६६
तालिका नं. ४९: गन्तव्यस्थलका आधारमा अनुपस्थित जनसंख्याको वितरण ६७
तालिका नं. ५०: अनुपस्थित हुने कारण र गन्तव्यस्थलका आधारमा अनुपस्थित जनसंख्याको वितरण ६८
तालिका नं. ५१: पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत वितरण ६९
तालिका नं. ५२: मतदाता संख्याको विवरण ७०
तालिका नं. ५३: गाउँपालिकाको भूभागको वितरण ७३
तालिका नं. ५४: मुख्य बस्ती सम्बन्धी विवरण ७५
तालिका नं. ५५: लालपुर्जा भएको वा नभएको जमिनमा बनेको घरहरूको आधारमा घरधुरीहरूको विवरण ७६
तालिका नं. ५६: घर निर्माण सम्पन्न प्रमाणपत्र लिएका घरधुरीको संख्याको आधारमा घरधुरीको विवरण ७७
तालिका नं. ५७: कोठा वा फ्ल्याट भाडामा दिएका घरधुरीहरूको वडागत विवरण ७८
तालिका नं. ५८: कोठा भाडा दिएका घरधुरीहरूले गर्ने मासिक आम्दानीको आधारमा वडागत विवरण ७९
तालिका नं. ५९: भाडाको घरमा बस्ने परिवारहरूले मासिक रुपमा तिर्ने भाडाको आधारमा घरधुरीको वितरण ८०
तालिका नं. ६०: गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ८२
तालिका नं. ६१: आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ८३
तालिका नं. ६२: आश्रित जनसंख्याको विवरण ८३
तालिका नं. ६३: मुख्य पेशाको आधारमा जनसंख्याको वडागत विवरण ८४
तालिका नं. ६४: आम्दानीको पहिलो प्रमुख श्रोतका आधारमा घरधुरीको वितरण ८५
तालिका नं. ६५: आम्दानीको दोश्रो प्रमुख श्रोतका आधारमा घरधुरीको वितरण ८६
तालिका नं. ६६: आम्दानीको तेश्रो प्रमुख श्रोतका आधारमा घरधुरीको वितरण ८७
तालिका नं. ६७: आम्दानीका श्रोतहरुका आधारमा घरधुरीको वितरण ८८
तालिका नं. ६८: परिवार धान्न आवश्यक पर्ने मासिक खर्चको आधारमा घरधुरीको वितरण ८९
तालिका नं. ६९: आफ्नै वार्षिक आम्दानीले परिवार धान्न पुग्ने महिनाको आधारमा घरधुरीको वितरण ९०
तालिका नं. ७०: परिवारले लिएको ऋणका आधारमा घरधुरीको वितरण ९१
तालिका नं. ७१: परिवारले लिएको ऋण रकमका आधारमा घरधुरीको वितरण ९२
तालिका नं. ७२: ऋण लिनुको कारणका आधारमा घरधुरीको वितरण ९३
तालिका नं. ७३: ऋण लिएको स्रोतका आधारमा घरधुरीको वितरण ९४
तालिका नं. ७४: खर्चको पहिलो प्राथमिकताका आधारमा विप्रेषण पठाउनेको वितरण ९५
तालिका नं. ७५: खर्चको दोश्रो प्राथमिकताका आधारमा विप्रेषण पठाउनेको वितरण ९६
तालिका नं. ७६: खर्चको तेश्रो प्राथमिकताका आधारमा विप्रेषण पठाउनेको वितरण ९८

तालिका नं. ७७: विप्रेषण खर्च हुने प्रमुख क्षेत्रहरुको आधारमा विप्रेषण पठाउनेको वितरण ९९
तालिका नं. ७८: विप्रेषणको आकारको आधारमा वडागत विवरण ९९
तालिका नं. ७९: कृषियोग्य जमिनको स्वामित्वका आधारमा घरधुरीको वितरण १०१
तालिका नं. ८०: खेतीपातीमा उपयोग भएको जग्गा जमिनको आकारको आधारमा घरधुरीको वितरण १०२
तालिका नं. ८१: खेतीयोग्य जमिनको उपयोगको आधारमा घरधुरीको वितरण १०३
तालिका नं. ८२: कृषि उत्पादनमा आबद्ध घरधुरीको वितरण १०४
तालिका नं. ८३: कृषी बाली उत्पादनको आधारमा घरधुरीको वितरण १०५
तालिका नं. ८४: कृषीजन्य बाली बिक्रीका आधारमा घरधुरीको वितरण १०६
तालिका नं. ८५: अन्न बाली विक्रि वितरण १०७
तालिका नं. ८६: दलहन बाली विक्रि वितरण १०८
तालिका नं. ८७: तेलहन बाली विक्रि वितरण १०९
तालिका नं. ८८: तेलहन बाली विक्रि वितरण ११०
तालिका नं. ८९: मसला बाली विक्रि वितरण १११
तालिका नं. ९०: फलफुल बाली विक्रि वितरण ११२
तालिका नं. ९१: कृषक र गैर-कृषकका आधारमा घरधुरीको वितरण ११३
तालिका नं. ९२: जम्मा घरधुरी, कृषक घरधुरी र खेतीयोग्य जमिनको क्षेत्रफल ११४
तालिका नं. ९३: आफ्नो उत्पादनले खान पुग्ने अवधीको आधारमा घरधुरीको वितरण ११५
तालिका नं. ९४: विभिन्न बालीमा लाग्ने रोग विवरण ११७
तालिका नं. ९५: माछापालन सम्बन्धी विवरण ११७
तालिका नं. ९६: कृषि सेवा केन्द्रको विवरण ११८
तालिका नं. ९७: कृषि पकेट क्षेत्रको विवरण ११८
तालिका नं. ९८: घरपालुवा पशुपंक्षी पालनका आधारमा घरधुरीको वितरण १२०
तालिका नं. ९९: घरपालुवा पशुपंक्षी पालनको आकारका आधारमा घरधुरीको वितरण १२१
तालिका नं. १००: गाई/पालन सम्बन्धी विवरण १२२
तालिका नं. १०१: भैंसी/राँगा सम्बन्धी विवरण १२३
तालिका नं. १०२: भेडा/बाखा/च्याङग्रा पालन सम्बन्धी विवरण १२४
तालिका नं. १०३: बंगुर/सुँगुर पालन सम्बन्धी विवरण १२५
तालिका नं. १०४: हाँस/कुखुरा पालन १२६
तालिका नं. १०५: पशुपंक्षीहरुको उत्पादन तथा विक्रिका आधारमा घरधुरीको वितरण १२७
तालिका नं. १०६: पशुपंक्षी जन्य वस्तुको उत्पादनको आकारका आधारमा घरधुरीको वितरण १२९
तालिका नं. १०७: पशुपंक्षी जन्य उत्पादन तथा बिक्रीका आधारमा घरधुरीको वितरण १३०
तालिका नं. १०८: पशुमा देखिएका रोगको विवरण १३१
तालिका नं. १०९: पशु सेवा केन्द्रहरुको विवरण १३३
तालिका नं. ११०: पशुपंक्षी उत्पादन सम्बन्धी विवरण १३३
तालिका नं. १११: व्यापारिक केन्द्रहरूको विवरण १३४
तालिका नं. ११२: बैंक तथा वित्तिय संस्थाहरुको विवरण १३७
तालिका नं. ११३: बैंक खाता भएका घरधुरीको संख्याको आधारमा घरधुरीको वितरण १३७
तालिका नं. ११४: सडक सुविधा पहुँचको प्रकारका आधारमा वडागत घरधुरीको विवरण १४१
तालिका नं. ११५: घरधुरीले प्रयोग गरेको सडकको चौडाइको आधारमा वडागत विवरण १४२

तालिका नं. ११६: सडक मार्गबाट जोडिने बस्तीहरु १४३
तालिका नं. ११७: वडा केन्द्रबाट गाउँपालिका कार्यालयमा पुग्न लाग्ने समय १४४
तालिका नं. ११८: गाउँपालिकाको टाढाको बस्तीबाट गाउँ कार्यपालिकासम्म पुग्न लाग्ने समय १४४
तालिका नं. ११९: सवारी साधन सम्बन्धी विवरण १४५
तालिका नं. १२०: पुल तथा पुलेसाको विवरण १४५
तालिका नं. १२१: पैदल मार्गको विवरण १४६
तालिका नं. १२२: परिवारमा भएको साधन तथा सुविधाको आधारमा घरधुरीको वितरण १४७
तालिका नं. १२३: खानेपानीको स्रोतको आधारमा घरधुरीको वितरण १४९
तालिका नं. १२४: खानेपानीको मुख्य श्रोत भएको ठाउँसम्म पुग्न लाग्ने समयको आधारमा घरधुरीको वितरण १५०
तालिका नं. १२५: खानेपानी शुद्धिकरण गर्ने विधीका आधारमा घरधुरीहरुको वितरण १५१
तालिका नं. १२६: परिवारले खाना पकाउन प्रयोग गर्ने इन्धनको आधारमा घरधुरीको वितरण १५३
तालिका नं. १२७: शौचालय प्रयोगको प्रकारको आधारमा घरधुरीको वितरण १५४
तालिका नं. १२८: दैनिक बत्ति बाल्न प्रयोग गरिने इन्धनको आधारमा घरधुरीको वितरण १५७
तालिका नं. १२९: लैङ्गिक आधारमा ५ देखि २४ वर्षका हाल विद्यालय/कलेज गैरहेको वडागत जनसंख्याको विवरण १६१
तालिका नं. १३०: लैङ्गिक आधारमा ५ देखि ३५ वर्षका हाल विद्यालय/कलेज गैरहेको वडागत जनसंख्याको विवरण १६१
तालिका नं. १३१: लैङ्गिक आधारमा ५ देखि ३९ वर्षभित्रका विद्यालय/कलेज गैरहेका वा नगएका जनसंख्याको वितरण १६२
तालिका नं. १३२: ५-३५ वर्षको उमेर समूहमा विद्यालय/कलेज उपस्थित नहुनेहरुको विवरण १६३
तालिका नं. १३३: वडा अनुसार ५-२४ वर्षको उमेर समूहमा विद्यालय/कलेज उपस्थित नहुने हरुको विवरण १६४
तालिका नं. १३४: विद्यालय/कलेजको प्रकारको आधारमा ५ देखि ३५ वर्षभित्रको जनसंख्याको वडागत लैङ्गिक वितरण १६४
तालिका नं. १३५: पाँच देखि ३५ वर्षका हाल विद्यालय/कलेज नगएकाहरुको कारणका आधारमा वडागत लैङ्गिक विवरण १६५
तालिका नं. १३६: पाँच देखि ३५ वर्षका हाल विद्यालय/कलेज नगएकाहरुको कारणका आधारमा उमेर अनुसार, वडागत, लैङ्गिक विवरण १६७
तालिका नं. १३७: लैङ्गिक आधारमा ५ वर्षभन्दा माथिको जनसंख्या मध्ये औपचारिक वा अनौपचारिक तालिम लिएकाहरुको वडागत विवरण १६८
तालिका नं. १३८: विशेष सीप वा दक्षता भएको जनसंख्याको वडागत विवरण १६९
तालिका नं. १३९: विद्यालयहरुको नामावली १७२
तालिका नं. १४०: गाउँपालिकामा रहेको क्याम्पस सम्बन्धी विवरण १७३
तालिका नं. १४१: तहगत विद्यार्थीको संख्या १७४
तालिका नं. १४२: शैक्षिक सत्र २०७४ मा सामुदायिक विद्यालयमा भर्ना भएका विद्यार्थीको विवरण १७४
तालिका नं. १४३: विद्यालय बाहिर रहेका बालबालिकाको विवरण १७४
तालिका नं. १४४: शिक्षकको विवरण १७७
तालिका नं. १४५: गाउँपालिकामा रहेका स्वास्थ्य चौकीहरुको विवरण १७९
तालिका नं. १४६: १५ देखि ४९ वर्षसम्मका विभिन्न उमेर समूहका विवाहित महिलाहरुले जिवित जन्माएका शिशुहरुको संख्याको आधारमा जनसंख्याको विवरण १८१
तालिका नं. १४७: १५ देखि ४९ वर्षसम्मका उमेर समूहअनुसार विवाहित महिलाहरुले जिवित जन्माएका शिशुहरुको संख्याको आधारमा जनसंख्याको विवरण १८१
तालिका नं. १४८: उमेर समूह अनुसार आमाहरुले जन्माएका मृत तथा हालसम्म जिवित शिशुहरुको समग्र विवरण १८५
तालिका नं. १४९: उमेर समूह अनुसार आमाहरुले जन्माएका मृत तथा हालसम्म जिवित शिशुहरुको वडागत समग्र विवरण १८५
तालिका नं. १५०: १५ देखि ४९ वर्षका विवाहित महिलाले जिवित जन्माएका शिशुहरुको लिङ्गका आधारमा, मृत्यु संख्या र हालको बसोबासको विवरण १८९

**तालिका नं. १५१:** आमाको साक्षरता स्तर र शैक्षिक उपलब्धीका आधारमा जीवित जन्मेका बालबालिकाहरूको संख्या १९०

**तालिका नं. १५२:** आमाको साक्षरता स्तर र शैक्षिक उपलब्धीका आधारमा जीवित जन्मेका बालबालिकाहरूको वडागत विवरण १९०

**तालिका नं. १५३:** १५ देखि ४९ वर्षका विवाहित महिलाहरुबाट विगत १ वर्षमा जन्माएका जिवित शिशुहरुको लैङ्गिक तथा आमाको उमेर समूहका आधारमा विवरण १९२

**तालिका नं. १५४:** १५ देखि ४९ वर्षका विवाहित महिलाहरुबाट विगत १ वर्षमा जन्माएका जिवित शिशुहरुको लैङ्गिक तथा आमाको उमेर समूहका आधारमा वडागत विवरण १९३

**तालिका नं. १५५:** बितेका १२ महिनामा जन्मेका शिशुहरुको जन्मदाको तौलका आधारमा वडागत विवरण १९५

**तालिका नं. १५६:** १५-४९ उमेरसमूहका विवाहित महिलाहरुको पहिलो शिशु जन्मिदाको उमेर सम्बन्धी विवरण १९६

**तालिका नं. १५७:** पूर्ण खोपयुक्त पाँच वर्ष मूनिका बालबालिकाहरुको वडागत जनसंख्याको वितरण १९८

**तालिका नं. १५८:** खोप कार्यक्र सम्बन्धी विवरण १९९

**तालिका नं. १५९:** पोषण सम्बन्धी विवरण २००

**तालिका नं. १६०:** शीघ्र कुपोषण एकीकृत व्यवस्थापन कार्यक्रम अन्तर्गत ६ देखि ५९ महिनाको कडा शिघ्र कुपोषण भएका बालबालिकाको आ.व. २०७३/७४ को प्रगति विवरण २०१

**तालिका नं. १६१:** खेलकुद, पार्क तथा क्रिडास्थलको विवरण २०२

**तालिका नं. १६२:** अपाङ्गताको आधारमा जनसंख्या विवरण २१०

**तालिका नं. १६३:** फोहोरमैला व्यवस्थापन गर्ने स्थानको आधारमा घरधुरीको वितरण २११

**तालिका नं. १६४:** समुदायिक वन उपभोक्ता समिति २१७

**तालिका नं. १६५:** निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था २१८

**तालिका नं. १६६:** मानव विकास सुचकको विवरण (HDI) २२०

**तालिका नं. १६७:** गरीबीको दरको विवरण २२१

**तालिका नं. १६८:** हाल कार्यरत कर्मचारीहरुको विवरण २२३

**तालिका नं. १६९:** बढैयाताल गाउँपालिकाको जन प्रतिनिधिहरुको विवरण २२४

# नक्सा सूची


नक्सा नं. १: बढैयाताल गाउँपालिकाको समग्र वस्तुगत विभाजन ४
नक्सा नं. २: गाउँपालिकाको उचाई विभाजन ६
नक्सा नं. ४: गाउँपालिकाको वडा विभाजन ८
नक्सा नं. ५: गाउँपालिकाको भिरालोपन ९
नक्सा नं. ६: गाउँपालिकाको जलाधार क्षेत्रहरु १७
नक्सा नं. ७: वडागत जनसंख्याको वितारण २५
नक्सा नं. ८: लैङ्गिक अनुपात २६
नक्सा नं. ९: गाउँपालिकाको भूभागको वितरण ७२
नक्सा नं. १०: मख्य वस्ती ७४
नक्सा नं. ११: सडक सञ्जाल १३९
नक्सा नं. १२: गाउँपालिकामा रहेका पुर्वाधार १५८

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

दिगो र योजनाबद्ध विकासलाई अगाडि बढाउनका लागि वैज्ञानिक योजना पद्धतिको आवश्कता पर्दछ। वैज्ञानिक योजना पद्धति निर्माणका लागि भरपर्दो तथ्याङ्कको अपरिहार्यता हुन्छ। त्यसैले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न र सम्भावनाहरूको खोजी गर्न सही तथ्याङ्कले महत्वपूर्ण भूमिका खेल्ने हुनाले हाल स्थापित स्थानीय तहमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघ संस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले संकलन एन्ड्रोइड प्रविधि अपनाई प्राथमिक तथ्याङ्का आधारमा गरी यो गाउँ पार्श्वचित्र तयार गरिएको छ।

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरेबमोजिम नगरपालिका/ गाउँपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ । चौधौं योजना ले पनि नगरपालिकाहरुको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएको (२०७३/७४-२०७५/७६) ले पनि विकास योजना सम्बन्धका लागि नगरपालिका/ गाउँपालिकाहरूले भौगोलिक सूचना केन्द्र स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ। यसै प्रयोजनको लागि गाउँपालिकाको वस्तुस्थिति झल्कने गरी गाउँ पार्श्वचित्र (Rural Municipality Profile) तयार गरिएको हो।

## १.२ गाउँ पार्श्वचित्र तयारीको उद्देश्यहरु

गाउँ पार्श्वचित्र मूलतः बढैयाताल गाउँपालिकाको आगामी नीति तथा कार्यक्रम, योजना तर्जुमा गर्नका लागि तथ्याङ्कीय आधार सृजना गर्ने सन्दर्भमा तयार गरिएको हो। यसले योजना तथा कार्यक्रमको निर्माण कार्यान्वयन, अनुगमन, मूल्याङ्कन जस्ता कुराको लेखाजोखा गर्न मद्दत गर्नेछ।

क) गाउँपालिको घरधुरी सर्वेक्षण गरी प्राथमिक तथ्याङ्क तयार पार्ने।

ख) गाउँपालिका क्षेत्र भित्रको सम्भावना र समस्याहरूको अवगत गराउने।

ग) गाउँपालिकाको जनसांख्यिक तथा विकासात्मक वस्तुस्थितिको बारेमा जानकारी गराउने।

घ) गाउँपालिका भित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने।

ङ) गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने।

च) गाउँपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने।

छ) गाउँपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तर सम्म सूचनाको उपलब्धता गराई व्यवस्थापनमा सहयोग गर्ने।

ज) गाउँपालिका स्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्ने।

झ) गाउँपालिकाको भावि योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने।

ञ) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

ट) गाउँपालिकाभित्र रहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराउने ।

## १.३ अध्ययनको महत्व

नेपाल सरकार संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्देशन गरे बमोजिम नगरपालिका/गाउँपालिकाहरूले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने दायित्व रहेको छ । गाउँपालिकाको भावी योजना तथा कार्यक्रम एवं नीति निर्माणको कामलाई आधार प्रदान गर्ने उद्देश्यका साथ तयार गरिएको पार्श्वचित्रले तुलनात्मक मूल्याङ्कनका लागि त्यस ठाउँको वस्तुस्थिति सम्वन्धी जानकारी स्पष्ट हुनु जरुरी छ । गाउँपालिकाका विभिन्न स्थानको आवस्यकतामा आधारित विकासका कार्यक्रम तथा रणनीतिक योजना तर्जुमा गर्नका लागि यस अध्ययनले बढैयाताल गाउँपालिकालाई सहयोग गर्नुका साथै समानुपातिक विकासमा अन्य सरोकारवालाहरुलाई समेत यस क्षेत्रको तथ्यपरक जानकारी प्रदान गर्दछ । यसका अलावा गाउँ पार्श्वचित्रको यो अध्ययन सम्बन्धित क्षेत्रका संघ संस्था एवं अनुसन्धानकर्ता, योजनाकार, शिक्षाकर्मी, समाजसेवी लगायत सरोकारवालाहरुलाई उपयोगी हुने भएकोले यस अध्ययनको अत्यन्त महत्व रहेको विषय प्रस्ट हुन्छ ।

## १.४ अध्ययनको औचित्य

नेपालको संविधान तथा स्थानिय सरकार संचालन ऐन २०७४ ले स्थानिय सरकारलाई एउटा स्वायत्त निकायको रुपमा स्थापित गरेको छ । तसर्थ संघिय सरकारले स्थानिय सरकारलाई विकास तथा पूँजीगत खर्च थप गर्नुका साथै गउँपालिका/नगरपालिकाहरुको न्यूनतम शर्त मापनका सूचकहरु पनि निर्धारण गरेको छ । ती सूचकहरु मध्ये हरेक गाउँपालिका/नगरपालिकाले आ-आफ्नो क्षेत्रको वस्तुगत विवरणमा आधारित Rural Municipality Profile तयार गर्नु एक हो । भौतिक विकासका दृष्टिले कमजोर स्थिति रहेको नेपालको सन्दर्भमा यस प्रकारको कार्यले विशेष महत्व राख्दछ । यसले वर्तमानको यथार्थलाई विश्लेषण गरी सोको आधारमा गाउँपालिकामा उपलब्ध श्रोत साधनको उपर्युक्त व्यवस्थापन तथा परिचालन एवं उचित कार्यक्रमहरुको तर्जुमा, कार्यान्वयन र अनुगमन मुल्यांकनका निम्ति मार्गदर्शकको काम गर्ने हुनाले यो अध्ययनको औचित्य रहन्छ ।

## १.५ गाउँपालिका पार्श्वचित्र तयारी विधि

पार्श्वचित्र तयारीको क्रममा प्रयोग गरिएको तरिका र साधनहरूलाई प्रयोग गरियो त्यसैलाई अध्ययन विधीमा उल्लेख गरिएको छ । गाउँ पार्श्वचित्रका तयारीका विधिहरू निम्नानुसार छन् ।

१) यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरूबाट उपलब्ध तथ्याङ्कहरू समावेश गरिएको छ ।

२) राष्ट्रिय जनगणना, कृषि गणना, विभिन्न सर्वेक्षण, मानव विकास प्रतिवेदन आदिका नतिजाहरू समावेश गरिएको छ ।

३) भौतिक विकास पूर्वाधार, वातावरणीय व्यवस्थापन, सामाजिक विकास, आर्थिक विकास, वित्तीय व्यवस्थापन तथा संस्थागत विकास आदि, नतिजा, सूचकहरू, पुस्ट्याईका आधारहरू, जोखिम पक्षहरू, कार्यक्रमको पहिचान, जस्ता विषयवस्तु समावेश गरिएको छ ।


पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक (Primary) तथा द्वित्तीय (Secondary) सूचना संकलन गरी गरिएको छ । भू-उपयोग, सडकहरू र सो को गुणस्तर तथा वातावरणीय समस्याहरू जस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS data), स्थलस्वरुप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरर्वाता गरी संकलन गरिएको छ। वडा तहका समस्याहरू र खाँचोहरू वडाबासीहरूबीच सहभागितामूलक छरितो मूल्याङ्कन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ । यसका साथै गाउँपालिकाको स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, वुद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अर्न्तवार्ता गरी गाउँपालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ । गाउँपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू गाउँपालिका कार्यालय लगायत गाउँपालिका स्थित सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू सम्बन्धित विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एवं पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।

## १.६ गाउँपालिका पार्श्वचित्र तयारीका सिमाहरु

राष्ट्रिय योजना आयोग र संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेबमोजिम गाउँ पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्याङ्कहरूको स्रोत र आधार वर्ष खुलाईएको छ । गाउँपालिकाका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय विभागहरू, सम्बन्धित गाउँपालिका आदि स्रोतहरूबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ । पार्श्वचित्रको अवधारणा अनुसार यस डकुमेन्टले बढैयाताल गाउँपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रुपमा दिन्छ । अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । तैपनि स्रोत, साधन तथा समयको परिधीले यस अध्ययनलाई केही सीमिततामा बाँधेको छ । तथापी अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकता अनुसारका तथ्याङ्कहरु उल्लेख गरिएको छ ।

# खण्ड २ : बढैयाताल गाउँपालिकाको परिचय

## २.१ ऐतिहासिक पृष्ठभूमि, नामाकरण, अवस्थिती, सिमाना र क्षेत्रफल





नक्सा नं. १ : बढैयाताल गाउँपालिकाको समग्र वस्तुगत विभाजन

बढैयाताल गाउँपालिका नेपालको ५ नं प्रदेश अन्तर्गत बर्दिया जिल्लामा पर्दछ। नेपालको पुर्व देखि पश्चिमसम्म फैलिएको महेन्द्र राजमार्ग यस गाउँपालिकाको मुख्य रागमार्गको रुपमा रहेको छ। यस गाउँपालिकामा दक्षिण एसियाकै दोस्रो ठुलो सिमेन्ट उद्योग निर्माणाधिन अवस्थामा रहेको छ । यस गाउँपालिकाको अन्य बिशेषताका रुपमा बढैया ताल, प्राचिन कालिका मन्दिर, दुई मोहना, नागमणि नाथ आदि जसले आन्तरिक तथा बाह्य पर्यटकहरुलाई आकर्षण गर्ने गरेकोछ ।

भौगोलिक हिसाबले ८१°२३’१७” देखि ८१°३३’४९” पूर्वी देशान्तर र २८°४’११” देखि २८°१३’५८” उत्तरी अक्षांशमा अवस्थित बढैयाताल गाउँपालिका प्रदेश नं.५ क्षेत्रको एउटा प्रमुख धार्मिक, ऐतिहासिक तथा व्यवसायिक औधोगिक क्षेत्र हो । यस गाउँपालिका समुद्री सतहबाट १४३ मिटरदेखि १५७ मिटरसम्मको उचाइमा अवस्थित छ भने ११५.१९ वर्ग कि.मी.क्षेत्रफल रहेको यस गाउँपालिकाको उत्तरमा बाँसगढी नगरपालिका पश्चिमतिर गुलरिया नगरपालिका, दक्षिणमा भारत रहेको छ भने पूर्वमा बाँके जिल्ला रहेको छ। बढैयाताल गाउँपालिकालाई २०७३/११/२७ गते गाउँपालिका घोषणा गरिएको हो । गाउँपालिकाको तापक्रम वि.स. २०७४ मा न्यूनतम ७.७ डिग्री सेल्सियसदेखि अधिकतम तापक्रम ४२.२ डिग्री सेल्सियसका बीच रहेको पाईन्छ ।

बर्दिया जिल्लामा नयाँ गठन भएका गाउँपालिका तथा नगरपालिकाहरुमा विकासको सम्भावना बोकेको गाउँपालिकाको रुपमा बढैयाताल गाउँपालिका रहेको छ । यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरुको बसोबास रहेको छ। घरधुरी सर्वेक्षण २०७४ को तथ्याङ्क अनुसार सबैभन्दा धेरै १९,५७१ अर्थात ३९.२ प्रतिशत तराई जनजाती, दोस्रोमा १३,४५२ अर्थात २६.९ प्रतिशत ब्राह्मण क्षेत्रीहरू, तेस्रोमा पहाडी दलित, चौथो र पाँचौमा क्रमश जनजाती र तराइ अन्य तराई क्षेत्रमा रहेको यस गाउँपालिकामा कृषि, व्यापार, प्राकृतिक श्रोत तथा सामाजिक महत्वका क्षेत्रहरु रहेका छन् । औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ र स्थानीय बासिन्दाको आम्दानीको अन्य मुख्य श्रोत व्यापार, उद्योग, साथै विकल्पमा नोकरी साथै वैदेशिक रोजगारी पनि एक हो । परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा क्रमश आधुनिक जीवनशैलीमा रमाउन थालेका छन् । स्थानीय जनशक्ति मजदुरी तथा अध्ययनका लागि विदेशिने क्रम बढिरहेको छ । यस गाउँपालिकामा आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने निजी र सामुदायिक गरेर ५३ विद्यालय रहेका छन् । अध्ययनका लागि यस गाउँपालिकाका शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी गाउँपालिका/नगरपालिका तथा जिल्लाबाट समेत आउने गरेका छन् । अधिकांश घरमा विद्युतीकरण भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागरिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन् । विगतमा लामो समयसम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाव, योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैं, तिहार, माघी, होलि, महाशिवरात्री, माघी, कृष्णजन्माष्टमी, बकरइद, रमजान, छठपर्व, होली, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ ।

## २.२ भौगोलिक अवस्थिति




नक्सा नं. २ : गाउँपालिकाको उचाई विभाजन


भौगोलिक हिसाबले ८१°२३'१७" देखि ८१°३३'४९" पूर्वी देशान्तर र २८°४'११" देखि २८°१३'५८" उत्तरी अक्षांशमा फैलिएको यस गाउँपालिका समुद्री सतहबाट १४३ मिटरदेखि १५७ मिटरसम्मको उचाइमा अवस्थित छ भने ११५.१९ वर्ग कि.मी. क्षेत्रफल रहेको यस गाउँपालिकाको उत्तरमा बाँसगढी नगरपालिका पश्चिमतिर गुलरिया नगरपालिका, दक्षिणमा भारत रहेको छ भने पूर्वमा बाँके जिल्ला रहेको छ। समथर तराई क्षेत्रमा पर्ने यस गाउँपालिकाको अधिकांश क्षेत्र खेतियोग्य अति उर्वर जमीनले ओगटेको भए पनि पछिल्ला वर्षहरुमा बस्ती तथा गाउँ विस्तारको प्रभावले जग्गा टुक्रिने क्रम बढेको छ। व्यापारिक र प्रशासनिक बाहेक धार्मिक महत्व ओगटेको यो बर्दिया जिल्लाको बढैयाताल गाउँपालिका नदीनाला र ताल पोखरी जस्ता प्राकृतिक श्रोत साधनमा पनि धनी गाउँपालिका हो।

## २.३ राजनैतिक तथा प्रशासनिक केन्द्र

नेपाल संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदन अनुसार तत्कालीन माननीय संघीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२७ मा देहाय बमोजिम साविकका साविकका जमुनि, सोरहवा, कालिका र मैनापोखर गाविस समावेश गरी ९ वडाहरु कायम गरी बढैयाताल गाउँपालिका गठन गरिएको हो। हाल बढैयाताल गाउँपालिकाको संरचना यस प्रकार रहेको छ।


**तालिका नं. १ :** बढैयाताल गाउँपालिकाको वडा विभाजन

| वडा नं. | समावेश भएका साविक गा.वि.स./न.पा. हरु | साविकको वडा नं. |
|---|---|---|
| १ | जमुनि | ६-९ |
| २ | जमुनि | १-५ |
| ३ | सोरहवा | ६-९ |
| ४ | सोरहवा | ३-५ |
| ५ | सोरहवा | १, २ |
| | मैनापोखर | ३ |
| ६ | मैनापोखर | १,२,४,६,८,९ |
| ७ | मैनापोखर | ५,७ |
| | कालिका | १,२,९ |
| ८ | कालिका | ३, ५-८ |
| ९ | कालिका | ४ |




नक्सा नं. ४ : गाउँपालिकाको वडा विभाजन

## २.४ भौगोलिक स्वरुप (टोपोग्राफी)




**नक्सा नं. ५ :** गाउँपालिकाको भिरालोपन

### २.४.१ माटोको बनावट र उर्वराशक्ति

गाउँपालिकाको भूमिलाई भू-बनौट, प्रणाली, तथा भू-स्खलनजस्ता प्रवृत्तिका आधारमा अध्ययन गर्दा भूमिको वर्गीकरणलाई त्यसको उपयोगको सम्भाव्यता र सघनता घट्दै जाने (Degrading) क्रममा राखिएको छ। अर्को शब्दमा, भू-स्खलन वा भू-क्षयीकरणको प्रवृत्ति भूबनोटअनुसार फरक पर्दै जान्छ। त्यसै क्रमले भूमिको स्थायित्वलाई मजबुत बनाउने उपायको भौतिक लक्षण (Physical characteristics) का आधारमा निम्न बमोजिम प्रस्तुत गरिएको छ:

**क) Slope = 1°-5° (माटोको गहिराई पर्याप्त भएको, पानीको निकास राम्रोगरी हुने कान्ला बनाई खेती गर्न सकिने)**

यस्तो जमिनमा माटोको गहिराई पर्याप्त हुन्छ र पानी सतहमा तथा अर्धभूमिगत अवस्थामा समेत सजिलै निकास हुन्छ । मनसुनी खेती गर्नका लागि यस्तो भूमिमा गह्राहरू बनाउनु पर्दछ । सतहगत जलप्रवाह एवं अर्धभूमिगत पानीको निकासलाई भू-क्षय हुन नपाओस भनी नियन्त्रणका उपायहरू अपनाउनु पर्दछ । माटोका भौतिक गुणहरू तथा जमिनको भिरालोपनका कारण वर्षाको पानीबाट नयाँ खोल्सीहरू बन्ने र ती खोल्सीहरू प्रकारान्तरमा चौडा हुँदै गएर भू-क्षयको प्रवृत्ति बढ्ने हुनाले यस वर्गको जमिनको संरक्षण गर्न विशेष ध्यान दिनु पर्दछ। यस वर्गको जमिनमा परम्परागत, मध्यम वा आधुनिक विधिबाट खेती गर्न सकिन्छ। मनसुनको समयमा हुने वर्षाका कारण चरन तथा वनस्पतिलाई पनि मनग्गे फाइदा पुग्दछ। यस्तो जमिनमा धान खेती गर्न सकिन्छ। सिंचाई सुविधा उपलब्ध भएको छ भने मोटो दानादार भएको अवस्थामा समेत धानबाली लगाउन सकिन्छ। सिंचाइ भएमा हिउँदे एवं बसन्ते बाली पनि लगाउन सकिन्छ।

**ख) Slope = 5°-30° (माटोको गहिराई ५०-१०० से.मी. भएको, पानीको निकास राम्रो हुने, कान्ला बनाएर मात्र खेती गर्न सकिने)**

५°-३०° स्लोप रहेको, पानीको निकास राम्रो हुने गरेको तथा माटोको पत्रको गहिराई ५० से.मी. देखि १०० से.मी.सम्म रहेको जग्गा यस वर्गमा पर्दछ। यस वर्गको जमिनमा पहिरो जाने, जमिन भासिनेजस्ता भू-क्षयीकरणका प्रवृत्तिहरू सामान्यरूपमा देखा परिरहन्छन । त्यसैले जमिनलाई सामान्यरूपमा व्यवस्थापन नगरिएमा यस्ता प्रवृत्तिमा झन् वृद्धि हुने हुन्छ। वन, वनस्पतिका लागि यो जमिन त्यति सहज हुँदैन। गाईबस्तुको आवत-जावतबाट भू-क्षयीकरणमा वृद्धि हुने हुनाले चरन विकासलाई यस प्रकारको जमिनमा प्रश्रय दिन ठीक हुँदैन। तर, पालैपालो निश्चित स्थानहरूमा गाईबस्तु थुनेर चराउने हो भने त्यसले जमिनको उत्पादकत्वमा सघाउ पुऱ्याउँछ। यस प्रकारको जमिनमा विशेष गरी मनसुन खेतीका लागि भू-क्षय रोक्न गह्राहरू बनाउन अनिवार्य हुन्छ। यसमा खेतीका परम्परागत र मध्यमस्तरीय प्रविधि नै अपनाउनुपर्ने हुन्छ। यस प्रकारको भिरालोपन भएको जमिनमा खेती गर्दा माटोको भौतिक गुणहरूसँग व्यवस्थापन सिपको सम्मिश्रणले मुख्य भूमिका खेलेको हुन्छ। सिंचाइको प्रयोग नियमित रूपमा पहिले देखि नै भइरहेको खण्डमा सिंचाइ गर्दा भू-क्षयको समस्या आउँदैन, तर नयाँ सिंचाइ प्रणाली शुरु गर्ने हो भने शुरुमा विशेष सावधानी अपनाउनु पर्दछ। अलिकति पनि बढी सिंचाइ भएको खण्डमा भू-क्षयीकरणको प्रवृत्ति तुरुन्त शुरु हुन सक्दछ।

### २.४.२ जलवायु तथा वर्षा


जलवायुको हिसाबले यस गाउँपालिका उष्ण तथा उपोष्ण प्रकारको हावापानी रहेको छ। प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन । चैत्र महिनादेखि आश्विनको सुरुसम्म गर्मी हुन्छ। आश्विन, कार्तिक र फागुनमा यहाँको हावापानी समशितोष्ण हुन्छ भने मंसिर, पौष र माघमा निकै जाडो हुन्छ । जेष्ठको अन्त्य देखि आश्विनको सुरुसम्म मनसुनी वायुका कारण प्रशस्त वर्षा हुने गर्छ । सबै स्थानीय स्तरमा तापक्रम

मापन नभएको हुँदा बर्दिया जिल्लाको तापक्रमलाई आधर मानि गेरुवा गाउँपालिकाको तापक्रम अनुमान गरिएको छ। गर्मीयाममा यहाँको औषत अधिकतम तापक्रम ४१ डिग्री सेल्सियससम्म पुग्छ भने हिउँदमा औषत न्युनतम ७ डिग्री सेल्सियससम्म पुग्न जान्छ। यस गाउँपालिकाको १२ महिनाको औषत तापक्रम विवरण तलको तालिकामा दिइएको छ।

**तालिका नं. २ :** बर्दिया जिल्लाको औषत तापक्रम

| महिना | औषत अधिकतम (⁰C) | दैनिक औषत (⁰C) | औषत न्युनतम (⁰C) |
|---|---|---|---|
| जनवरी | २३ | १५ | ७ |
| फेब्रुवरी | ३० | १९ | ८ |
| मार्च | ३५ | २३ | ११ |
| अप्रील | ४० | २८ | १६ |
| मे | ४१ | ३२ | २३ |
| जुन | ४० | ३३ | २६ |
| जुलाई | ३७ | ३१.५ | २६ |
| अगस्ट | ३३ | २९ | २५ |
| सेप्टेम्बर | ३३ | २७.५ | २२ |
| अक्टुबर | ३३ | २३.५ | १४ |
| नोभेम्बर | ३१ | २० | ९ |
| डीसेम्बर | २७ | १७ | ७ |

स्रोत: *AccuWeather, 2017*




यहाँ उष्ण मनसुनी हावापानीको प्रभाव छ। यस गाउँपालिकामा हिउँदको समयमा राम्रोसँग घाम नलाग्ने र हुस्सुको अत्यधिक प्रभावले शीत लहर चली अति जाडो हुने गर्दछ। गर्मी याममा अत्यधिक गर्मी हुने र चैत्र बैशाख महिनामा लु समेत चल्ने गर्छ।

## २.५ गाउँपालिकामा रहेका सम्भाव्यता र अवसरहरू

गाउँपालिकाको प्रमुख सम्भाव्यताको क्षेत्र भनेको कृषि हो । परम्परागत रुपमा रहेको कृषिलाई आधुनिकीकरण गर्न सकेको खण्डमा यसले रोजगारी तथा आर्थिक हिसाबले महत्वपूर्ण योगदान दिन सक्छ । कृषि बाहेक पर्यटन व्यवसाय पनि यस गाउँपालिकाको अर्को अवसर हुन सक्ने देखिन्छ । गाउँपालिकामा ठूलो संख्यामा रहेको थारु समुदायको संस्कृतिलाई प्रवर्द्धन गर्न सके आन्तरिक तथा बाह्य पर्यटकलाई भिœयाउन सकिने प्रशस्त सम्भावना रहेको छ । यहाँ घरेलु तथा साना उद्योग व्यवसाय, पर्यटन, जडीबुटी उत्पादन, पशुपालन जस्ता थप आर्थिक विकासका सम्भाव्य क्षेत्रहरू रहेका छन्।

समग्रमा यस गाउँपालिकाको विभिन्न क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, अदुवा र पशुजन्य उत्पादन वृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव साथै सो को अधिकतम लागत मूल्यले गर्दा कृषि उत्पादनमा वृद्धि हुन सकेको छैन। जनचेतना अभिवृद्धि, सीप, विकास तथा उत्पादनको व्यावसायीकरणको साथै आवश्यक मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि गरी आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेका छन्।

गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वैज्ञानिक कृषि प्रणालीको अभाव, जलवायु परिवर्तन तथा वैज्ञानिक योजनाको अभावमा माटोको उर्वराशक्ती क्रमशः क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी जमीनको उर्वराशक्ति बढाउनु पर्ने देखिन्छ ।

गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, मासुजन्य उद्योग, आदि विकास गर्न सकिन्छ। जसबाट रोजगारी श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

गाउँपालिकाका क्षेत्रमा प्रसिद्ध बढैया ताल तथा खोलाहरु भएको र थप केही अन्य ठाउँहरूमा पोखरी निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र छिमेकी नगरपालिका तथा शहरहरुमा खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाले बजार लिने सम्भावना रहेको छ ।

गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नति गर्न थप टेवा पुग्ने देखिन्छ।

आर्थिक कृयाकलाप सुस्त गतिमा चलायमान हुनु, आर्थिक वृद्धिदर न्यून हुनु, दशक लामो आन्तरीक कलह, राजनीतिक अस्थिरता, प्राकृतिक प्रकोप जस्ता कारणले देशव्यापी रुपमा बेरोजगारीको समस्या बढ्दो छ । यस्तो अवस्थाबाट बढैयाताल गाउँपालिका समेत अप्रभावित रहन सक्दैन । ग्रामीण युवा स्वरोजगार कार्यक्रमहरु सञ्चालन गरी बेरोजगारीको समस्या न्युनिकरण गर्ने उपाय अवलम्बन गर्नुपर्ने देखिन्छ ।

सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू उपलब्ध हुन नसक्दा बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका उर्जावान युवाहरूलाई सिपमुलक तालिम प्रदान गरी देशमै रोजगारीका अवसरहरु श्रृजना गर्न सके गाउँपालिकाको आर्थिक विकासमा ठुलो योगदान पुग्ने देखिन्छ।

यसका अतिरिक्त बढैयाताल गाउँपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरुलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- ✓ गाउँपालिका क्षेत्र भित्र रहेका नदी तथा खोलाहरुबाट आधुनिक कुलो मार्फत् पानी सिंचाई गरी व्यावसायिक रुपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- ✓ स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले सहज यातायात भरपुर सुबिधा लिनुका साथै समग्र गाउँपालिकाको विकास र सुन्दरतामा वृद्धि हुन सक्छ ।
- ✓ तरकारी, पशुपालन तथा अन्य कृषि बजारको लागि समस्या नभएकोले व्यवसायिक कृषि उत्पादनलाई जोड दिनु सहज तथा उचित देखिन्छ ।
- ✓ गाउँपालिका क्षेत्रमा कृषिमा आधारित  उद्योग तथा थप औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी वृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- ✓ यस क्षेत्रमा विभिन्न प्राकृतिक, ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरु रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।
- ✓ सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरु यस क्षेत्रमा क्रियाशिल रहेकाले गाउँपालिकाको विकासमा साझेदार हुन सक्ने देखिन्छ ।
- ✓ गाउँपालिका क्षेत्रमा उपभोक्ताहरुको संख्या वृद्धि भैरहेको सन्दर्भमा व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ ।

## २.६ गाउँपालिकाको समस्या तथा चुनौतीहरु

यस बढैयाताल गाउँपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान समस्या तथा चुनौतीहरु निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

- ✓ गाउँपालिकाको क्षेत्रभित्र पर्याप्त रोजगारमुलक उद्योगधन्दा, कलकारखाना नहुनु ।
- ✓ सार्वजनिक निर्माण र विकासमा सम्बन्धित निकायहरुको समन्वयको अभाव ।
- ✓ वातावरण संरक्षण र फोहोर व्यवस्थापनको ठोस योजना नहुनु ।

- ✓ गाउँपालिका क्षेत्रमा खानेपानीको उचित व्यवस्थापन हुन नसक्नु ।
- ✓ गाउँपालिका क्षेत्रभित्रका धेरै सडकहरु कच्ची तथा कम गुणस्तरको रहनु ।
- ✓ विद्यालयहरुमा शिक्षक दरबन्दी संख्यामा कमी रहेको ।
- ✓ विद्यालयमा अध्ययन गर्ने बालवालिकाहरुको संख्या न्यून रहेको ।
- ✓ स्वास्थ्य चौकीमा मानव संशाधन तथा स्वास्थ्यकर्मीको संख्याको कमी हुनुको कारण माग अनुसारको सेवा प्रदान गर्न कठिनाई ।
- ✓ स्वास्थ्य सम्बन्धी जनचेतनाको अभावका कारण स्वास्थ्य चौकी जान हिचकिचाउनु ।
- ✓ बाल मृत्युदर, मातृशिशु मृत्युदर कायमै रहनु ।
- ✓ कृषीयोग्य भूमी भएतापनि व्यवसायिक खेतीको विकास हुन नसक्नु ।
- ✓ रोजगारीको कुनै माध्यम नहुनाले युवाहरु रोजगारीको लागि विदेश जानुपर्ने बाध्यता ।
- ✓ आयश्रोतको कमिले गाउँपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु ।
- ✓ योजनाबद्ध बस्ती बिकासको अभाव ।
- ✓ परम्परागत रुढीवादी संस्कारको अन्त्य नहुनु ।
- ✓ अधिकांश क्षेत्रमा आकासे पानीमा निर्भर सिचाई ।
- ✓ परम्परागत कृषि प्रणाली ।
- ✓ वर्षेनी डुवान तथा कटानको समस्या कृषीयोग्य भूमि खण्डिकृत हुदै प्रयोग बिहीन हुनु ।

## २.७ गाउपालिकाको समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरू

यस बढैयाताल गाउँपालिकाको सामाजिक तथा भौतिक विकासका लागि साथसाथै गाउँपालिकाको समस्या समाधानका लागि चाल्नुपर्ने कदमहरु निम्न बुँदामा संक्षेपिकरण गर्न सकिन्छ ।

- ✓ विद्यालयमा आवश्यक विषयगत शिक्षक दरबन्दी पुरा गर्नुपर्ने,
- ✓ विद्यालय भवनहरुको मर्मत तथा पुन स्थापना गर्नुपर्ने,
- ✓ साक्षरता प्रतिशतमा बृद्धि गर्ने प्रौढ साक्षरता कक्षाहरु प्रभावकार रुपमा सञ्चालन गर्नुपर्ने,
- ✓ बालवालिकाहरुको लागि बाल शिक्षा लागु गर्नुपर्ने,
- ✓ संघीय तथा स्थानीय सरकार र जिल्लामा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरुको ध्यान केन्द्रित गरी प्राथमिकता विशेष विकासका कार्यक्रमरु सञ्चालन गरिनु पर्ने,
- ✓ स्थानीय श्रोत र साधनमा आधारित उद्यम व्यवसायहरुको स्थापना तथा प्रवर्द्धनका लागि आवश्यक पहल गर्नु पर्ने,
- ✓ स्वास्थ्य चौकीमा आवश्यक दक्ष कर्मचारीहरु खटाईनु पर्ने,
- ✓ स्वास्थ्य सम्बन्धी जनचेतना मुलक कार्यक्रमहरु प्रत्येक वडाहरुमा सञ्चालन गर्नुपर्ने,
- ✓ गाउँघर क्लिनिकको प्रभावकारीतामा विस्तार गर्नु पर्ने,
- ✓ यातायात, विद्युत र सिँचाईको पहुँचको लागि स्थानीय स्तरबाट नै पहल गर्नुपर्ने,

- ✓ महिला, बालवालिका तथा विपन्न समुदायलाई लक्षित गरी विशेष कार्यक्रमहहरु सञ्चालन गर्नुपर्ने,
- ✓ वैज्ञानिक कृषि योजना निर्माण गरी व्यवसायिक कृषि प्रवर्द्धन गरिनुपर्ने,
- ✓ उन्नत जातको बिउ वीजन र उन्नत तरिकाको कृषिको बारेमा जानकारी गराउनु पर्ने,
- ✓ सरसफाइको निम्ति घर घरमा चर्पी निर्माण गर्न गाउँपालिकामा अभियान सञ्चालन गरिनुपर्ने,
- ✓ जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने,
- ✓ वैकल्पिक उर्जाको रुपमा गोबरग्याँस र बायोमास प्रविधिमा जनतालाई आकर्षित गर्नुपर्ने,

## २.८ गाउँपालिकाको अन्तर गाउँपालिका/नगरपालिकासँग सम्बन्ध

गाउँपालिकाहरु बीच कुनै न कुनै रुपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी गाउँपालिकाहरू बिच फरक-फरक हुन सक्छ। मानव विकासको निम्ती विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक गाउँले अर्को गाउँमा निर्भर रहनु पर्ने हुन्छ । ती अन्तरनिर्भरताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावार, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन । यस गाउँपालिकाको बढी सम्बन्ध नजिकमा रहेका अन्य गाउँपालिकाका बजार केन्द्रहरु सँग रहेको छ । तराई क्षेत्र पहाडी क्षेत्रको तुलनामा सुविधा सम्पन्न भएकोले बसाई सराईको प्रवृत्ति बढी देखिन्छ। भौगोलिक रुपमा एउटै क्षेत्रमा अवस्थित भएतापनि सडक यातायातको सुविधाका कारणले सुविधा उपलब्ध गाउँहरूमा सेवा लिन आउने जाने चलन रहेको छ। मौसमी रोजगारको लागि पहाडबाट तराई झर्ने प्रचलन रहेको देखिन्छ। यी विविध कारणले गाउँपालिकाहरु वीचको सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ।

साथै, यस गाउँपालिकाको छिमेकी गाउँपालिका, नगरपालिका तथा जिल्ला समन्वय समिति जस्ता सरकारी निकायहरुसँग राम्रो सम्वन्ध रहेको छ । फलतः यस क्षेत्रको विकासात्मक क्रियाकलापको सञ्चालनमा समन्वय गर्ने गरिन्छ ।

## २.९ सिमसार क्षेत्र

नदी, नाला, तलाउ, पोखरी, कुवा, धाप तथा दलदले क्षेत्रहरू खासगरी जहाँ जमिन लुक्दैन पानी सुक्दैन त्यस्ता क्षेत्रहरूलाई सिमसार भनिन्छ। यस गाउँपालिकामा विभिन्न पोखरी, ताल तथा नदीनालाहरु रहेका छन्। ती पोखरी तथा नदीनालाहरु विभिन्न किसिमका दुर्लभ चराचुरुङ्गीहरू र सरिसृप (Reptiles) हरूको बास मानिन्छ।

## २.१० खोलानाला, नदी तथा पोखरीहरु

जल सम्पदाको दृष्टिले नेपाल ब्राजिलपछि विश्वको दोस्रो सबैभन्दा समृद्ध राष्ट्र र एसियामा पहिलो राष्ट्र मानिन्छ। नेपालमा ६ हजारभन्दा बढी नदीनालाहरू रहेका छन्। यी नदीनालाहरूबाट सिँचाई सुविधा, खानेपानीको आपूर्ति, जल विद्युत, जल यातायात, पर्यटन र मत्स्य पालनको क्षेत्रमा बहुआयामिक रूपले प्रयोग गर्न सकिने देखिन्छ । तर समग्रमा जल उपयोग ज्यादै न्यून भई इन्धनका विविध साधनको प्रयोग गरिरहनु परेको कुरालाई नकार्न सकिन्न ।


मानखोला, डडुवा नदी, चपाला नाला, ग्याङ नदी आदी बढैयाताल गाउँपालिकाका विभिन्न बस्तीहरु भएर बग्ने प्रमुख नदीनला तथा खोलाहरु हुन् । गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा रहेका केही पोखरीहरू साथै नदी नालाहरुर सिमक्षेत्रहरु  पर्यावरणका अभिन्न पक्षहरु हुन जसले विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रुपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता पोखरीहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेलाबखत आंशिक रुपमा सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको विकास र बसाईसराईको चापका साथै पशुहरूको अत्यधिक चरीचराउ, वातावरण असन्तुलन, भूमण्डलीय तापक्रममा वृद्धि जस्ता कारणले प्राकृतिक तालतलैयाहरु सुक्ने पुरिने क्रम जारी छ ।

यस्ता प्राकृतिक पोखरीहरूको पुनरुद्धार गरी माछा पालन गरेमा गाउँपालिकाका जनताका लागि आवश्यक माछाको आपुर्ति हुने र जलपर्यावरण संरक्षणमा योगदान पुग्ने साथै यस्ता क्षेत्रहरुलाई आकर्षणको केन्द्रको रुपमा विकसित गरी पर्यटन प्रबर्द्धन गर्न सकिन्छ । यस गाउँपालिकामा रहेका विभिन्न खोला तथा नदिहरुको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ३ :** नदी नाला तथा खोलाहरुको विवरण

| वडा नं. | नदी तथा खोलाको नाम | नदिले छोएका बस्तीहरु | लम्बाइ (कि.मी.) | जलाधार क्षेत्र (वर्ग कि.मी.) | जलाधारको उचाई | |
|---|---|---|---|---|---|---|
| | | | | | उच्चतम | न्यूनतम |
| १ | मानखोला | शान्तिपुर | ८ कि.मी. | | | |
| २ | मानखोला | सितापुर | ४ कि.मी. | | | |
| ३ | मानखोला | सोरहवा, सन्पातीया | ६ कि.मी. | | ३० मिटर | १ मिटर |
| ४ | डुडुवा नदी | भरवाही | ५ कि.मी. | ३ | १० मिटर | ०.५ मिटर |
| ४ | मान किनारा नदि | गन्धर्व बस्ती फुटाहा मान किनारा | ५ कि.मी. | | १० मिटर | ०.५ मिटर |
| ५ | मानखोला | गसिपुर फुलबारी | २ | | | |
| ६ | चपला नाला | मानपुर | | | | |
| ६ | मेडकिया नाला | भदोही, गिदरपुर | ३ | | ३ मिटर | १ मिटर |
| ७ | मिडकीया नाला | एक्काइसा, राजापुर | ७ कि.मी. | | | १ मिटर |
| ७ | डिरैना नाला | तिल्काना पकडिया | ६ | ३० | | |
| ८ | डडैना नाला | मयुर, रिहाट | ४ | | | |
| ८ | मिडकीया नाला | वडा नं. ७ र ८ | ७ | | | |
| ९ | ग्याङ नदी | टेशनपुर | १ | | | |
| ९ | कालिका नाला | मुनालवस्ती | २ | | | |

*स्रोतः गाउँ कार्यपालिकाको कार्यालय, २०७४*




**नक्सा नं. ६ :** गाउँपालिकाको जलाधार क्षेत्रहरु



## २.११ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरु

एउटा विशिष्ट भौगोलिक संरचनाले श्रृजना गरेको हावापानी, जनजीवन, वन वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण नेपाल विश्वमा नै एउटा पर्यटकीय गन्तव्य स्थलकोरुपमा परिचित छ । पर्यटन हाम्रो लागि प्रकृतिले प्रदान गरेको वरदान हो । अत्यन्त रमणीय विश्वकै उच्च हिमश्रृंखलाहरु, अनवरत बग्ने कञ्चन हिम नदीहरु, झर्ना, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वन जंगल यहाँको प्राकृतिक निधिहरु हुने । यहाँको संस्कृति, जाति तथा रहनसहन समेत पर्यटनका आकर्षक पक्षहरु हुन् । यी सम्पुर्ण पर्यटकीय सम्पतिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक सम्वृद्धिमा उल्लेखनीय योगदान पुग्न गइ देशको अर्थतन्त्रलाई सबल बनाउन सकिने निश्चित छ । तसर्थ पर्यटन नीति, २०६५ ले मुलभूतरुपमा पर्यटन मार्फत स्वरोजगार श्रृजना, गरिबी निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पुर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ ।

धार्मिक तथा जलसम्पदाको रुपमा बढैया ताल यस क्षेत्रकै प्रसिद्ध ताल हो भने दुई मोहना, नाग मणि धाम, मैनादेवी मन्दिर आदी श्रद्धा र आस्थाका केन्द्र हुन् जस बारेमा विस्तृत विवरण तल उल्लेख गरिएको छ ।

**तालिका नं. ४ :** बढैयाताल गाउँपालिकामा रहेका धार्मिक स्थलहरू

| सि. नं. | धार्मिक तथा पर्यटकीय स्थलको नाम | वडा नं. | सडकको पहुँच | होटल, लज, रेष्टुँरा संख्या | नजिकको बजार केन्द्र सम्मको दुरी (कि.मी.) | स्वामित्व | विशेषता | वार्षिक पर्यटक आगमन संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | बढैयाताल | ४ | पुगको | रेष्टुरेण्ट | ५ | सामुदायिक | पर्यटकिय | १००० |
| २ | दुई मोहना | ४ | – | – | – | | धार्मिक | १०००० |
| ३ | नाग मणि नाथ | ४ | – | – | – | सामुदायिक | धार्मिक | |
| ४ | बढैयाताल | ५ | पुगको | २ | ४ | सरकारी | धार्मिक, सांस्कृतिक ऐतिहासिक | ५००० |
| ५ | सामुदायिक वन | ५ | पुगको | – | – | – | नयाँ पर्यटकिय | – |
| ६ | मैनादेवी मन्दिर | ६ | १.५ कि.मी. ग्राभेल सडक | – | १.५ | सामुदायिक | धार्मिक | ५००० |
| ७ | भोदुवाबा समाधि | ६ | ग्राभेल सडक | – | १.५ | निजी | मनोकामना पुरा हुने | ६००० |
| ८ | कालिका प्राचिन मन्दिर | ७ | – | – | २.५ | सामुदायिक | धार्मिक | १२०० |
| ९ | कालिका शिव मन्दिर | ७ | – | – | – | सामुदायिक | धार्मिक | ५०० |
| १० | सितलामाइ मन्दिर | ८ | हलाकि | नास्ता होटल १५ | ० | सामुदायिक | धार्मिक | – |
| ११ | बौद्ध गुम्बा | ९ | नपुगेको | – | ३ | सामुदायिक | – | – |
| १२ | प्राचिन कालिका मन्दिर | ९ | नपुगेको | – | ३ | सामुदायिक | – | – |

*स्रोत : बढैयाताल गाउँपालिका कार्यालय, २०७४*

## २.१२ होटेल रिर्सोट रेष्टुरेण्ट र होमस्टे सम्बन्धी विवरण

गाउँपालिकाको आन्तरिक आर्थिक कृयाकलाप वृद्धि गरी पर्यटकको बन्दोबस्ती र व्यवस्थापन गर्न स्थानिय होटल तथा रिसोर्टहरुको महत्वपूर्ण भूमिका हुन्छ। होटल व्यवसायलाई पूर्ण रुपमा व्यवसायीक बनाउन स्थानिय स्तरमा नै संचालकहरुलाई अतिथि सत्कार (Hospitality), परिकार तथा अन्य सेवा सम्बन्धी तालिमको व्यवस्था गर्न सके पर्यटन तथा आर्थिक विकासमा टेवा पुग्दछ। बढैयाताल गाउँपालिकामा सञ्चालन भएका होटेल रिर्सोट रेष्टुरेण्ट र होमस्टे सम्बन्धी विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ५ :** होटेल रिर्सोट रेष्टुरेण्ट र होमस्टे सम्बन्धी विवरण

| होटेल, रिर्सोट, रेष्टुरेण्ट र होमस्टे नाम | ठेगाना | स्थान | कोठा संख्या | बेड संख्या | होटेलको प्रकार | होटेलको स्तर | वार्षिक पर्यटक आगमन संख्या | |
|---|---|---|---|---|---|---|---|---|
| रीमझिम, आषिस | भोलागौढी ३ | - | - | - | आवासीय | ननस्टार | आन्तरीक | बाह्रय |
| विवेक | वडा नं. ३ | - | १० | १० | - | - | ९००० | १०० |
| शीषा रेष्टुरेन्ट | वडा नं. ६ | मैनापोखर | ६ | १० | आवसीय र रेष्टुरेन्ट | - | ९००० | १०० |
| भेटघाट कटेज | वडा नं. ६ | मैनापोखर | ६ | - | रेष्टुरेन्ट | - | ५००० | ५० |
| काका कटेज, गिरी कटेज | वडा नं. ७ | राजापुर | - | - | रेष्टुरेन्ट | ननस्टार | २०००० | - |
| रानाभाट/थारु कटेज | वडा नं. ७ | पहाडीपुर | - | - | रेष्टुरेन्ट | ननस्टार | २०००० | - |
| आहा म:म: होटेल | वडा नं. ८ | - | ४ | - | - | - | - | - |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## २.१३ सार्वजनिक पाटीपौवा र चौतारासम्बन्धी विवरण

कसैको हक वा स्वामित्वमा नभएको परापुर्वदेखि सार्वजनिक रुपमा प्रयोग हुँदै आएको बाटो, वस्तुभाउ निकाल्ने निकास, वस्तुभाउ चराउनेचौर, कुलो, नहर, पोखरी, पाटी, पौवा, अन्त्येष्टि स्थल, धार्मिक स्थल वा अन्य कुनै सार्वजनिक प्रयोगको स्थल वा सम्पत्ति नै सार्वजनिक सम्पत्तिहरु हुन । विगतमा सडक यातायातको विस्तार र विकास नहुँदा यी पाटी, पौवा तथा चौताराहरु बटुवाहरुका विश्रामस्थल (Refresh Center) वा थकान मेटाउने महत्वपूर्ण स्थलको रुपमा विकसित भएको र हाल यी स्थलहरु सार्वजनिक बहस र सामुदायिक अन्तरकृया हुने अनौपचारिक स्थलको रुपमा रहेका छन् भने सडक सञ्चालको समुचित विकास नभएको स्थानहरुमा यी विश्राम स्थलकै रुपमा प्रयोग हुँदै आइरहेका छन् । यस्ता क्षेत्रहरुको विकास र संरक्षण गर्ने दायीत्व हामी सबैको हो । बढैयाताल गाउँपालिकामा रहेका पाटीपौवा र चौतारा सम्बन्धी विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ६ :** सार्वजनिक पाटीपौवा र चौतारासम्बन्धी विवरण

| क.सं. | पाटीपौवा र चौतारासम्बन्धी विवरण | वडा नं. | स्थान | उपयोग | कैफियत |
|---|---|---|---|---|---|
| १ | एकनारायण चोक, स्कूलचोक | १ | डाँफे | स्थानिय समुदाय | चौतारा |
| २ | मदनचोक, न्यौपानेचोक | १ | सानोडाँफे | स्थानिय समुदाय | चौतारा |
| ३ | शिवचोक, किसान चोक, | १ | शान्तीपुर | स्थानिय समुदाय | चौतारा |
| ४ | गा.वि.स चोक | २ | सीतापुर | स्थानिय समुदाय | चौतारा |
| ५ | लामाचोक | २ | शिवमन्दिर | स्थानिय समुदाय | चौतारा |
| ६ | बौद्ध गुम्बा | २ | शिवमन्दिर | स्थानिय समुदाय | मन्दिर |
| ७ | प्रतिक्षालय संख्या २ | ३ | भोलागौढी | | |
| ८ | प्रतिक्षालय संख्या १ | ३ | सेमरा | | चौतारी |
| ९ | प्रतिक्षालय १ | ३ | सत्पतीया | | |
| १० | पिपल बोटा चौतारा | ४ | भखारी | बैठक गोष्ठी | |
| ११ | सार्वजनिक भवन | ४ | भखारी | तालिम | |
| १२ | पिपल चौतारा | ५ | जगतिया | सार्वजनिक | |
| १३ | भदाही सामुदायिक भवन | ६ | | | |
| १४ | पैरवी समूह नं १ पिपल चौतारा | ६ | | | |
| १५ | चौतारा, पाटीपौवा, समूहघर | ७ | पडरिया, पचाँस, राजापुर | समुदाय | मर्मत योग्य |
| १६ | प्रतिक्षालय | ७ | राजापुर, पचाँसा | समुदाय | मर्मत योग्य |
| १७ | सितलाबजार सितला | ८ | सितला | | |
| १८ | मन्दिर, मयुर चौतारा | ८ | मयुर चौतारा | | |
| १९ | शिवालय चौतारा | ८ | तिलकाना | | |
| २० | वरपिपल चौतारी | ९ | मुनालबस्ती | समुदाय | निर्माणाधिन |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## २.१४ पार्क तथा पिक्निक स्थलको विवरण

दैनिक नियमित कामकाजबाट पर रही मानसिक स्फूर्ति र स्वच्छताका लागि मनोरञ्जनको आवश्यकता पर्दछ। मनोरञ्जनका विभिन्न उपायहरुमध्ये स्वच्छ तथा प्राकृतिक वातावरणमा रमाउने तथा वनभोज गर्ने चलन सर्वव्यापी र प्राचिन चलन हो । यस गाउँपालिकामा विभिन्न वडाहरु गरेर ९ वटा मनोरञ्जन तथा वनभोज स्थलहरुको पहिचान गरिएको छ । यस प्रकारका अन्य स्थलको खोजी तथा विद्यमान स्थलहरुको संरक्षण र व्यवस्थापन गर्नु जरुरी छ ।

**तालिका नं. ७ :** पार्क तथा पिक्नीक स्थलको विवरण

| वडा नं. | स्थलको नाम | उपयोग | क्षेत्रफल/आकार (वर्ग मिटर) | स्वामित्व | आम्दानी | सेवाग्राही/आगन्तुक |
|---|---|---|---|---|---|---|
| ३ | मानझुण्डी | पिकनीक | ३५० वर्ग मिटर | सामुदायिक | ५००० | २००० |
| ३ | मानझुण्डी | खेलकुद | ३००० वर्ग मिटर | वन | | २००० |
| ४ | बढैयाताल | पिकनीक | १०७ बिघा | सरकारी | २५००००० | १००० |
| ४ | दुई मोहनी | खेलकुद | १६ हेक्टर | सरकारी | १००००० | १०००० |
| ५ | बढैयाताल | | ७११२३ वर्ग मिटर | सरकारी | ३०००००० | १००००० |
| ७ | दाङपुर वोकरीया | खेलकुद/पिकनिक | २०३१७ | सामुदायिक | | स्थानिय प्रयोजन |
| ७ | पन्चासा | खेलकुद/पिकनिक | २०३१७ | सामुदायिक | | स्थानिय प्रयोजन |
| ९ | कालिका मन्दिर | पिकनीक | | सामुदायिक | १०००० | १०००० |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## २.१५ मुख्य चाडपर्वहरु

यस गाउँपालिकामा विभिन्न जाती, धर्म, सम्प्रदाय र भेषभुषाका मानिसहरु बसोबास गर्दछन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरु छन् । जसमा बडादशैं, तिहार, रामनवमी, इद, मोहरम, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ, होली, चैते दशैं, साउने-माघे सक्रान्ती, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष, सोह्रश्राद्ध, बुद्धजयन्ती, क्रिशमस डे, अंग्रेजी नयाँ वर्ष, भ्यालेनटाईन डे, आदि चाडपर्वहरु रहेका छन् ।

बढैयाताल गाउँपालिकाका जनताले मनाउने चाड पर्व तथा जात्राहरू केही आफनै विशिष्ट किसिमका छन् भने केही राष्ट्रिय प्रकृतिका छन् । बढैयातालका जनताले मनाउने केही प्रमुख पर्व तथा चाडहरू निम्न अनुसार रहेका छन् ।

**तालिका नं. ८ :** मुख्य चाडपर्व/मेलाहरुको विवरण

| क.सं. | चाडपर्व/जात्रा/मेला | जात्रा/मेला मनाइने स्थान | मनाइने महिना | तिथी | मनाउने जातजाति |
|---|---|---|---|---|---|
| १ | तिजमेला तथा महोत्सव | सितला बजार | भाद्र | | हिन्दू धर्मावलम्बी |
| २ | गाई जात्रा/कृष्ण अ. जात्रा | मुनालबस्ती | | | हिन्दू धर्मावलम्बी |
| ३ | तिज महोत्वस | पचासा ७ | भाद्र | तितृया | हिन्दू धर्मावलम्बी |
| ४ | माघी महोत्सव | पोकटीया | माघ | | थारु, हिन्दु धर्मावलम्बी |
| ५ | माघी | मैतदेवी मन्दिर | माघ-१ | | थारु, हिन्दु धर्मावलम्बी |
| ६ | माघी, होली, दशैं, तिहार | बढैयाताल गाउँपालिका | माघ | | थारु |
| ७ | गुरिया, कृष्ण जन्मअष्टमी ,ताजिया, आइतवार | वडा नं ५ | | | थारु तथा विभिन्न जातजाति |
| ८ | माघी मेला | दुई मोहनी ४ | माघ | मकरसंक्रान्ति | थारु |
| ९ | कार्वला महोत्सव | बढैयाताल ४ | | दशमी | सबै जाजाति |
| १० | कृष्मस, बकर इद | भोलारौढी | कार्तिक, माघ, फागुन | | क्रिष्चियन, मुस्लिम |

*स्रोतः गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## क) दशैं

बडा दशैं (विजया दशमी नवरात्री) नेपालीहरूको प्रमुख राष्ट्रिय चाड हो। बढैयाताल गाउँपालिकामा पनि दशैं प्रमुख चाडको रुपमा मनाईन्छ। किम्बदन्ती अनुसार विजयादशमीको दिन भगवतीले दानवी शक्ति माथी र रामले रावणमाथी विजय हासिल गरेको उपलक्ष्य र खुसीयालीमा नवदुर्गा भवानीको प्रसादस्वरुप रातो टिका र जमरा लगाउने चलन छ। आश्विन महिनाको शुक्ल पक्षको दशमी तिथिको दिन भगवान् रामले रावणको वध गरेको पौराणिक कथन अनुरुप विजयादशमीको दिनलाई विशेष महत्वका साथ टीका जमरा लगाई मान्यजनहरुबाट आर्शिवाद लिने परापूर्व देखिको चलन रहेको छ। यस दिन असत्य माथि सत्यको विजयको भएको मानिन्छ। तसर्थ यस दिनलाई विजया दशमी भनिएको हो।

आश्विन शुक्ल प्रतिपदा (घटस्थापना) मा जमरा राखी नवमीसम्म नवरात्र विधिले प्रत्येकदिन फरक देवीहरूको पूजा हुन्छ। प्रतिपदादेखि क्रमशः शैलपुत्री, ब्रह्मचारिणी, कुष्माण्डा, स्कन्दमाता, कात्यायिनी, कालरात्री, महागौरी, सिद्धिदात्री गरी नवदुर्गाको पूजा गर्दै सप्तशती (चण्डी) पाठ गरी नव दुर्गा र तृशक्ती महा-काली, महा-लक्ष्मी र सरस्वतीको विशेष पूजा आराधाना गरिन्छ। आफ्ना नाता कुटुम्ब ठुला बडा र मान्यजनबाट टिका तथा जमरा लगाउने र आशीर्वाद प्राप्त गर्ने नयाँ नयाँ कपडाहरू लगाउने, आफ्नो क्षमताअनुसार मिठो खाना खाने( ख्वाउने, घर आँगन, बाटोघाटो, गाँउ बस्ती सफासुग्गर राख्ने जस्ता काम यस चाडमा विशेष उत्साहका साथ गरिन्छ। टाढादेखि मान्यजनबाट टीका थाप्न आउने मानिसलाई समेत सजिलो होस् भन्ने हेतुले धेरैजसो स्थानहरुमा यो कार्य पूणिर्मा सम्म गर्ने चलन छ।

## ख) तिहार

बढैयाताल गाउँपालिकामा मानिने चाडहरु मध्ये तिहार पनि एक प्रमुख चाड हो । यो चाडलाई यमपञ्चक पनि भनिन्छ । धर्म संस्कार र मान्यतालाई हेर्दा सूर्यका छोरा यमराजले आफ्नी बहिनी यमुनाको निम्तो स्वीकार गरी अन्य समयमा अत्यन्त व्यस्त हुने भएतापनि यमपञ्चकको दिन बहिनीका घरमा गई भेटघाट तथा प्रेम आदानप्रदान गरी मनाएको हुँदा यी पाँच दिनलाई यमपञ्चक मानिएको कुरा हिन्दूशास्त्रमा उल्लेख गरिएको छ । यसरी रहँदा बस्दा यमुनाको व्यवहारले निकै प्रसन्न भई यमराजले बहिनी यमुनालाई “जे मन लाग्छ वर माग“ भन्दा यमुनाले “हरेक वर्ष आजकै दिन मलाई भेट्न आउनुपर्ने, साथै दिदी-भाइ दाजु-बहिनीको प्रेम सदा अटल रहोस् र दाजु भाइको आयू, कीर्ति सदा वृद्धि होस् भनी वरदान मागिन् । यमराजले पनि तथास्तु भन्दै मनसा, वाचा, कर्मणा र शुद्धचित्तले यस प्रकारसँग भातृपूजा गर्ने गराउनेहरूको सदा उन्नति हुने तथा कीर्ति पनि फिँजिने वर दिई आफ्नी बहिनीसँग बिदा भई गएको र यसरी प्राचीन काल देखि अहिलेसम्म अविच्छिन्नरूपले यो पर्व मानिँदै आएको परम्परा छ । तिहारले एकातिर मानव तथा पशुबीचको प्रगाढ सम्बन्धको चित्र प्रस्तुत गर्छ भने अर्कातिर दाजुभाइ तथा दिदीबहिनी बीचको आत्मीय र पवित्र स्नेह एवं सम्बन्धलाई अमर राख्दछ ।

यो पर्व कार्तिक कृष्ण पक्ष त्रयोदशीका दिन काग तिहारको नामले शुरु भएर कार्तिक शुक्ल पक्षको द्वितीया तिथिको भाइटीकासम्म (पाँच दिन) मनाइन्छ । पाँच दिनहरुमा क्रमशः काग तिहार, कुकुर तिहार, लक्ष्मी पुजा, गोवर्द्धन पुजा र भाईटीका पर्दछन् । यो पर्व प्रत्येक दिन विशेष तथा फरक मान्यताको साथ मनाईन्छ । देउसी-भैलो, लक्ष्मीको पूजा, सयपत्री र मखमली, बत्तीको झिलिमिली मुख्य लोभ्याउने पक्षहरु हुन् । बढैयाताल गाउँपालिकामा हिन्दू धर्मावलम्वीले दीपावली (दिवाली)को रुपमा यस पर्वलाई धूमधामसँग मनाउँछन् ।

## ग) माघी

नेपालको तराई क्षेत्रमा बसोबास गर्ने आदिवासी थारु समुदायले मनाउने प्रमुख चाडको रुपमा माघीलाई मनाइन्छ । थारु समुदायमा माघे सङ्क्रान्तिको अघिल्लो दिन अर्थात् पुसको अन्तिम दिन घर घरमा सुँगुर काट्ने चलन छ, जसलाई ‘जिता मरना दिन’ भनिन्छ । माघीको अवसरमा थारु समुदायमा जाँडरक्सी, चामलको ढिकरी खाने तथा नाचगान गरि रमाइलो गर्नै प्रचलन छ । माघमि गाइने गीतलाई ‘धमार’ भनिन्छ । माघे सङ्क्रान्तिको दिन विहान सबै जना नजिकैको खोलामा नुहाउन जाने चलन छ । माघीमा आफ्ना छोरीचेलीलाई उपहार दिने, नयाँ वर्षको रुपमा लिने तथा टोल समुदायको नयाँ भलाद्मी छान्ने प्रचलन छ । माघीको दिन स्नान गरी तिलको आगो ताप्नाले वर्ष भरिको पाप पखालिन्छ भन्ने मान्यता परापूर्व कालदेखि रहि आएको छ ।

## ङ) तीज

यस बढैयाताल गाउँपालिकामा मनाइने चाडपर्वमा तीज पनि एक हो । यो चार्ड हिन्दू नारीहरूले मनाउने एउटा महत्वपूर्ण चाड हो । तीज भाद्र शुक्ल द्वीतिया देखि पञ्चमी सम्म ४ दिन मनाइन्छ । तीजमा भगवान शिवको आराधना गरि निरहार ब्रत बस्नुको साथै नाचगान मनोरञ्जन समेत गर्ने गरिन्छ । नेपाली हिन्दू महिलाहरूद्वारा स्वतन्त्र र आनन्दमय रूपमा मनाइने तीज अन्य धर्म र जातजातिका नेपाली महिलाहरूले पनि हर्षोल्लासका साथ मनाउन थालेका छन् । यो पर्व मुख्य रूपले नेपालभर मनाईन्छ । ऐतिहासिक किम्बदन्ती अनुसार आद्य शक्ति भगवानशिवकी अर्धाङ्गीनी हिमालय पुत्री पार्वतीले भगवान शिवको स्वास्थ्य तथा शरीरमा कुनै वाधा उत्पन्न नहोस् भनेर पहिलो व्त्र राखेकि थिईन् त्यो दिन यहि हरितालिका तिजको दिन थियो त्यसै दिनको स्मरण र श्रद्धा स्वरुप आजसम्म हिन्दु नारीहरूले यो पर्व मनाउदै आएको जनविश्वास छ ।

### च) होली

बढैयाताल गाउँपालिकामा मनाइने चाड मध्ये होली पनि एक हो । हिन्दु संस्कृतिमा यो पर्व प्रत्येक फाल्गुण शुक्ल पुर्णिमा अर्थात होली पुर्णिमाको दिन मनाइन्छ । यो पर्व मनाउनुको पौराणिक कारण र इतिहास छ । होलीको बारेमा पौराणिक भनाइ अनुसार प्राचीन समयमा अथवा सत्य युगमा नास्तिक हिरण्यकश्यपु नामक एक जना राक्षसको जन्म भएको थियो । हिरण्यकश्यपुलाई भगवान विष्णुले नृसिंह अवतार लिएर मारेका थिए । हिरण्यकश्यपुका छोरा भक्त प्रह्लाद थिए । भक्त प्रह्लाद भगवान विष्णुका निकै भक्त थिए । आफ्नै छोरा प्रह्लादले भगवान विष्णुलाई भज्ने गरेको हिरण्यकश्यपुलाई मन परेको थिएन । त्यसैले उसले प्रह्लादलाई मार्न धेरै योजनाहरू बनाएको थिए । एक योजना अनुसार हिरण्यकश्यपुले छोरालाई अग्निकुण्डमा हालेर मार्न आफ्नी बहिनी होलिका (जसलाई अग्निले पनि डढाउन नसक्ने वरदान पाएकी थिइन्) लाई जिम्मा दिएका थिए । दाजुको आदेशानुसार होलिका प्रह्लादलाई काखमा लिएर अग्निमा बस्दा आगोले धर्मको साथ दिएकोले होलिका जलेर नष्ट भइन् तर प्रह्लादलाई केही भएन । होलिका दहनकै खुसियाली मनाउन आपसमा रङ्ग र अविर छरेर होली पर्व मनाउने परम्परा चलेको धार्मिक मान्यता रहिआएको छ । भने अर्को एक प्रसङ्ग अनुसार द्वापर युगमा श्रीकृष्णलाई मार्ने उद्देश्यले विषाक्त दूध खुवाउन कंशद्धारा खटाइएकी पुतना नामकी राक्षसनीलाई उल्टै कृष्णले मारिदिनु भएकाले त्यसको शवलाई यसै दिन जलाएर आपसमा रङ्ग र अबिर छरी खुसियाली मनाएकोले त्यसैको सम्झनामा अद्यावधिक चीरदाह गरी होली खेल्ने परम्परा चलेको भनाइ रहेको छ ।

यसरी पौराणिक महत्व बोकेको होली पर्व वसन्त ऋतुको आगमनसँगै रङ र खुसीको पर्वका रुपमा धुमधामका साथ मनाईन्छ । यो पर्वलाई पुरानो कटुता समाप्त गरेर, दुस्मनी बिर्सेर मान्छे एक आपसमा मिली मित्रता गाँस्ने दिन, असत्य माथि सत्यको विजय भएको दिनको रुपमा लिइन्छ । हाल आधुनिकताको नाममा विभिन्न विकृतिहरु भित्रिएका छन् यसलाई मध्यनजर गर्दै यस पर्वको विशेष महत्व र मौलिकतामा रहेर मनाउनुद पर्ने देखिन्छ ।

### छ) रमजान

बढैयाताल गाउँपालिकामा मुस्लिमहरुले रमाजान पर्वलाई हर्षोल्लासका साथ भव्य रुपमा मनाइन्छ । यस पर्वमा मुस्लिमहरुले लगातार एक महिनासम्म निराहार ब्रत बसी रातमा भोजन गर्दछन् । यो पर्वमा विशेषगरी मस्जिदमा गई नमाज पढ्ने र व्रत सम्पन्न भएपछि असाहयहरुलाई दान तथा सहयोग गरी मिठा भोजन तथा भेटघाट र खुशीयाली मनाउने गर्दछन् । यो पर्व जेठ असार महिनामा पर्ने गर्दछ ।

### ज) मोहरम


मुस्लिम समुदायले मनाउने अर्को ठूलो पर्व मोहरम पनि यहाँको मुख्य धर्म हो । यो पर्व पनि यहाँ निक्कै धुमधाम तथा हर्षोल्लासको साथ मनाउने गरिन्छ ।

### झ) क्रिसमस


येशू खिष्टका अनुयायीहरू तथा इसाई धर्मावलम्बीहरू डिसेम्बर २५ तारेखका दिन क्रिसमस धुमधामका साथ मनाउने गर्दछन् ।

# खण्ड ३ : जनसाङ्ख्यिक विवरण

## ३.१ वडागत घरधुरी संख्या तथा लिङ्गको आधारमा जनसंख्याको वितरण




नक्सा नं. ७ : वडागत जनसंख्याको वितारण




**नक्सा नं. ८ :** लैङ्गिक अनुपात

**तालिका नं. ९ :** वडागत घरधुरी संख्या तथा लिङ्गको आधारमा जनसंख्याको वितरण

| वडा नं. | घरधुरी | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|---|
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | १,३५४ | २,१६९ | ४०.८ | ३,१४१ | ५९.२ | ५,३१० | १००.० |
| २ | १,५२९ | ३,०६९ | ४६.७ | ३,४९८ | ५३.३ | ६,५६७ | १००.० |
| ३ | १,४६८ | २,९२९ | ४६.४ | ३,३७९ | ५३.६ | ६,३०८ | १००.० |
| ४ | १,२१७ | २,६२९ | ४७.९ | २,८६४ | ५२.१ | ५,४९३ | १००.० |
| ५ | ९३१ | २,१६२ | ४७.८ | २,३६१ | ५२.२ | ४,५२३ | १००.० |
| ६ | १,४०९ | २,८७६ | ४७.५ | ३,१७५ | ५२.५ | ६,०५१ | १००.० |
| ७ | १,१९६ | २,५४० | ४७.१ | २,८४८ | ५२.९ | ५,३८८ | १००.० |
| ८ | १,४२६ | २,६४७ | ४५.५ | ३,१७१ | ५४.५ | ५,८१८ | १००.० |
| ९ | १,५५९ | २,८५६ | ४७.६ | ३,१४१ | ५२.४ | ५,९९७ | १००.० |
| जम्मा | १२,०८९ | २३,८७७ | ४६.४ | २७,५७८ | ५३.६ | ५१,४५५ | १००.० |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका कुल १२,०८९ घरधुरीहरू मध्ये कूल २३,८७७ पुरुष र २७,५७८ महिलाहरू गरी ५१,४५५ जनसंख्या रहेको छ। वडागत विवरण अनुसार सबैभन्दा धेरै घरधुरीहरू भएको वडा न. ९ जहाँ १,५५९ घरधुरीहरू र सबैभन्दा कम घरधुरीहरू भएको वडा भने वडा नं. ५ जहाँ ९३१ घरधुरीहरू रहेका छन्। वडागत जनसंख्याको महिला/पुरुषको अनुपात विवरण समेत सामान्यतया समान किसिमको देखिन्छ। प्रत्येक वडामा महिलाको जनसंख्या पुरुषको भन्दा बढी देखिन्छ। लैङ्गिक अनुपातलाई हेर्दा प्रति १०० जना महिनामा ८६.५८ पुरुषको संख्या देखिन्छ। अर्थात


$$\text{लैङ्गिक अनुपात} = \frac{\text{पुरुषको संख्या}}{\text{महिलाको संख्या}} \times १००$$

$$= \frac{२३८७७}{२७५७८} \times १००$$

= ८६.५८ जना पुरुष

लैङ्गिक अनुपात ८६.५८

यसको अर्थ प्रति १०० जना महिलाको जनसंख्यामा पुरुषको जनसंख्याको आँकडा मिलाउँदा जम्मा ८६.५८ जना मात्र पुरुषहरू पर्दछन्। महिलाको जनसंख्याको तुलनामा पुरुषको जनसंख्या कम देखिन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




## ३.२ उमेर समूह अनुसार वडागत जनसंख्याको विवरण

**तालिका नं. १० :** उमेर समूह अनुसार वडागत जनसंख्याको विवरण

| वडा नं. | ०-४ वर्ष | ५-९ वर्ष | १०-१४ वर्ष | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | ५०-५४ वर्ष | ५५-५९ वर्ष | ६०-६४ वर्ष | ६५-६९ वर्ष | ७०-७४ वर्ष | ७५ वर्ष भन्दा माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५२७ | ५२५ | ६२० | ५३६ | ४७३ | ४३३ | ३२२ | २९४ | २७९ | २८६ | २७९ | २२६ | १६८ | १५८ | ९७ | ८७ | ५,३१० |
| २ | ५८४ | ६५९ | ७२८ | ७०१ | ६८५ | ४७७ | ४२९ | ४३६ | ३३८ | ३५३ | २९९ | २४५ | १८९ | १७४ | १४० | १३० | ६,५६७ |
| ३ | ६१३ | ६४९ | ७४७ | ६७५ | ५३० | ४८५ | ४६० | ३९८ | ३७५ | ३३५ | २६३ | १९९ | २०४ | १५६ | ११९ | १०० | ६,३०८ |
| ४ | ४६७ | ५३५ | ६२२ | ५८२ | ५७० | ५२६ | ३७५ | ३३९ | २६८ | ३२१ | २२१ | १९६ | १७१ | ११५ | १२३ | ६२ | ५,४९३ |
| ५ | ३५३ | ४१० | ५०४ | ४९४ | ४५० | ३५७ | ३११ | ३४८ | २३६ | २५९ | १९० | १५५ | १०२ | १६९ | ११३ | ७२ | ४,५२३ |
| ६ | ४२४ | ४८७ | ५९४ | ५९३ | ६२० | ५४४ | ४६० | ५२२ | ३५९ | ३९१ | २३५ | २०९ | १७३ | २२२ | १२७ | ९१ | ६,०५१ |
| ७ | ४३४ | ५१५ | ५७९ | ५०१ | ५२९ | ५१२ | ४५८ | ३९० | २८३ | २७४ | २४७ | १९३ | १५१ | १५६ | ८८ | ७८ | ५,३८८ |
| ८ | ४५७ | ५५५ | ६६९ | ६०८ | ४९९ | ४५८ | ४४१ | ४१५ | ३३२ | ३२३ | २४४ | २०७ | १९५ | १५६ | १३२ | १२७ | ५,८१८ |
| ९ | ४४७ | ५४१ | ६९६ | ६३३ | ६०० | ४५६ | ३९९ | ४६८ | ३३८ | ३४७ | २७६ | २५७ | १८२ | १६५ | ११५ | ७७ | ५,९९७ |
| जम्मा | ४,३०६ | ४,८७६ | ५,७५९ | ५,३२३ | ४,९५६ | ४,२४८ | ३,६५५ | ३,६१० | २,८०८ | २,८८९ | २,२५४ | १,८८७ | १,५३५ | १,४७१ | १,०५४ | ८२४ | ५१,४५५ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका कूल ५१,४५५ जनसंख्या मध्ये १० देखि १४ वर्ष उमेर समूहका बालबालिकाको जनसंख्या सबैभन्दा बढी ५,७५९ अर्थात ११.२ प्रतिशत, १५ देखि १९ वर्ष उमेर समूहका ५,३२३ अर्थात १०.३ प्रतिशत र तेस्रोमा २० देखि २४ वर्ष उमेर समूहका ४,९५६ अर्थात ९.६ प्रतिशत रहेका छन्। समग्र तथ्याङ्कलाई विश्लेषण गर्दा उमेर समूह बढ्दै जाँदा जनसंख्या घट्दै गैरहेको छ। १० देखि २४ वर्ष भित्रको जनसंख्या सबैभन्दा बढी देखिन्छ। १० वर्ष भन्दा मूनिका बालबालिकाको जनसंख्या र २४ वर्ष माथिका प्रौढ तथा बृद्धबृद्धाहरूको संस्था क्रमश घट्दै गैरहेको देखिन्छ।

यूवा उमेरको जनसंख्या बढी हुनु राम्रो भएतापनि उनीहरूको शिक्षा, स्वास्थ्य तथा मानव संसाधन विकासमा व्यापक लगानी गर्नुपर्ने हुन्छ। अर्कोतर्फ यूवाहरूलाई सहि दिशातर्फ उन्मूख बनाउन र रोजगारीका अवसरहरू श्रृजनागरी राष्ट्र निर्माणमा सरिक बनाउनु समाज र राज्यको दायित्व हुन आउँछ। बालबालिका तथा शिशुहरूको संख्या कमहुनुले क्रमश प्रजनन दर घट्दै गएको संकेत गर्दछ भने बृद्धहरूको तथा प्रौढहरूको संख्या कम हुनुले औषत आयू अन्य देशहरूको तुलनामा कम हुनु र प्रौढअवस्थामा लाग्ने रोगका कारण पाका उमेरको जनसंख्याको मृत्युदर बढी हुनु भन्ने जनाउँछ । यद्यपी बढ्दो उमेरको संख्या कमहुनु स्वभाविक हो । उमेर अनुसारको जनसंख्याको विश्लेषण गर्दा प्रत्येक उमेर समूहका आवश्यकताहरू सम्बोधन गरी उनीहरूको उचित व्यवस्थापन गर्नु नै चुनौतीपूर्ण हुन्छ। बालबालिकाको पोषण र स्याहार तथा शिक्षा, यूवालाई उचित रोजगारी र बृद्धहरूलाई आवश्यक सामाजिक सूरक्षा तथा स्वास्थ्य सेवा र स्याहार राज्यले निर्वाह गर्नुपर्ने दायित्वहरू भित्र आउँछन्। गाउँपालिकाले यसतर्फ ध्यान पुऱ्याउन आवश्यक छ। वडागत उमेर समूह अनुसारको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

## ३.३ उमेर र लिङ्गअनुसार वडागत जनसंख्याको विवरण

**तालिका नं. ११ :** उमेर र लिङ्गअनुसार वडागत जनसंख्याको विवरण


| वडा नं. | उमेर समूह | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | विवरण | ०-४ | ५-९ | १०-१४ | १५-१९ | २०-२४ | २५-२९ | ३०-३४ | ३५-३९ | ४०-४४ | ४५-४९ | ५०-५४ | ५५-५९ | ६०-६४ | ६५-६९ | ७०-७४ | ७५ वर्ष भन्दा माथि | जम्मा |
| १ | पुरुष | २७९ | २८१ | ३०७ | १८४ | १४४ | १२९ | ८९ | ९३ | ९३ | ९९ | १३३ | १०७ | ६४ | ८१ | ४७ | ३९ | २,१६९ |
| | महिला | २४८ | २४४ | ३१३ | ३५२ | ३२९ | ३०४ | २३३ | २०१ | १८६ | १८७ | १४६ | ११९ | १०४ | ७७ | ५० | ४८ | ३,१४१ |
| | दुबै लिङ्ग | ५२७ | ५२५ | ६२० | ५३६ | ४७३ | ४३३ | ३२२ | २९४ | २७९ | २८६ | २७९ | २२६ | १६८ | १५८ | ९७ | ८७ | ५,३१० |
| २ | पुरुष | ३३२ | ३४२ | ३७९ | ३०९ | २८४ | १९४ | १७० | १६९ | १५८ | १४४ | १५२ | १३७ | ९० | ८३ | ६२ | ६४ | ३,०६९ |
| | महिला | २५२ | ३१७ | ३४९ | ३९२ | ४०१ | २८३ | २५९ | २६७ | १८० | २०९ | १४७ | १०८ | ९९ | ९१ | ७८ | ६६ | ३,४९८ |
| | दुबै लिङ्ग | ५८४ | ६५९ | ७२८ | ७०१ | ६८५ | ४७७ | ४२९ | ४३६ | ३३८ | ३५३ | २९९ | २४५ | १८९ | १७४ | १४० | १३० | ६,५६७ |
| ३ | पुरुष | ३३३ | ३३२ | ३७७ | ३१३ | १९० | २०३ | १७२ | १६६ | १५१ | १६९ | १४२ | ९३ | ९७ | ७३ | ६३ | ५५ | २,९२९ |
| | महिला | २८० | ३१७ | ३७० | ३६२ | ३४० | २८२ | २८८ | २३२ | २२४ | १६६ | १२१ | १०६ | १०७ | ८३ | ५६ | ४५ | ३,३७९ |
| | दुबै लिङ्ग | ६१३ | ६४९ | ७४७ | ६७५ | ५३० | ४८५ | ४६० | ३९८ | ३७५ | ३३५ | २६३ | १९९ | २०४ | १५६ | ११९ | १०० | ६,३०८ |
| ४ | पुरुष | २६० | २६६ | ३०७ | २९४ | २२८ | २२५ | १६४ | १३८ | १२३ | १७८ | १०० | १११ | ८३ | ५१ | ६७ | ३४ | २,६२९ |
| | महिला | २०७ | २६९ | ३१५ | २८८ | ३४२ | ३०१ | २११ | २०१ | १४५ | १४३ | १२१ | ८५ | ८८ | ६४ | ५६ | २८ | २,८६४ |
| | दुबै लिङ्ग | ४६७ | ५३५ | ६२२ | ५८२ | ५७० | ५२६ | ३७५ | ३३९ | २६८ | ३२१ | २२१ | १९६ | १७१ | ११५ | १२३ | ६२ | ५,४९३ |
| | पुरुष | १८८ | २११ | २५९ | २४१ | १७३ | १५१ | १३२ | १६७ | १२० | ११८ | ९२ | ८१ | ४३ | ८८ | ६२ | ३६ | २,१६२ |

| | | | | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ५ | महिला | १६५ | १९९ | २४५ | २५३ | २७७ | २०६ | १७९ | १८१ | ११६ | १४१ | ९८ | ७४ | ५९ | ८१ | ५१ | ३६ | २,३६१ |
| | दुबै लिङ्ग | ३५३ | ४१० | ५०४ | ४९४ | ४५० | ३५७ | ३११ | ३४८ | २३६ | २५९ | १९० | १५५ | १०२ | १६९ | ११३ | ७२ | ४,५२३ |
| ६ | पुरुष | २०७ | २२३ | २९७ | २९० | २५९ | २३५ | २०७ | २४० | १८५ | १९० | १२१ | १११ | ८३ | ११३ | ६९ | ४६ | २,८७६ |
| | महिला | २१७ | २६४ | २९७ | ३०३ | ३६१ | ३०९ | २५३ | २८२ | १७४ | २०१ | ११४ | ९८ | ९० | १०९ | ५८ | ४५ | ३,१७५ |
| | दुबै लिङ्ग | ४२४ | ४८७ | ५९४ | ५९३ | ६२० | ५४४ | ४६० | ५२२ | ३५९ | ३९१ | २३५ | २०९ | १७३ | २२२ | १२७ | ९१ | ६,०५१ |
| ७ | पुरुष | २३६ | २६४ | २९७ | २२७ | २०२ | २०९ | १८४ | १७९ | १३८ | १३७ | ११९ | १०१ | ७५ | ७८ | ४३ | ५१ | २,५४० |
| | महिला | १९८ | २५१ | २८२ | २७४ | ३२७ | ३०३ | २७४ | २११ | १४५ | १३७ | १२८ | ९२ | ७६ | ७८ | ४५ | २७ | २,८४८ |
| | दुबै लिङ्ग | ४३४ | ५१५ | ५७९ | ५०१ | ५२९ | ५१२ | ४५८ | ३९० | २८३ | २७४ | २४७ | १९३ | १५१ | १५६ | ८८ | ७८ | ५,३८८ |
| ८ | पुरुष | २४७ | २८३ | ३५९ | २७० | १७१ | १६७ | १४६ | १६३ | १५९ | १५५ | १०७ | ९९ | ९१ | ८८ | ६७ | ७५ | २,६४७ |
| | महिला | २१० | २७२ | ३१० | ३३८ | ३२८ | २९१ | २९५ | २५२ | १७३ | १६८ | १३७ | १०८ | १०४ | ६८ | ६५ | ५२ | ३,१७१ |
| | दुबै लिङ्ग | ४५७ | ५५५ | ६६९ | ६०८ | ४९९ | ४५८ | ४४१ | ४१५ | ३३२ | ३२३ | २४४ | २०७ | १९५ | १५६ | १३२ | १२७ | ५,८१८ |
| ९ | पुरुष | २२७ | २६४ | ३६५ | २९३ | २४३ | २०० | १४९ | २३४ | १४८ | १७१ | १४५ | १४२ | ८५ | ८० | ६४ | ४६ | २,८५६ |
| | महिला | २२० | २७७ | ३३१ | ३४० | ३५७ | २५६ | २५० | २३४ | १९० | १७६ | १३१ | ११५ | ९७ | ८५ | ५१ | ३१ | ३,१४१ |
| | दुबै लिङ्ग | ४४७ | ५४१ | ६९६ | ६३३ | ६०० | ४५६ | ३९९ | ४६८ | ३३८ | ३४७ | २७६ | २५७ | १८२ | १६५ | ११५ | ७७ | ५,९९७ |
| जम्मा | पुरुष | २,३०९ | २,४६६ | २,९४७ | २,४२१ | १,८९४ | १,७१३ | १,४१३ | १,५४९ | १,२७५ | १,३६१ | १,१११ | ९८२ | ७११ | ७३५ | ५४४ | ४४६ | २३,८७७ |
| | महिला | १,९९७ | २,४१० | २,८१२ | २,९०२ | ३,०६२ | २,५३५ | २,२४२ | २,०६१ | १,५३३ | १,५२८ | १,१४३ | ९०५ | ८२४ | ७३६ | ५१० | ३७८ | २७,५७८ |
| | दुबै लिङ्ग | ४,३०६ | ४,८७६ | ५,७५९ | ५,३२३ | ४,९५६ | ४,२४८ | ३,६५५ | ३,६१० | २,८०८ | २,८८९ | २,२५४ | १,८८७ | १,५३५ | १,४७१ | १,०५४ | ८२४ | ५१,४५५ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेको कूल ५१,४५५ जनसंख्या मध्ये कूल २३,८७७ पुरुष र २७,५७८ जना महिला रहेका छन् । ४ देखि ९ वर्षका बालिकाहरू बाहेक १० देखि ५४ वर्षसम्मको सबै उमेर समूहमा किशोरी र महिलाहरूको बाहुल्यता रहेको छ । यसरी लैङ्गिक अनुपात हेर्दा प्रति ८६.५८ जना पुरुषमा १०० जना महिला रहेका छन् । छोराको चाहाना गरेर बढी छोरीहरू जन्माउने प्रवृति नेपालमा परम्परागत हिसाबले नै रहि आएको छ । लैङ्गिक भेदभाव उन्मूलनका विविध प्रयासहरू भै रहेतापनि यस उपलब्धी भने हासिल हुन सकेको देखिँदैन । यद्यपी यसमा सुधार भने भैरहेको छ । उमेर समूह अनुसार हेर्दा १५ देखि ३९ वर्ष उमेर समूह भित्रका किशोरी र महिलाहरूको जनसंख्या उच्च रहेकोले उमेर पुगेका महिलाहरूका शारिरीक, मानसिक, सामाजिक तथा आर्थिक मूद्धाहरूलाई सम्बोधन गर्ने खालको योजनाहरू निर्माण गर्न जरुरी छ । प्रजनन स्वास्थ, यौन स्वास्थ, रजस्वला सम्बन्धी समस्याहरू, महिला मैत्री शौचालय, परामर्श केन्द्रहरू, महिला हिंसा, चेलीवेटी बेचविखन, घरेलु लैङ्गिक हिंसा, पाठेघर खस्ने समस्या, दाइजो प्रथा, महिला शसक्तिकरण तथा अधिकार जस्ता विषयहरू आम महिलाका प्रमुख तथा संवेदनशिल विषय भएकोले गाउँपालिकाले यि विषयहरूको प्रभावकारी योजना निर्माण गरी कार्यान्वयन गर्नुपर्ने संकेत समग्र तथ्याङ्कले गर्दछ । अर्कोतर्फ प्रौढ र यूवाहरुको रोजगारी र दक्ष जनशक्ति निर्माण गरी राष्ट्र निर्माणमा दिशानिर्देश गर्नुपर्ने दायित्व समेत राज्य र समाजको हुन जान्छ । वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**उमेर र लिङ्गअनुसार वडागत जनसंख्याको विवरण**





## ३.४ परिवारमा रहेको सदस्य संख्याको आधारमा वडागत घरधुरीको वितरण

**तालिका नं. १२ :** परिवारमा रहेको सदस्य संख्याको आधारमा वडागत घरधुरीको वितरण

| वडा नं. | परिवार संख्या | | | | | जम्मा | औषत परिवार संख्या |
|---|---|---|---|---|---|---|---|
| | १ जना | २-३ जना | ४-५ जना | ६-७ जना | ८ जना भन्दा भढि | | |
| १ | ६७ | ५५२ | ५०७ | १६२ | ६६ | १,३५४ | ३.९ |
| २ | ५४ | ४९६ | ६६३ | २२० | ९६ | १,५२९ | ४.३ |
| ३ | ६८ | ५१७ | ५५७ | २२६ | १०० | १,४६८ | ४.३ |
| ४ | २१ | ३७२ | ५२१ | २१७ | ८६ | १,२१७ | ४.५ |
| ५ | १५ | २५२ | ३७३ | १८० | १११ | ९३१ | ४.९ |
| ६ | ६२ | ४२४ | ६३८ | १९४ | ९१ | १,४०९ | ४.३ |
| ७ | ३३ | ३७६ | ५०० | १८८ | ९९ | १,१९६ | ४.५ |
| ८ | ७० | ५०८ | ५९५ | १८४ | ६९ | १,४२६ | ४.१ |
| ९ | ९२ | ६११ | ६१३ | १९० | ५३ | १,५५९ | ३.८ |
| जम्मा | ४८२ | ४,१०८ | ४,९६७ | १,७६१ | ७७१ | १२,०८९ | ४.३ |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका कूल १२,०८९ घरधुरीहरू मध्ये ४ देखि ५ जना सदस्य संख्या भएको घरधुरीको संख्या सबैभन्दा धेरै ४,९६७ अर्थात ४१.७ प्रतिशत रहेको छ । दोस्रोमा २ देखि ३ जना सदस्य संख्या भएको परिवार ४,१०८ अर्थात ३४ प्रतिशत र तेस्रोमा ६ देखि ७ जना सदस्य संख्या भएको घरधुरीहरू १७६१ अर्थात १४.६ प्रतिशत रहेका छन् । १ जना मात्र सदस्यसंख्या भएको घरधुरी समेत रेकर्ड गरिएको छ । जसको संख्या ४८२ रहेको छ । समग्र तथ्याङ्कलाई हेर्दा परम्परागत संयुक्त परिवारमा रहने परिपाटी परिवर्तन भई सामान्यतया बाबु-आमा र तिनका अविवाहित छोराछोरीहरू रहेको ४ वा ५ जनाको परिवारको नै बाहुल्यता बढेको तथ्याङ्कले देखाउँछ । २ देखि ३ जना मात्र भएको परिवारको संख्या समेत ३४ प्रतिशत हुनुले यो क्रम अर्थात एकल परिवारको संख्या बढी रहेको तथ्य स्पष्ट छ । अर्कोतर्फ एक जना मात्र सदस्य संख्या भएको परिवार भने अविवाहित एकल, विवाहित तर विधवा वा विधुर भएको कारणले हुनसक्छ । यस बाहेक विवाहित तर पारपाचुके गर्ने वा नगरी छुट्टीएर एक्ला एक्लै बस्ने गरेका समेत भेटिन्छन् । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ३.५ उमेर समूहको आधारमा घरमूलीको वितरण

**तालिका नं. १३ :** उमेर समूहको आधारमा घरमूलीको वितरण

| वडा नं. | घरमुलीको उमेर समूह | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | १०-१९ वर्ष | २०-२९ वर्ष | ३०-३९ वर्ष | ४०-४९ वर्ष | ५०-५९ वर्ष | ६०-६९ वर्ष | ७० वर्ष भन्दा बढी | |
| १ | १६ | १९५ | २९४ | ३०७ | २८१ | १७२ | ८९ | १,३५४ |
| २ | ७ | १५९ | ३३४ | ३३८ | ३२२ | २१८ | १५१ | १,५२९ |
| ३ | ९ | १८० | ३५३ | ३६५ | २६० | १९५ | १०६ | १,४६८ |
| ४ | ९ | १९२ | ३०८ | ३०० | २१८ | १२५ | ६५ | १,२१७ |
| ५ | ४ | ९० | २५४ | २३१ | १८४ | ११० | ५८ | ९३१ |
| ६ | १३ | १६७ | ३८५ | ३५२ | २२१ | १८६ | ८५ | १,४०९ |
| ७ | ९ | ११५ | ३०१ | २६६ | २३९ | १७३ | ९३ | १,१९६ |
| ८ | १५ | १७९ | ३४८ | ३३३ | २२६ | १९२ | १३३ | १,४२६ |
| ९ | २६ | २०१ | ४११ | ३३२ | २९३ | १९३ | १०३ | १,५५९ |
| जम्मा | १०८ | १,४७८ | २,९८८ | २,८२४ | २,२४४ | १,५६४ | ८८३ | १२,०८९ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका कुल १२,०८९ घरधुरीहरू मध्ये सबैभन्दा धेरै ३० देखि ३९ वर्ष उमेर समूहको २,९८८ (२४.७ प्रतिशत) जनसंख्याले घरमूली भएर परिवारको जिम्मेवारी निर्वाह गरेको पाइन्छ। दोस्रोमा ४० देखि ४९ वर्षको उमेर समूहको २,८२४ (२३.४ प्रतिशत) जनसंख्याले घरमूली भएर परिवारको जिम्मेवारी निर्वाह गरेको देखिन्छ। तेस्रोमा ५० देखि ५९ वर्षको उमेर समूह पर्दछ। विभिन्न परिस्थितिवश परिवारका अभिभावक वा घरमूली गुमाएर सानो उमेरमै घरको जिम्मेवारी सम्हालेको १० देखि १९ वर्ष सम्मको घुरधरी संख्या १०८ र बुढेसकालमा अरुको सहारामा वा राज्यले प्रदान गर्ने सामाजिक सुरक्षा सेवा लिएर बाँच्नु पर्ने ७० वर्ष भन्दा माथिको जनसंख्या मध्ये ८८३ घरधुरीहरूमा घरमूली भएर परिवारको जिम्मेवारी सम्हाल्नु परेको अवस्था देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ। यस तथ्याङ्कसँग गाँसिएको अहम विषय भनेको उमेर नपुग्दै वा वृद्ध अवस्थाको जनसंख्या समेत घरमुली भएर जिम्मेवारी लिनुपर्ने अवस्था रहनु भनेको कल्याणकारी लोकतान्त्रिक प्रणालीमा सामाजिक सुरक्षाको अवस्था कमजोर रहेको संकेत हो।


## ३.६ उमेर समूह र लिङ्गका आधारमा घरमूलीको वितरण

**तालिका नं. १४ :** उमेर समूह र लिङ्गका आधारमा घरमूलीको वितरण

| लिङ्ग | वडा नं. | घरमुलीको उमेर समूह | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १०-१९ वर्ष | २०-२९ वर्ष | ३०-३९ वर्ष | ४०-४९ वर्ष | ५०-५९ वर्ष | ६०-६९ वर्ष | ७० वर्ष भन्दा बढी | |
| पुरुष | १ | ४ | ४२ | ८७ | १४१ | १९० | ११५ | ६३ | ६४२ |
| | २ | २ | ६० | १६४ | २३५ | २४९ | १४८ | १०३ | ९६१ |
| | ३ | ३ | ७० | १९२ | २६६ | २०७ | १३८ | ८५ | ९६१ |
| | ४ | ४ | ७४ | १६० | २३९ | १६९ | ९९ | ५१ | ७९६ |
| | ५ | | २२ | १६९ | १७० | १४६ | ९५ | ४४ | ६४६ |
| | ६ | ४ | ७१ | २२५ | २६३ | १८४ | १३८ | ६८ | ९५३ |
| | ७ | ३ | ५० | २१५ | २१९ | १९९ | १४० | ७३ | ८९९ |
| | ८ | ७ | ३३ | १२० | २२६ | १६० | १४३ | १०० | ७८९ |
| | ९ | ७ | ६६ | १८९ | १९२ | २१२ | १२५ | ८२ | ८७३ |
| | जम्मा | ३४ | ४८८ | १,५२१ | १,९५१ | १,७१६ | १,१४१ | ६६९ | ७,५२० |
| महिला | १ | १२ | १५३ | २०७ | १६६ | ९१ | ५७ | २६ | ७१२ |
| | २ | ५ | ९९ | १७० | १०३ | ७३ | ७० | ४८ | ५६८ |
| | ३ | ६ | ११० | १६१ | ९९ | ५३ | ५७ | २१ | ५०७ |
| | ४ | ५ | ११८ | १४८ | ६१ | ४९ | २६ | १४ | ४२१ |
| | ५ | ४ | ६८ | ८५ | ६१ | ३८ | १५ | १४ | २८५ |
| | ६ | ९ | ९६ | १६० | ८९ | ३७ | ४८ | १७ | ४५६ |
| | ७ | ६ | ६५ | ८६ | ४७ | ४० | ३३ | २० | २९७ |
| | ८ | ८ | १४६ | २२८ | १०७ | ६६ | ४९ | ३३ | ६३७ |
| | ९ | १९ | १३५ | २२२ | १४० | ८१ | ६८ | २१ | ६८६ |
| | जम्मा | ७४ | ९९० | १,४६७ | ८७३ | ५२८ | ४२३ | २१४ | ४,५६९ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका कुल १२,०८९ घरधुरीहरू मध्ये ४० देखि ४९ वर्ष उमेर समूहका १९५१ अर्थात २५.९ प्रतिशत पुरुषहरूले घरको घरमूली भएर जिम्मेवारी सम्हालेको देखिन्छ भने दोस्रो उमेर समूहमा ३० देखि ३९ वर्ष उमेरका पुरुषहरू १,५२१ अर्थात २०.२ प्रतिशतले घरको घरमूली भएर घरको जिम्मेवारी सम्हालेको देखिन्छ । लैङ्गिक हिसाबले हेर्दा ३० देखि ३९ वर्ष उमेर समूहका १,४६७ महिलाले घरकोमूली भई मुख्य जिम्मेवारी सम्हालेको देखिन्छ। यस उमेर समूहमा महिला र पुरुषहरुको घरमुलीको दरमा धेरै फरक नभएको पाइन्छ। यस बाहेक उमेर समूहको हिसाबले हेर्दा अघिल्लो तालिका अनुसार नै उमेर नपुगी वा बृद्ध भैसक्दा समेत पारिवारीक जिम्मेवारी वहन गर्नुपर्ने अवस्था विद्यमान रहेको स्पष्ट हुन्छ। वडा अनुसारको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।





## ३.७ राष्ट्रियताको आधारमा वडागत जनसंख्याको वितरण

**तालिका नं. १५ :** राष्ट्रियताको आधारमा वडागत जनसंख्याको वितरण

| वडा नं. | राष्ट्रियता | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | नेपाली | | भारतिय | | अन्य | | संख्या | प्रतिशत |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| १ | ५,२८५ | ९९.५ | २४ | ०.५ | १ | ०.० | ५,३१० | १००.० |
| २ | ६,५२३ | ९९.३ | ४३ | ०.७ | १ | ०.० | ६,५६७ | १००.० |
| ३ | ६,१६२ | ९७.७ | ५ | ०.१ | १४१ | २.२ | ६,३०८ | १००.० |
| ४ | ५,४९२ | १००.० | १ | ०.० | | | ५,४९३ | १००.० |
| ५ | ४,५११ | ९९.७ | १२ | ०.३ | | | ४,५२३ | १००.० |
| ६ | ६,०४९ | १००.० | १ | ०.० | १ | ०.० | ६,०५१ | १००.० |
| ७ | ५,३५८ | ९९.४ | २३ | ०.४ | ७ | ०.१ | ५,३८८ | १००.० |
| ८ | ५,६१५ | ९६.५ | २ | ०.० | २०१ | ३.५ | ५,८१८ | १००.० |
| ९ | ५,६७५ | ९४.६ | ३ | ०.१ | ३१९ | ५.३ | ५,९९७ | १००.० |
| जम्मा | ५०,६७० | ९८.५ | ११४ | ०.२ | ६७१ | १.३ | ५१,४५५ | १००.० |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका कुल ५१,४५५ जनसंख्या मध्ये ५०,६७० अर्थात ९८.५ प्रतिशत जनसंख्याको राष्ट्रियता नेपाली रहेको छ। अन्यको विशेषगरी भारतिय र अन्यको संख्या भने नगन्य रहेको देखिन्छ। भारतिय सीमानाबाट नजिकको गाउँपालिका भएतापनि घरधुरीको विवरण लिँदा कामकाजको शिलशिलामा गाउँपालिका रहेका भारतियहरूको संख्या नदेखिएको हुनसक्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।





## ३.८ जातजातीको आधारमा वडागत जनसंख्याको वितरण

**तालिका नं. १६ :** जातजातीको आधारमा वडागत जनसंख्याको वितरण

| वडा नं. | पहाडे ब्राम्हण/क्षेत्री | पहाडे जनजाती | पहाडे दलित | तराई जनजाती | तराई दलित | तराई अन्य | तराई | मुस्लिम | उल्लेख नगररिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २,४८७ | ९०४ | १,२०२ | ६६ | १४ | ५४२ | १ | १४ | ८० | ५,३१० |
| २ | ३,०२१ | ९५४ | १,३७७ | ८३ | १६९ | ६९१ | ३२ | ६ | २३४ | ६,५६७ |
| ३ | १,४४१ | १६४ | ७५६ | १,६५२ | २९९ | ८४२ | ३२ | ६०७ | ५१५ | ६,३०८ |
| ४ | ७०३ | २७७ | ८७३ | ३,१२६ | ४९ | १५९ | ८ | ३९ | २५९ | ५,४९३ |
| ५ | ४९६ | १३५ | ४४६ | २,८८८ | २१ | १५२ | | २७७ | १०८ | ४,५२३ |
| ६ | ८११ | १६१ | २२० | ४,५२४ | ३ | ४६ | ९ | १५७ | १२० | ६,०५१ |
| ७ | १,४३७ | २५७ | ३६९ | २,२८९ | ३८० | ५४२ | | ७७ | ३७ | ५,३८८ |
| ८ | २,६४५ | ७७३ | १,१८५ | ७३० | ६१ | १६१ | ७ | १४३ | ११३ | ५,८१८ |
| ९ | ४११ | ५६५ | ५५८ | ४,२१३ | ५४ | ९६ | | ३३ | ६७ | ५,९९७ |
| जम्मा | १३,४५२ | ४,१९० | ६,९८६ | १९,५७१ | १,०५० | ३,२३१ | ८९ | १,३५३ | १,५३३ | ५१,४५५ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा जातजातिका आधारमा जनसंख्याको विवरणलाई हेर्दा कुल जनसंख्या ५१,४५५ सबैभन्दा धेरै १९,५७१ अर्थात ३९.२ प्रतिशत तराई जनजाती, दोस्रोमा १३,४५२ अर्थात २६.९ प्रतिशत ब्राह्मण क्षेत्रीहरू, तेस्रोमा पहाडी दलित, चौथो र पाँचौमा क्रमश जनजाती र तराइ अन्य रहेका छन् भने १,५३३ अर्थात ३.१ प्रतिशत उल्लेख नभएको देखिन्छ । यस गाउँपालिकामा तराइ जनजातीको रुपमा रहेको थारुको जनसंख्या सबैभन्दा धेरै रहेको र दोस्रोमा पहाडबाट बसाइसराई गरेर आएका ब्राह्मण क्षेत्रीहरूको रहेको छ। यसरी जातिय हिसाबले विविधतायुक्त समाजमा स्थानियहरू सामाजिक सहिष्णुताका साथ वसेको पाइन्छ । विस्तृत विवरण वडागत रुपमा तालिकामा प्रस्तुत गरिएको छ ।





## ३.९ गाउँपालिकामा बोलिने भाषाको आधारमा जनसंख्याको वितरण

**तालिका नं. १७ :** गाउँपालिकामा बोलिने भाषाको आधारमा जनसंख्याको वितरण

| वडा नं. | नेपाली | मैथिली | भोजपुरी | थारु | तामाङ्ग | नेवार | मगर | गुरुङ | लिम्बु | राई | हिन्दी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५,२२५ | २ | २ | ३३ | | ४ | ३ | १६ | | | १६ | ९ | ५,३१० |
| २ | ५,८४५ | २० | | १५ | १५ | १ | ३ | ३ | | | ६६४ | १ | ६,५६७ |
| ३ | २,८३८ | १०२ | | १,३८८ | | | ७ | | १ | | १,२१५ | ७५७ | ६,३०८ |
| ४ | ३,३८३ | १ | १ | १,८९९ | २ | १ | ४० | ३ | | | १६३ | | ५,४९३ |
| ५ | १,१९० | ६ | ५० | २,८६५ | | | ५ | १ | | | ९९ | ३०७ | ४,५२३ |
| ६ | १,२५० | १८३ | १ | ४,४४० | ४ | ८ | १३ | | | | ९२ | ६० | ६,०५१ |
| ७ | २,०६६ | ९१ | १८ | २,२६७ | १३ | ४१ | ५३ | २२ | | १ | ७०१ | ११५ | ५,३८८ |
| ८ | ४,६३८ | ६ | ९६ | ६१५ | २ | १३१ | ३७ | ४५ | | १ | १०६ | १४१ | ५,८१८ |
| ९ | १,५९० | २ | ३२ | ४,१९५ | ३ | | १ | | | | १६५ | ९ | ५,९९७ |
| जम्मा | २८,०२५ | ४१३ | २०० | १७,७१७ | ३९ | १८६ | १६२ | ९० | १ | २ | ३,२२१ | १,३९९ | ५१,४५५ |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका कुल ५१,४५५ जनसंख्या मध्ये सबैभन्दा बढी २८,०२५ अर्थात ५४.५ प्रतिशतले नेपाली भाषा, १७,७१७ अर्थात ३४.४ प्रतिशतले थारु भाषा ३२२१ अर्थात ६.२५ प्रतिशत र बाँकि अन्य नगण्य संख्यामा रहेकोले अन्य भाषा प्रयोग गर्ने गरेको पाइयो । यस गाउँपालिका तराई आदीवासी थारुको बाहुल्यता भएको गाउँपालिका भएकोले उनीहरूको कला, संस्कृति तथा भाषालाई जर्गेना गर्ने खलका विशेष कार्यक्रम संचालन गर्नुपर्ने देखिन्छ । संविधान धारा ३२ मा भाषा तथा संस्कृतिको हकलाई मौलिक हकको रुपमा स्थापित गरेको र धारा ३१को शिक्षा सम्बन्धी हकको उपधारा ५ बमोजिम "नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानुन बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र संचालन गर्ने हक हुनेछ" भनि स्पष्ट किटान गरेको छ । तसर्थ थारु भाषामा यस गाउँपालिकामा आधारभूत शिक्षा पढ्न चाहने विद्यार्थीहरूलाई गाउँपालिकाले विशेष व्यवस्था गर्न सक्ने सवैधानिक प्रावधान रहेको छ । वडा अनुसार विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।





## ३.१० धर्मअनुसार जनसंख्याको वडागत वितरण

तालिका नं. १८ : धर्मअनुसार जनसंख्याको वडागत वितरण

| वडा नं. | हिन्दु | बौद्ध | ईस्लाम | किरात | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ५,०९३ | ३१ | १५ | १२९ | ४२ | ५,३१० |
| २ | ६,२२१ | १८१ | ६ | १५६ | ३ | ६,५६७ |
| ३ | ५,४३६ | १ | ६१८ | १११ | १४२ | ६,३०८ |
| ४ | ५,२५२ | | ४३ | १९५ | ३ | ५,४९३ |
| ५ | ४,०७३ | ३ | ३११ | १३६ | | ४,५२३ |
| ६ | ५,७४२ | ४ | १६० | १४५ | | ६,०५१ |
| ७ | ५,२०३ | ५५ | ४२ | ८५ | ३ | ५,३८८ |
| ८ | ५,२३८ | २०० | १४३ | २३२ | ५ | ५,८१८ |
| ९ | ५,५४७ | १३३ | ३२ | २८५ | | ५,९९७ |
| जम्मा | ४७,८०५ | ६०८ | १,३७० | १,४७४ | १९८ | ५१,४५५ |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका कुल ५१,४५५ जनसंख्या मध्ये ४७,८०५ अर्थात ९२.९ प्रतिशत जनसंख्याले हिन्दु धर्म मान्दछन्। दोस्रोमा किराँत धर्म मान्नेको संख्या १,४७४ अर्थात २.९ प्रतिशत र तेस्रोमा इस्लाम धर्म मान्नेको संख्या १,३७० अर्थात २.७ प्रतिशत रहेको छ । वडागत रुपमा विभिन्न धर्मावलम्बीहरूको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ। केहि मात्रामा धार्मिक विविधता रहेपनि गाउँपालिकामा हिन्दु धर्मावलम्बीहरूको ठूलो प्रधानता रहेको तथ्याङ्कले देखाउँछ ।





## ३.११ ५ वर्ष भन्दा कम उमेरका बालबालिकाहरुको जिवनशैलीका आधारमा वडागत वितरण

**तालिका नं. १९ :** ५ वर्ष भन्दा कम उमेरका बालबालिकाहरुको जिवनशैलीका आधारमा वडागत वितरण

| वडा नं. | ५ वर्ष भन्दा कम उमेरका बालबालिकाहरु जिवनशैली | | | | | | | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | आमासँग बस्ने | | घरमा आमा नभएको | | थाहा नभएको | | आमा जिवित नभएको | | संख्या | प्रतिशत |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| १ | ५१७ | ९८.१ | ९ | १.७ | १ | ०.२ | | | ५२७ | १००.० |
| २ | ५६२ | ९६.२ | १५ | २.६ | ५ | ०.९ | २ | ०.३ | ५८४ | १००.० |
| ३ | ६०७ | ९९.० | ५ | ०.८ | १ | ०.२ | | | ६१३ | १००.० |
| ४ | ४५८ | ९८.१ | ८ | १.७ | | | १ | ०.२ | ४६७ | १००.० |
| ५ | ३४७ | ९८.३ | ५ | १.४ | | | १ | ०.३ | ३५३ | १००.० |
| ६ | ४०४ | ९५.३ | ११ | २.६ | ५ | १.२ | ४ | ०.९ | ४२४ | १००.० |
| ७ | ४२३ | ९७.२ | ७ | १.६ | ५ | १.१ | | | ४३५ | १००.० |
| ८ | ४४२ | ९६.७ | १० | २.२ | ४ | ०.९ | १ | ०.२ | ४५७ | १००.० |
| ९ | ४३३ | ९६.९ | ११ | २.५ | | | ३ | ०.७ | ४४७ | १००.० |
| जम्मा | ४,१९३ | ९७.४ | ८१ | १.९ | २१ | ०.५ | १२ | ०.३ | ४,३०७ | १००.० |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका पाँचवर्ष मुनीका ४,३०७ बालबालिकाहरू मध्ये ४,१९३ अर्थात ९७.४ प्रतिशत बालबालिकाहरू सामान्य अवस्थामा आफ्नै आमाको साथमा रहने गरेको पाइन्छ। त्यस्तै ८१ अर्थात १.९ प्रतिशत बालबालिकाको घरमा आमा नभएको पाइन्छ। १२ जना बालबालिकाको घरमा आमा जिवित नभएको तथ्यांकले देखाउँछ । बालबालिकाको समुचित लालनपालन र स्याहार संवेदनशील विषय भएकोले सामान्य अवस्थामा आमासँग रहेको बालबालिका भन्दा परिवार, एकल आमा र आमा विहिन बालबालिकाहरू जोखिममा हुने भएकाले स्थानियस्तरमा यस्ता बालबालिकाको उचित संरक्षण र सुरक्षित भविष्यका लागि विशेष कार्यक्रमहरू संचालन गर्न जरुरी छ। साथै बाल स्याहार केन्द्र बाल गृह, बालक्लब अथवा बालअधिकारको सुनिश्चितता हुने कार्यक्रमहरू राज्य र सामाजिक स्तरबाट संचालन गर्नु अनिवार्य हुन्छ ।




## ३.१२ १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक स्थिति


**तालिका नं. २० :** १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक स्थिति

| लिङ्ग | वडा नं. | अविवाहित | विवाहित | विदुर/विधवा | पारपाचुके | छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| दुबै लिङ्ग | १ | १,२११ | २,९०६ | १२४ | | १७ | ४,२५८ |
| | २ | १,५९८ | ३,६४७ | ७० | ४ | ५ | ५,३२४ |
| | ३ | १,५७५ | ३,२०१ | २४३ | १० | १७ | ५,०४६ |
| | ४ | १,३४९ | २,९८० | १४४ | ५ | १३ | ४,४९१ |
| | ५ | १,१५८ | २,४४० | १३८ | १४ | १० | ३,७६० |
| | ६ | १,५५६ | ३,३९८ | १८६ | | | ५,१४० |
| | ७ | १,३४१ | २,९५७ | १३२ | | ९ | ४,४३९ |
| | ८ | १,४५६ | ३,२५१ | ८७ | ९ | ३ | ४,८०६ |
| | ९ | १,५४८ | ३,२५४ | १८६ | ४ | १७ | ५,००९ |
| | जम्मा | १२,७९२ | २८,०३४ | १,३१० | ४६ | ९१ | ४२,२७३ |
| पुरुष | १ | ५८७ | ९९५ | १९ | | ८ | १,६०९ |
| | २ | ८६८ | १,५१२ | १३ | १ | १ | २,३९५ |
| | ३ | ८४० | १,३३१ | ७८ | ८ | ७ | २,२६४ |
| | ४ | ७३२ | १,३१८ | ४६ | ३ | ४ | २,१०३ |
| | ५ | ६०९ | १,०९२ | ५५ | ५ | २ | १,७६३ |
| | ६ | ८१२ | १,५८८ | ४६ | | | २,४४६ |
| | ७ | ६९८ | १,२९९ | ३९ | | ४ | २,०४० |
| | ८ | ७६४ | १,३३३ | १४ | ४ | २ | २,११७ |
| | ९ | ८२८ | १,४५६ | ७० | २ | ९ | २,३६५ |
| | जम्मा | ६,७३८ | ११,९२४ | ३८० | २३ | ३७ | १९,१०२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| **महिला** | १ | ६२४ | १,९११ | १०५ | | ९ | २,६४९ |
| | २ | ७३० | २,१३५ | ५७ | ३ | ४ | २,९२९ |
| | ३ | ७३५ | १,८७० | १६५ | २ | १० | २,७८२ |
| | ४ | ६१७ | १,६६२ | ९८ | २ | ९ | २,३८८ |
| | ५ | ५४९ | १,३४८ | ८३ | ९ | ८ | १,९९७ |
| | ६ | ७४४ | १,८१० | १४० | | | २,६९४ |
| | ७ | ६४३ | १,६५८ | ९३ | | ५ | २,३९९ |
| | ८ | ६९२ | १,९१८ | ७३ | ५ | १ | २,६८९ |
| | ९ | ७२० | १,७९८ | ११६ | २ | ८ | २,६४४ |
| | जम्मा | ६,०५४ | १६,११० | ९३० | २३ | ५४ | २३,१७१ |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

लैङ्गिक अधारमा १० वर्ष माथिको जनसंख्याको वैवाहिक स्थितिलाई हेर्दा, ६,७३८ पुरुषहरूको कहिल्यै विवाह नभएको र ११,९२४ पुरुषहरूको विवाह भएको, ३८० पुरुषहरू विधुर रहेको २३ जना पुरुषहरूले सम्बन्ध विच्छेद गरेको र ३७ जना पुरुषहरूले छुट्टीएर बसेको तथ्याङ्कले देखाउँछ । अर्को तर्फ ६,०५४ महिलाको कहिल्यै विवाह नभएको १६,११० महिलाहरूको विवाह भएको, ९३० महिलाहरू विधवा भएको २३ जना महिलाले सम्बन्ध विच्छेद गरेको र ५४ महिला छुट्टीएर बसेको देखिन्छ । यहाँ तुलनात्मक रुपमा महिला र पुरुषको वैवाहिक अवस्थालाई हेर्दा असमान अवस्था देखिन्छ । पुरुषको तुलनामा बढी महिलाको विवाह भएको साथै विधुर पुरुष भन्दा विधवा महिलाको संख्या समेत बढी देखिन्छ। पुरुष भन्दा महिलाको विवाह समयमै गर्ने परिपाटी र विधवा महिलालाई विवाह गरी स्वीकार्ने सामाजिक सोचाइमा कमी रहेका कारण पुरुष र महिला बीचमा ठूलो असमानता देखिएको हो । यस प्रकारका असमानताको अन्त्य गर्न सामाजिक जागरणका कार्यक्रमहरुलाई प्रभावकारी ढंगले संचालन गर्नुपर्दछ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



## ३.१३ उमेर समूहका आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको वितरण

**तालिका नं. २१ :** उमेर समूहका आधारमा १० वर्षभन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको वितरण

| उमेर समूह | अविवाहित | विवाहित | विदुर/विधवा | पारपाचुके | छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| १०-१९ वर्ष | १०,२४५ | ८३१ | १ | | ५ | ११,०८२ |
| २०-२९ वर्ष | २,३०२ | ६,८५० | २१ | १३ | १८ | ९,२०४ |
| ३०-३९ वर्ष | १४६ | ७,०३० | ६० | ८ | २१ | ७,२६५ |
| ४०-४९ वर्ष | ३९ | ५,५०८ | १२४ | ८ | १८ | ५,६९७ |
| ५०-५९ वर्ष | ३४ | ३,८५१ | २३३ | ९ | १४ | ४,१४१ |
| ६०-६९ वर्ष | १९ | २,५७४ | ३९९ | ६ | ८ | ३,००६ |
| ७० वर्ष भन्दा बढि | ७ | १,३९० | ४७२ | २ | ७ | १,८७८ |
| जम्मा | १२,७९२ | २८,०३४ | १,३१० | ४६ | ९१ | ४२,२७३ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा दश वर्ष भन्दा माथिको उमेर समूहमा रहेका ४२,२७३ जनसंख्या मध्ये कहिल्यै विवाह नगरेको जनसंख्या १२,७९२ अर्थात ३०.३ प्रतिशत, विवाहित २८,०३४ अर्थात ६६.३ प्रतिशत, विधवा वा विधुरको संख्या १,३१० अर्थात ३.1 प्रतिशत, पारपाचुके गर्ने ४६ जना र छुट्टिएर बसेकाहरूको संख्या ९१ रहेकोले गाउँपालिकामा समग्र वैवाहिक अवस्था सामान्य रहेको देखिन्छ । हाल विधवा विवाहलाई प्रोत्साहन गर्न राज्यले नितिहरू लिएको र जनचेतनामा आएको सकारात्मक परिवर्तनले विधवा बस्ने क्रम घटिरहेको भएतापनि व्यापक रुपमा सुधार गर्न समय लाग्ने देखिन्छ । विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## ३.१४ उमेर समूह तथा लैङ्गिक आधारमा १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको वितरण

**तालिका नं. २२ :** उमेर समूह तथा लैङ्गिक आधारमा १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको वितरण

| लिङ्ग | उमेर समूह | अविवाहित | विवाहित | विदुर/विधवा | सम्बन्ध विच्छेद | छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| पुरुष | १०-१९ वर्ष | ५,२३१ | १३५ | १ | | १ | ५,३६८ |
| | २०-२९ वर्ष | १,३५२ | २,२४५ | ५ | ३ | २ | ३,६०७ |
| | ३०-३९ वर्ष | ८१ | २,८५२ | १२ | ४ | १३ | २,९६२ |
| | ४०-४९ वर्ष | २९ | २,५६१ | २९ | ५ | १२ | २,६३६ |
| | ५०-५९ वर्ष | २२ | १,९९७ | ६२ | ७ | ५ | २,०९३ |
| | ६०-६९ वर्ष | १७ | १,३०३ | १२१ | ३ | २ | १,४४६ |
| | ७० वर्ष भन्दा बढि | ६ | ८३१ | १५० | १ | २ | ९९० |
| | जम्मा | ६,७३८ | ११,९२४ | ३८० | २३ | ३७ | १९,१०२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| महिला | १०-१९ वर्ष | ५,०१४ | ६९६ | | | ४ | ५,७१४ |
| | २०-२९ वर्ष | ९५० | ४,६०५ | १६ | १० | १६ | ५,५९७ |
| | ३०-३९ वर्ष | ६५ | ४,१७८ | ४८ | ४ | ८ | ४,३०३ |
| | ४०-४९ वर्ष | १० | २,९४७ | ९५ | ३ | ६ | ३,०६१ |
| | ५०-५९ वर्ष | १२ | १,८५४ | १७१ | २ | ९ | २,०४८ |
| | ६०-६९ वर्ष | २ | १,२७१ | २७८ | ३ | ६ | १,५६० |
| | ७० वर्ष भन्दा बढि | १ | ५५९ | ३२२ | १ | ५ | ८८८ |
| | जम्मा | ६,०५४ | १६,११० | ९३० | २३ | ५४ | २३,१७१ |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका १० वर्ष भन्दा माथिको ४२,२७३ जनसंख्या मध्ये १० देखि १९ वर्ष सम्मका ९२.४ प्रतिशत जनसंख्या अविवाहित देखिन्छ भने ८३१ जना विवाहित देखिन्छ। त्यसैगरी २० देखि २९ वर्ष समूहको ७५ प्रतिशत जनसंख्या विवाहित र २५ प्रतिशत जनसंख्या अविवाहित देखिन्छ। ३० देखि ३९ वर्ष समूहको भने ९६.८ प्रतिशत जनसंख्या विवाहित रहेका र २ प्रतिशत अविवाहित रहेको देखिन्छ। विधवाको संख्या भने स्वाभाविक रुपमा उमेर बढ्दै जाँदा बढ्दै गएको पाइन्छ। छुट्टीएर बसेको उमेर समूहको तथ्याङ्कलाई हेर्दा २० देखि ४९ वर्षको बीचमा बढी र पाको उमेर वा सानो उमेर समूहमा कम देखिन्छ। पाको उमेरमा मनोवैज्ञानिक र भौतिक रुपमा समेत जोडिको आवश्यकता पर्ने साथै सानो उमेरमा विपरित लिङ्गी प्रति स्वाभाविक आर्कषण हुनेहुँदा छुट्टिएर बस्नेको संख्या कम भएको अनुमान लगाउन सकिन्छ भने बीचको उमेर समूहमा व्यवहारीक जीवनमा पारिवारकि कलह वा टकरावका कारण बेमेल श्रृजना भई छुट्टिएर बसेको हुनसक्छ। अर्कोतर्फ केहि जनसंख्या भने जीवनभर अविवाहित बस्ने प्रवृति यस गाउँपालिकामा समेत रहेको छ। समग्रमा हेर्दा गाउँपालिकाको वैवाहिक स्थिति सामान्य नै मान्न सकिन्छ थप विवरण तालिकामा प्रस्तुत गरिएको छ।

## ३.१५ उमेर तथा लैङ्गिक आधारमा १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण

**तालिका नं. २३ :** उमेर तथा लैङ्गिक आधारमा १० वर्ष भन्दा माथिको जनसंख्याको वैवाहिक स्थितिको विवरण

| लिङ्ग | उमेर समूह | अविवाहित | विवाहित | विदुर/विधवा | सम्बन्ध विच्छेद | छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| पुरुष | १०-१९ वर्ष | ५,२३१ | १३५ | १ | | १ | ५,३६८ |
| | २०-२९ वर्ष | १,३५२ | २,२४५ | ५ | ३ | २ | ३,६०७ |
| | ३०-३९ वर्ष | ८१ | २,८५२ | १२ | ४ | १३ | २,९६२ |
| | ४०-४९ वर्ष | २९ | २,५६१ | २९ | ५ | १२ | २,६३६ |
| | ५०-५९ वर्ष | २२ | १,९९७ | ६२ | ७ | ५ | २,०९३ |
| | ६०-६९ वर्ष | १७ | १,३०३ | १२१ | ३ | २ | १,४४६ |
| | ७० वर्ष भन्दा बढि | ६ | ८३१ | १५० | १ | २ | ९९० |
| | जम्मा | ६,७३८ | ११,९२४ | ३८० | २३ | ३७ | १९,१०२ |
| महिला | १०-१९ वर्ष | ५,०१४ | ६९६ | | | ४ | ५,७१४ |
| | २०-२९ वर्ष | ९५० | ४,६०५ | १६ | १० | १६ | ५,५९७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ३०-३९ वर्ष | ६५ | ४,१७८ | ४८ | ४ | ८ | ४,३०३ |
| | ४०-४९ वर्ष | १० | २,९४७ | ९५ | ३ | ६ | ३,०६१ |
| | ५०-५९ वर्ष | १२ | १,८५४ | १७१ | २ | ९ | २,०४८ |
| | ६०-६९ वर्ष | २ | १,२७१ | २७८ | ३ | ६ | १,५६० |
| | ७० वर्ष भन्दा बढि | १ | ५५९ | ३२२ | १ | ५ | ८८८ |
| | जम्मा | ६,०५४ | १६,११० | ९३० | २३ | ५४ | २३,१७१ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका १० वर्ष भन्दा माथिको ४२,२७३ जनसंख्या मध्ये पुरुषको संख्या १९,१०२ र महिलाको जनसंख्या २३,१७१ रहेको छ । यस मध्ये १० देखि १९ वर्षका ९५.७ प्रतिशत पुरुषहरू अविवाहित रहेका छन् सोहि उमेर समूहका ८८.७ प्रतिशत महिला अविवाहित रहेका छन् । पुरुषको तुलनामा महिलाको विवाह गर्न हतार गर्ने परिपाटीका कारण यो तथ्याङ्क कम देखिएको हो । त्यसैगरी २० देखि २९ वर्षको उमेरमा ७६.२ प्रतिशत महिलाको विहे भैसक्दा पुरुषको सोहि उमेर समूहमा विवाहितको संख्या ६४.५ प्रतिशत छ । यो समेत महिलाको तुलनामा कम हो । अर्कोतफ १० देखि १९ वर्षको उमेर समूहमा विवाह हुने किशोरीहरूको संख्या ११ प्रतिशत रहेको छ । पुरुषको सोहि उमेर समूहको विवाह प्रतिशत जम्मा ४.२ प्रतिशत रहेको छ । यसले महिलामा छिटो विवाह गर्ने परम्परागत परिपाटी कायमनै रहेको तथ्य उजागर गर्दछ । यद्यपी यो परिपाटी पुरुषमा समेत कायम नै छ । यस प्रचलनलाई कम गर्न र उपयुक्त समयमा विवाह गर्ने अवस्था श्रृजनागर्न थप सामाजिक तथा महिला जागरणका कार्यक्रमहरू संचालन गर्नुपर्ने हुन्छ । विधवा महिलाको विधुर पुरुषसँग तुलना गर्दा विधवा बस्ने महिलाको र विधुर बस्ने पुरुष बिचका ठूलो अन्तर रहेको छ । पुरुषको तुलनामा विधवा महिलालाई विवाह गर्न समाजले सहजै स्विकार्दैन यद्यपी यो क्रम केही मात्रामा घट्दै भने गैरहेको छ । यस तथ्याङ्कबाट लैङ्गिक भेदभाव रहेको देखिन्छ । विधवा/विधुरको संख्या पाको उमेरमा क्रमश बढेको देखिएकोले सो भने स्वाभाविक देखिन्छ । विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

## ३.१६ १० वर्ष वा सोभन्दा माथिको लैंËक आधारमा विवाहित जनसंख्याको पहिलो विवाह गर्दाको उमेरको विवरण

**तालिका नं. २४ :** १० वर्ष वा सोभन्दा माथिको लैङ्गिक आधारमा विवाहित जनसंख्याको पहिलो विवाह गर्दाको उमेरको विवरण

| वडा नं. | लिङ्ग | १४ वर्ष भन्दा कम | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३९ वर्ष | ४०-४९ वर्ष | ५० वर्ष भन्दा बढी | जम्मा | पहिलो विवाह गर्दाको औषत उमेर |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | पुरुष | २९ | ३४१ | ४९१ | १२३ | ३५ | ३ | १ | १,०२३ | २१.० |
| | महिला | २०२ | १,३९५ | ३७६ | ४८ | ४ | | | २,०२५ | १७.६ |
| | दुबै लिङ्ग | २३१ | १,७३६ | ८६७ | १७१ | ३९ | ३ | १ | ३,०४८ | १८.७ |
| २ | पुरुष | ३० | ५७२ | ६४६ | २२५ | ५१ | ३ | | १,५२७ | २०.९ |
| | महिला | २७५ | १,४१४ | ४३६ | ५९ | १२ | २ | १ | २,१९९ | १७.६ |
| | दुबै लिङ्ग | ३०५ | १,९८६ | १,०८२ | २८४ | ६३ | ५ | १ | ३,७२६ | १८.९ |
| ३ | पुरुष | २३ | ५६० | ५९० | २१० | ३६ | ५ | | १,४२४ | २०.७ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | ३१९ | १,२४८ | ४१३ | ५९ | ८ | | | २,०४७ | १७.४ |
| | दुबै लिङ्ग | ३४२ | १,८०८ | १,००३ | २६९ | ४४ | ५ | | ३,४७१ | १८.७ |
| ४ | पुरुष | १८ | ५४९ | ६३५ | १४५ | २४ | | | १,३७१ | २०.३ |
| | महिला | १३४ | १,०८४ | ४९८ | ४४ | ११ | | | १,७७१ | १८.१ |
| | दुबै लिङ्ग | १५२ | १,६३३ | १,१३३ | १८९ | ३५ | | | ३,१४२ | १९.० |
| ५ | पुरुष | २९ | ४७७ | ४७० | १५१ | २५ | २ | | १,१५४ | २०.३ |
| | महिला | ९८ | ८८८ | ३८९ | ६५ | ८ | | | १,४४८ | १८.४ |
| | दुबै लिङ्ग | १२७ | १,३६५ | ८५९ | २१६ | ३३ | २ | | २,६०२ | १९.२ |
| ६ | पुरुष | ३७ | ५११ | ८०८ | २२९ | ४७ | २ | | १,६३४ | २०.८ |
| | महिला | ११७ | १,००५ | ७०९ | १०२ | १५ | | २ | १,९५० | १९.० |
| | दुबै लिङ्ग | १५४ | १,५१६ | १,५१७ | ३३१ | ६२ | २ | २ | ३,५८४ | १९.८ |
| ७ | पुरुष | ३५ | ५५१ | ५४७ | १७० | ३६ | ३ | १ | १,३४३ | २०.४ |
| | महिला | १३५ | १,१०८ | ४५१ | ५४ | ६ | २ | | १,७५६ | १८.० |
| | दुबै लिङ्ग | १७० | १,६५९ | ९९८ | २२४ | ४२ | ५ | १ | ३,०९९ | १९.१ |
| ८ | पुरुष | २२ | ४६८ | ५६१ | २४९ | ४७ | ५ | १ | १,३५३ | २१.३ |
| | महिला | १९७ | १,३२७ | ४१३ | ४८ | ११ | १ | | १,९९७ | १७.८ |
| | दुबै लिङ्ग | २१९ | १,७९५ | ९७४ | २९७ | ५८ | ६ | १ | ३,३५० | १९.२ |
| ९ | पुरुष | २९ | ८५४ | ५१८ | ११३ | २१ | १ | १ | १,५३७ | १९.३ |
| | महिला | १६९ | १,३७१ | ३४९ | ३३ | २ | | | १,९२४ | १७.४ |
| | दुबै लिङ्ग | १९८ | २,२२५ | ८६७ | १४६ | २३ | १ | १ | ३,४६१ | १८.३ |
| **जम्मा** | पुरुष | २५२ | ४,८८३ | ५,२६६ | १,६१५ | ३२२ | २४ | ४ | १२,३६६ | २०.५ |
| | महिला | १,६४६ | १०,८४० | ४,०३४ | ५१२ | ७७ | ५ | ३ | १७,११७ | १७.९ |
| | दुबै लिङ्ग | १,८९८ | १५,७२३ | ९,३०० | २,१२७ | ३९९ | २९ | ७ | २९,४८३ | १९.० |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

लैङ्गिक आधारमा विवाहित जनसंख्याको पहिलो विवाह गर्दाको उमेरको विवरण हेर्दा पहिलो विवाह गर्दाको उमेर १४ वर्ष भन्दा कम रहेको जनसंख्या २५२ जना पुरुष र १,६४६ जना महिला रहेको पाइयो । यसैगरी पहिलो विवाह गर्दाको उमेर १५ देखि १९ हुने पुरुषको संख्या ४,८८३ र महिलाको जनसंख्या १०,८४० रहेको छ अर्थात कूल विवाहित जनसंख्याको ६३.३ प्रतिशत महिलाहरूको १९ वर्ष नपुग्दै वा पुग्दा पुग्दै विवाह भैसकेको हुन्छ । अर्कोतर्फ २०-२४ वर्षको उमेर भित्र पहिलो विवाह गर्ने पुरुषको जनसंख्या महिलाको भन्दा बढी छ अर्थात सो उमेर समूहमा नपुग्दै अधिकांश किशोरीहरूको विवाह भैसकेको देखिन्छ । समग्र महिला र पुरुषको संयूक्त तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी १५,७२३ जना अर्थात ५३.३ प्रतिशत विवाहितहरूको पहिलो विवाह गर्दाको उमेर १५ देखि १९ नै रहेको छ । कानूनी रुपमा हेर्दा समेत मुलुकी ऐनको प्रावधान अनुसार २० वर्ष भन्दा कम उमेरमा विवाह गर्न नपाउने बन्देज रहेतापनि त्यसको कार्यान्वयनको अवस्था नाजुक देखिन्छ । छिटो विवाह गर्नाले अध्ययन तथा रोजगारीमा पर्ने नकारात्मक प्रभावका साथै शारिरिक तथा मानसिक विकास समेत पूर्णरुपमा नभैसकेको अवस्थामा विवाह गर्दा त्यसले शारिरीक, पारिवारीक र सामाजिक रुपमा जटिलता थप्ने निश्चित छ । तसर्थ उपयुक्त समयमा विवाह गर्न अनिवार्य गर्नुपर्ने र छिटो विवाह गर्ने कार्यलाई पूर्ण रुपले निरुत्साहित गर्नुपर्ने देखिन्छ । समग्र विकासलाई मध्यनजर गर्दा २५ देखि २९ वर्षको उमेर विवाहका लागि उपयुक्त मान्न सकिन्छ । अन्य उमेर समूह अनुसारको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## ३.१९ विदेशमा जन्मेका व्यक्तिहरुको विवरण

**तालिका नं. २५ :** विदेशमा जन्मेका व्यक्तिहरुको विवरण

| वडा नं. | भारत | | अन्य देश | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | १४२ | ८९.३ | १७ | १०.७ | १५९ |
| २ | २०५ | ९९.५ | १ | ०.५ | २०६ |
| ३ | १७१ | ९७.७ | ४ | २.३ | १७५ |
| ४ | ४९ | ९८.० | १ | २.० | ५० |
| ५ | ६० | १००.० | | | ६० |
| ६ | ४४ | १००.० | | | ४४ |
| ७ | ७३ | ८२.० | १६ | १८.० | ८९ |
| ८ | १४१ | ८६.० | २३ | १४.० | १६४ |
| ९ | ३५ | १००.० | | | ३५ |
| जम्मा | ९२० | ९३.७ | ६२ | ६.३ | ९८२ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस गाउँपालिकामा हाल बसोबास गरिरहेका जनसंख्या मध्ये नेपाल बाहेक अन्य विदेशी भूमिमा जन्मिएकाहरुको संख्या ९८२ जना रहेको छ जुन कुल जनसंख्या ५१,४५५ को १.९ प्रतिशत हुन आउँछ। ९८२ जना मध्ये ९.२० जना अर्थात ९३.६८ प्रतिशत व्यक्तिको जन्म छिमेकी मुलुक भारतमा भएको, ६२ जना अर्थात ६.३ प्रतिशत व्यक्तिको जन्म भारत बाहेक अन्य मुलुकमा भएको देखिन्छ ।

अध्यन, स्वास्थोपचार, रोजगारी आदिको सिलसिलामा नेपालीहरु सपरिवार भारत लगायत अन्य मुलुक जाने क्रम कालान्तर देखि चलिआएको हुँदा जन्मस्थान अन्य राज्य भएका नेपालीहरु देशका प्रायजसो सबै स्थानमा भेटिन्छन् । खुल्ला सिमाना, सामाजिक सांस्कृतिक समानता र व्यवहारको आदानप्रदान जस्ता सामाजिक तत्वका कारण अन्य मुलुकमा भन्दा भारत जाने नेपालीको सख्या बढी भएको र यसको प्रभाव जनसंख्याको विवरणमा पनि देखिन्छ।

## ३.२० बसाईको समयको आधारमा

**तालिका नं. २६ :** बसाईको समयको आधारमा

| लिङ्ग | वडा नं. | १ वर्ष भन्दा कम | १-५ वर्ष | ६-१० वर्ष | १० वर्ष भन्दा बढी | थाहा नभएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| दुबै लिङ्ग | १ | ७३ | ७५१ | ६५३ | २,१८४ | | ३,६६१ |
| | २ | ८३ | ९०५ | ७९१ | २,७६२ | | ४,५४१ |
| | ३ | २ | ५९३ | ४७१ | ९७९ | | २,०४५ |
| | ४ | ३५ | ५७२ | ४३२ | १,९४२ | | २,९८१ |
| | ५ | २३ | २७६ | २६० | १,१११ | १ | १,६७१ |
| | ६ | २५ | ३१६ | २९२ | १,९१५ | | २,५४८ |
| | ७ | १७ | २०८ | २२८ | ८८२ | | १,३३५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ८ | ३६ | ६२३ | ५८३ | २,७८२ | | ४,०२४ |
| | ९ | २० | ४६९ | ६४० | ३,५४३ | | ४,६७२ |
| | जम्मा | ३१४ | ४,७१३ | ४,३५० | १८,१०० | १ | २७,४७८ |
| पुरुष | १ | २० | २२६ | २१३ | ८६० | | १,३१९ |
| | २ | ४१ | ३२५ | ३१० | १,२६१ | | १,९३७ |
| | ३ | | १८४ | १४६ | २८६ | | ६१६ |
| | ४ | १२ | १७० | १२५ | ८४९ | | १,१५६ |
| | ५ | ७ | ७२ | ८६ | ४८३ | | ६४८ |
| | ६ | ११ | १०० | १०० | ८१९ | | १,०३० |
| | ७ | २ | ४८ | ८१ | ३४६ | | ४७७ |
| | ८ | १९ | २५१ | २३५ | १,२४६ | | १,७५१ |
| | ९ | १० | १२५ | २६६ | १,८०९ | | २,२१० |
| | जम्मा | १२२ | १,५०१ | १,५६२ | ७,९५९ | | ११,१४४ |
| महिला | १ | ५३ | ५२५ | ४४० | १,३२४ | | २,३४२ |
| | २ | ४२ | ५८० | ४८१ | १,५०१ | | २,६०४ |
| | ३ | २ | ४०९ | ३२५ | ६९३ | | १,४२९ |
| | ४ | २३ | ४०२ | ३०७ | १,०९३ | | १,८२५ |
| | ५ | १६ | २०४ | १७४ | ६२८ | १ | १,०२३ |
| | ६ | १४ | २१६ | १९२ | १,०९६ | | १,५१८ |
| | ७ | १५ | १६० | १४७ | ५३६ | | ८५८ |
| | ८ | १७ | ३७२ | ३४८ | १,५३६ | | २,२७३ |
| | ९ | १० | ३४४ | ३७४ | १,७३४ | | २,४६२ |
| | जम्मा | १९२ | ३,२१२ | २,७८८ | १०,१४१ | १ | १६,३३४ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

## ३.२१ बसाईको कारणले गर्दा नगरपालिकाको गणनामा समावेश भएका जनसंख्या सम्बन्धी विवरण


**तालिका नं. २७ :** बसाईको कारणले गर्दा नगरपालिकाको गणनामा समावेश भएका जनसंख्या सम्बन्धी विवरण

| वडा नं. | कृषि | व्यवसाय | नोकरी | शिक्षा | विवाह | आश्रित | बिवाद | प्राकृतिक प्रकोप | कामको खोजीमा | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १,१५१ | २० | २० | २४८ | १,१४७ | ९१७ | २ | ३ | २० | १३३ | ३,६६१ |
| २ | १,९५० | ८९ | ४४ | ६७३ | ८२७ | ५२५ | १ | ५ | ७४ | ३५३ | ४,५४१ |
| ३ | ३८६ | ५२ | १७ | ५५ | ९१९ | ११९ | | १६ | ५० | ४३१ | २,०४५ |
| ४ | ६५९ | ३६ | १७ | १९० | ९७२ | ५५६ | | १३ | २३७ | ३०१ | २,९८१ |
| ५ | १९३ | ४ | ४ | १५ | ६०१ | ६९८ | २ | ६३ | २९ | ६२ | १,६७१ |
| ६ | ८६५ | ४५ | ५३ | ५३५ | ७४३ | १५६ | | | ६२ | ८९ | २,५४८ |
| ७ | ३०६ | ४ | १९ | ८० | ५१८ | २३८ | १७ | २३ | ३७ | ९३ | १,३३५ |
| ८ | ३३३ | ७३ | ५६ | २७० | ८२५ | १,९६४ | ६ | १५० | १४६ | २०१ | ४,०२४ |
| ९ | २,३९४ | १६ | ११ | ९६२ | ३१९ | ३४७ | १ | ५८ | २३ | ५४१ | ४,६७२ |
| जम्मा | ८,२३७ | ३३९ | २४१ | ३,०२८ | ६,८७१ | ५,५२० | २९ | ३३१ | ६७८ | २,२०४ | २७,४७८ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

हाल यस गाउँपालिकामा रहेतापनि जन्मथलो गाउँपालिका बाहिर रहेको जनसंख्या २७,४७८ रहेको छ । यसमध्ये सबैभन्दा धेरै खेतीपातीका लागि उर्वर भूमि भएकोले भित्रिएकाहरूको संख्या ८,२३७ अर्थात ३० प्रतिशत, विवाह भएर आएका महिलाहरूको संख्या ६,८७१ अर्थात २५ प्रतिशत, आश्रितहरूको संख्या ५,५२० अर्थात २०.१ प्रतिशत र अध्ययनका शिलशिलामा आएकाहरूको संख्या ३,०२८ अर्थात ११ प्रतिशत रहेको छ । गाउँपालिकामा आर्कषित हुनेमध्ये अधिकांश उर्वर खेती योग्य भूमि भएकोले पहाडी क्षेत्रबाट बसाई सराई गरी आएको हुनसक्ने जनसंख्या देखिन्छ । विवाह भएर आउने संख्या स्वभाविक संख्या हो भने आश्रित समेत स्वाभाविक जनसंख्या हो । अन्य विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**बसाईको कारणले गर्दा नगरपालिकाको गणनामा समावेश भएका जनसंख्या सम्बन्धी विवरण**




## ३.२२ ५ वर्ष वा सो भन्दा बढी यही गाउँपालिकामा बसोबास गर्ने जनसंख्या सम्बन्धी विवरण

**तालिका नं. २८ :** ५ वर्ष वा सो भन्दा बढी यही गाउँपालिकामा बसोबास गर्ने जनसंख्या सम्बन्धी विवरण

| वडा नं. | यही गाउँपालिका | यही जिल्ला | | | अन्य जिल्ला | | | विदेश | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | गा.वि.स./गाउँपालिका | शहरी क्षेत्र (नगरपालिका) | थाहा नभएको | गा.वि.स./गाउँपालिका | शहरी क्षेत्र (नगरपालिका) | थाहा नभएको | | |
| १ | ४,२०७ | ११४ | २३ | ३ | २९५ | ४० | ५६ | ४५ | ४,७८३ |
| २ | ५,४७२ | १५५ | ५ | | ३२५ | ८ | | १८ | ५,९८३ |
| ३ | ५,१९२ | २३५ | ८ | २७ | १७२ | १० | २१ | ३० | ५,६९५ |
| ४ | ४,५१२ | २३२ | ८ | | २६२ | ३ | १ | ८ | ५,०२६ |
| ५ | ३,९८५ | ६० | १० | १२ | ६२ | ६ | २९ | ६ | ४,१७० |
| ६ | ५,१८४ | ३४९ | ४३ | | ४४ | ३ | २ | २ | ५,६२७ |
| ७ | ४,७५७ | ५७ | ७ | ३६ | ३७ | ४ | ३६ | २० | ४,९५४ |
| ८ | ५,०१६ | १६० | १२ | ३ | ११५ | १८ | १८ | १९ | ५,३६१ |
| ९ | ५,२८४ | २०३ | ६ | | २८ | १९ | १ | ९ | ५,५५० |
| जम्मा | ४३,६०९ | १,५६५ | १२२ | ८१ | १,३४० | १११ | १६४ | १५७ | ४७,१४९ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

५ वर्ष वा सो भन्दा माथिको कुल जनसंख्या ४७,१४९ रहेको यस गाउँपालिका भित्रका ४३,६०९ जना अर्थात ९२.५ प्रतिशत बासिन्दाहरु ५ वर्षअघि पनि सोही गाउँपालिकामा बसोबास गरिरहेको पाइएको छ भने ३,५४० अर्थात ७.५ मानिसहरु हाल बसोबास गरिरहेको र अन्य जिल्लाको समेत ग्रामिण/नगर क्षेत्र र विदेशी भूमि रहेका तथ्यांक प्राप्त भएको छ। उच्च शिक्षा, आकर्षक रोजगारी, सामाजिक र आर्थिक सुरक्षा, वैवाहिक अवस्था, मानवीय उत्सुकता जस्ता कारणले मानिस चलायमान भइरहन्छ। व्यक्तिसँगै उसमा आस्रित सम्पूर्ण परिवार बसाइसराई गर्ने हुँदा जनसंख्याको वनोटमा अस्थायी र स्थायी परिवर्तन देखिरहन्छ।


## ३.२३ लैङ्गिक आधारमा उत्तरदाताहरुको वितरण

**तालिका नं. २९ :** लैङ्गिक आधारमा उत्तरदाताहरुको वितरण

| वडा नं. | पुरुष | | महिला | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ६०४ | ४४.६ | ७५० | ५५.४ | १,३५४ |
| २ | ८६७ | ५६.७ | ६६२ | ४३.३ | १,५२९ |
| ३ | ९४४ | ६४.३ | ५२४ | ३५.७ | १,४६८ |
| ४ | ७९६ | ६५.४ | ४२१ | ३४.६ | १,२१७ |
| ५ | ४७० | ५०.५ | ४६१ | ४९.५ | ९३१ |
| ६ | ८५७ | ६०.९ | ५५२ | ३९.१ | १,४०९ |
| ७ | ७७० | ६४.४ | ४२६ | ३५.६ | १,१९६ |
| ८ | ७७६ | ५४.४ | ६५० | ४५.६ | १,४२६ |
| ९ | ७६८ | ४९.३ | ७९१ | ५०.७ | १,५५९ |
| जम्मा | ६,८५२ | ५६.७ | ५,२३७ | ४३.३ | १२,०८९ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस बढैयाताल गाउँपालिकामा २०७५ सालमा गरिएको जनगणना अनुसार कुल १२,०८९ घरधुरीहरू रहेका छन् । कुल घरधुरीहरूमध्ये जनगणनामा उत्तरदाताको रुपमा सहभागिहरूको तथ्याङ्क हेर्दा ६८५२ जना पुरुष र ५२३७ जना महिला सहभागीहरूले जनगणना प्रश्नावलीमा उत्तर दिएको देखिन्छ। विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.२४ परिवारले प्रयोग गरेको घरको स्वामित्वको आधारमा घरधुरी वितरण

**तालिका नं. ३० :** परिवारले प्रयोग गरेको घरको स्वामित्वको आधारमा घरधुरी वितरण

| वडा नं. | निजी | | भाडामा | | संस्थागत | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | १,३४२ | ९९.१ | ३ | ०.२ | १ | ०.१ | ८ | ०.६ | १,३५४ | १००.० |
| २ | १,४७५ | ९६.४ | १२ | ०.८ | ३ | ०.२ | ३९ | २.६ | १,५२९ | १००.० |
| ३ | १,४२० | ९६.७ | १७ | १.२ | | | ३१ | २.१ | १,४६८ | १००.० |
| ४ | १,२०६ | ९९.१ | ९ | ०.७ | | | २ | ०.२ | १,२१७ | १००.० |
| ५ | ९२५ | ९९.४ | ३ | ०.३ | १ | ०.१ | २ | ०.२ | ९३१ | १००.० |
| ६ | १,३४४ | ९५.४ | २३ | १.६ | ४१ | २.९ | १ | ०.१ | १,४०९ | १००.० |
| ७ | १,१७९ | ९८.६ | १३ | १.१ | २ | ०.२ | २ | ०.२ | १,१९६ | १००.० |
| ८ | १,३५४ | ९५.० | ४१ | २.९ | ६ | ०.४ | २५ | १.८ | १,४२६ | १००.० |
| ९ | १,५५६ | ९९.८ | २ | ०.१ | १ | ०.१ | | | १,५५९ | १००.० |
| जम्मा | ११,८०१ | ९७.६ | १२३ | १.० | ५५ | ०.५ | ११० | ०.९ | १२,०८९ | १००.० |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस बढैयाताल गाउँपालिकामा रहेका कुल १२०८९ घरधुरीहरू मध्ये ९७.६ प्रतिशत अर्थात ११८०१ परिवारको आफ्नै स्वामित्वमा रहेको घर रहेको १ प्रतिशत अर्थात १२३ घरपरिवार भाडामा बस्ने गरेको, ०.४ प्रतिशत अर्थात ६ घरहरू संस्थागत हिसाबले प्रयोग गरेको र अन्यमा १.८ अर्थात २५ घरधुरीहरू रहेको पाइयो । सबैभन्दा कम घरधुरी भएको वडा नं. ५ रहेको छ भने सबैभन्दा बढी घरधुरीहरु भएको वडा नं. ९ रहेको छ । व्यवसायीक, भाडाको प्रयोजन र संस्थागत हिसाबले प्रयोग भएका घरहरूको संख्या नगन्य हुनुले बढैयाताल गाउँपालिका पूर्ण रुपमा ग्रामिण परिवेशको स्थितिमा रहेको स्पष्ट हुन्छ । अन्य वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ३.२५ परिवारले प्रयोग गरेको घर भएको जग्गाको स्वामित्वको आधारमा घरधुरीको वितरण

**तालिका नं. ३१ :** परिवारले प्रयोग गरेको घर भएको जग्गाको स्वामित्वको आधारमा घरधुरीको वितरण

| वडा नं. | निजी | | गुठी | | सार्वजनिक स्थल/सुकुम्बासी | | अन्य | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | १,३२३ | ९७.७ | | | १६ | १.२ | १५ | १.१ | १,३५४ | १००.० |
| २ | १,३७९ | ९०.१ | १ | ०.१ | ११० | ७.२ | ३९ | २.६ | १,५२९ | १००.० |
| ३ | १,४२७ | ९७.२ | १ | ०.१ | ७ | ०.५ | ३३ | २.२ | १,४६८ | १००.० |
| ४ | १,१७० | ९६.१ | ४ | ०.३ | २३ | १.९ | २० | १.६ | १,२१७ | १००.० |
| ५ | ९१२ | ९८.० | १ | ०.१ | ६ | ०.६ | १२ | १.३ | ९३१ | १००.० |
| ६ | १,३४० | ९५.१ | १ | ०.१ | ६६ | ४.७ | २ | ०.१ | १,४०९ | १००.० |
| ७ | १,१६५ | ९७.४ | ५ | ०.४ | १९ | १.६ | ७ | ०.६ | १,१९६ | १००.० |
| ८ | १,३६६ | ९५.८ | ३ | ०.२ | २५ | १.८ | ३२ | २.२ | १,४२६ | १००.० |
| ९ | ८८० | ५६.४ | | | ६७९ | ४३.६ | | | १,५५९ | १००.० |
| जम्मा | १०,९६२ | ९०.७ | १६ | ०.१ | ९५१ | ७.९ | १६० | १.३ | १२,०८९ | १००.० |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस गाउँपालिका स्थित १२०८९ घरधुरीहरू मध्ये १०,९६२ अर्थात ९०.७ प्रतिशत घरधुरीहरूको घर निजी स्वामित्वको जग्गामा निर्माण भएको, ९५१ अर्थात ७.९ प्रतिशत घरधुरीहरू सुकुम्बासी रहेको, १६ घरधुरी अर्थात ०.१ प्रतिशत घरधुरीहरूले गुठीको जग्गामा घर बनाएको र अन्यमा १६० घरधुरी अर्थात १.३ प्रतिशत रहेको पाइयो। देशमा लोकतान्त्रिक शासन व्यवस्था लागु भई आवास जस्तो आधारभूत मानविय आवश्यकतालाई संविधानले धारा ३७ मा मौलिक हकको रुपमा प्रत्याभूत गरेपनि यस गाउँपालिकामा सकुम्बासीको संख्या उल्लेख्य रहेको छ । वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




## ३.२६ घरको किसिमको आधारमा घरधुरीको वितरण

**तालिका नं. ३२ :** घरको किसिमको आधारमा घरधुरीको वितरण

| वडा नं. | पक्की | | अर्धपक्की | | कच्ची | | झुप्रो/छाप्रो/टहरा | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | २६३ | १९.४ | ४३४ | ३२.१ | ६१८ | ४५.६ | ३८ | २.८ | १ | ०.१ | १,३५४ |
| २ | २३९ | १५.६ | ५२५ | ३४.३ | ७२४ | ४७.४ | ४० | २.६ | १ | ०.१ | १,५२९ |
| ३ | ३७४ | २५.५ | ४६९ | ३१.९ | ५६८ | ३८.७ | ५६ | ३.८ | १ | ०.१ | १,४६८ |
| ४ | १५३ | १२.६ | ३९० | ३२.० | ६२९ | ५१.७ | ४४ | ३.६ | १ | ०.१ | १,२१७ |
| ५ | १३३ | १४.३ | ३१२ | ३३.५ | ४७५ | ५१.० | ११ | १.२ | | | ९३१ |
| ६ | २८६ | २०.३ | ५६५ | ४०.१ | ५१६ | ३६.६ | ४२ | ३.० | | | १,४०९ |
| ७ | १९१ | १६.० | ४०७ | ३४.० | ५१३ | ४२.९ | ८५ | ७.१ | | | १,१९६ |
| ८ | ५७३ | ४०.२ | ५१७ | ३६.३ | ३०४ | २१.३ | ३२ | २.२ | | | १,४२६ |
| ९ | ५३ | ३.४ | ४९३ | ३१.६ | ६४८ | ४१.६ | ३६४ | २३.३ | १ | ०.१ | १,५५९ |
| जम्मा | २,२६५ | १८.७ | ४,११२ | ३४.० | ४,९९५ | ४१.३ | ७१२ | ५.९ | ५ | ०.० | १२,०८९ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस गाउँपालिकाका कुल १२०८९ मध्ये सबैभन्दा बढी ४९९५ अर्थात ४१.३ प्रतिशत घरहरू पूर्णरुपमा कच्ची, ४११२ अर्थात ३४ प्रतिशत अर्ध पक्की, २२६५ अर्थात १८.७ प्रतिशत पक्की, ७१२ अर्थात ५.९ प्रतिशत घरधुरीहरू टहरा र ५ घरधुरीहरू अन्य प्रकारको घरमा बस्ने गरेको पाइयो । गाउँपालिकामा ४१.३ प्रतिशत घरहरू कच्ची हुनुले भूकम्पीय जोखिमको हिसाबले अत्यन्त जोखिमपूर्ण अवस्थामा रहेको स्पष्ट हुन्छ। अधिकांश घरहरू कच्ची रहनु आर्थिक विपन्नताको सूचक समेत रहेकोले सुरक्षित आवासका दिर्घकालिन योजना निर्माण गर्नु अनिवार्य देखिन्छ। अर्कोतर्फ ५.९ प्रतिशत घरहरू विपन्न अवस्थामा झुप्रोमा बस्ने गरेको देखिन्छ। वडागत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.२७ परिवारले प्रयोग गरेको घरको तल्लाको आधारमा घरधुरीको वितरण

**तालिका नं. ३३ :** परिवारले प्रयोग गरेको घरको तल्लाको आधारमा घरधुरीको वितरण

| वडा नं. | एक तल्ला | | दुई तल्ला | | तिन तल्ला | | चार-पाँच तल्ला | | पाँच तल्लाभन्दा माथि | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | १,१८७ | ८७.७ | १६३ | १२.० | | | ३ | ०.२ | १ | ०.१ | १,३५४ |
| २ | १,४६५ | ९५.८ | ६० | ३.९ | १ | ०.१ | २ | ०.१ | १ | ०.१ | १,५२९ |
| ३ | १,४११ | ९६.१ | ५२ | ३.५ | ४ | ०.३ | १ | ०.१ | | | १,४६८ |
| ४ | १,१७१ | ९६.२ | ४२ | ३.५ | ३ | ०.२ | १ | ०.१ | | | १,२१७ |
| ५ | ९०३ | ९७.० | २० | २.१ | ६ | ०.६ | १ | ०.१ | १ | ०.१ | ९३१ |
| ६ | १,३४२ | ९५.२ | ६५ | ४.६ | १ | ०.१ | १ | ०.१ | | | १,४०९ |
| ७ | १,१५९ | ९६.९ | ३० | २.५ | १ | ०.१ | ३ | ०.३ | ३ | ०.३ | १,१९६ |
| ८ | १,२३१ | ८६.३ | १८७ | १३.१ | ७ | ०.५ | १ | ०.१ | | | १,४२६ |
| ९ | १,५४६ | ९९.२ | ८ | ०.५ | ३ | ०.२ | २ | ०.१ | | | १,५५९ |
| जम्मा | ११,४१५ | ९४.४ | ६२७ | ५.२ | २६ | ०.२ | १५ | ०.१ | ६ | ०.० | १२,०८९ |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस गाउँपालिकाका कुल १२०८९ घर परिवार मध्ये ११४१५ अर्थात ९४.४ प्रतिशतको १ तल्ले, ६२७ अर्थात ५.२ प्रतिशतको २ तल्ले, २६ अर्थात ०.२ प्रतिशतको ३ तल्ले, १५ अर्थात ०.१ प्रतिशत चार भन्दा बढी र ६ घरधुरी पाँच तल्ला भन्दा माथि बसोबास गरेको पाइयो । कुल घर परिवारहरूको ९४.४ प्रतिशत घरहरू एक तल्ले र अधिकांश घरहरू कच्ची अवस्थामा रहेकोले बाढी, भुकम्प, सर्प दंश लगायत अन्य सुरक्षाका हिसाबले समेत संवेदनशिल अवस्थामा रहेका छन् । वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरीएको छ ।




## ३.२८ परिवारले प्रयोग गरेको घर बनेको अवधीको आधारमा घरधुरीको वितरण

**तालिका नं. ३४ :** परिवारले प्रयोग गरेको घर बनेको अवधीको आधारमा घरधुरीको वितरण

| वडा नं. | ०-४ वर्ष | ५-९ वर्ष | १०-२४ वर्ष | २५-४९ वर्ष | ५०-७४ वर्ष | ७५-१०० वर्ष | १०० वर्ष भन्दा पहिले | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३५४ | ३०९ | ५०१ | १८७ | ३ | | | १,३५४ |
| २ | ४२० | ३८५ | ५०५ | २०२ | १७ | | | १,५२९ |
| ३ | ३८५ | ३३७ | ५०३ | २१३ | २७ | ३ | | १,४६८ |
| ४ | ३१७ | २५२ | ५३६ | १०५ | ७ | | | १,२१७ |
| ५ | २५७ | २४९ | ३६२ | ५७ | ५ | १ | | ९३१ |
| ६ | ३१२ | ४०५ | ५४१ | १४१ | ९ | १ | | १,४०९ |
| ७ | ३०० | २६२ | ४८९ | ११६ | २८ | | १ | १,१९६ |
| ८ | ३६४ | ३३५ | ५६० | १६२ | ३ | २ | | १,४२६ |
| ९ | ५८८ | ६१५ | ३२४ | ३२ | | | | १,५५९ |
| जम्मा | ३,२९७ | ३,१४९ | ४,३२१ | १,२१५ | ९९ | ७ | १ | १२,०८९ |
| प्रतिशत | २७.३० | २६.०० | ३५.७० | १०.१० | ०.८० | ०.१० | ०.०० | १००.०० |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा निर्माण भएका घरहरूलाई बनेको समय वर्षमा हेर्दा ३२९७ अर्थात २७.३ प्रतिशत घरहरू पछिल्लो चार वर्षको अन्तरालमा, ३१४९ अर्थात २६ प्रतिशत घरहरू ५ देखि ९ वर्ष अगाडि, ४३२१ अर्थात ३५.७० प्रतिशत १० देखि २४ वर्ष अगाडि, १२१५ अर्थात १०.१० प्रतिशत, २५ देखि ४९ वर्ष अगाडि, ७ घरहरू अर्थात ०.१० प्रतिशत घरहरू ७५ देखि १०० वर्ष भन्दा अगाााडि र १ वटा मात्र घर १०० वर्ष भन्दा अगाडि निर्माण भएको देखिन्छ । यस तथ्याङ्कलाई हेर्दा पछिल्लो ४ वर्षमा वस्ती विस्तारको क्रम निकै तीब्र भएको पाइन्छ । यसको कारण जनसंख्या वृद्धि, बसाइसराई र गाउँपालिकामा उपलब्ध मानविय सुविधा जस्तौ खेतीयोग्य जमिन, सडक, पानी, सिंचाइ तथा सुगमता जस्ता पक्षहरुले तीब्र वस्ती विस्तारमा भूमिका खेलेका हुन्छन । वडागत पूर्ण विवरण तालिकामा उल्लेख गरिएको छ ।




## ३.२९ परिवारले प्रयोग गरेको घरको कोठा संख्याको आधारमा घरधुरीको वितरण

**तालिका नं. ३५ :** परिवारले प्रयोग गरेको घरको कोठा संख्याको आधारमा घरधुरीको वितरण

| वडा नं. | १-२ कोठा | | ३-४ कोठा | | ५-६ कोठा | | ७-९ कोठा | | १०-१९ कोठा | | २० कोठा भन्दा बढी | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | ३०४ | २२.५ | ७७४ | ५७.२ | २५२ | १८.६ | २३ | १.७ | १ | ०.१ | | | १,३५४ |
| २ | ६११ | ४०.० | ७८९ | ५१.६ | ११४ | ७.५ | १४ | ०.९ | १ | ०.१ | | | १,५२९ |
| ३ | ५८३ | ३९.७ | ६५६ | ४४.७ | १८० | १२.३ | ४३ | २.९ | ५ | ०.३ | १ | ०.१ | १,४६८ |
| ४ | ६७६ | ५५.५ | ४७४ | ३८.९ | ४९ | ४.० | ११ | ०.९ | ७ | ०.६ | | | १,२१७ |
| ५ | ५१५ | ५५.३ | ३७२ | ४०.० | ३५ | ३.८ | ६ | ०.६ | २ | ०.२ | १ | ०.१ | ९३१ |
| ६ | ४९६ | ३५.२ | ६४९ | ४६.१ | १९३ | १३.७ | ५१ | ३.६ | १८ | १.३ | २ | ०.१ | १,४०९ |
| ७ | ५१६ | ४३.१ | ५३८ | ४५.० | १०८ | ९.० | २९ | २.४ | ४ | ०.३ | १ | ०.१ | १,१९६ |
| ८ | ४०७ | २८.५ | ७१५ | ५०.१ | २२२ | १५.६ | ६३ | ४.४ | १६ | १.१ | ३ | ०.२ | १,४२६ |
| ९ | १,१५९ | ७४.३ | ३७८ | २४.२ | १९ | १.२ | १ | ०.१ | २ | ०.१ | | | १,५५९ |
| जम्मा | ५,२६७ | ४३.६ | ५,३४५ | ४४.२ | १,१७२ | ९.७ | २४१ | २.० | ५६ | ०.५ | ८ | ०.१ | १२,०८९ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेको घरहरूमध्ये घरमा रहेको कोठाहरूको संख्याको आधारमा हेर्दा १ देखि २ वटासम्म कोठा भएका घरहरू ५२६७ अर्थात ४३.६ प्रतिशत, ३ देखि ४ वटा कोठा भएका ५३४५ अर्थात ४४.२ प्रतिशत, ५ देखि ६ वटा कोठाहरू भएका ११७२ अर्थात ९.७ प्रतिशत, ७ देखि ९ वटा कोठाहरू भएका घरहरू २४१ अर्थात २ प्रतिशत, १० देखि १९ वटा कोठाहरू भएका घरहरू ५६ अर्थात ०.५ र अन्य २० भन्दा बढी कोठासंख्या भएका घरहरू नगन्य रहेको देखिन्छ। कुल घरपरिवारको ४३.६ प्रतिशत घरमा जम्मा १ देखि २ वटा मात्र कोठा हुनुले अत्यन्त साघुँरो र कष्टपूर्ण तरीकाले जीवन निर्वाह गरेको स्पष्ट हुन्छ । कोठाको संख्या कमीहुँदा विद्यार्थीहरूलाई पढ्न शान्त वातावरणको कमी, सबै घरेलु कृयाकलाप जस्तै खाना पकाउने, सुत्ने र केहि स्थानहरूमा त घरपालुवा पशु चौपाया वा पंक्षीहरू समेत सँगै राख्नु पर्ने वाध्यताका कारण व्यक्तिगत, पारिवारीक तथा सामुदायिक स्वास्थ्य र सरसफाईका दृष्टिले समेत अत्यन्त जटिल र जोखिमको अवस्था देखिन्छ। वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.३० घरधुरीले प्रयोग गरिरहेको कोठा संख्याको आधारमा घरधुरीको वितरण

**तालिका नं. ३६ :** घरधुरीले प्रयोग गरिरहेको कोठा संख्याको आधारमा घरधुरीको वितरण

| वडा नं. | १-२ कोठा | ३-४ कोठा | ५-६ कोठा | ७-९ कोठा | १०-१९ कोठा | २० कोठा भन्दा बढी | जम्मा संख्या | औषत कोठा संख्या |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४१६ | ७५६ | १६९ | १२ | १ | | १,३५४ | ३.२० |
| २ | ६९० | ७३५ | ९४ | १० | | | १,५२९ | २.७६ |
| ३ | ७२७ | ५८६ | १२७ | २५ | ३ | | १,४६८ | २.७५ |
| ४ | ७०३ | ४६१ | ४२ | ८ | ३ | | १,२१७ | २.६३ |
| ५ | ५४६ | ३५० | २८ | ७ | | | ९३१ | २.४८ |
| ६ | ५७८ | ६१७ | १६६ | ३८ | १० | | १,४०९ | ३.११ |
| ७ | ५४२ | ५२१ | १०६ | २३ | ४ | | १,१९६ | २.९२ |
| ८ | ४८२ | ७०१ | १९३ | ४४ | ५ | १ | १,४२६ | ३.३२ |
| ९ | १,१७२ | ३७३ | १३ | १ | | | १,५५९ | २.१७ |
| जम्मा | ५,८५६ | ५,१०० | ९३८ | १६८ | २६ | १ | १२,०८९ | २.८२ |
| प्रतिशत | ४८.४० | ४२.२० | ७.८० | १.४० | ०.२० | ०.०० | १००.०० | |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेको घरहरूमध्ये १ देखि २ वटा कोठा प्रयोग गर्ने घरपरिवार को संख्या ५८५६ अर्थात ४८.४ प्रतिशत, ३ देखि ४ वटा कोठा प्रयोग गर्ने घरपरिवारको संख्या ५१०० अर्थात ४२.२ प्रतिशत र तेस्रोमा ५ देखि ६ वटा कोठा प्रयोग गर्नेको संख्या ९३८ अर्थात ७.८ प्रतिशत रहेको छ। अत्यन्त न्यून संख्यामा मात्र कोठाहरू प्रयोग गर्ने घरधुरीको संख्या बढी हुँदा गाउँपालिकाका अधिकांश घरपरिवारको गुणस्तरिय जीवनको तह ऋणात्मक रहेको तथ्याङ्कले देखाउँछ । आफ्ना नागरिकहरूलाई विपन्न अवस्थाबाट आवस जस्तो आधारभूत मानविय आवश्यकता परिपूर्ति हुने अवस्थामा पुऱ्याउन स्थानिय, प्रदेश तथा संघिय सरकारहरुले गरीबी निवारणका प्रभावकारी कार्यक्रमहरूलाई सघन रुपमा संचालन गर्नुपर्ने देखिन्छ। वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




## ३.३१ घर बनेको आफ्नो जग्गाको क्षेत्रफलको आधारमा घरधुरीको वितरण

**तालिका नं. ३७ :** घर बनेको आफ्नो जग्गाको क्षेत्रफलको आधारमा घरधुरीको वितरण

| वडा नं. | आफ्नो जग्गा आफैले चलन गरेको | ०.५ हे. भन्दा कम | ०.५ हे.- १ हे. | १ हे.- ३ हे. | ३ हे.- ५ हे. | ५ हे.- १० हे. | १० हेक्टर भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | २८ | ५५५ | २८८ | १४८ | ५ | ९ | ४ | १,०३७ |
| २ | ४७ | ६२७ | २६३ | १६६ | २१ | ६ | १ | १,१३१ |
| ३ | ३७ | ६३४ | २७२ | १९५ | ११ | ४ | ४ | १,१५७ |
| ४ | २५ | ६६९ | ११० | ५८ | ५ | २ | | ८६९ |
| ५ | ६८ | ३६८ | १४२ | १०४ | ५ | ६ | १ | ६९४ |
| ६ | ५३ | ६१५ | २६५ | २६० | १५ | ८ | ५ | १,२२१ |
| ७ | ३९ | ६१२ | १७९ | १३४ | २२ | ११ | २ | ९९९ |
| ८ | ५४ | ५०२ | २१५ | १५९ | १६ | १२ | ३ | ९६१ |
| ९ | १६९ | १,०४७ | ६९ | २१ | २ | | | १,३०८ |
| जम्मा | ५२० | ५,६२९ | १,८०३ | १,२४५ | १०२ | ५८ | २० | ९,३७७ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा कृषि प्रयोजनको जमिन हुने र प्रयोग गर्नेको कूल संख्या ९,३७७ रहेकोमा ५२० अर्थात ५.५ प्रतिशतले अरुको जमिनमा कृषिकर्म गरेको पाइयो भने आफ्नै स्वामित्वमा जमिन हुनेमध्ये आधा हेक्टर भन्दा कम जमिनहुनेहरूको संख्या सबैभन्दा धेरै ५,६२९ अर्थात ६० प्रतिशत, ०.५ - १.० हेक्टर जमिनहुने १,८०३ अर्थात १९.२ प्रतिशत, १ हेक्टर देखि ३ हेक्टरसम्म हुनेको संख्या १,२४५ अर्थात १३.३ प्रतिशत रहेको पाइयो । ३ हेक्टर भन्दा माथि हुनेहरूको संख्या भने न्यून देखिन्छ । ठूलो जनसंख्याको आफ्नै कृषि प्रयोजनको जमिनको स्वामित्व रहेता पनि केहिले भने अर्काको जमिनमा खेती गरेको पाइयो । एकातर्फ नेपालको संविधान, (२०७२) भाग ४ धारा ५१ (ङ.३) "किसानको हक हित संरक्षण र संवर्धन गर्दै कृषिको उत्पादन र उत्पादकत्व बढाउन भूउपयोग नीतिको अवलम्बन गरी भूमिको व्यवस्थापन र कृषिको व्यवसायिकरण, औद्योगिकीकरण, विविधीकरण र आधुनिकीकरण गर्ने" कृषि तथा भूमिसुधार सम्बन्धी नीति लिएको भएता पनि यस गाउँपालिकामा कृषिमा संलग्न खास जनशक्तिको पहुँचमा जमिन अत्यन्त कम रहेको र अर्कोतर्फ धेरै परिवारमा जमिन खण्डीकरण भई व्यवसायीक कृषि फष्टाउन नसकेको देखिन्छ जुन कृषि क्षेत्रको प्रमुख समस्याको रुपमा रहेको छ । वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ३.३२ जग्गामा भएको स्वामित्वको आधारमा घरधुरीको वितरण

**तालिका नं. ३८ :** जग्गामा भएको स्वामित्वको आधारमा घरधुरीको वितरण

| वडा नं. | जम्मा घरधुरी | आफ्नो जग्गा भएको घरधुरी | आफ्नो जग्गाको जम्मा क्षेत्रफल (हे.) | आफ्नो जग्गाको औषत क्षेत्रफल |
|---|---|---|---|---|
| १ | १,०३७ | १,००९ | ६५९.४२६ | ०.६५४ |
| २ | १,१३१ | १,०८४ | ७२८.३५८ | ०.६७२ |
| ३ | १,१५७ | १,१२० | ७०९.५०९ | ०.६३३ |
| ४ | ८६९ | ८४४ | ३२०.०६८ | ०.३७९ |
| ५ | ६९४ | ६२६ | ३८१.३९४ | ०.६०९ |
| ६ | १,२२१ | १,१६८ | ८७०.४०५ | ०.७४५ |
| ७ | ९९९ | ९६० | ६४७.२२१ | ०.६७४ |
| ८ | ९६१ | ९०७ | ६९८.०८८ | ०.७७० |
| ९ | १,३०८ | १,१३९ | २४५.४७२ | ०.२१६ |
| जम्मा | ९,३७७ | ८,८५७ | ५,२५९.९४२ | ०.५९४ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका कुल घरधुरीहरू मध्ये ९,३७७ घर परिवारले कृषि प्रयोजनका लागि रहेको जमिन प्रयोग गरेको देखिन्छ । यस मध्ये ८,८५७ घरधुरीहरूको भने आफ्नै स्वामित्वमा कृषि प्रयोजनको जमिन रहेको र बाँकिले अरुको स्वामित्वमा रहेको जमिन खेतिपातीमा प्रयोग गरेको पाइयो । तथ्याङ्क अनुसार आफ्नै स्वामित्वमा भएको जमिनको क्षेत्रफल ५,२५९.९४२ हेक्टर रहेको छ । वडागत विस्तृत विवरणको तालिकामा प्रस्तुत गरिएको छ ।




## ३.३३ घर तथा जमिनमा महिलाको स्वामित्व हुने घरधुरीको वितरण

**तालिका नं. ३९ :** घर तथा जमिनमा महिलाको स्वामित्व हुने घरधुरीको वितरण

| वडा नं. | भएको | | नभएको | | थाहा नभएको | | जम्मा | |
|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ४५० | ३३.२ | ८९४ | ६६.० | १० | ०.७ | १,३५४ | १००.० |
| २ | ४५६ | २९.८ | १,०६९ | ६९.९ | ४ | ०.३ | १,५२९ | १००.० |
| ३ | ४५७ | ३१.१ | १,००७ | ६८.६ | ४ | ०.३ | १,४६८ | १००.० |
| ४ | २१२ | १७.४ | ९९८ | ८२.० | ७ | ०.६ | १,२१७ | १००.० |
| ५ | २१९ | २३.५ | ७०० | ७५.२ | १२ | १.३ | ९३१ | १००.० |
| ६ | ३७२ | २६.४ | १,०३५ | ७३.५ | २ | ०.१ | १,४०९ | १००.० |
| ७ | ३३७ | २८.२ | ८५० | ७१.१ | ९ | ०.८ | १,१९६ | १००.० |
| ८ | ५७७ | ४०.५ | ८३९ | ५८.८ | १० | ०.७ | १,४२६ | १००.० |
| ९ | ४०४ | २५.९ | १,१५५ | ७४.१ | | | १,५५९ | १००.० |
| जम्मा | ३,४८४ | २८.८ | ८,५४७ | ७०.७ | ५८ | ०.५ | १२,०८९ | १००.० |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस गाउँपालिकामा रहेका कुल १२,०८९ घरधुरीहरू मध्ये ३,४८४ अर्थात २८.८ प्रतिशत घरधुरीमा महिलाको स्वामित्वमा घर तथा जमिन रहेको छ भने ८,५४७ अर्थात ७०.७ प्रतिशत घरधुरीमा पुरुषको नै स्वामित्व रहेको देखिन्छ। ५८ घरधुरीहरूबाट भने स्पष्ट उत्तर प्राप्त भएन। यस तथ्याङ्कलाई हेर्दा करीब ४ भागको १ भाग मात्र महिलाको जमिन र घरमा स्वामित्व रहेको देखिन्छ। हालका वर्षहरूमा शिक्षाको सकारात्मक प्रभाव, सञ्चार माध्यमको विकास र त्यसको प्रचारात्मक प्रभाव, प्रमुख राजनैतिक तथा सामाजिक परिवर्तन जस्ता कारणले लैङ्गिक भेदभाव क्रमशः कम हुँदै गएतापनि गाउँपालिकाको तथ्याङ्कलाई हेर्दा जम्मा $\frac{१}{४}$ भाग महिलाहरूमा नाममात्रको जग्गा जमिनको स्वामित्व रहेको छ। यस तथ्यले लैङ्गिक भेदभाव हटाउन राज्यले प्रभावकारी कदमहरू कडाइका साथ चाल्नु अनिवार्य छ। तथ्याङ्कको वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




## ३.३४ विगत १२ महिनामा मृत्यु भएका परिवारका सदस्यहरुको संख्याको आधारमा घरधुरीको वितरण

**तालिका नं. ४० :** विगत १२ महिनामा मृत्यु भएका परिवारका सदस्यहरुको संख्याको आधारमा घरधुरीको वितरण

| वडा नं. | मृत्यु हुने घरधुरी | | | | जम्मा | मृत्युको संख्या |
|---|---|---|---|---|---|---|
| | भएको | | नभएको | | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| १ | ३९ | २.९ | १,३१५ | ९७.१ | १,३५४ | ३९ |
| २ | ३४ | २.२ | १,४९५ | ९७.८ | १,५२९ | ३५ |
| ३ | ३६ | २.५ | १,४३२ | ९७.५ | १,४६८ | ३६ |
| ४ | १३ | १.१ | १,२०४ | ९८.९ | १,२१७ | १४ |
| ५ | २२ | २.४ | ९०९ | ९७.६ | ९३१ | २३ |
| ६ | ३२ | २.३ | १,३७७ | ९७.७ | १,४०९ | ३२ |
| ७ | ३१ | २.६ | १,१६५ | ९७.४ | १,१९६ | ३२ |
| ८ | ४० | २.८ | १,३८६ | ९७.२ | १,४२६ | ४० |
| ९ | ३१ | २.० | १,५२८ | ९८.० | १,५५९ | ३१ |
| जम्मा | २७८ | २.३ | ११,८११ | ९७.७ | १२,०८९ | २८२ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस गाउँपालिकामा रहेका कुल १२,०८९ घरपरिवारहरू मध्ये २७८ अर्थात २.३ प्रतिशत घरधुरीमा परिवारका सदस्यहरू मध्येबाट कुनै न कुनै कारणले मृत्यु भएको पाइयो भने ११,८११ अर्थात ९७.७० प्रतिशत घरधुरीमा भने मृत्यु भएको देखिँदैन । सबैभन्दा धेरै मृत्युको अभिलेख भएको वडा ८ र कम मृत्यु भएको वडा ४ रहेको छ । वडागत विस्तृत तथ्याङ्क तालिकामा प्रस्तुत गरिएको छ ।




## ३.३५ उमेर र लिङ्ग अनुसार मृत्यु संख्याको वितरण

**तालिका नं. ४१ :** उमेर र लिङ्ग अनुसार मृत्यु संख्याको वितरण

| उमेर | पुरुष | | महिला | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| ०-९ वर्ष | ६ | ३०.० | १४ | ७०.० | २० | १००.० |
| १०-१९ वर्ष | ९ | ६४.३ | ५ | ३५.७ | १४ | १००.० |
| २०-२९ वर्ष | १० | ५५.६ | ८ | ४४.४ | १८ | १००.० |
| ३०-३९ वर्ष | १२ | ६६.७ | ६ | ३३.३ | १८ | १००.० |
| ४०-४९ वर्ष | १५ | ७५.० | ५ | २५.० | २० | १००.० |
| ५०-५९ वर्ष | २२ | ६६.७ | ११ | ३३.३ | ३३ | १००.० |
| ६०-६९ वर्ष | २४ | ४८.० | २६ | ५२.० | ५० | १००.० |
| ७० वर्ष भन्दा बढी | ५९ | ५४.१ | ५० | ४५.९ | १०९ | १००.० |
| जम्मा | १५७ | ५५.७ | १२५ | ४४.३ | २८२ | १००.० |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा विगत १२ महिनामा मृत्यु हुनेहरूको संख्यालाई हेर्दा सबै भन्दा बढी मृत्यु संख्या ७० वर्ष भन्दा माथिको उमेर समूहका पुरुषहरूको देखिन्छ भने दोस्रोमा ६० देखि ६९ वर्षका पुरुषहरूको नै देखिन्छ। सबैभन्दा कम मृत्यु हुने उमेर समूह भने १० देखि १९ वर्षको पुरुष देखिन्छ। चौधौ आवधिक योजनाका अनुसार नेपालमा जन्मदाको बखत आम नेपालीको औषत आयू ६९ वर्ष उल्लेख गरिएको छ। सामान्यतया उमेर पुगेर हुने मृत्युलाई स्वाभाविक मान्न सकिन्छ तसर्थ यस गाउँपालिकामा बढी मृत्यु हुने उमेर समूह हेर्दा ६० वर्ष माथिको नै देखिन्छ। यद्यपी पछिल्लो समय औषधी विज्ञान र चिकित्सा पद्धतिमा भएको उच्च विकास र आधुनिक औषधि उपचारमा बृद्धि भएको पहुँच र क्रमिक रुपमा स्वास्थ्य चेतनाको बृद्धिका कारण नेपालको औषत आयू समेत विगतका वर्ष भन्दा बढ्दै गैरहेको छ।




## ३.३६ गाउँपालिकामा विगत १२ महिनामा मृत्यु भएका परिवारका सदस्यहरुको मृत्युको कारण

**तालिका नं. ४२ :** गाउँपालिकामा विगत १२ महिनामा मृत्यु भएका परिवारका सदस्यहरुको मृत्युको कारण

| वडा नं. | सर्ने रोग | नसर्ने रोग | मातृत्वसँग सम्बन्धीत कारण | दुर्घटना | अपराध/ हिंसा | प्राकृतिक प्रकोप | प्राकृतिक मृत्यु | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| ०-९ वर्ष | ८ | ३ | | | | | १ | ४ | १६ |
| १०-१९ वर्ष | १ | ४ | | ३ | ३ | | | १ | १२ |
| २०-२९ वर्ष | | ३ | २ | २ | ८ | | | १ | १६ |
| ३०-३९ वर्ष | २ | ८ | | ३ | | १ | १ | १ | १६ |
| ४०-४९ वर्ष | २ | ९ | | ४ | १ | | | १ | १७ |
| ५०-५९ वर्ष | ३ | १९ | | २ | १ | | २ | १ | २८ |
| ६०-६९ वर्ष | ८ | २४ | | | १ | | ७ | ५ | ४५ |
| ७० वर्ष भन्दा बढी | ७ | ३८ | | ४ | २ | | ३३ | १२ | ९६ |
| जम्मा | ३१ | १०८ | २ | १८ | १६ | १ | ४४ | २६ | २४६ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा विगत १२ महिनामा मृत्यु भएका परिवारका सदस्यहरूको विवरणलाई हेर्दा २४६ सदस्यहरूको मृत्युको कारण खुलेको छ । यसमध्ये सबैभन्दा धेरै ७० वर्ष भन्दा माथिको जनसंख्या नसर्ने दिर्घ रोगका कारण मृत्यु भएको देखिन्छ । दोस्रोमा ६० वर्ष भन्दा माथिको नसर्ने दिर्घरोगका कारण मृत्यु भएको देखिन्छ । अर्कोतर्फ ०० - ०९ वर्ष उमेर समूहका बालबालिकाहरू भने सरुवा रोगका कारण मरेको र मर्ने संख्याका ८ जना सरुवा तथा ३ जना नसर्ने रोगका कारणले मरेको पाइयो । हिंसा र अपराधका कारण मर्ने उमेर समूह भने २० देखि २९ वर्षको उमेर समूहमा सबैभन्दा बढी देखिन्छ । समग्र तथ्याङ्कको विश्लेषण गर्दा उमेर र दिर्घरोगका कारण मर्नेको संख्या उच्च देखिन्छ । यसको प्रमुखकारणहरूमा अस्वस्थकर जीवनशैली, खानपानको असन्तुलन, नियमित व्यायामको अभाव, मानसिक स्वास्थ्यमा सजगताको कमी, वंशानुगत कारण तथा समयमै स्वास्थ्य जाँच नगराउने परिपाटी आदि हुन् । सरुवा रोगका कारण बालबालिका मर्नु भनेको व्यक्तिगत, पारिवारीक तथा सामुदायीक स्वास्थ्य र सरसफाइ तथा प्राथमिक स्वास्थ्य जस्तै पोषण, खोप र नियमित स्वास्थ्य जाँचको बारेमा जनचेतनामा कमी, उपचार पहुँच र स्वास्थ्य सेवाको उपलब्धतामा कमी हुनाले हो । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ३.३७ मृत्यु दर्ता गर्ने घरधुरीको आधारमा वडागत वितरण

**तालिका नं. ४३ :** मृत्यु दर्ता गर्ने घरधुरीको आधारमा वडागत वितरण

| वडा नं. | भएको | | नभएको | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | २९ | ७४.४ | १० | २५.६ | ३९ | १००.० |
| २ | ३० | ८५.७ | ५ | १४.३ | ३५ | १००.० |
| ३ | २२ | ६१.१ | १४ | ३८.९ | ३६ | १००.० |
| ४ | ९ | ६४.३ | ५ | ३५.७ | १४ | १००.० |
| ५ | १८ | ७८.३ | ५ | २१.७ | २३ | १००.० |
| ६ | २० | ६२.५ | १२ | ३७.५ | ३२ | १००.० |
| ७ | १९ | ५९.४ | १३ | ४०.६ | ३२ | १००.० |
| ८ | २६ | ६५.० | १४ | ३५.० | ४० | १००.० |
| ९ | १७ | ५४.८ | १४ | ४५.२ | ३१ | १००.० |
| जम्मा | १९० | ६७.४ | ९२ | ३२.६ | २८२ | १००.० |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा कारण खुलेको मृत्यु संख्यामा कम देखियता पनि दर्ता भएको मृत्यु संख्या १९० र दर्ता नभएको मृत्यु संख्या ९२ गरेर कूल २८२ देखिन्छ। कूल २८२ मृत्यु संख्यामा जम्मा १९० जना मात्रले मृत्यु दर्ता गरेको देखिन्छ। स्थानिय सरकारको तथ्याङ्कको आधारको रुपमा रहने पञ्जिकरणलाई हरेक नागरिकले जिम्मेवार भएर सहयोग पुऱ्याउनु पर्दछ। यसका लागि थप प्रचार प्रसारको खाँचो देखिन्छ। मृत्यु दर्ता समयमै गर्दा अन्य कानूनी कृयाकलाप जस्तै नामसारी, हकभोग आदि सहज हुने र तथ्याङ्क समेत अध्यावधी गर्न सकिन्छ।




## ३.३८ उमेर र लिङ्गका आधारमा अनुपस्थित जनसंख्याको वितरण

**तालिका नं. ४४ :** उमेर र लिङ्गका आधारमा अनुपस्थित जनसंख्याको वितरण

| वडा नं. | पुरुष | | | महिला | | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | ०-१९ वर्ष | २०-४९ वर्ष | ५० वर्ष भन्दा माथि | ०-१९ वर्ष | २०-४९ वर्ष | ५० वर्ष भन्दा माथि | |
| १ | ६३० | ६४६ | १७ | १२५ | ९६ | ४ | १,५१८ |
| २ | १८१ | ६४९ | २४ | ६३ | ९२ | १ | १,०१० |
| ३ | १७६ | ६३५ | १५ | ४५ | ६७ | ४ | ९४२ |
| ४ | १४७ | ४५० | २१ | ४५ | ९३ | २ | ७५८ |
| ५ | ६३ | २७९ | ४ | ३४ | ३४ | | ४१४ |
| ६ | १११ | २६९ | ३ | २७ | ३२ | २ | ४४४ |
| ७ | १८८ | ३८० | ११ | ३७ | ५५ | १ | ६७२ |
| ८ | २२३ | ६२४ | २९ | ८२ | १४७ | ५ | १,११० |
| ९ | १५० | ४१२ | १३ | ५० | ६८ | २ | ६९५ |
| जम्मा | १,८६९ | ४,३४४ | १३७ | ५०८ | ६८४ | २१ | ७,५६३ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

लामो समयसम्म (६ महिना भन्दा बढी समय सम्म) काम, शिक्षा, व्यवसाय, अन्य रोजगारी वा नोकरी, औषधोपचार जस्ता कारणले घरपरिवारमा अनुपस्थित हुने जनसंख्यालाई अनुपस्थित जनसंख्या भनिन्छ । गाउँपालिकाको तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी २०-४९ वर्षका पुरुषहरू घरमा अनुपस्थित भएको पाइयो भने सबैभन्दा कम अनुपस्थित जनसंख्याको उमेर समूह ५० वर्ष भन्दा माथिका महिलाहरू रहेका छन् । २०-४९ वर्षका ४,३४४ अर्थात कूल अनुपस्थित जनसंख्या ७,५६३ को ५७.४ प्रतिशत पुरुषहरू गाउँपालिकामा अनुपस्थित भएको पाइयो । दोस्रो उमेर समूहमा ० देखि १९ वर्षको पुरुष रहेको छ । यो समूहको अनुपस्थितहरूको संख्या १८६९ अर्थात कूल अनुपस्थित जनसंख्याको २४.७ प्रतिशत रहेको छ । यस तथ्याङ्कको विश्लेषणबाट शसक्त यूवा अवस्थाको पुरुष जनसंख्या काम, रोजगारी, अध्ययन वा अन्य कारणले गाउँपालिका बाहिर हुनु भनेको गाउँपालिका भित्र ती सबैखाले अवसरहरू न्यून हुनु हो । अर्कोतर्फ महिलाको अनुपस्थित जनसंख्या उल्लेख्य रुपमा कम हुनुले लैङ्गिक भेदभाव रहेको स्पष्ट हुन्छ । यसको अर्को अर्थ गाउँपालिकामा महिला, वृद्धहरू र केटाकेटीको जनसंख्याको वाहुल्यता रहेको समेत स्पष्ट हुन्छ । यसरी सक्षम र जुझारु यूवा जनशक्तिको ठूलो हिस्सा गाउँपालिकाबाट बाहिर रहँदा गाउँपालिकाको समग्र विकासमा दिर्घकालिन नकारात्मक प्रभाव पर्दछ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ३.३९ शैक्षिक स्तरको आधारमा गाउँपालिकामा अनुपस्थित जनसंख्याको वितरण

**तालिका नं. ४५ :** शैक्षिक स्तरको आधारमा गाउँपालिकामा अनुपस्थित जनसंख्याको वितरण

| वडा नं. | पूर्व-प्राथमिक शिक्षा | साधारण शिक्षा (१-८) | माद्यामिक तहको शिक्षा (९-१२) | उच्च शिक्षा | अन्य | अशिक्षित | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ८ | ६४७ | ६६७ | ५२ | १४ | ५० | १,४३८ |
| २ | १ | ३८९ | ४५८ | ६७ | ३० | ३६ | ९८१ |
| ३ | ४ | ४१० | ३७८ | ४९ | ११ | ७० | ९२२ |
| ४ | १० | ३६० | २३१ | ४४ | ५१ | ३४ | ७३० |
| ५ | ५ | १६९ | १५१ | २१ | १० | ४१ | ३९७ |
| ६ | ४ | १५४ | २२४ | २७ | ४ | १६ | ४२९ |
| ७ | २ | २३७ | २९२ | ४८ | २८ | ३९ | ६४६ |
| ८ | १० | ३८५ | ४५५ | १५६ | ३३ | २४ | १,०६३ |
| ९ | २ | ३४४ | १७८ | २० | ४६ | ७७ | ६६७ |
| जम्मा | ४६ | ३,०९५ | ३,०३४ | ४८४ | २२७ | ३८७ | ७,२७३ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा अनुपस्थित रहेका जनसंख्या मध्ये शैक्षिक स्तरको आधारमा वितरणको अवस्थालाई हेर्दा पाँच वर्ष मूनिको जनसंख्याको शैक्षिक स्तर उल्लेख नगरिएकोले अनुपस्थित जनसंख्याको अंक केहि कम अर्थात ७,२७३ मात्र देखिएको छ । तर वास्तविक अनुपस्थित जनसंख्या भने ७,५६३ नै हो । शैक्षिक स्तरको आधारमा हेर्दा ७,२७३ जना मध्ये आधारभूत शिक्षा अर्थात १ देखि ८ कक्षा अध्ययन गरेका ३,०९५ अर्थात ४२.६ प्रतिशत, माध्यामिक अर्थात ९-१२ कक्षा अध्ययन गरेका ३,०३४ अर्थात ४१.७ प्रतिशत र उच्च शिक्षा अध्ययन गरेका ४८४ अर्थात जम्मा ६.६५ प्रतिशत जनसंख्या काम तथा रोजगारी वा अन्य कारणले अनुपस्थित भएको पाइयो । तथ्याङ्कलाई हेर्दा माध्यामिक स्तरसम्मका अध्ययन पूरा गरी काम वा रोजगारमा बाहिरिने जनसंख्या र पढ्दा पढ्दै आठ कक्षा उर्त्तिण गरेर काम वा रोजगारीका लागि पढाइ छोड्नेको जनसंख्या उल्लेख्य रहेको पाइयो । यस हिसाबले शिक्षित र दक्ष जनशक्ति भन्दा अर्धशिक्षित र अदक्ष वा अर्धदक्ष जनसंख्याले अध्ययन भन्दा सामान्य स्तरको वा स्तरभन्दा न्यून खालको रोजगारी वा काममा बाहिरिएको संकेत गर्दछ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



## ३.४० शैक्षिक स्तर, लिङ्ग र उमेर समूहका आधारमा अनुपस्थित जनसंख्याको वितरण

**तालिका नं. ४६ :** शैक्षिक स्तर, लिङ्ग र उमेर समूहका आधारमा अनुपस्थित जनसंख्याको वितरण

| विवरण | उमेर | पूर्व-प्राथमिक शिक्षा | साधारण शिक्षा (१-८) | माध्यमिक तहको शिक्षा (९-१२) | उच्च शिक्षा | अन्य | अशिक्षित | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ०-१९ वर्ष | २४ | ८२८ | ७६३ | २८ | ४ | ४८ | १,६९५ |
| | २०-४९ वर्ष | ३ | १,८९७ | १,७९७ | ३११ | १२५ | २११ | ४,३४४ |
| | ५० वर्ष भन्दा बढी | | ५७ | १६ | २ | २२ | ४० | १३७ |
| | सबै उमेरका | २७ | २,७८२ | २,५७६ | ३४१ | १५१ | २९९ | ६,१७६ |
| महिला | ०-१९ वर्ष | १७ | १३७ | २१३ | १३ | ५ | ७ | ३९२ |
| | २०-४९ वर्ष | २ | १७४ | २४४ | १३० | ६६ | ६८ | ६८४ |
| | ५० वर्ष भन्दा बढी | | २ | १ | | ५ | १३ | २१ |
| | सबै उमेरका | १९ | ३१३ | ४५८ | १४३ | ७६ | ८८ | १,०९७ |
| सबै लिङ्ग | ०-१९ वर्ष | ४१ | ९६५ | ९७६ | ४१ | ९ | ५५ | २,०८७ |
| | २०-४९ वर्ष | ५ | २,०७१ | २,०४१ | ४४१ | १९१ | २७९ | ५,०२८ |
| | ५० वर्ष भन्दा बढी | | ५९ | १७ | २ | २७ | ५३ | १५८ |
| | सबै उमेरका | ४६ | ३,०९५ | ३,०३४ | ४८४ | २२७ | ३८७ | ७,२७३ |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा अनुपस्थित जनसंख्या मध्ये २० देखि ४९ वर्ष उमेर समूहको, आधारभूत र माध्यमिक स्तरसम्मको शैक्षिक स्तर भएको, पुरुषको जनसंख्या नै अत्यधिक संख्यामा बाहिरिएको तथ्याङ्कले देखाउँछ । अनुपस्थित मध्ये उच्च शिक्षा हासिल गरेको जनसंख्या तथा महिला र पाको उमेरको जनसंख्या भने पुरुष युवा समूहको तुलनामा निकै कम देखिन्छ । तसर्थ साधारणतया जल्दोबल्दो युवा अवस्थाको अर्धशिक्षित स्तरको जनसंख्या नै काम वा रोजगारीको शिलाशिलामा अत्यधिक संख्यामा बाहिरिएको तथ्याङ्कले देखाउँछ । थप विवरण तालिकामा प्रस्तुत गरिएको छ ।


## ३.४१ अनुपस्थित रहेको अवधिको आधारमा अनुपस्थित जनसंख्याको वितरण

**तालिका नं. ४७ :** अनुपस्थित रहेको अवधिको आधारमा अनुपस्थित जनसंख्याको वितरण

| वडा नं. | अनुपस्थित भएको अवधी (वर्षमा) | | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | ०-४ वर्ष | ५-९ वर्ष | १०-१४ वर्ष | २०-४९ वर्ष | ५० वर्ष भन्दा बढी | |
| १ | ८४६ | ३१७ | २५२ | १०१ | २ | १,५१८ |
| २ | ८६१ | ७८ | ४९ | २१ | १ | १,०१० |
| ३ | ७८३ | ८२ | ६१ | १४ | २ | ९४२ |
| ४ | ५०४ | १३० | १०८ | १६ | | ७५८ |
| ५ | २८९ | ६७ | ५० | ८ | | ४१४ |
| ६ | २९९ | ५९ | ७५ | ११ | | ४४४ |
| ७ | ५११ | ९० | ५७ | १४ | | ६७२ |
| ८ | ८१२ | १७७ | १०० | २० | १ | १,११० |
| ९ | ५६९ | ७९ | ३६ | ११ | | ६९५ |
| जम्मा | ५,४७४ | १,०७९ | ७८८ | २१६ | ६ | ७,५६३ |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा अनुपस्थित रहेका कूल ७,५६३ जनसंख्या मध्ये ०-४ वर्ष सम्म अनुपस्थित रहेको जनसंख्या सबैभन्दा बढी ५,४७४ अर्थात ७२.४ प्रतिशत रहेका छन्। दोस्रो ५-९ वर्षसम्म अनुपस्थित रहनेको संख्या १,०७९ अर्थात १४.३ प्रतिशत रहेको छ। यस तथ्याङ्कलाई हेर्दा छोटो समय अनुपस्थित भई पुन: घर फर्कने र पुन: अनुपस्थित हुनेको संख्या अत्यधिक बढी देखिन्छ यसर्थ काम अध्ययन तथा रोजगारीले गर्दा छोटो अवधिका लागि वाध्यतावस बाहिरिने अनुपस्थित जनसंख्या रहेको देखिन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




## ३.४२ अनुपस्थित रहने कारणका आधारमा अनुपस्थित जनसंख्याको वितरण


**तालिका नं. ४८ :** अनुपस्थित रहने कारणका आधारमा अनुपस्थित जनसंख्याको वितरण

| | अनुपस्थित हुनुको कारण | | | | | |
|---|---|---|---|---|---|---|
| **वडा नं.** | व्यवसाय | नोकरी | अध्ययन | अरुमा निर्भर | अन्य | जम्मा |
| १ | २९ | २९९ | १९९ | ११५ | ८६० | १,५०२ |
| २ | २८ | ८१ | १६४ | ३९ | ६८७ | ९९९ |
| ३ | २२ | २०८ | १०४ | १९ | ५७९ | ९३२ |
| ४ | ४ | ११० | ८६ | १७१ | ३७७ | ७४८ |
| ५ | ५ | ३७ | २३ | ४४ | ३०२ | ४११ |
| ६ | ६ | ९७ | ७६ | १३ | २४५ | ४३७ |
| ७ | ८ | ५० | ९८ | ३४ | ४७८ | ६६८ |
| ८ | २६ | १७७ | १६३ | ८२ | ६४६ | १,०९४ |
| ९ | २ | २० | ५७ | ४९ | ५६५ | ६९३ |
| **जम्मा** | १३० | १,०७९ | ९७० | ५६६ | ४,७३९ | ७,४८४ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा अनुपस्थित रहेका कुल ७,५६३ जनसंख्या मध्ये ७,४८४ को अनुपस्थित हुनाका कारण खुलेकोमा ४,७३९ जनाको भने अन्य कारणमा उत्तर आएकोले त्यो संख्या समेत अस्पष्ट छ। बाँकी जनसंख्या मध्ये सबैभन्दा धेरै नोकरीको शिलशिलामा १,०७९ अर्थात १४.४ प्रतिशत, अध्ययनको शिलशिलामा ९७० अर्थात १३ प्रतिशत र आश्रित अनुपस्थित जनसंख्या ५६६ अर्थात ७.६ प्रतिशत देखिन्छ। अनुपस्थित हुने जनसंख्याको

कारणहरू हेर्दा गाउँपालिका भित्र शिक्षा तथा रोजगारको पर्याप्त अवसरहरू नभएर उपयूक्त अवसरको खोजीमा बाहिरिएको तथ्य देखिन्छ । ४,७३९ अनुपस्थित जनसंख्याको अनुपस्थित रहने कारण नखुलेपनि अधिकांश बाहिरिनेहरूमा काम, रोजगारी तथा शिक्षाको खोजीमा नै परिवार सहित अनुपस्थित रहने हुँदा उनीहरूसँग आश्रित सदस्यहरू विशेषगरी विद्यालय जाने बालबालिका साथमा गएको कारणले हो । वडा अनुसारको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।





## ३.४३ गन्तव्यस्थलका आधारमा अनुपस्थित जनसंख्याको वितरण

**तालिका नं. ४९ :** गन्तव्यस्थलका आधारमा अनुपस्थित जनसंख्याको वितरण

| वडा नं. | अनुपस्थित व्यक्तिको गन्तव्य स्थानको रुपमा जनसंख्या | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | नेपाल (अन्य जिल्ला) | भारत | मध्य पूर्वी राष्ट्र | अन्य एसियान राष्ट्र | अष्टेलिया/ न्युजिल्याण्ड | युरोपियन राष्ट्र | क्यानडा/ अमेरिका | अन्य | थाहा नभएको | |
| १ | ४५२ | ४७३ | ३३५ | ११५ | ५ | १३ | | ११६ | ९ | १,५१८ |
| २ | ३३७ | २६२ | ३१७ | ७२ | १ | ६ | २ | १० | ३ | १,०१० |
| ३ | ३२३ | १९६ | २४६ | १३३ | १ | ४ | ५ | २९ | ५ | ९४२ |
| ४ | ३९१ | १२१ | ११५ | ६३ | | १ | | ६६ | १ | ७५८ |
| ५ | १०० | १०९ | १०८ | ९३ | | | १ | १ | २ | ४१४ |
| ६ | २७७ | ३६ | ५६ | ६६ | | २ | २ | ४ | १ | ४४४ |
| ७ | २६९ | १६२ | ६८ | ६३ | १ | २ | | १०२ | ५ | ६७२ |
| ८ | ४०३ | १८२ | १९८ | १११ | २ | १० | १८ | १८३ | ३ | १,११० |
| ९ | ३३४ | १६३ | १०८ | ७९ | | १ | | १० | | ६९५ |
| जम्मा | २,८८६ | १,७०४ | १,५५१ | ७९५ | १० | ३९ | २८ | ५२१ | २९ | ७,५६३ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा अनुपस्थित रहेका ७५६३ जनसंख्या मध्ये सबैभन्दा बढी ४,०५० अर्थात ५३.६ प्रतिशत जनसंख्या एसियन मुलुकहरूमा रहेको छ। जसमा सबैभन्दा बढी १७०४ भारत, १५५१ मध्य पूर्वी राष्ट्र र ७९५ अन्य एसियन मुलुकहरुमा रहेको देखिन्छ। २,८८६ अर्थात ३८.२ प्रतिशत जनसंख्या देशभित्रकै अन्य जिल्लाहरूमा रहेको, ३९ जना यूरोपियन मुलुकमा रहेको, ३० जना अर्थात ०.५ प्रतिशत उत्तर अमेरिकी मुलुकमा रहेको र बाँकी अन्य मूलुकहरूमा ज्यादै न्यून संख्यामा रहेको देखिन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रसतुत गरिएको छ। तथ्याङ्कको विश्लेषणबाट ठूलो संख्याको अनुपस्थित जनसंख्या अवसरको खोजीमा देशकै अन्य शहरी कम्पनी, सरकारी नोकरीको शिलसिलामा अन्य जिल्ला तथा अध्ययन तथा अन्य अवसरको कारण संघिय राजधानी काठमाडौंमा रहेको अनुमान गर्न सकिन्छ। अर्कोतर्फ देश बाहिर गएको जनसंख्या भने रोजगारीको शिलशिलामा एसियाका विभिनन मुलुकहरूमा पुग्नेको संख्या भने दोस्रोमा रहेको स्पष्ट हुन्छ। यस बाहेक अन्य यूरोपियन, अमेरिकन र अष्ट्रेलिया जानेहरूको संख्या भने अत्यन्त न्यून रहेको छ। विकसित मूलुक भन्दा छिमेकी मुलुक भारत र उदाउँदा औद्योगिक खाडी राष्ट्रहरूमा कामको लागि जोखिमयूक्त र कडा श्रमयुक्त काममा जानेको संख्या दोस्रो स्थानमा रहेको छ।




## ३.४४ अनुपस्थित हुने कारण र गन्तव्यस्थलका आधारमा अनुपस्थित जनसंख्याको वितरण

**तालिका नं. ५० :** अनुपस्थित हुने कारण र गन्तव्यस्थलका आधारमा अनुपस्थित जनसंख्याको वितरण

| विवरण | अनुपस्थित हुनुको कारण | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | व्यापार/व्यवसाय | निजी नोकरी | संस्थागत नोकरी | अध्ययन/तालिम | काम खोज्दै | निर्भर | विवाद | अन्य | थाहा नभएको | |
| नेपाल (अन्य जिल्ला) | ११४ | ४१६ | २२५ | ८२७ | ७२३ | ३३१ | २ | २१८ | ३० | २,८८६ |
| भारत | १२ | १५४ | १६ | ६२ | १,१७३ | १७९ | १ | ८१ | २६ | १,७०४ |
| मध्य पूर्वी राष्ट्र | १ | १३७ | ८ | ९ | १,२५९ | १५ | | ११७ | ५ | १,५५१ |
| अन्य एसियान राष्ट्र | | ६१ | ८ | २२ | ६२६ | १३ | | ६० | ५ | ७९५ |
| अष्टेलिया/न्युजिल्याण्ड | | १ | | ८ | १ | | | | | १० |
| युरोपियन राष्ट्र | | ९ | | ७ | २१ | | | २ | | ३९ |
| क्यानडा/अमेरिका | | ३ | २ | ४ | ९ | ८ | १ | | १ | २८ |
| अन्य | ३ | ३२ | ४ | ३१ | ३५२ | १९ | २ | ७४ | ४ | ५२१ |
| थाहा नभएको | | ३ | | | १४ | १ | | ३ | ८ | २९ |
| जम्मा | १३० | ८१६ | २६३ | ९७० | ४,१७८ | ५६६ | ६ | ५५५ | ७९ | ७,५६३ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा अनुपस्थित रहने कुल ७,५६३ जनसंख्या मध्ये जागिर अर्थात कामको खोजीमा अन्य जिल्लाहरूमा जानेको संख्या सबैभन्दा धैरै अर्थात देशभित्र अन्य जिल्लामा रहेका कुल २,८८६ जना मध्ये ८२७ जना (२८.७ प्रतिशत) अध्ययन तथा तालिमको लागीको लागि देशमा नै रहेका छन् । यस अनुपस्थित हुने जनसंख्या मध्ये कामको खोजीमा छिमेकि मूलुक भारत जानेको संख्या दोस्रो स्थानमा रहेको छ । समग्रमा हेर्दा अनुपस्थित जनसंख्याको कूल अनुपातमा जनसंख्याको ५५.२ प्रतिशत (४,१७८ जना) अर्थात आधा भन्दा बढी जनसंख्या कामको खोजीमा बाहिरिएको तथ्याङ्कले देखाउँछ । यसरी ठूलो हिस्सा जनसंख्या कामको लागि बाहिरिदाँ विप्रेषणले मात्र कालान्तर गाउँपालिकाको विकास संभव हुँदैन । यसका लागि दूरदृष्टि सहित दिगो सोच र विकासको लक्ष्य लिएर अगाडि बढ्ने यूवा जमातको उपस्थिति गाउँपालिकामै हुनु अनिवार्य छ । यसरी यूवा शक्तिलाई गाउँपालिकाकै विकासका लागि परिचालन गरी अनुपस्थित जनसंख्यालाई कम गर्ने प्रभावकारी योजना र त्यसको कार्यान्वयन गर्नु स्थानीय सरकारको लक्ष्य हुन जरुरी छ । अन्य गन्तव्य स्थल र कारणहरूको विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

## ३.४५ व्यक्तिगत घटना दर्ता

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न कानुनी प्रक्रियाहरु पालना गर्नु पर्ने हुन्छ । नागरिकता, राहादानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानूनी प्रक्रिया पालना गर्नुपर्ने हुन्छ । यसका लागि सरकारले आधिकारीक प्रमाणपत्र उपलब्ध गराउँछ । जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेद जस्ता घटना समयमा नै दर्ता गर्नु पर्ने हुन्छ । संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ । त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो । राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो । कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ । यसको आधारमा सरकारले नीति बनाउने हुँदा जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ ।


### ३.४५.१ पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत वितरण

**तालिका नं. ५१ :** पाँच वर्षमुनिका बालबालिकाको जन्मदर्ताको आधारमा वडागत वितरण

| वडा नं. | दर्ता गराएको | | दर्ता नगराएको | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | ३७८ | ७१.७ | १४९ | २८.३ | ५२७ |
| २ | ४१६ | ७१.२ | १६८ | २८.८ | ५८४ |
| ३ | ४१६ | ६७.९ | १९७ | ३२.१ | ६१३ |
| ४ | ४०२ | ८६.१ | ६५ | १३.९ | ४६७ |
| ५ | २४७ | ७०.० | १०६ | ३०.० | ३५३ |
| ६ | ३१३ | ७३.८ | १११ | २६.२ | ४२४ |
| ७ | ३२४ | ७४.७ | ११० | २५.३ | ४३४ |
| ८ | ३२६ | ७१.३ | १३१ | २८.७ | ४५७ |
| ९ | २७८ | ६२.२ | १६९ | ३७.८ | ४४७ |
| जम्मा | ३,१०० | ७२.० | १,२०६ | २८.० | ४,३०६ |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा जन्म भएका पाँच वर्ष मुनीका ४,३०६ बालबालिकाहरू मध्ये ३१०० अर्थात ७२ प्रतिशतको जन्मदर्ता नगरिएको तथ्याङ्क रहेको छ । जन्म, मृत्यु, बसाइ-सराइ र विवाह जस्ता जीवनका प्रमुख व्यक्तिगत घटनाको अनिवार्य र समयमै दर्ता गर्नुपर्दछ। यसबाट स्थानिय सरकारलाई यकिन तथ्याङ्कको अभिलेख तयार पार्न सहयोग पुग्दछ भने अर्को तर्फ नागरिकहरूले राज्यबाट प्राप्त गर्ने सेवा सुविधाका लागि नागरिकको पहिचान कायम गर्न र अन्य कानूनी कृयाकलापहरूमा यसको आवश्यकता पर्दछ तसर्थ जन्मदर्तालाई समयमै अनिवार्य रुपमा गर्न प्रोत्साहन गर्ने कार्य स्थानिय सरकारले गर्नुपर्ने देखिन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ३.४६ मतदाता संख्याको विवरण

यस गाउँपालिकामा २०७४ भाद्र ५ गते सम्म १८ वर्ष पुरा भएका मतदाता संख्या जम्मा ३०,४५६ रहेका छन् । गाउँपालिकामा मतदाता संख्या पुरुषको तुलनामा महिलाको संख्या ५३१ जनाले बढि रहेको छ । जहाँ पुरुषको संख्या १४,९६२ र महिलाको संख्या १५,४९३ रहेको छ भने एकजना तेस्रो लिङ्गी पनि मतदाताको रुपमा रहेको छ । त्यसैगरी गाउँपालिकाको ९ वडाहरुमा २० ओटा मतदान केन्द्र रहेका छन् । जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ५२ : मतदाता संख्याको विवरण


| क्र.सं. | मतदान केन्द्र | मतदाता संख्या | | | | वडा नं. |
|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | ते.ली | जम्मा | |
| १ | जगदम्बिका आ.वि., शान्तिपुर | ५९१ | ६९७ | | १२८८ | १ |
| २ | दीपज्योती मा.वि., डाँफे | ११५६ | १४०७ | १ | २५६४ | १ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | जागृती आधारभूत विद्यालय, शिवशक्तिपुर | १११६ | १२१८ | | २३३४ | २ |
| ४ | साविक गा.वि.स भवन, सितापुर | ९२१ | ९६२ | | १८८३ | २ |
| ५ | ने.रा आधारभूत विद्यालय, गोब्रेपुर | ५७४ | ५३५ | | ११०९ | ३ |
| ६ | ने.रा सरस्वती आधारभूत विद्यालय, सोरहवा | ५२२ | ५१० | | १०३२ | ३ |
| ७ | भवानि मा.वि., सिमरा | ९३७ | ८५१ | | १७८८ | ३ |
| ८ | जनता प्रा.वि., भकारी | ५०४ | ४७८ | | ९८२ | ४ |
| ९ | ज्ञानज्योती मा.वि., क्षेत्रनगर | ११४१ | ११०४ | | २२४५ | ४ |
| १० | ने.रा इन्दिरा भुषाल मा.वि., बढैया | ७७० | ७१७ | | १४८७ | ५ |
| ११ | सरस्वती मा.वि., जगतिया | ७५२ | ७५६ | | १५०८ | ५ |
| १२ | जनता आ.वि., भदोही | ३३६ | ३७५ | | ७११ | ६ |
| १३ | प्रगति नि.मा.वि., मैनापोखर | ६५१ | ६९८ | | १३४९ | ६ |
| १४ | जोधा पशुपति प्रा.वि., सुरेन्द्रनगर | ५१६ | ५४६ | | १०६२ | ७ |
| १५ | ने.रा. आधारभूत विद्यालय, पडरिया | ७८१ | ७८७ | | १५६८ | ७ |
| १६ | युवक आ.वि., बोकटिया | ५११ | ५१४ | | १०२५ | ७ |
| १७ | ने.रा. मयूर आ.वि., मयूरवस्ती | ५२८ | ५८८ | | १११६ | ८ |
| १८ | विद्याज्योती मा.वि., स्याउलीवजार | ८२१ | ९१८ | | १७३९ | ८ |
| १९ | सितला महिला नमुना प्रा.वि., सितलाबजार | ६३५ | ७१७ | | १३५२ | ८ |
| २० | जयकालिका मा.वि., मुनालवस्ती | ११९९ | १११५ | | २३१४ | ९ |
| | जम्मा | १४९६२ | १५४९३ | १ | ३०४५६ | |

*स्रोत : निर्वाचन आयोग नेपाल, २०७४*

# खण्ड ४ : भू-उपयोग

## ४.१ गाउँपालिका भू-उपयोगको विवरण




नक्सा नं. ९ : गाउँपालिकाको भूभागको वितरण


बढैयाताल गाउँपालिका विद्यमान भू-उपयोग हेर्दा गाउँपालिकाका सबैभन्दा बढी कुल जमिनको ८३.१२ प्रतिशत (९५.७५ वर्ग कि.मी.) जग्गा खेतियोग्य जमिनको रुपमा रहेको छ भन ४.४३ प्रतिशत (३.८४ वर्ग कि.मी.) घाँसेमैदान र २.१९ प्रतिशत छरिएका रुखहरुले ओगटेको छ। त्यस्तै गाउँपालिकामा जल क्षेत्रले १.११ प्रतिशत (१.२८ वर्ग कि.मी ) र पोखरीले ०.७० प्रतिशत भूभाग ओगटेको छ। बालुवाले २.३३ प्रतिशत (२.६८ वर्ग किलोमिटर), झाडिले ०.४२ प्रतिशत, बगैंचाले ०.२६ प्रतिशत, ओगटेको छ। कृषि उत्पादनको दृष्टिकोणले हेर्ने हो भने यहाँको जमिनको अधिकांश भू-भाग समथर हुनाले अधिकांश भाग कृषि योग्य छ। सिंचाईको स्रोत तथा परम्परागत सिंचाई प्रणालीले गर्दा कृषि जमिनमा केही हदसम्म सिंचाईको व्यवस्था रहेकोले कृषि उत्पादन सन्तोषजनक रहेका छ। माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा गाउँपालिकाबासीहरुको आर्थिक हैसीयत वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नीतिहरु अवलम्बन गर्न सकिन्छ। यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। भू-उपयोगको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. ५३ :** गाउँपालिकाको भूभागको वितरण

| विवरण | ओगटेको क्षेत्रफल | प्रतिशत |
|---|---|---|
| निर्माण क्षेत्र | ३.०१ | २.६१ |
| वनस्पति | ३.९३ | ३.४१ |
| बगैंचा | ०.३० | ०.२६ |
| घाँसमैदान | ४.४३ | ३.८४ |
| झाडी बुट्यान | ०.४९ | ०.४२ |
| | २.५२ | २.१९ |
| बालुवा | २.६८ | २.३३ |
| जल क्षेत्र | १.२८ | १.११ |
| पोखरी | ०.८० | ०.७० |
| खेतियोग्य जमिन | ९५.७५ | ८३.१२ |
| **जम्मा** | ११५.१९ | १००.०० |

*स्रोत: नापी विभाग, २०७४*

## ४.२ मुख्य बस्ती सम्बन्धी विवरण




नक्सा नं. १० : मुख्य बस्ती

**तालिका नं. ५४ :** मुख्य बस्ती सम्बन्धी विवरण

| क.सं. | वडा नं. | मुख्य बस्ती/गाउँ/टोलको नाम |
|---|---|---|
| १ | १ | शान्तिपुर |
| २ | १ | डाँफे |
| ३ | १ | सानो डाँफे |
| ४ | २ | शिवशक्तिपुर फुटाह |
| ५ | २ | जमुनी |
| ६ | २ | सितापुर |
| ७ | ३ | सोरहवा गाउँ, भोलागौढो, पिपलपुर दौलतपुर |
| ८ | ३ | सज्पतीया,गोब्रेपुर, भवानिपुर, सितलापुर, गौढीगाउँ |
| ९ | ३ | सेमरा, तमौलिपुर, जोडिपिपल, प्रगतीटोल |
| १० | ४ | भखारी, गन्धर्वटोल, मान किनारा, खैरेनी, कटहरा |
| ११ | ४ | बुराहा, सिक्टीरियहार, पुष्पनगर, नयाँबस्ती |
| १२ | ४ | रामनगर मुक्त कमैया |
| १३ | ५ | बढैया गाउँ |
| १४ | ५ | जगतिया गाउँ |
| १५ | ५ | सरसेला बस्ती, छल्लन चोक बस्ती, खैसाबस्ती, पासीपुर बस्ती |
| १६ | ६ | भदोही, मानपुर, मैनापोखर |
| १७ | ७ | दाङपुर, बकोटिया, बिचकापुर, पहाडीपुर, सुरेन्द्रनगर, भराहारिया, |
| १८ | ७ | बाजीपुर, माघीटोल, चमेरढेकी, फुलपुर, पचासा, रामनगर |
| १९ | ८ | शितलाबजार, पशुपतिबजार, पचाँसा, मुनालबस्ति, स्याउलीबजार, कण्ठपुर, मयुरबस्ती |
| २० | ९ | टेशनपुर, जनतानगर, शक्तिनगर, जुक्तिनगर, मुनालबस्ती |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ४.३ ग्रामीण वस्ती विस्तारको स्वरुप

बढैयाताल गाउँपालिकाको सडक सञ्जाल देशको सबै मुख्य मुख्य शहरी क्षेत्रहरुसँग जोडेका हुँदा गाउँपालिकाको सबै वडाहरुमा सडक, विद्युत, संचार जस्ता सुविधाहरूको पहुँच पुगेको देखिन्छ। कृषि एवं वनजन्य औद्योगिक कच्चा पदार्थको उपलब्धता भएका कारण गाउँपालिकामा स्थानीय स्रोत र कृषिमा आधारित उद्योगको विकास विस्तारको सम्भावना रहेको छ । यसका अतिरिक्त अधिकांश क्षेत्रहरू क्रमिकरुपमा विकसित भईरहेकको अवस्थामा रहेको देखिन्छन् । गाउँपालिकाका अधिकांश भू-भागबाट सदरमुकाम अर्थात गाउँपालिकामा बसाइसराइको क्रम वृद्धि भइरहेको र गाउँपालिकाका अन्य क्षेत्रहरुमा व्यवस्थित बस्ती विकासको संरचना नदेखिएकोले ती स्थानमा व्यवस्थित गाउँपालिका योजना बनाएर बाटो, खानेपानी, ढल निकास इत्यादीको समयमै विकास गर्नुपर्ने देखिन्छ। गाउँपालिकाबासीहरुलाई घरदैलोमा सेवा प्रवाह गर्ने ध्येयका साथ वडा समिति कार्यालयहरु, सम्बन्धित वडा मै स्थापना गरी सेवा प्रवाह गर्ने वडा समिति स्थापना गरी सेवा प्रवाह भै रहेका छन् ।

## ४.४ क्रमिक विकास भइरहेका बस्तीहरूको वर्तमान स्वरुप

बढैयाताल गाउँपालिका भूबनोट, सुगमता र जलवायुको आधारमा बसोबासको लागि उपयुक्त मानिएको छ। सिंचाई परियोजना सँगै सडक प्रणालीको समेत समानान्तर विकास भएको र शिक्षा, स्वास्थ्य जस्ता सुविधाहरू समेत विकास हुँदै गएको छ। हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथसाथै यातायात सुविधाको त्रमिक विकासले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ। यसका साथै विभिन्न स्थानहरुमा गाउँपालिकाहरुले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा हाट बजारको व्यवस्थापन गर्ने काम साथै स-साना व्यापारिक केन्द्रको रुपमा क्रमिक विकास भइरहेको छ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरुपले मूल्य बृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्क जस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ।

गाउँपालिका क्षेत्रहरुको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरु लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधा जस्ता कार्यक्रमहरु संचालन गर्नु पर्दछ। यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरुलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ।


### ४.४.१ लालपुर्जा भएको वा नभएको जमिनमा बनेको घरहरूको आधारमा घरधुरीहरूको विवरण

**तालिका नं. ५५ :** लालपुर्जा भएको वा नभएको जमिनमा बनेको घरहरूको आधारमा घरधुरीहरूको विवरण

| वडा नं. | छ | | छैन | | थाहा नभएको | | उल्लेख नगरिएको | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | १,३०५ | ९६.४ | ३९ | २.९ | ७ | ०.५ | ३ | ०.२ | १,३५४ |
| २ | १,१९० | ७७.८ | २६० | १७.० | ७९ | ५.२ | | | १,५२९ |
| ३ | १,२७० | ८६.५ | १८५ | १२.६ | १२ | ०.८ | १ | ०.१ | १,४६८ |
| ४ | ८८७ | ७२.९ | ३२९ | २७.० | १ | ०.१ | | | १,२१७ |
| ५ | ७६२ | ८१.८ | १६४ | १७.६ | ४ | ०.४ | १ | ०.१ | ९३१ |
| ६ | १,१८१ | ८३.८ | २१८ | १५.५ | १० | ०.७ | | | १,४०९ |
| ७ | १,०२३ | ८५.५ | १४३ | १२.० | ३० | २.५ | | | १,१९६ |
| ८ | १,१७७ | ८२.५ | २१४ | १५.० | ३५ | २.५ | | | १,४२६ |
| ९ | ८३९ | ५३.८ | ७१८ | ४६.१ | २ | ०.१ | | | १,५५९ |
| जम्मा | ९,६३४ | ७९.७ | २,२७० | १८.८ | १८० | १.५ | ५ | ०.० | १२,०८९ |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका कूल १२,०८९ घरधुरीहरू मध्ये लालपुर्जा भएको आफ्नै जमिनमा घर भएकाहरूको संख्या ९,६३४ अर्थात ७९.७ प्रतिशत, लालपुर्जा नभएको जमिनमा घर बनाउनेको संख्या २,२७० अर्थात १८.८० प्रतिशत र बाँकि थाहा नभएको र अन्यमा बनेको घरधुरीहरू रहेका छन् । लालपूर्जा नभएको जमिनमा घरहरू निर्माण गर्नेको संख्या मध्ये धेरै वडा नं. ९, ४, २, ६ र ८ छन् । यसरी लालपुर्जा विहिन घरधुरीहरू सुकुम्बासी भएकोले राज्यले यस्ता घरधुरीहरूको सुनिश्चित आवासको व्यवस्था गरिदिनुपर्दछ । तसर्थ यस्ता भूमिहिन वर्गको समुचित व्यवस्थापन गर्नुपर्ने दायित्व गाउँपालिकामा रहेको छ । थप वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।





## ४.४.२ घर निर्माण सम्पन्न प्रमाणपत्र लिएका घरधुरीको संख्याको आधारमा घरधुरीको विवरण

**तालिका नं. ५६ :** घर निर्माण सम्पन्न प्रमाणपत्र लिएका घरधुरीको संख्याको आधारमा घरधुरीको विवरण

| वडा नं. | छ | | छैन | | थाहा नभएको | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | २७२ | २०.८ | ९८१ | ७५.२ | ५२ | ४.० | १,३०५ |
| २ | १६ | १.३ | १,१५२ | ९६.८ | २२ | १.८ | १,१९० |
| ३ | २९ | २.३ | १,२१४ | ९५.६ | २७ | २.१ | १,२७० |
| ४ | ४३ | ४.८ | ८४२ | ९४.९ | २ | ०.२ | ८८७ |
| ५ | १० | १.३ | ६८६ | ९०.० | ६६ | ८.७ | ७६२ |
| ६ | ३४ | २.९ | १,१४७ | ९७.१ | | | १,१८१ |
| ७ | २१२ | २०.७ | ७४१ | ७२.४ | ७० | ६.८ | १,०२३ |
| ८ | १६६ | १४.१ | ९८६ | ८३.८ | २५ | २.१ | १,१७७ |
| ९ | १४१ | १६.८ | ६९८ | ८३.२ | | | ८३९ |
| जम्मा | ९२३ | ९.६ | ८,४४७ | ८७.७ | २६४ | २.७ | ९,६३४ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा लालपुर्जा भएको आफ्नै जमिनमा घर निर्माण गरेका ९,६३४ घरधुरीहरू मध्ये जम्मा ९२३ घरहरूको मात्र घर निर्माण सम्पन्न प्रमाणपत्र रहेको छ। बाँकि ८,४४७ घरधुरी अर्थात ८७.७ प्रतिशत घरधुरीको घर निर्माण सम्पन्न प्रमाणपत्र छैन। यस अवस्थालाई हेदा गाउँपालिकाका करीब ९० प्रतिशत घरधुरीहरू कच्ची र भवन निर्माणका सुरक्षित विधिहरू नअपनाइ बनाइएका छन्, भूकम्प, बाढी तथा तराई क्षेत्रमा डुबानको उच्च जोखिम भएको क्षेत्रका कारण राष्ट्रिय भवन निर्माण संहितामा रहेर गाउँपालिकाले भवन निर्माण मापदण्ड लागु गरी सुरक्षा संवेदनशिलतामा ध्यान दिनु आवश्यक छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।





## ४.४.३ कोठा वा फ्ल्याट भाडामा दिएका घरधुरीहरूको वडागत विवरण

**तालिका नं. ५७ :** कोठा वा फ्ल्याट भाडामा दिएका घरधुरीहरूको वडागत विवरण

| वडा नं. | छ | | छैन | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | १४ | १.१ | १,२९१ | ९८.९ | १,३०५ |
| २ | १५ | १.३ | १,१७५ | ९८.७ | १,१९० |
| ३ | १८ | १.४ | १,२५२ | ९८.६ | १,२७० |
| ४ | ८ | ०.९ | ८७९ | ९९.१ | ८८७ |
| ५ | १ | ०.१ | ७६१ | ९९.९ | ७६२ |
| ६ | ४१ | ३.५ | १,१४० | ९६.५ | १,१८१ |
| ७ | ५ | ०.५ | १,०१८ | ९९.५ | १,०२३ |
| ८ | ३५ | ३.० | १,१४२ | ९७.० | १,१७७ |
| ९ | १ | ०.१ | ८३८ | ९९.९ | ८३९ |
| जम्मा | १३८ | १.४ | ९,४९६ | ९८.६ | ९,६३४ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा आफ्नै लालपुर्जा भएको जमिनमा घर बनाएको ९,६३४ घरधुरीहरू मध्ये ९८.६ प्रतिशत घरधुरीहरूले कोठा भाडामा लगाएका छैनन् । जम्मा १३८ अर्थात १.४ प्रतिशत घरधुरीहरूले मात्र कोठा भाडामा लगाएको पाइन्छ । पूर्ण रुपमा ग्रामीण परिवेशमा रहेको यो गाउँपालिकामा भाडामा बस्नेको संख्या निकै कम छ यो अत्यन्त नगण्य संख्या हो । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ४.४.४ कोठा भाडा दिएका घरधुरीहरूले गर्ने मासिक आम्दानीको आधारमा वडागत विवरण

**तालिका नं. ५८ :** कोठा भाडा दिएका घरधुरीहरूले गर्ने मासिक आम्दानीको आधारमा वडागत विवरण

| वडा नं. | जम्मा घरधुरी | कोठा भाडामा लगाउने घरधुरी संख्या | भाडामा बस्ने परिवारले लिएको जम्मा कोठा संख्या | घरभाडाबाट जम्मा मासिक आम्दानी | घरभाडाबाट प्राप्त औसत मासिक आम्दानी |
|---|---|---|---|---|---|
| १ | १,३५४ | १४ | २४ | ३६,००० | २,५७१ |
| २ | १,५३१ | १५ | २३ | ४१,००० | २,७३३ |
| ३ | १,४६८ | १८ | ३४ | ६१,३०० | ३,४०६ |
| ४ | १,२१७ | ८ | २० | १८,८०० | २,३५० |
| ५ | ९३२ | १ | १ | १,००० | १,००० |
| ६ | १,४०९ | ४१ | ८६ | १०२,८०० | २,५०७ |
| ७ | १,१९६ | ५ | ११ | १६,५०० | ३,३०० |
| ८ | १,४२६ | ३५ | ९३ | २१०,९०० | ६,०२६ |
| ९ | १,५५९ | १ | १ | ५०० | ५०० |
| **जम्मा** | १२,०९२ | १३८ | २९३ | ४८८,८०० | ३,५४२ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा कोठा भाडामा दिएका १३८ घरधुरीहरूबाट मासिक कूल ४,८८,८०० रुपैँया उठ्ने गरेको तथ्याङ्कले देखाउँछ । यस मध्ये सबैभन्दा बढी वडा नं. ८ मा ३५ घरधुरीहरूले ९३ कोठा भाडामा दिएको पाइन्छ । अन्य वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।


## ४.४.५ भाडाको घरमा बस्ने परिवारहरूले मासिक रुपमा तिर्ने भाडाको आधारमा घरधुरीको वितरण

**तालिका नं. ५९ :** भाडाको घरमा बस्ने परिवारहरूले मासिक रुपमा तिर्ने भाडाको आधारमा घरधुरीको वितरण

| वडा नं. | २,००० भन्दा कम | २,००१-३,००० | ३,००१-५,००० | ५,००१-१०,००० | १०,००१-५०,००० | जम्मा | औसत भाडा दर |
|---|---|---|---|---|---|---|---|
| १ | ३ | | | | | ३ | १,५३३.३३ |
| २ | ९ | १ | १ | १ | | १२ | २,२०८.३३ |
| ३ | ७ | २ | ६ | २ | | १७ | ३,५२९.४१ |
| ४ | ८ | | १ | | | ९ | १,५५५.५६ |
| ५ | २ | | | | १ | ३ | ५,०००.०० |
| ६ | १६ | ५ | १ | १ | | २३ | २,०६५.२२ |
| ७ | ८ | २ | १ | १ | १ | १३ | ३,४००.०० |
| ८ | ३० | ५ | २ | ३ | १ | ४१ | २,२५६.१० |
| ९ | २ | | | | | २ | १,०००.०० |
| जम्मा | ८५ | १५ | १२ | ८ | ३ | १२३ | २,४९०.२४ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकाका कुल घरधुरीहरू मध्ये जम्मा १२३ अर्थात १ प्रतिशत परिवारहरूमा भाडामा बस्ने गरेकोमा त्यस मध्ये ८५ परिवार अर्थात ६९.१ प्रतिशतले मासिक २ हजार भन्दा कम भाडा तिर्ने र अन्यले त्यो भन्दा माथि तिर्ने गरेको तथ्याङ्कले देखाउँछ। व्यापक रुपमा शहरीकृत नभइसकेको ग्रामिण इलाका भएकोले पेशा, व्यवसाय, रोजगार, अध्ययन तथा अन्य कामको लागि शहरहरूमा जस्तो भाडामा बस्नेहरूको संख्या यस गाउँपालिकामा रहेको छैन। वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ।



## ४.५ बस्ती विकासमा देखिएका चुनौतीहरू

क्रमश विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- ✓ बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा बर्गिकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदान जस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ।
- ✓ बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रुपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ।
- ✓ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु सकेको छैन।

## ४.६ भू-क्षय सम्भावित क्षेत्र

गाउँपालिकाका नदी तथा खोला किनारका भागहरु भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। वैज्ञानिक भू-क्षय नियन्त्रणका कार्यक्रमहरुको अभाव, अतिवृष्टि, अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रवृत्ति एवं अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेती तर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरुमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ। मूलतः गाउँपालिकाका खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकुल प्रभाव पारेको छ। यसक्रमलाई रोक्नको लागि जल निकासको उचित व्यवस्था मिलाउनुपर्ने देखिन्छ। त्यस्तै, अल्पकालिन, मध्यकालिन र दीर्घकालिन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालिन उपायको रुपमा स्पर एवं तटबन्ध निर्माण गर्ने मध्यकालिन उपायको रुपमा प्रभावित क्षेत्रको वरिपरी वृक्षारोपण गर्ने र दीर्घकालिन उपायको रुपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्ने तर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ।

## ४.७ प्रकोपबाट भएको क्षति

बढैयाताल गाउँपालिका पनि तराईंमा पर्ने भएकोले प्राकृतिक प्रकोपबाट पीडित हुनबाट अछुतो रहेको छैन। यहाँ बाढी, डुबान, कटान, हावाहुरी, आगलागी, सितलहर जस्ता प्राकृतिक प्रकोपले सताइरहेको पाइन्छ।

## ४.८ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

**तालिका नं. ६० :** गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क्र. सं. | संभावित प्रकोप | विद्यमान अवस्था | समय |
|---|---|---|---|
| १ | भुकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रुपमा लागु नभएको | जुनसुकै समयमा |
| २ | बाढी | गाउँपालिकामा विशेषत: साना ठुला नदी/खोलाहरु बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरुले आसपासका भुभागहरू बर्षेनी डुवान र कटान गरि क्षति पुऱ्याईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन्। | जेष्ठ–असोज |
| ३ | आगलागी | गाउँपालिकाको धेरै जसो भु–भागमा घनावस्ती रहेका (सुकुम्वासी, मुक्त कमैया, वाढी विस्थापित) लगायतका अति विपन्न समुदायका घरहरु सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, खाना पकाउने कोठाका भित्ताहरू माटोले नपोत्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटर जस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। | चैत्र–जेष्ठ |
| ४ | महामारी | बाढी पश्चात पूर्ण प्रकोपका रुपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |
| ५ | बर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ६ | शितलहर | चिसोको मात्रा बढ्दै गएको समयमा विपन्न वस्ती बढी प्रभावित | पुस –माघ |
| ७ | जंगली जनावर आतंक | गाउँपालिकाको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरु | जुनसुकै समयमा |
| ८ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिचाईं नपुगेका भागहरु | असार–भदौ |
| ९ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| १० | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*स्रोत: जिल्ला समन्वय समिति, बर्दिया २०७४*

## ४.९ विपद व्यवस्थापन पूर्व तयारी सम्बन्धी विवरण

बढैयाताल गाउँपालिकामा विपद व्यवस्थापनको दृष्टिले हेर्दा निम्न अवस्था रहेको पाइएको छ।

- विपद् व्यवस्थापन गाउँपालिका समिति (Municipality Disaster Management Committee) बनेको छैन
- सुरक्षित स्थान तोकिएको छैन
- विपद् व्यवस्थापन पूर्व तयारी योजना बनेको छ

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ गाउँपालिकाको अर्थतन्त्रको संरचनात्मक स्वरुप

गाउँपालिकाको अर्थतन्त्र मुख्यतया: कृषि, मत्स्यपालन, साना उद्योग, सेवामुलक व्यवसाय, नोकरी, निर्माण, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवा जस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा समतल जमिन भएको यस गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको तराईको क्षेत्र भएको हुँदा गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा कृषि व्यवसायमा संलग्न रहेका छन। यस परिवेशमा आधुनिक कृषि तथा पशुपालनलाई बढि जोड दिनुपर्दछ। गाउँपालिकामा रहेका तालहरूसहितको सिमसार क्षेत्र, वनजंगल तथा जैविक विविधताले गाउँपालिकाको विकासमा थप सम्भावना बोकेको छ। मील, फर्निचर उद्योग, धागोको उद्योग, क्रसर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस गाउँपालिकामा रहेका केही साना तथा घरेलु उद्योग व्यवसायहरु हुन्। यस गाउँपालिकाका मुख्य आर्थिक क्रियाकलापहरुमा व्यापार व्यवसाय, नोकरी र वैदेशिक रोजगार रहेको देखिन्छ।

## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

**तालिका नं. ६१ :** आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | १५ वर्षदेखि ५९ वर्षसम्मका आर्थिकरुपले सक्रिय जनसंख्या | | आर्थिकरुपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| | पूरुष | महिला | |
| ५१,४५५ | १३७१९ (४३.३७%) | १७९११ (५६.६३%) | ३१६३० (५७.३६%) |

*स्रोत : घरधुरी सर्वेक्षण, २०७४*

माथिको तालिकामा बढैयाताल गाउँपालिकामा सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा सक्रिय पुरुषको संख्या १३,७१९ (४३.३७ प्रतिशत), सक्रिय महिलाको संख्या १७,९११ (५६.६३ प्रतिशत) गरी गाउँपालिकाको कुल जनसंख्याको ३१,६३० अर्थात् ५७.३६ प्रतिशत जनसंख्या आर्थिकरुपले सक्रिय छन् भने आर्थिक रुपमा निस्कृय जनसंख्या ३८.५३ प्रतिशत देखिन्छन्। आर्थिकरुपले सक्रिय जनसंख्यामा लैगिंक भिन्नता १३.२५ प्रतिशत रहेको देखिन्छ जसमा महिला अगाडि रहेका छन्। जसको विस्तृत विवरण माथि तालिकामा देखाइएको छ।

## ५.३ आश्रित जनसंख्याको विवरण

**तालिका नं. ६२ :** आश्रित जनसंख्याको विवरण

| जम्मा जनसंख्या | आश्रित बाल बालिका (०-१४) | | आश्रित वृद्धवृद्धाहरु (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| ५१४५५ | १४,९४१ | ७५.३६ | ४,८८४ | २४.६४ | १९,८२५ | ३८.५३ |

*स्रोत : घरधुरी सर्वेक्षण, २०७४*

गाउँपालिकामा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित बालबालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई देखाइएको छ। जसमा आश्रित बालबालिकाको संख्या १४,९४१ (७५.३६ प्रतिशत), आश्रित बृद्धबृद्धाहरुको संख्या ४,८८४ (२४.६४ प्रतिशत) देखिन्छ। कुल जनसंख्यामध्ये जम्मा आश्रित जनसंख्या १९,८२५ (३८.५३ प्रतिशत) देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ५.४ मुख्य पेशाको आधारमा जनसंख्याको वडागत विवरण


**तालिका नं. ६३ :** मुख्य पेशाको आधारमा जनसंख्याको वडागत विवरण

| वडा नं. | नोकरी जागिर (सरकारी वा अर्धसरकारी) | नोकरी जागिर गैर सरकारी | नोकरी जागिर (निजी, व्यक्तिगत घर पसल आदिमा) | ज्याला मजदुरी कृषि क्षेत्र | ज्याला मजदुरी गैर कृषि क्षेत्र | पेशागत काम | व्यापार व्यवसाय | स्वरोजगार | घरेलु तथा साना उद्योग | उद्योगधन्दा सञ्चालन | ठेक्का प | पारिवारि व्यवसायमा सहयोग | आफ्नै खेतिपाती | घरायसी काम | अन्य | काम नगरेको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४० | ३५ | १४ | १७ | २९ | ३५ | ८३ | ४२ | ३ | | १३ | ११ | १,४६० | १,८२१ | ४२ | ६१३ | ४,२५८ |
| २ | ५३ | ४६ | ४७ | १७७ | ३९ | ६५ | ११५ | २७ | ३ | ८ | १३ | २ | २,०४१ | १,२७४ | ७२० | ६९४ | ५,३२४ |
| ३ | ८९ | ३५ | ३९ | ६६ | १७४ | १२३ | १३४ | ७७ | १ | २ | १८ | ९१ | १,३६९ | १,७५२ | १५० | ९२६ | ५,०४६ |
| ४ | २८ | २६ | ४० | ३६४ | ६५८ | ५४ | ७४ | ११ | २ | ६ | ६ | १६ | ८०४ | १,६५८ | २८४ | ४६० | ४,४९१ |
| ५ | ४१ | २४ | १४ | ४८ | ३१२ | ४१ | ९६ | १८ | २ | ८ | ४ | २८ | १,३५४ | १,०४२ | १ | ७२७ | ३,७६० |
| ६ | १५८ | २२ | ३३ | १,३४६ | २३५ | १८८ | १४७ | ३४ | १२ | | ८ | १९ | १,००८ | १,१०३ | ४१७ | ४१० | ५,१४० |
| ७ | ९६ | ३० | ५७ | ४४ | १३४ | ७५ | ११८ | ३८ | ३ | ३ | २५ | ९ | २,०२६ | ६९६ | ७० | १,०१५ | ४,४३९ |
| ८ | १५१ | २७ | ३१ | १२५ | ९३ | २३६ | ३०० | ४७ | ७ | ५ | ४ | ३० | ५९२ | १,९९३ | १५५ | १,०१० | ४,८०६ |
| ९ | १५ | ७ | १६ | २,९१४ | ४१ | २१० | ४० | १० | १ | | ४ | ६ | २७९ | १,०९५ | ८ | ३६३ | ५,००९ |
| जम्मा | ६७१ | २५२ | २९१ | ५,१०१ | १,७१५ | १,०२७ | १,१०७ | ३०४ | ३४ | ३२ | ९५ | २१२ | १०,९३३ | १२,४३४ | १,८४७ | ६,२१८ | ४२,२७३ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेको सक्रिय जनसंख्या मध्यको विभिन्न पेशा अंगाल्ने जनसंख्या मध्ये सबैभन्दा घरायसी काममा १२,४३४ जना अर्थात २९.४ प्रतिशत, आफ्नै खेतीपातीमा १०,९३३ अर्थात २५.९ प्रतिशत र काम नगरेर बसेको जनसंख्या ६,२१८ अर्थात १४.७ प्रतिशत रहेको छ। त्यस पश्चात कृषि क्षेत्र र गैर कृषि क्षेत्रमा ज्याला मजदुरी गर्नेको जनसंख्या समेत उच्च रहेको छ जस अनुसार कृषि क्षेत्रमा ५,१०१ अर्थात १२.१ प्रतिशत र गैर कृषि क्षेत्रमा १,७१५ अर्थात ४.१ प्रतिशत जनसंख्याले ज्याला मजदुरी गर्दछ। नोकरी, व्यापार व्यवसाय र स्वरोजगारमा लागेको जनसंख्या न्यून छ भने उद्योग घन्दा संचालन गरी उत्पादनमूलक काममा लागेको जनसंख्या नगण्य रहेको छ। यसरी समग्र तथ्याङ्कको विश्लेषण गर्दा स्पष्ट नखुलेको घरायसी काममा अत्यधिक, परम्परागत कृषिकर्ममा र ज्याला मजदुरी गर्नेको संख्या उल्लेख्य रहेकोले गाउँपालिकाले सामान्य जीवनस्तर न्यून गुणस्तरको रहेको प्रस्ट हुन्छ। अर्धदक्ष, अदक्ष र बेरोजगारको जनसंख्या उच्च हुँदा गाउँपालिकाको विकासमा दिर्घकालिन

नकारात्मक प्रभाव पर्दछ । यसर्थ दिगो विकासको लागि रोजगारी श्रृजना, दक्ष जनशक्ति उत्पादन र सेवामुखी उद्योग व्यवसायको विकास गर्न दिर्घकालिन कार्ययोजना निर्माण गरी लागु गर्नुपर्ने देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ५.५ आम्दानीको पहिलो प्रमुख श्रोतका आधारमा घरधुरीको वितरण


**तालिका नं. ६४ :** आम्दानीको पहिलो प्रमुख श्रोतका आधारमा घरधुरीको वितरण

| वडा नं. | आम्दानी नहुने | कृषि | उद्योगधन्दा | व्यापार व्यवसाय | नोकरी | पेन्सन | घर तथा जग्गा भाडा | मेसिनरी उपकरणहरुको भाडा | ब्याज तथा लाभांस | विप्रेषण (वैदेशिक) | विप्रेषण (आन्तरिक) | दैनिक ज्यालादारी | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | १,२६० | | १६ | ९ | ४ | २ | | | २ | ४५ | २ | १४ |
| २ | २ | १,२४२ | ३ | २९ | १६ | १ | १ | ३ | १ | १ | ९४ | ६ | १३२ |
| ३ | | १,१९५ | २ | ५८ | ४६ | ५ | १ | २ | | ३ | ९० | १ | ६५ |
| ४ | | ९८६ | २ | २७ | ३० | २ | १ | | | | ५५ | ४ | ११० |
| ५ | १ | ६६० | | २८ | १८ | ५ | ६ | | | १ | ९० | ९ | ११४ |
| ६ | | १,१९१ | १ | ७३ | ३७ | ६ | ३ | ७ | १ | ३ | ९ | | ७८ |
| ७ | | १,०२७ | ३ | १९ | ३२ | ८ | १ | १ | | | ३७ | ९ | ५९ |
| ८ | | ६६२ | ६ | १९५ | ११६ | ४२ | ५ | ६ | २ | २ | २०८ | ३३ | १४९ |
| ९ | | १,४४८ | | ५ | २ | १ | १ | २ | | | १४ | ४ | ८२ |
| **जम्मा** | ३ | ९,६७१ | १७ | ४५० | ३०६ | ७४ | २१ | २१ | ४ | १२ | ६४२ | ६८ | ८०३ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका कुल १२,०८९ घरधुरीहरू मध्ये आम्दानीको मुख्य पेशा कृषि हुने घरधुरीको संख्या ९,६७१ अर्थात् ८० प्रतिशत, दोस्रोमा आन्तरिक बिप्रेषण अर्थात अन्य जिल्ला वा क्षेत्रबाट कमाएर पठाएको रकम हुनेको संख्या ६४२ अर्थात ५.३ प्रतिशत, तेस्रोमा व्यापार व्यवसाय गर्नेको संख्या ४५० अर्थात ३.७ प्रतिशत, नोकरी गर्नेको संख्या ३०६ घरधुरी अर्थात २.५ प्रतिशत, दैनिक ज्यालादारी गर्नेको संख्या ६८ अर्थात ०.६ प्रतिशत, अन्य नखुलेको ८०३ अर्थात ६.६ प्रतिशत र उद्योग, पेन्सन, घरभाडा, ब्याज, बैदेशिक विप्रेषण आदिमा नगण्य संख्यामा परिवारको आम्दानीको मुख्य श्रोत भएको देखिन्छ । तथ्याङ्कबाट अत्यन्त ठूलो संख्यामा रहेका घरधुरीहरू अर्थात् ८० प्रतिशतको आम्दानीको मुख्य श्रोत कृषि पेशा नै देखिन्छ । ठूलो संख्यामा जनसंख्या कृषिमा आधारित देखिएतापनि आम्दानी र उत्पादनका हिसाबले निकै अपर्र्याप्त रहेको छ । दोस्रोमा रहेको व्यापार व्यवसाय समेत प्रभावकारी देखिँदैन किनकि ग्रामीण भेगमा ठूला व्यापारीक केन्द्रहरू नहुने, उपभोक्ताको चहलपहल कम हुने हुनाले व्यापार न्यून रहन्छ । सबैभन्दा महत्वपूण पक्ष भनेको आम्दानीको मुख्य श्रोत परम्परागत कृषि हुनुले यहाँ ठूलो संख्याको अदृष्य बेरोजगारी रहेको र अन्य उत्पादनशील क्षेत्रमा मानिसको संलग्नता नगण्य देखिन्छ । यस प्रकारको आर्थिक स्थितिलाई व्यापक सुधार गर्नुपर्ने देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**आम्दानीको पहिलो प्रमुख श्रोतका आधारमा घरधुरीको वितरण**




## ५.६ आम्दानीको दोश्रो प्रमुख श्रोतका आधारमा घरधुरीको वितरण


**तालिका नं. ६५ :** आम्दानीको दोश्रो प्रमुख श्रोतका आधारमा घरधुरीको वितरण

| वडा नं. | आम्दानीको दोस्रो श्रोत नभएको | उद्योग धन्दा | व्यापार व्यवसाय | नोकरी | पेन्सन | घर तथा जग्गा भाडा | मेसिनरी उपकरणह रुको भाडा | व्याज तथा लाभांस | विप्रेषण (वैदेशिक) | विप्रेषण (आन्तरिक) | दैनिक ज्यालादारी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४३८ | ७ | ९१ | ११० | ३० | ३ | १३ | २ | | ५६२ | ३१ | ६७ | १,३५४ |
| २ | ८०३ | ६ | १०२ | ९० | १३ | ९ | १२ | ७ | ६ | २६० | ३५ | १८८ | १,५३१ |
| ३ | ४६० | ३ | १२३ | १२८ | १७ | ४ | १५ | ३ | २८ | २९८ | १९ | ३७० | १,४६८ |
| ४ | २६८ | ५ | ८१ | १०२ | ४ | १ | ४ | १ | २ | १३५ | २० | ५९४ | १,२१७ |
| ५ | ४४३ | १३ | ८८ | ४३ | २ | | १ | १ | | ८२ | १९ | २४० | ९३२ |
| ६ | ५७९ | १५ | १०४ | १८५ | १५ | २ | १२ | १ | | ६० | ७ | ४२९ | १,४०९ |
| ७ | ६६७ | १ | ६७ | ६३ | ४ | | २२ | २ | | १४५ | २८ | १९७ | १,१९६ |
| ८ | ९९३ | ५ | ७० | ९४ | १७ | ७ | ७ | ३ | | ११९ | १४ | ९७ | १,४२६ |
| ९ | १५७ | | २५ | २७ | ४ | | १३ | | | १०५ | ३८ | १,१९० | १,५५९ |
| जम्मा | ४,८०८ | ५५ | ७५१ | ८४२ | १०६ | २६ | ९९ | २० | ३६ | १,७६६ | २११ | ३,३७२ | १२,०९२ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका १२,०९२ घरधुरीहरू मध्ये तपाईंको दोस्रो मुख्य आम्दानी श्रोत के हो भनेर सोधिएको प्रश्नमा ४,८०८ अर्थात ३९.८ प्रतिशत घरधुरीको दोस्रो आम्दानीको श्रोत नै नभएको उत्तर दिएका थिए । यसको अर्थ कूल घरधुरीको ६०.२ प्रतिशत घरधुरीको कृषि बाहेक अन्य आम्दानीका विकल्पहरू नरहेको भन्ने बुझिन्छ । यसरी कृषि एक मात्र निर्विकल्प आम्दानीको श्रोत हुनुले न्यून स्तरको जीवन निवार्हलाई संकेत गर्दछ । आम्दानीका वैकल्पिक श्रोतहरू भएमा एक वा अन्य श्रोतको आम्दानी घटेपनि विकल्पबाट आम्दानी गरी सुरक्षित ढंगले जीवन निर्वाह गर्न सहज हुन्छ ।

**आम्दानीको दोश्रो प्रमुख श्रोतका आधारमा घरधुरीको वितरण**





## ५.७ आम्दानीको तेश्रो प्रमुख श्रोतका आधारमा घरधुरीको वितरण

**तालिका नं. ६६ :** आम्दानीको तेश्रो प्रमुख श्रोतका आधारमा घरधुरीको वितरण

| वडा नं. | आम्दानीको तेश्रो श्रोत नभएको | व्यापार व्यवसाय | नोकरी | पेन्सन | घर तथा जग्गा भाडा | सवारी साधन, मेसिन तथा उपकरणहरूको भाडा | ब्याज तथा लाभांस | | विप्रेषण (वैदेशिक) | विप्रेषण (आन्तरिक) | दैनिक ज्यालादारी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १,२३३ | १ | १३ | ५ | १ | १ | २ | ०.१ | | ५६ | १७ | २५ | १,३५४ |
| २ | १,४०३ | १ | ७ | ३ | १ | १ | ४ | ०.३ | ६ | १७ | ९ | ७९ | १,५३१ |
| ३ | १,३३६ | १ | ७ | २ | १ | २ | ३ | ०.२ | ३ | ३२ | ९ | ७२ | १,४६८ |
| ४ | १,०१६ | १ | ९ | | ४ | २ | | | | १५ | ३ | १६७ | १,२१७ |
| ५ | ८८५ | २ | ६ | | १ | १ | | | १ | ७ | १ | २८ | ९३२ |
| ६ | १,३३८ | | १६ | ७ | १ | ३ | ३ | ०.२ | | ४ | १ | ३६ | १,४०९ |
| ७ | १,१३२ | १ | ९ | ४ | १ | २ | १ | ०.१ | | १४ | ४ | २८ | १,१९६ |
| ८ | १,३८१ | | ६ | २ | २ | १ | १ | ०.१ | १ | १९ | ६ | ७ | १,४२६ |
| ९ | १,३८३ | | | १ | | १ | १ | ०.१ | | १० | ८ | १५५ | १,५५९ |
| जम्मा | ११,१०७ | ७ | ७३ | २४ | १२ | १४ | १५ | ०.१ | ११ | १७४ | ५८ | ५९७ | १२,०९२ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका १२,०९२ घरधुरीहरू मध्ये तपाईंको तेस्रो मुख्य आम्दानीको श्रोत के हो भनी सोधिएको प्रश्नमा ११,१०७ अर्थात ९१.९ प्रतिशत घरधुरीबाट तेस्रो आम्दानीको श्रोत अर्थात् विकल्प नै नभएको उत्तर प्राप्त भएको थियो । अर्थात कूल घरधुरीको ९१.९ प्रतिशत जनसंख्याको तेस्रो आम्दानीको श्रोत नभएको र आम्दानीको एकमात्र वा केहिको दोस्रो विकल्प भएपनि तेस्रो विकल्प नहुने घरधुरीको जनसंख्या भने ९० प्रतिशत भन्दा धेरै रहेको तथ्याङ्कले देखाउँछ । आम्दानीका अन्य विकल्पहरूको संभावना भएतापनि अधिकांश घरधुरीहरू परम्परागत र सहजै प्राप्त हुन पेशा, व्यवसाय वा रोजगारीमा लागेको देखिन्छ । श्रृजनशिल सोच र जोखिम लिएर नयाँ पेशा, व्यवसाय र रोजगारीमा लाग्ने यूवाहरूको संख्या नगण्य रहेकोले गाउँपालिकाको समग्र दिर्घकालिन विकासमा ठूलो अपेक्षा गर्न नसकिने स्पष्ट हुन्छ। यस स्थितिबाट माथि उठ्न नयाँ रोजगार, व्यवसाय र उद्यमशिलता विकासका कार्यमूलक योजना निर्माण गरी कृषि, पर्यटन, उद्योग र सेवा मूलक व्यवसायको प्रर्वद्धन गर्नुपर्ने देखिन्छ ।





## ५.८ आम्दानीका श्रोतहरुका आधारमा घरधुरीको वितरण

**तालिका नं. ६७ :** आम्दानीका श्रोतहरुका आधारमा घरधुरीको वितरण

| वडा नं. | कृषि | उद्योगधन्दा | व्यापार व्यवसाय | नोकरी | पेन्सन | घर तथा जग्गा भाडा | सवारी साधन, मेसिन तथा | ब्याज तथा लाभांस | विप्रेषण (वैदेशिक) | विप्रेषण (आन्तरिक) | दैनिक ज्यालादारी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | १,२६० | ७ | १०८ | १३२ | ४० | ६ | १५ | ४ | २ | ६६५ | ५३ | १०७ | १,३५४ |
| २ | १,२४२ | ९ | १३२ | ११३ | १७ | ११ | १६ | १२ | १३ | ३७३ | ५१ | ४०४ | १,५२९ |
| ३ | १,१९५ | ५ | १८२ | १८१ | २४ | ६ | १९ | ६ | ३४ | ४२१ | २९ | ५११ | १,४६८ |
| ४ | ९८६ | ७ | १०९ | १४१ | ६ | ६ | ६ | १ | ३ | २०५ | २७ | ८८० | १,२१७ |
| ५ | ६६० | १३ | ११८ | ६७ | ७ | ७ | २ | १ | २ | १८१ | ३२ | ३८५ | ९३१ |
| ६ | १,१९१ | १६ | १७७ | २३८ | २८ | ६ | २३ | ६ | ३ | ७४ | ८ | ५४६ | १,४०९ |
| ७ | १,०२७ | ४ | ८७ | १०५ | १६ | २ | २६ | ३ | | १९७ | ४१ | २८६ | १,१९६ |
| ८ | ६६२ | ११ | २६५ | २१६ | ६१ | १४ | १४ | ६ | ३ | ३४९ | ५४ | २५४ | १,४२६ |
| ९ | १,४४८ | | ३० | २९ | ६ | १ | १६ | १ | | १३० | ५१ | १,४३९ | १,५५९ |
| जम्मा | ९,६७१ | ७२ | १,२०८ | १,२२२ | २०५ | ५९ | १३७ | ४० | ६० | २,५९५ | ३४६ | ४,८१२ | १२,०८९ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका कुल १२,०८९ घरधुरीहरू मध्ये ९,६७१ अर्थात ८० प्रतिशत घरधुरीहरूको आम्दानीको श्रोत कृषि रहेको छ भने दोस्रोमा आन्तरीक विप्रेषण अन्तर्गत २,५९५ अर्थात २१.५ प्रतिशत घरधुरीहरू रहेका छन् । त्यसैगरी १,२०८ घरधुरी अर्थात् १० प्रतिशत व्यापार व्यवसाय, १,२२२ घरधुरी अर्थात् १०.१ प्रतिशत घरधुरीको आम्दानीको श्रोत नोकरी, ३४६ घरधुरी अर्थात २.९ प्रतिशतको आम्दानीको श्रोत भने दैनिक ज्यालादारी रहेको छ । अन्य आम्दानीका श्रोतहरू भने न्यून घरधुरीहरूमा रहेको पाइन्छ । यो तथ्याङ्कले ठूलो नाफा हुने र उत्पादनमूखी व्यवसायमा मानिसको संलग्नता अत्यन्त न्यून र परम्परागत कृषि र सामान्य व्यापार व्यवसायमा अधिक संलग्नता रहेको देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ५.९ परिवार धान्न आवश्यक पर्ने मासिक खर्चको आधारमा घरधुरीको वितरण


**तालिका नं. ६८ :** परिवार धान्न आवश्यक पर्ने मासिक खर्चको आधारमा घरधुरीको वितरण

| वडा नं. | १०,००० भन्दा कम | १०,०००-२०,००० | २०,०००-३०,००० | ३०,०००-४०,००० | ४०,०००-५०,००० | ५०,००० भन्दा बढी | जम्मा | प्रत्येक महिना आवश्यक पर्ने औसत रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | ९८९ | २५६ | ६५ | ९ | २४ | ११ | १,३५४ | १०,५५६ |
| २ | १,०५७ | ३८२ | ६३ | १२ | ६ | ९ | १,५२९ | १०,७५४ |
| ३ | १,०७९ | २८८ | ५९ | १३ | १५ | १४ | १,४६८ | १०,१२८ |
| ४ | ६४३ | ४७५ | ६० | १३ | १५ | ११ | १,२१७ | १३,८३९ |
| ५ | ६३४ | २२४ | ४३ | ६ | १० | १४ | ९३१ | १२,३०७ |
| ६ | ९६६ | २८९ | ७१ | २१ | ४५ | १७ | १,४०९ | १२,२०२ |
| ७ | ६७७ | ३९० | ६४ | २० | २२ | २३ | १,१९६ | १४,११९ |
| ८ | ६९६ | ४६० | १७५ | ३८ | २० | ३७ | १,४२६ | १६,७६२ |
| ९ | १,२७२ | २२८ | ३१ | १५ | ९ | ४ | १,५५९ | ८,५८३ |
| **जम्मा** | ८,०१३ | २,९९२ | ६३१ | १४७ | १६६ | १४० | १२,०८९ | १२,०१६ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस गाउँपालिकामा रहेका कुल १२,०८९ घरधुरी मध्ये मासिक रु. १०,००० भन्दा कम खर्चमै परिवार धान्ने घरधुरीको संख्या ८,०१३ अर्थात् ६६.३ प्रतिशत, रु. १०,००० देखि रु. २०,००० सम्ममा परिवारको मासिक खर्च धान्नेको संख्या २,९९२ अर्थात २४.७ प्रतिशत, रु. २०,००० देखि रु. ३०,००० सम्म खर्च गर्नेको संख्या ६३१ अर्थात ५.२ प्रतिशत, रु. ३०,००० देखि रु. ४०,००० सम्म खर्च गर्नेको संख्या १४७ अर्थात १.२ प्रतिशत, रु. ४०,००० देखि रु. ५०,००० सम्म खर्च गर्नेको संख्या १६६ अर्थात १.४ प्रतिशत र रु. ५०, ००० भन्दा माथि खर्च गर्नेको संख्या १४० अर्थात १.२ प्रतिशत देखिन्छ। यस तथ्याङ्कलाई विश्लेषण गर्दा रु. १०,००० वा सो भन्दा कम रकममै मासिक गुजारा गर्नेको संख्या उल्लेख्य अर्थात कूल घरधुरीको ६६.३ प्रतिशत हुनुले यस गाउँपालिकाका अधिकांश बासिन्दाहरूको जीवनस्तर न्यून भएकोले आधारभूत आवश्यकता जस्तै खाद्यान्न, बास, लुगालत्ता, शिक्षा, स्वास्थ्य, खानेपानी आदिमा अत्यन्त न्यून स्तरको पहुँच रहेको स्पष्ट हुन्छ। चरम महंगी र मुद्रा स्फिती बढिरहेको हालको अवस्थामा ६६.३ प्रतिशत परिवारहरूले प्रति परिवार प्रति दिन मात्र रु. ३३३.३३ मा गुजारा गर्नुपर्ने तथ्याङ्कले देखाउँछ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**परिवार धान्न आवश्यक पर्ने मासिक खर्चको आधारमा घरधुरीको वितरण**




## ५.१० आफ्नै वार्षिक आम्दानीले परिवार धान्न पुग्ने महिनाको आधारमा घरधुरीको वितरण


**तालिका नं. ६९ :** आफ्नै वार्षिक आम्दानीले परिवार धान्न पुग्ने महिनाको आधारमा घरधुरीको वितरण

| वडा नं. | ०-३ महिना | ४-६ महिना | ७-९ महिना | १०-११ महिना | १२ महिना भन्दा बढी | ०-३ महिना | औषत खर्च पुग्ने महिना |
|---|---|---|---|---|---|---|---|
| १ | ३८ | १२६ | १०५ | ३१ | १,०५४ | १,३५४ | १०.८० |
| २ | ८४ | ११९ | १४८ | ३६ | १,१४२ | १,५२९ | १०.४७ |
| ३ | १२ | १७२ | १११ | ४३ | १,१३० | १,४६८ | १०.८७ |
| ४ | ६८ | २६५ | ७६ | ५१ | ७५७ | १,२१७ | ९.८० |
| ५ | ४७ | १५७ | ९६ | ११३ | ५१८ | ९३१ | ९.७५ |
| ६ | ७० | ११९ | १९ | ६ | १,१९५ | १,४०९ | १०.९१ |
| ७ | ४६ | ११२ | ३० | ७ | १,००१ | १,१९६ | १०.८९ |
| ८ | १३२ | ४३६ | २३० | ३९ | ५८९ | १,४२६ | ८.३२ |
| ९ | ३० | १९० | १३१ | ४० | १,१६८ | १,५५९ | १०.६६ |
| **जम्मा** | ५२७ | १,६९६ | ९४६ | ३६६ | ८,५५४ | १२,०८९ | १०.३० |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस गाउँपालिकामा रहेका कुल १२,०८९ घरधुरीहरू मध्ये आफ्नै वार्षिक आम्दानीले बाह्र महिना भन्दा माथि धान्नेको संख्या ८,५५४ अर्थात ७०.८ प्रतिशत देखिन्छ । त्यसैगरी ४ देखि ६ महिनासम्म धान्न पुग्ने घरधुरी संख्या १,६९६ अर्थात १४ प्रतिशत, ७ देखि ९ महिना सम्म धान्न पुग्ने घरधुरीको संख्या ९४६ अर्थात ७.८ प्रतिशत, १० देखि ११ महिना धान्न पुग्नेको संख्या ३६६ अर्थात ३ प्रतिशत र ० देखि ३ महिना मात्र धान्न पुग्नेको संख्या ५२७ अर्थात ४.४ प्रतिशत रहेको छ । यस पूर्वको मासिक खर्चको आधारमा तयार पारिएको तथ्याङ्क र यस तथ्याङ्कलाई संयुक्त रुपमा हेर्दा अधिकांश जनसंख्याले वार्षिकरुपमा गर्ने अत्यन्त न्यून आम्दानीले बाह्रै महिना दु:ख गुजारा गरी खर्च धान्ने गरेको स्पष्ट हुन्छ। अर्कोतर्फ वार्षिक आम्दानीले वर्षभरी धान्न नसक्ने घरधुरीहरू समेत रहेको तथ्याङ्कले यो अवस्थामा रहेको जनसंख्या चरम गरीबीको अवस्थामा रहेको पुष्टि हुन्छ। संघिय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था लागु भैसकेको र स्थानिय सरकारमा धेरै हक अधिकारहरू प्रत्याभूत भैसकेको अवस्थामा यस्ता गरीवीको रेखामूनी रहेको जनसंख्यालाई लोक कल्याणकारी राज्यको मूल मर्म अनुसार संरक्षण गर्नु आवश्यक देखिन्छ। वडागत पूर्ण विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**आफ्नै वार्षिक आम्दानीले परिवार धान्न पुग्ने महिनाको आधारमा घरधुरीको वितरण**





## ५.११ परिवारले लिएको ऋणका आधारमा घरधुरीको वितरण

**तालिका नं. ७०** : परिवारले लिएको ऋणका आधारमा घरधुरीको वितरण

| वडा नं. | भएको | | नभएको | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ७५८ | ५६.० | ५९६ | ४४.० | १,३५४ |
| २ | ८५८ | ५६.१ | ६७१ | ४३.९ | १,५२९ |
| ३ | ९१९ | ६२.६ | ५४९ | ३७.४ | १,४६८ |
| ४ | ८४४ | ६९.४ | ३७३ | ३०.६ | १,२१७ |
| ५ | ६७१ | ७२.१ | २६० | २७.९ | ९३१ |
| ६ | ८६६ | ६१.५ | ५४३ | ३८.५ | १,४०९ |
| ७ | ८१४ | ६८.१ | ३८२ | ३१.९ | १,१९६ |
| ८ | १,०४६ | ७३.४ | ३८० | २६.६ | १,४२६ |
| ९ | ९५१ | ६१.० | ६०८ | ३९.० | १,५५९ |
| जम्मा | ७,७२७ | ६३.९ | ४,३६२ | ३६.१ | १२,०८९ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका कुल १२,०८९ घरधुरीहरू मध्यै विभिन्न वित्तिय संस्था सहकारी वा अन्य तवरले आफ्ना विभिन्न कृयाकलाप सञ्चालन गर्न वा लगानी गर्न ऋण लिएका घरधुरीहरूको संख्या ७,७२७ अर्थात ६३.९० प्रतिशत र ऋण नै नलिएका घरधुरीहरूको संख्या ४,३६२ अर्थात ३६.१ प्रतिशत रहेका छन्। ऋण लिनुका उद्देश्यहरू मध्य अत्यावश्यक आवश्यकता परिपूर्ती गर्न ऋण लिनेको संख्या लगानी वा उत्पादन मूलक व्यवसाय गर्न ऋण लिनेको संख्या भन्दा बढी भएको अनुमान सजिलै लगाउन सकिन्छ किनकी दैनिक ३५० भन्दा कम रकममा गुजारा गर्नुपर्ने घरधुरीको प्रतिशत ६६.३ रहेको छ । वडागत रुपमा पूर्ण विवरण तालिकामा उल्लेख गरिएको छ ।




**परिवारले लिएको ऋणका आधारमा घरधुरीको वितरण**

## ५.१२ परिवारले लिएको ऋण रकमका आधारमा घरधुरीको वितरण

**तालिका नं. ७१ :** परिवारले लिएको ऋण रकमका आधारमा घरधुरीको वितरण

| वडा नं. | १०,००० भन्दा कम | १०,०००-२०,००० | २०,०००-३०,००० | ३०,०००-४०,००० | ४०,०००-५०,००० | ५०,००० भन्दा बढी | जम्मा | औषत ऋण रकम |
|---|---|---|---|---|---|---|---|---|
| १ | २४ | ३२ | ४३ | १६ | ५४ | ५८९ | ७५८ | ३२६,१०६ |
| २ | २२ | ४९ | १८ | २५ | ६२ | ६८२ | ८५८ | ३२६,८२१ |
| ३ | ३४ | ५५ | ४० | ३३ | ७९ | ६७८ | ९१९ | ३५६,७४२ |
| ४ | ५८ | ८६ | ६४ | ३१ | १०५ | ५०० | ८४४ | १६२,८५८ |
| ५ | ४३ | ५६ | ४५ | २६ | ५३ | ४४८ | ६७१ | ३११,४६० |
| ६ | ७१ | ८१ | ५० | ५४ | १०२ | ५०८ | ८६६ | ३९८,१८७ |
| ७ | ७१ | ५७ | ४२ | ३२ | ६९ | ५४५ | ८१६ | ३१८,५४६ |
| ८ | २१ | ३४ | ३१ | १५ | ५५ | ८९० | १,०४६ | ३,१०३,९३१ |
| ९ | २०८ | १४३ | ९२ | ५४ | १२७ | ३२७ | ९५१ | ७५,८३४ |
| जम्मा | ५५२ | ५९३ | ४२५ | २८६ | ७०६ | ५,१६७ | ७,७२९ | ६६३,१४९ |

गाउँपालिकामा ऋण लिएका कुल ७,७२९ घरधुरीहरू मध्ये  अर्थात ६६.९० प्रतिशत घरधुरीले रु. ५०,००० भन्दा बढी ऋण लिएको देखिन्छ। रु. ४०,००० देखि रु. ५०,००० सम्म ऋण लिने घरधुरीको संख्या ७०६ अर्थात् ९.१ प्रतिशत, रु. ३०,००० देखि रु. ४०,००० सम्म ऋण लिनेको संख्या २८६ अर्थात ३.७ प्रतिशत, रु. २०,००० देखि ३०,००० सम्म ऋण लिनेको संख्या ४२५ अर्थात ५.५ प्रतिशत, रु. १०,००० देखि २०,००० सम्म ऋण लिनेको संख्या ५९३ अर्थात ७.७ प्रतिशत र रु. १०,००० भन्दा कम ऋण लिनेको संख्या ५५२ अर्थात ७.१ प्रतिशत रहेको तथ्याङ्कले देखाउँछ। ऋण रकमको विवरण हेर्दा सानो रकमको ऋण लगानी प्रयोजनका लागि भन्दा घरायसी प्रयोजन र अत्यावश्यक आवश्यकता पूर्ती गर्नलाई हुनसक्ने अनुमान लगाउन सकिन्छ। ऋण लिनु नकारात्मक नभएपनि ऋण लिनुको प्रयोजन दैनिक आवश्यकता गुजारा गर्ने हुँदा त्यसले न्यून गुणस्तरको जीवनयापन र गरीबीलाई संकेत गर्दछ। वडा विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।





## ५.१३ ऋण लिनुको कारणका आधारमा घरधुरीको वितरण

**तालिका नं. ७२ :** ऋण लिनुको कारणका आधारमा घरधुरीको वितरण

| वडा नं. | व्यापार व्यवसाय | कृषि व्यवसाय | भवन निर्माण/ जमिन | जन्म/मृत्यु/ सामाजिक कार्य | धार्मिक/ साँस्कृतिक | औषधी उपचार | शिक्षा | घरायसी प्रयोजन | घरधुरीको सदस्य विदेश पठाउने | अन्य कारण | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ८३ | १८१ | २६१ | ७१ | ८९ | २५५ | १२६ | २३८ | १६५ | ३७ | ७५९ |
| २ | ७४ | १२८ | २५८ | ७६ | ४० | ३७८ | १६० | ३०२ | १८६ | ३८ | ८५७ |
| ३ | १५४ | १९७ | २७३ | ९८ | ५१ | ३८७ | २०५ | ४६८ | १५१ | ४४ | ९१८ |
| ४ | १२२ | १३३ | २०९ | ६७ | ८९ | ४६१ | २३९ | ५०२ | ९२ | ६३ | ८४४ |
| ५ | ५७ | १६० | २०३ | ७१ | ३२ | २७० | १२५ | २५१ | ७३ | ८१ | ६७० |
| ६ | १४६ | ३१४ | २६१ | ६१ | ६ | ३४४ | २३१ | २६२ | ३५ | ८९ | ८६४ |
| ७ | ८४ | १९० | २२० | ९८ | १०० | ४१० | १८२ | २५९ | ३४ | ६५ | ८१३ |
| ८ | २१३ | १२९ | ३०२ | ५२ | १३ | ३७७ | २०० | ३२१ | १३५ | १२ | १,०४५ |
| ९ | ३३ | २०५ | ११८ | ४१ | ५० | ५९१ | २४७ | ६४५ | ५८ | ६१ | ९४८ |
| जम्मा | ९६६ | १,६३७ | २,१०५ | ६३५ | ४७० | ३,४७३ | १,७१५ | ३,२४८ | ९२९ | ४९० | ७,७१८ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा ऋण लिएका कुल ७,७१८ घरधुरीहरूमध्ये ४९० वटा घरधुरीले आफूले ऋण लिएको प्रयोजन नखुलाएकोले ऋण लिनुपर्ने कारणका आधारमा घरधुरीको तथ्याङ्कलाई हेर्दा ७,२२८ मात्र देखिन्छ। ऋण लिनेहरूको प्रवृतिलाई हेर्दा सबैभन्दा बढी औषधि उपचारको लागि ३,४७३ घरधुरीहरू अर्थात ४५ प्रतिशत, दोस्रोमा घरायसी प्रयोजनका लागि ३,२४८ अर्थात ४२.१ प्रतिशत, तेस्रोमा भवन निर्माण/जमिनको लागि २,१०५ अर्थात् २७.३ प्रतिशत, चौथौंमा शिक्षाको लागि १,७१५ अर्थात २२.२ प्रतिशत छन् भने लगानी र उत्पादन प्रवर्द्धन गर्न निकै कम घरधुरीले ऋण लिएको देखिन्छ। जसमध्ये १,६३७ अर्थात २१.२ प्रतिशत कृषि व्यवसायमा, ९६६ घरधुरीले व्यापार व्यवसायको लागि, ९२९ परिवारको सदस्य विदेश पठाउनको लागि र जन्म, मृत्यु, सामाजिक कार्य, धार्मिक कार्य, साँस्कृतिक कार्यको लागि ऋण लिएको देखिन्छ। तथ्याङ्कको विश्लेषण गर्दा दैनिक जिवन निर्वाह र सुरक्षाका आधारभूत मानविय आवश्यकता पूर्ती गर्न जस्तै औषधोपचार, शिक्षा तथा घरायसी गर्जो टार्न अधिकांश ऋण लिएको तथ्य स्पष्ट हुन्छ। नागरिकका आधारभूत आवश्यकता पूरा गर्ने दायित्व राज्यको हुने संवैधानिक व्यवस्था अनुरुप संघिय लोकतान्त्रिक गणतन्त्रात्मक संविधानले शिक्षा, स्वास्थ्य, खाद्यान्न जस्ता आवश्यकताहरूलाई मौलिक अधिकारको रुपमा स्थापित गरिसकेको सन्दर्भमा स्थानिय तथा संघिय सरकारले नागरिकका यि सवालहरूलाई सम्बोधन गर्नुपर्ने हुन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।





## ५.१४ ऋण लिएको स्रोतका आधारमा घरधुरीको वितरण

**तालिका नं. ७३ :** ऋण लिएको स्रोतका आधारमा घरधुरीको वितरण

| वडा नं | व्यक्तिगत | बैंक | सहकारी संस्था | अन्य वित्तिय संस्था | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | ३५३ | २१७ | २२५ | २५२ | ७७ | ७५९ |
| २ | ५७२ | १७० | ११८ | २०६ | १७ | ८५६ |
| ३ | ५२९ | १९७ | १५२ | २७७ | २९ | ९१४ |
| ४ | ४१४ | २१० | २५३ | ४१७ | ३८ | ८४३ |
| ५ | २५९ | १६२ | २७५ | ३५६ | ३ | ६७१ |
| ६ | ८४ | १७३ | ४२६ | ४६१ | ३७ | ८६४ |
| ७ | ३२९ | १३१ | ४३३ | ३६१ | १३ | ८१३ |
| ८ | ३५७ | ४३५ | ३१३ | ३०७ | ८ | १,०४४ |
| ९ | ३२९ | १०८ | ४४४ | ४६७ | ६७ | ९४७ |
| **जम्मा** | ३,२२६ | १,८०३ | २,६३९ | ३,१०४ | २८९ | ७,७११ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा ऋण लिएका ७,७११ जना ऋणी घरधुरीहरूको ऋण लिएको श्रोत खुलेको छ । जसमध्ये ३,२२६ अर्थात ४१.८० प्रतिशत घरधुरीले व्यक्तिबाट ऋण लिएको, ३,१०४ अर्थात ४०.३ प्रतिशत घरधुरीले अन्य वित्तिय संस्थाबाट ऋण लिएको, २,६३९ अर्थात ३४.२ प्रतिशत घरधुरीले सहकारीबाट ऋण लिएको, १,८०३ अर्थात २३.४ प्रतिशत घरधुरीले बैङ्कबाट ऋण लिएको र बाँकीले अन्यबाट ऋण लिएको तथ्याङ्क छ । सबैभन्दा धेरै घरधुरीले व्यक्तिबाट ऋण लिएको यथार्थले के स्पष्ट गर्दछ भने नागरिकहरूको बैङ्क तथा ठूला वित्तिय संस्थाको पहुँच वृद्धि हुन सकेको छैन । अर्कोतर्फ बैङ्कबाट कर्जा लिँदा धितो तथा अन्य प्रशासनिक झन्जट हुने भएकोले चर्को व्याजको मारमा परेतापनि विना धितो व्यक्तिसँग ऋण लिन सहज हुनेभएकोले, साधारण मानिसहरू यसतर्फ बढी आर्कषित देखिन्छन् । यसले थप आर्थिक भार पर्नगई नागरिकलाई गरीबीमा धकेल्न बाध्य पार्दछ । हाल राष्ट्र बैङ्कले हरेक स्थानिय सरकार रहेको गाउँपालिका वा नगरपालिकामा एक बैङ्क शाखा खोल्न गरेको निर्देशनले बैङ्कहरूमा ग्रामीण सर्वसाधारणको पहुँच बृद्धिहुने अपेक्षागर्न सकिन्छ । वडागत पूर्ण विवरण तालिकामा प्रस्तुत गरिएको छ ।





## ५.१५ खर्चको पहिलो प्राथमिकताका आधारमा विप्रेषण पठाउनेको वितरण

**तालिका नं. ७४ :** खर्चको पहिलो प्राथमिकताका आधारमा विप्रेषण पठाउनेको वितरण

| वडा नं. | शिक्षा खर्च | उपचार खर्च | घरायसी खर्च | विवाह, ब्रतबन्धन, चाडपर्व खर्च | ऋण तिर्न | ऋण दिन | बचत | घर बनाउन | जग्गा खरिद गर्न | गहना खरिद | पशुपंक्षी | व्यवसाय लगानी | अन्य | थाहा नभएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५५६ | ९६ | ६९ | | ६१ | | ८ | १२ | १ | | | | | २ | ८०५ |
| २ | १८७ | ६८ | ६३ | १ | ८५ | ५ | ४ | १३ | २ | | | | २ | २८ | ४५८ |
| ३ | २५७ | १२७ | १०५ | ४ | ६३ | | ५ | १७ | १ | | | १ | २ | | ५८२ |
| ४ | २३० | ६५ | ७६ | १ | ३१ | २ | १ | ३ | ४ | २ | ५ | | १ | १ | ४२२ |
| ५ | १०८ | २६ | ३६ | ४ | ४७ | ३ | १ | ७ | ३ | | १ | ७ | २ | २ | २४७ |
| ६ | १२१ | ४९ | २० | २ | २२ | | २ | ७ | १ | | | १ | | २ | २२७ |
| ७ | १८४ | ९५ | ५७ | २ | ३८ | ४ | ६ | १० | ४ | | १ | | ४ | | ४०५ |
| ८ | ३७० | ९० | ५७ | ३ | ४८ | १ | २ | १० | ४ | | १ | १ | १ | २ | ५९० |
| ९ | २०७ | ७३ | ४५ | | ३० | १ | | १ | १ | | | १ | | | ३५९ |
| जम्मा | २,२२० | ६८९ | ५२८ | १७ | ४२५ | १६ | २९ | ८० | २१ | २ | ८ | ११ | १२ | ३७ | ४,०९५ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा अनुपस्थित रहेर आन्तरिक वा बाह्य (वैदेशिक) विप्रेषण प्रवाह गर्नेहरूको जनसंख्या ४,०९५ रहेकोमा सबैभन्दा धेरै २,२२० अर्थात कूल विप्रेषण प्रवाह गर्नेको जनसंख्याको ५४.२० प्रतिशतले शिक्षा क्षेत्रमा खर्च गर्ने गरेको पाइयो । उत्तरदाताहरूलाई प्रश्न गर्दा तपाईले विप्रेषणबाट प्राप्त रकमलाई खर्च गर्नुपर्दा कुन क्षेत्रलाई सबैभन्दा पहिलो प्राथमिकता दिनुहुन्छ भनेर सोधिएकोमा ५४.२० प्रतिशत घरपरिवारले शिक्षालाई पहिलो प्राथमिकता दिएको पाइयो । संविधानले मौलिक हकका रुपमा स्थापित गरी आधारभूत शिक्षालाई पूर्ण रुपमा निःशुल्क गर्ने प्रावधानको व्यवस्था गरेपनि त्यसको व्यवहारिक र प्रभावकारी कार्यान्वयन हुन नसक्दा पारिवारीक खर्चको ठूलो हिस्सा निजिक्षेत्रका विद्यालय तथा विश्वविद्यालयहरूमा र कतिपय अवस्थामा वैदेशिक अध्ययनमा समेत खर्च हुने गरेको छ । अर्कोतर्फ शिक्षा गुणस्तरिय जीवनको प्रमुख पूर्वाधार भएको तथ्य सर्वसाधारणमा महशुस भैसकेको र शिक्षामा गर्ने लगानी गुणस्तरीय जीवनको लागि गरिएको लगानीको रुपमा स्विकार गरेको पाइन्छ । यसले ग्रामीण र पिछडिएको समाजमा क्रमशः शिक्षाको आवश्यकता बारेको चेतना वृद्धि भैरहेको संकेत गर्दछ । तर राज्यको मूल दायित्व अन्तर्गत पर्ने शिक्षामा नै धेरै लगानी गर्नुपर्ने वाध्यता रहेको स्पष्ट हुन्छ । वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




## ५.१६ खर्चको दोश्रो प्राथमिकताका आधारमा विप्रेषण पठाउनेको वितरण

**तालिका नं. ७५ :** खर्चको दोश्रो प्राथमिकताका आधारमा विप्रेषण पठाउनेको वितरण


| वडा नं. | विप्रेषणबाट प्राप्त रकम खर्च गर्ने दोस्रो मुख्य क्षेत्र | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | दोस्रो खर्च गर्ने स्थान नभएको | शिक्षा खर्च | उपचार खर्च | घर खर्च चलाउनमा | विवाह, ब्रतबन्धन, चाडपर्वमा खर्च | ऋण तिर्न | ऋण दिन | बचत | घर बनाउन | जग्गा खरिद गर्न | गहना खरिद | पशुपंक्षी | व्यापार/लगानी | अन्य | जम्मा |
| १ | १८ | ६६ | ४४४ | १९६ | ५ | ४६ | १ | १२ | १२ | २ | १ | | | २ | ८०५ |
| २ | ३७ | ४१ | १८५ | १२२ | ५ | ५५ | २ | २ | ६ | १ | | | | २ | ४५८ |

| | | | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | ३४ | ५९ | २३७ | १६२ | ८ | ६० | २ | १ | १३ | १ | १ | १ | १ | २ | ५८२ |
| ४ | २९ | ६७ | १८४ | ११७ | २ | १४ | १ | २ | २ | १ | | १ | | २ | ४२२ |
| ५ | २ | २७ | १२२ | ६२ | ३ | ११ | २ | २ | ११ | २ | | १ | १ | १ | २४७ |
| ६ | ११ | १९ | ११८ | ५२ | १ | १९ | | | २ | ४ | | १ | | | २२७ |
| ७ | २ | ८७ | १८७ | ८५ | २ | २२ | २ | ५ | ६ | ४ | | १ | | २ | ४०५ |
| ८ | १६ | ६६ | ३६२ | ११६ | २ | १२ | | ३ | ७ | २ | १ | १ | | २ | ५९० |
| ९ | | २६ | १८३ | ११३ | ४ | २६ | १ | | २ | २ | | १ | | १ | ३५९ |
| **जम्मा** | १४९ | ४५८ | २,०२२ | १,०२५ | ३२ | २६५ | ११ | २७ | ६१ | १९ | ३ | ७ | २ | १४ | ४,०९५ |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

काम वा रोजगारीको कारण गाउँपालिका बाहिर रहि विप्रेषण प्रवाह गर्नेहरूको संख्या ४,०९५ रहेकोमा खर्चको दोस्रो प्राथमिकता बारे सोधिएको प्रश्नमा २,०२२ जना अर्थात ४९.४ प्रतिशतले औषधि उपचारमा खर्चको दोस्रो प्राथमिकता केन्द्रित गरेको पाइयो । पुनः संविधानले मौलिक हकको रुपमा स्थापित गरेको स्वास्थ सेवामा नागरिकको पहुँच अत्यन्त न्यून हुनु र कमाइको ठूलो अंश औषधि उपचारमा खर्च गर्नुपर्ने बाध्यतामा जनसाधारणहरू रहेको स्पष्ट हुन्छ । यसरी समय र श्रम खर्चेर पठाएको रकम निरन्तर आधारभूत आवश्यकता परिपूर्तिमा मात्र खर्च गर्न पर्दा अन्य उत्पादनशील क्षेत्रमा लगानी गर्ने विषय ओझेलमा पर्ने र जीवनस्तर सुधारमा प्रगति नहुने संकेत देखिन्छ । थप विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**विप्रेशणबाट प्राप्त रकम खर्च गर्ने दोस्रो मुख्य क्षेत्र**




## ५.१७ खर्चको तेश्रो प्राथमिकताका आधारमा विप्रेषण पठाउनेको वितरण

**तालिका नं. ७६ :** खर्चको तेश्रो प्राथमिकताका आधारमा विप्रेषण पठाउनेको वितरण

| वडा नं. | विप्रेशणबाट प्राप्त रकम खर्च हुने तेस्रो मुख्य क्षेत्र | | | | | | | | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | तेस्रो खर्च गर्ने स्थान नभएको | शिक्षामा खर्च | उपचारमा खर्च | घरायसी खर्च | विवाह, ब्रतबन्धन, चाडपर्वमा खर्च | ऋण तिर्न | ऋण दिन | बचत | घर बनाउन | जग्गा खरिद गर्न | गहना खरिद | घरपालुवा पशुपंक्षी खरिद गर्न | व्यवसायमा लगानी गर्न | अन्य | |
| १ | ४८ | २० | ११६ | ४०७ | ६२ | ९२ | १ | २२ | २२ | ५ | १ | १ | ३ | ५ | ८०५ |
| २ | ४३ | ४३ | ७२ | १६९ | २७ | ७८ | ४ | | १७ | २ | | १ | | २ | ४५८ |
| ३ | ९३ | ३१ | ६८ | २४० | ३१ | ८० | २ | ८ | १२ | ५ | ४ | २ | ३ | ३ | ५८२ |
| ४ | १११ | १६ | ५१ | १५४ | २० | ४७ | ३ | ८ | ७ | | | १ | २ | २ | ४२२ |
| ५ | ६ | २१ | ५० | १०१ | ९ | ४२ | १ | २ | ९ | ३ | | १ | | २ | २४७ |
| ६ | २४ | ७ | १५ | ९४ | ७ | ५३ | ४ | ११ | ३ | ३ | | १ | | ५ | २२७ |
| ७ | ६ | २७ | ८१ | १८८ | २३ | ४१ | ४ | १९ | ८ | ३ | | २ | | ३ | ४०५ |
| ८ | ३३ | ३२ | ७४ | ३३६ | २० | ६८ | | ९ | ६ | १ | | १ | १ | ९ | ५९० |
| ९ | २ | १५ | ४१ | १६० | ५२ | ५८ | ४ | ११ | १० | २ | | ३ | | १ | ३५९ |
| जम्मा | ३६६ | २१२ | ५६८ | १,८४९ | २५१ | ५५९ | २३ | ९० | ९४ | २४ | ५ | १३ | ९ | ३२ | ४,०९५ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

काम वा रोजगारीको शिलशिलामा गाउँपालिका बाहिर रहि गाउँपालिकामा विप्रेषण प्रवाह गर्ने ४,०९५ जना मध्ये खर्चको तेस्रो प्राथमिकता बारे सोधिएको प्रश्नमा १,८४९ जना अर्थात ४५.२ प्रतिशतले घरायसी गर्जोटार्न तेस्रो प्राथमिकता केन्द्रित गरेको पाइयो । यसरी पहिलो, दोस्रो र तेस्रो प्राथमिकतालाई हेर्दा उत्पादनशिल क्षेत्रमा नभई साधारण र अत्यावश्यक जीवन निर्वाहका क्षेत्रमा मात्र विप्रेषणको अत्यधिक रकम खर्च हुने गरेको पाइयो । यसरी राज्यले विप्रेषणलाई उत्पादनशिल लगानीका क्षेत्रहरू जस्तै कृषि, उद्योग, पर्यटन, उर्जा जस्ता क्षेत्रमा केन्द्रित गर्ने ठोस कार्ययोजना निर्माण नगरेमा यूवाहरूको बाहुमूल्य श्रमशक्तिको उचित सदुपयोग हुन नसक्ने र समाज यथास्थितिमै रहने अवस्था देखिन्छ ।



## ५.१८ विप्रेषण खर्च हुने प्रमुख क्षेत्रहरुको आधारमा विप्रेषण पठाउनेको वितरण

**तालिका नं. ७७ :** विप्रेषण खर्च हुने प्रमुख क्षेत्रहरुको आधारमा विप्रेषण पठाउनेको वितरण

| वडा नं. | शिक्षामा खर्च | उपचारमा खर्च | घरायसी खर्च | विवाह, व्रतबन्धन, चाडपर्वमा खर्च | ऋण तिर्न | ऋण दिन | बचत | घर बनाउन | जग्गा खरिद गर्न | गहना खरिद | घरपालुवा पशुपंक्षी खरिद गर्न | व्यवसायमा लगानी गर्न | अन्य | थाहा नभएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ६६७ | ७२५ | ७६५ | २८५ | ५९१ | २३ | १९८ | २०७ | ७९ | १४ | २२ | ६ | ६२ | २ | ८०५ |
| २ | ३३३ | ४०४ | ४०८ | २२९ | ३९६ | २८ | ५३ | ९२ | २० | ७ | १५ | १० | ८५ | २८ | ४५८ |
| ३ | ३७६ | ४७१ | ५३७ | १७९ | ३८२ | ८ | ९४ | ९४ | ३२ | १७ | ८ | १५ | १३७ | | ५८२ |
| ४ | ३२५ | ३२९ | ३९० | १२९ | २४५ | १९ | ५० | ३७ | १३ | ४ | ३० | ७ | ७२ | १ | ४२२ |
| ५ | १८१ | २२६ | २३३ | ३१ | १९५ | १३ | ३३ | ८३ | २० | १ | १० | ९ | ७७ | २ | २४७ |
| ६ | १५३ | १९६ | १९९ | ४० | १६६ | २३ | १२० | २९ | १५ | | २४ | ६ | ५८ | २ | २२७ |
| ७ | ३२३ | ३९२ | ३८३ | १८६ | ३०६ | १९ | १७८ | ९२ | ३२ | ३ | ८ | ५ | ७० | | ४०५ |
| ८ | ४९१ | ५५८ | ५६२ | १८३ | ४६४ | २६ | १८९ | ९५ | २० | ७ | २३ | १४ | १६२ | २ | ५९० |
| ९ | २६४ | ३२७ | ३४० | १८८ | ३०८ | ४२ | १३६ | ४६ | ११ | ६ | ३८ | ५ | ५४ | | ३५९ |
| **जम्मा** | ३,११३ | ३,६२८ | ३,८१७ | १,४५० | ३,०५३ | २०१ | १,०५१ | ७७५ | २४२ | ५९ | १७८ | ७७ | ७७७ | ३७ | ४,०९५ |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा विप्रेषण प्रवाह गर्ने ४,०९५ जना मध्ये ३,११३ जनाले शिक्षा, ३,६२८ जनाले औषधोपचारमा, ३८१७ जनाले घरायसी खर्चमा र ३,०५३ जनाले ऋण तिर्न खर्चको लागि प्रयोग गर्ने गरेको उत्तर दिएका थिए । अन्य क्षेत्रमा खर्च गर्नेको संख्या भने न्यून रहेको छ । यसरी बहुउत्तर आउने प्रश्नमा अधिकांशले शिक्षा, औषधोपचार, घरायसी खर्च र ऋण तिर्न खर्च गर्ने गरेको उत्तर दिएका थिए। यस तथ्यलाई विश्लेषण गर्दा बचत तथा उत्पादनशिल क्षेत्रमा लगानि गर्नेहरूको संख्या अत्यन्त न्यून देखिन्छ। यो बाध्यात्मक अवस्था हो किनकि आधारभूत आवश्यकता पूर्ति गर्नु सबैको पहिलो प्राथमिकता नै हुने गर्छ । वडागत थप विवरण तालिकामा प्रस्तुत गरिएको छ।

## ५.१९ विप्रेषणको आकारको आधारमा वडागत विवरण

**तालिका नं. ७८ :** विप्रेषणको आकारको आधारमा वडागत विवरण

| वडा नं. | जम्मा घरधुरी | अनुपस्थित घरधुरी संख्या | जम्मा अनुपस्थित | विप्रेषण प्राप्त गर्ने घरधुरी | विप्रेशण पठाउने हरुको संख्या | जम्मा विप्रेशण रकम (रु.) | जनसंख्या |
|---|---|---|---|---|---|---|---|
| १ | १,३५४ | ९३० | १,५१८ | ६५५ | ७७९ | १८७,६७६,२०८ | ५,३१० |
| २ | १,५२९ | ६६३ | १,०१० | ३५८ | ४०३ | ७४,८५५,५०० | ६,५६७ |
| ३ | १,४६८ | ६५९ | ९४२ | ५०४ | ५६८ | १३०,०१६,००० | ६,३०८ |
| ४ | १,२१७ | ४६४ | ७५८ | ३४४ | ४१९ | ६०,२४५,००० | ५,४९३ |
| ५ | ९३१ | २८६ | ४१४ | १५४ | १७४ | २७,८१७,००० | ४,५२३ |
| ६ | १,४०९ | ३४२ | ४४४ | १५४ | १६५ | २६,९९७,००० | ६,०५१ |
| ७ | १,१९६ | ४४६ | ६७२ | ३२२ | ३८५ | ७२,९१७,००० | ५,३८८ |
| ८ | १,४२६ | ६९७ | १,११० | ५०१ | ५८५ | ३१३,९२५,२०० | ५,८१८ |
| ९ | १,५५९ | ४६९ | ६९५ | ३०३ | ३५८ | ६९,८७३,००० | ५,९९७ |
| **जम्मा** | १२,०८९ | ४,९५६ | ७,५६३ | ३,२९५ | ३,८३६ | ९६४,३२१,९०८ | ५१,४५५ |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका कुल १२,०८९ घरधुरीहरूमा ५१,४५५ जनसंख्या रहेको छ । उक्त जनसंख्या मध्ये ७,५६३ जनसंख्या अनुपस्थित रहेको छ। यो अनुपस्थित जनसंख्याको घरधुरीगत विवरण हेर्दा कुल ४,९५६ घरधुरीमा अनुपस्थित जनसंख्या रहेको छ । त्यसमध्ये विप्रेषण भित्र्याउने घरधुरी संख्या ३,२९५ मात्र छ । घर बाहिर रहि कमाएर पठाउने जनसंख्या भने जम्मा ३,८३६ जना मात्र रहेको देखिन्छ । अनुपस्थित जनसंख्याको करीब एक तिहाइ जनसंख्याले मात्र आम्दानी गर्दछ भने अन्यले अध्ययन वा अन्य खर्च गर्ने अवस्थामा रहेको अनुमान लगाउन सकिन्छ । यसरी बाहिरबाट कमाएर गाउँपालिकामा भित्रिएको कूल विप्रेषण रकम रू. ९६४,३२१,९०८ रहेको छ । सबैभन्दा बढी विप्रेषण रकम भित्रिएको वडा नं. ८ र कम भिभिएको वडा नं. ६ रहेका छन् । आम्दानी गर्ने जनसंख्याको आकारलाई हेर्दा अनुपातको रुपमा कम जनसंख्याको कमाइमा धेरै जनसंख्या आश्रित हुनुपर्ने देखिन्छ । यसरी ठूलो जनसंख्या आश्रित रहँदा गुणस्तरीय जीवन यापनमा कठिन हुन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

## ५.२० कृषि

नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रुपमा रहेको छ । ग्रामीण जनताहरुको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रुपमा लिन सकिन्छ । खाद्यान्न तथा नगदे बालीहरु फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरु कृषि तथ्याङ्कको क्षेत्र भित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीयस्तरमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रुपमा कृषि भूमि व्यवस्थापन तथा सहकारी मंत्रालय र केन्द्रीय तथ्याङ्क विभाग रहेका छन् । स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ ।

आर्थिक सर्वेक्षण २०७३/७४ अनुसार नेपालको कुल ग्राहस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान २९.३७ प्रतिशत रहेको छ । नेपालमा करिब ६३ प्रतिशत जनसंख्या रोजगारी तथा जीविकाको लागी कृषिमा निर्भर रहेका छन् । वर्षेनी युवा जनशक्ति पलायनमा बढोत्तरी, अव्यवस्थित शहरीकरण, जग्गाको खण्डिकरण, घडेरीकरण, जग्गा बाँझो राख्ने प्रवृत्ति, समग्र कृषि क्षेत्रका चुनौतीहरु हुन् । कृषि क्षेत्रको विकासका लागि आवश्यक सिँचाई, सडक, विजुली, संचार, उद्योग र बजार व्यवसाय तथा उन्नत प्रविधिहरुमा पर्याप्त लगानी आर्कषण गर्न नसक्नु कृषि क्षेत्रको मूलभूत समस्या हो भने कृषि पेशालाई प्रतिस्पर्धा, नाफामूलक, सम्मानजनक र व्यवसायिक रुपमा स्थापित गर्नु पनि चुनौतिको रुपमा रहेको छ ।

गाउँपालिकाको ठूलो क्षेत्रफल समथर भूभागले भरिएको हुँदा कृषिका लागि प्रशस्त मात्रामा उपयोगी क्षेत्र रहेको छ । सामान्यतः कृषि प्रणालीमा मुख्य अन्न बालीहरु धान, मकै, तोरी, गहुँ आदि हुन् । यस्तै दलहन बालीमा मास, मसुरो, रहर, चना उत्पादन हुने गर्दछ । तेलहन बालीमा तोरी, सुर्यमुखी र भटमास उत्पादन गरिन्छ भने तरकारी खेती आलु, प्याज, काउली, टमाटर उत्पादन हुन्छ । साथै गाउँपालिकामा आँप, केरा, लिचि, जस्ता फलफुल पनि उत्पादन हुने गरेको पाईन्छ । बढैयाताल गाउँपालिका कृषि क्षेत्रलाई अझ व्यवसायिक र आधुनिकीकरण गर्नु पर्ने देखिन्छ । जसले गाउँपालिकाको आर्थिक वृद्धिदर उच्च भई विकास हुने देखिन्छ ।

### (क) हिउँदे बाली

गाउँपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरुमा गहुँ, मसुरो, चना, अरहर, मास, गहत, राजमा, भटमास, मुङ, तोरी, तिल, आलस, केरा, तरकारी, आलु, मसला बाली रहेका छन् ।

### (ख) वर्षे बाली

गाउँपालिकाका प्रमुख वर्षे बालीहरुमा धान, मकै, दलहन, भटमास, मास, मुग, गहत, वर्षे तरकारी, आलु, आँप, कटहर, लिचि, मेवा तथा मसला बालीहरु रहेका छन् ।

## ५.२०.१ कृषियोग्य जमिनको स्वामित्वका आधारमा घरधुरीको वितरण


**तालिका नं. ७९ :** कृषियोग्य जमिनको स्वामित्वका आधारमा घरधुरीको वितरण

| वडा नं. | भएको | | नभएको | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | १,०३७ | ७६.६ | ३१७ | २३.४ | १,३५४ | १००.० |
| २ | १,१३१ | ७४.० | ३९८ | २६.० | १,५२९ | १००.० |
| ३ | १,१५७ | ७८.८ | ३११ | २१.२ | १,४६८ | १००.० |
| ४ | ८६९ | ७१.४ | ३४८ | २८.६ | १,२१७ | १००.० |
| ५ | ६९४ | ७४.५ | २३७ | २५.५ | ९३१ | १००.० |
| ६ | १,२२१ | ८६.७ | १८८ | १३.३ | १,४०९ | १००.० |
| ७ | ९९९ | ८३.५ | १९७ | १६.५ | १,१९६ | १००.० |
| ८ | ९६१ | ६७.४ | ४६५ | ३२.६ | १,४२६ | १००.० |
| ९ | १,३०८ | ८३.९ | २५१ | १६.१ | १,५५९ | १००.० |
| जम्मा | ९,३७७ | ७७.६ | २,७१२ | २२.४ | १२,०८९ | १००.० |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका कुल घरपरिवारहरूमध्ये कृषि प्रयोजनको जमिनको स्वामित्व भएका वा प्रयोग गरेका घरधुरीहरूको संख्या ९,३७७ अर्थात ७७.६ प्रतिशत र त्यस प्रकारको जमिन नभएकाको संख्या २,७१२ अर्थात २२.४ प्रतिशत रहेका छन् । यस तथ्याङ्कले गाउँपालिकाको ठूलो जनसंख्या कृषिमा संलग्न भएको देखाउँछ । यस प्रकारको संलग्नताबाट कृषिलाई उच्च प्रतिफलमूखी बनाउन ध्यान पुऱ्याउनु पर्ने र कृषि क्षेत्रमा रहेको अदृष्य बेरोजगारीलाई न्यून गर्ने कार्यक्रमहरू तयगर्नुपर्ने हुन्छ । वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ । चौधौं आवधिक योजना (२०७३/७४ - २०७५/७६) अनुसार करिब ६३% जनसंख्या जीविका तथा रोजगारको लागि कृषिमा निर्भर रहेका छन् भने कुल गार्हस्थ उत्पादनमा यसको (कृषि क्षेत्रको) योगदान ३२% रहेको छ । नेपालको संविधान भाग ३ धारा ३६ (३) बमोजिम "प्रत्येक नागरिकलाई कानुन बमोजिम खाद्य सम्प्रभुताको हक" को सुनिश्चितता गर्दै कृषि उत्पादनमा आत्मनिर्भरता हासिल गर्न भूमिको वैज्ञानिक वितरण र व्यवस्थापन गर्दै व्यवसायिक खेतीतर्फ कृषकलाई आर्कषित गर्ने नीति राज्यद्वारा अंगिकार गरिनुपर्छ ।

**कृषियोग्य जमिनको स्वामित्वका आधारमा घरधुरीको वितरण**




## ५.२०.२ खेतीपातीमा उपयोग भएको जग्गा जमिनको आकारको आधारमा घरधुरीको वितरण


**तालिका नं. ८० :** खेतीपातीमा उपयोग भएको जग्गा जमिनको आकारको आधारमा घरधुरीको वितरण

| वडा नं. | खेती नगरिएको | ०.५ हे. भन्दा कम | ०.५ हे.- १ हे. | १ हे.- ३ हे. | ३ हे.- ५ हे. | ५ हे.- १० हे. | १० हेक्टर भन्दा बढी | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | २९ | ४८५ | ३५० | १५७ | ४ | ८ | ४ | १,०३७ |
| २ | ४२ | ५३७ | ३३० | २०४ | ८ | ८ | २ | १,१३१ |
| ३ | ९२ | ४१८ | ३२९ | २९७ | १४ | ४ | ३ | १,१५७ |
| ४ | ७७ | ४२६ | २२९ | १३२ | ३ | २ | | ८६९ |
| ५ | ४० | २६४ | २१७ | १५८ | ६ | ७ | २ | ६९४ |
| ६ | १३० | ३८७ | ३०५ | ३७६ | ११ | ८ | ४ | १,२२१ |
| ७ | ६५ | ४१८ | २२९ | २५४ | १९ | १० | ४ | ९९९ |
| ८ | १२१ | ४३३ | २२७ | १५२ | १२ | १३ | ३ | ९६१ |
| ९ | २५ | ९६० | २०५ | ११४ | १ | १ | २ | १,३०८ |
| **जम्मा** | ६२१ | ४,३२८ | २,४२१ | १,८४४ | ७८ | ६१ | २४ | ९,३७७ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाँउपालिकामा रहेको कृषियोग्य जमिनको घरधुरी अनुसारको उपयोगलाई हेर्दा कुल कृषियोग्य जमिनको ९३.४० प्रतिशत जमिनमा खेती गरिएको र ६.६ प्रतिशत जमिन बाँझो रहेको देखिन्छ । जमिन बाँझो रहेका घरधुरीहरूको संख्या ६२१ रहेको छ। अर्कोतर्फ आधा हेक्टर भन्दा कम जमिनमा खेती गरी निर्वाह गर्ने घरधुरीको संख्या ४,३२८ अर्थात ४६.२० प्रतिशत, आधा हेक्टर देखि १ हेक्टर जमिनमा खेती गर्ने घरधुरीको संख्या २,४२१ अर्थात २५.८ प्रतिशत, १ हेक्टर देखि ३ हेक्टर जमिनमा खेती गर्नेको घरधुरी संख्या १,८४४ अर्थात १९.७० प्रतिशत र ३ हेक्टर देखि माथि खेतीगर्ने घरधुरीको संख्या भने अत्यन्त न्यून रहेका छन् । माथिको तथ्याङ्कलाई हेर्दा दुईवटा तथ्यहरू स्पष्ट देखिन्छ । पहिलो, अधिकांश घरधुरीहरूको ३ हेक्टर भन्दा कम आकारको जमिन रहेकोले जमिनको खण्डिकरणका कारण व्यवसायीक र वैज्ञानिक कृषि प्रणाली अनुसार खेती गर्न कठिन हुने र अर्कोतर्फ निर्वाहमूखी कृषिमा मात्र समय र श्रम खर्चिनुपर्ने अवस्था रहेको देखिन्छ। साथै ६ प्रतिशत भन्दा बढी

खेतीयोग्य जमिन बाँझो रहँदा वार्षिक कृषि उत्पादनमा ह्रास भई उर्वर जमिन क्रमशः मरुभूमिकरण तर्फ जाने सम्भावना देखिन्छ । तसर्थ यसतर्फ अर्थात जमिन बाँझो राख्ने परिपाटीको अन्त्य गरी व्यवसायिक खेतीतर्फ कृषकहरूलाई प्रोत्साहन गर्ने ठोस नीति र कार्यक्रमहरू लागू गर्नुपर्ने देखिन्छ। नेपालको संविधान (२०७२), भाग ४, धारा ५१ (ङ.२) बमोजिम "अनुपस्थित भू-स्वामित्वलाई निरुत्साहित गर्दै जग्गाको चक्लाबन्दी गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्ने" राज्यको कृषि तथा भूमिसुधार नीति अनुसार जग्गा बाँझो राख्ने प्रवृतिलाई न्यूनीकरण गर्दै व्यावसायिक र नाफाकुलक कृषिमा जोड दिनु आवश्यक देखिन्छ ।





## ५.२०.३ खेतीयोग्य जमिनको उपयोगको आधारमा घरधुरीको वितरण

**तालिका नं. ८१ :** खेतीयोग्य जमिनको उपयोगको आधारमा घरधुरीको वितरण

| वडा नं. | जम्मा घरधुरी | जग्गामा खेति गर्ने घरधुरी | सिंचित जम्मा क्षेत्रफल | औषत खेति गरिएको क्षेत्रफल |
|---|---|---|---|---|
| १ | १,०३७ | १,००८ | ६९०.२२६ | ०.६८५ |
| २ | १,१३१ | १,०८९ | ७८९.३४६ | ०.७२५ |
| ३ | १,१५७ | १,०६५ | ८९०.८६३ | ०.८३६ |
| ४ | ८६९ | ७९२ | ४६८.४८० | ०.५९२ |
| ५ | ६९४ | ६५४ | ५२०.८८३ | ०.७९६ |
| ६ | १,२२१ | १,०९१ | १,०२२.१५१ | ०.९३७ |
| ७ | ९९९ | ९३४ | ८५६.१४१ | ०.९१७ |
| ८ | ९६१ | ८४० | ६६४.१२३ | ०.७९१ |
| ९ | १,३०८ | १,२८३ | ५०५.६६२ | ०.३९४ |
| जम्मा | ९,३७७ | ८,७५६ | ६,४०७.८७४ | ०.७३२ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस गाउँपालिकामा आफ्नै स्वामित्वमा कृषियोग्य जमिन भएका कुल घरधुरी ९,३७७ मध्ये ८,७५६ अर्थात ९३.४० प्रतिशत घरधुरीहरूको जमिन खेतीपातीको लागि प्रयोग भएको छ। जसको क्षेत्रफल ६,४०७.८७ हेक्टर हुन आउँछ। त्यस बाहेका ६.६ प्रतिशत जमिन बाँझो रहेको तथ्य यसपूर्व नै प्रस्ट भैसकेको छ। वडा अनुसार विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।





## ५.२०.४ कृषि उत्पादनमा आबद्ध घरधुरीको वितरण

**तालिका नं. ८२ :** कृषि उत्पादनमा आबद्ध घरधुरीको वितरण

| वडा नं. | भएको | | नभएको | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | १,११९ | ८२.६ | २३५ | १७.४ | १,३५४ | १००.० |
| २ | १,२७५ | ८३.४ | २५४ | १६.६ | १,५२९ | १००.० |
| ३ | १,१९४ | ८१.३ | २७४ | १८.७ | १,४६८ | १००.० |
| ४ | १,०२० | ८३.८ | १९७ | १६.२ | १,२१७ | १००.० |
| ५ | ७९३ | ८५.२ | १३८ | १४.८ | ९३१ | १००.० |
| ६ | १,११९ | ७९.४ | २९० | २०.६ | १,४०९ | १००.० |
| ७ | १,०२४ | ८५.६ | १७२ | १४.४ | १,१९६ | १००.० |
| ८ | १,०२१ | ७१.६ | ४०५ | २८.४ | १,४२६ | १००.० |
| ९ | १,४५५ | ९३.३ | १०४ | ६.७ | १,५५९ | १००.० |
| जम्मा | १०,०२० | ८२.९ | २,०६९ | १७.१ | १२,०८९ | १००.० |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

आफ्नै स्वामित्वको जमिनमा होस वा अर्काको, खेतीपातीमा संलग्न कुल घरधुरीको संख्या १०,०२० अर्थात ८२.९ प्रतिशत र संलग्न नभएका घरधुरीको संख्या २,०६९ अर्थात १७.१ प्रतिशत रहेको छ। यस मध्ये सबैभन्दा बढी खेतीपातीमा संलग्न घरधुरीहरू वडा नं. ९ मा र कम भने वडा नं. ५ मा रहेका छन्। विगतमा भन्दा खेतीपातीमा संलग्न घरधुरीको संख्या क्रमश कम हुँदै गएको देखिन्छ। यसको कारण कृषिमा अपेक्षाकृत आम्दानी नहुनु र अन्य पेशा र रोजगारीका अवसरहरू समेत वृद्धि हुनु हुन्। वडा अनुसार विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




## ५.२०.५ कृषी बाली उत्पादनको आधारमा घरधुरीको वितरण


**तालिका नं. ८३ :** कृषी बाली उत्पादनको आधारमा घरधुरीको वितरण

| वडा नं. | अन्नबाली | | दलनबाली | | तेलबाली | | तरकारीबाली | | मसला बाली | | फलफुल बाली | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नभएको | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | भएको |
| १ | १७ | १,१०२ | १३९ | ९८० | ३१७ | ८०२ | ४३२ | ६८७ | ५५७ | ५६२ | ८८५ | २३४ | १,०८२ | ३७ |
| २ | १२ | १,२६३ | ४७४ | ८०१ | ७७४ | ५०१ | ७३८ | ५३७ | ८३४ | ४४१ | १,२७१ | ४ | १,२७१ | ४ |
| ३ | ८ | १,१८६ | ५३९ | ६५५ | ८१८ | ३७६ | ८७० | ३२४ | १,०३० | १६४ | १,१९३ | १ | १,१९१ | ३ |
| ४ | १० | १,०१० | ३७४ | ६४६ | ६४८ | ३७२ | ५५७ | ४६३ | ५९४ | ४२६ | १,०१३ | ७ | १,०१६ | ४ |
| ५ | १२ | ७८१ | ४५५ | ३३८ | ४७२ | ३२१ | २९७ | ४९६ | ५०६ | २८७ | ७८२ | ११ | ७२८ | ६५ |
| ६ | ३ | १,११६ | ५०७ | ६१२ | ६०८ | ५११ | ३२० | ७९९ | ६४७ | ४७२ | १,११२ | ७ | १,०९९ | २० |
| ७ | ७ | १,०१७ | ७९४ | २३० | ८५९ | १६५ | ६८३ | ३४१ | ८६० | १६४ | १,०२४ | | १,०२० | ४ |
| ८ | १८ | १,००३ | ५५४ | ४६७ | ८५२ | १६९ | ६६९ | ३५२ | ६६३ | ३५८ | १,००४ | १७ | १,०१५ | ६ |
| ९ | ४ | १,४५१ | ७१० | ७४५ | १,१५८ | २९७ | ६१० | ८४५ | ६१५ | ८४० | १,२३७ | २१८ | १,४४३ | १२ |
| जम्मा | ९१ | ९,९२९ | ४,५४६ | ५,४७४ | ६,५०६ | ३,५१४ | ५,१७६ | ४,८४४ | ६,३०६ | ३,७१४ | ९,५२१ | ४९९ | ९,८६५ | १५५ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस गाउँपालिकामा खेतीपातीमा संलग्न १०,०२० घरधुरीहरू मध्ये ९,९२९ अर्थात ९९.१० प्रतिशतले अन्नवाली, ५,४७४ अर्थात ५४.६ प्रतिशतले दलहनवाली, ३,५१४ अर्थात ३५.१ प्रतिशतले तेलहन वाली, ४,८४४ अर्थात ४८.३ प्रतिशतले तरकारीवाली, ३,७१४ अर्थात् ३७.१ प्रतिशतले मसलावाली, ४९९ अर्थात ५ प्रतिशतले फलफूल र १५५ अर्थात् १.५ प्रतिशतले अन्य वाली लगाउने गरेका छन् । समग्र तथ्याङ्को विश्लेषण गर्दा परम्परागतरुपमा अन्न वाली भने झण्डै सबै घरधुरीहरूले लगाउने गरेको देखियो तर फलफूल, तेलहन र तरकारी जस्ता नगदेवालीको खेतीगर्ने घरधुरीहरू भने उल्लेख्य रुपमा कम देखिन्छ । यस तथ्याङ्कले परम्परागत निर्वाहमूखी खेतीपातीमा ग्रामीण अर्थतन्त्र सिमित रहेको देखिन्छ । फलफूल, तरकारी र अन्य नगदेवालीको

वैज्ञानिक र व्यवसायीक खेतीबाट उर्वर जमिनको पूर्ण सदुपयोग गरी निर्यात प्रवर्द्धन गर्न सकेमात्र ग्रामीण अर्थतन्त्र सबल हुने देखिन्छ। यसका लागि गाउँपालिकाले कृषि विकास गुरुयोजना निर्माण गरी युवा कृषक तथा अन्य कृषकहरूलाई व्यवसायीक ढंगले अधिक फाइदा हुने खालका नगदेवाली, फलफूल तथा तरकारी वालीमा आकर्षण गरी कृषि विमा विउविजनमा सहुलियत, बजारीकरणको व्यवस्था, कोल्ड स्टोर, तालिम, किटनाशक तथा मलखादको उपलब्धता जस्ता विषयहरूमा स्थानीय सरकारले ध्यान पुऱ्याउनु जरुरी छ।





## ५.२०.६ कृषीजन्य बाली बिक्रीका आधारमा घरधुरीको वितरण

**तालिका नं. ८४ :** कृषीजन्य बाली बिक्रीका आधारमा घरधुरीको वितरण

| वडा नं. | अन्नबाली | | दलनबाली | | तेलबाली | | तरकारीबाली | | मसला बाली | | फलफुल बाली | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नगर्ने | गर्ने | नगर्ने | गर्ने | नगर्ने | गर्ने | नगर्ने | गर्ने | नगर्ने | गर्ने | नगर्ने | गर्ने | नगर्ने | गर्ने |
| १ | ८३१ | २७१ | ९३८ | ४२ | ८०० | २ | ६७७ | १० | ५५६ | ६ | २३२ | २ | ३७ | |
| २ | ९६६ | २९७ | ७७१ | ३० | ४९५ | ६ | ५२१ | १६ | ४३८ | ३ | ३ | १ | ४ | |
| ३ | ६३७ | ५४९ | ५७६ | ७९ | ३६३ | १३ | २८८ | ३६ | १४३ | २१ | १ | | २ | १ |
| ४ | ८३४ | १७६ | ५३३ | ११३ | ३७१ | १ | ४३३ | ३० | ४१६ | १० | ५ | २ | १ | ३ |
| ५ | ५०९ | २७२ | ३१६ | २२ | ३२१ | | ४३४ | ६२ | २७८ | ९ | ११ | | १० | ५५ |
| ६ | ४४३ | ६७३ | ५२५ | ८७ | ५१० | १ | ४६५ | ३३४ | ४२१ | ५१ | २ | ५ | ९ | ११ |
| ७ | ५६९ | ४४८ | २१९ | ११ | १६३ | २ | २९० | ५१ | १५५ | ९ | | | ३ | १ |
| ८ | ७७७ | २२६ | ४४७ | २० | १६७ | २ | ३२५ | २७ | ३४७ | ११ | १६ | १ | ४ | २ |
| ९ | १,२२३ | २२८ | ७१६ | २९ | २९४ | ३ | ७९२ | ५३ | ८३५ | ५ | २१६ | २ | १२ | |
| जम्मा | ६,७८९ | ३,१४० | ५,०४१ | ४३३ | ३,४८४ | ३० | ४,२२५ | ६१९ | ३,५८९ | १२५ | ४८६ | १३ | ८२ | ७३ |


*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*




गाउँपालिकामा खाद्यान्न बाली खेती गर्ने कूल १०,०२० अर्थात् कृषियोग्य जमिनको स्वामित्व भएका मध्ये ९९.१० प्रतिशत मध्येबाट आफूले प्रयोग गरी बढी भएको अन्न बेच्नेको संख्या ३,१४० घरधुरी अर्थात ३१.६ प्रतिशत रहेको छ । यसको अर्थ ६,७८९ अर्थात ६८.४ प्रतिशत घरपरिवार खाद्यान्न बालीको विक्रि गर्दैनन् । यसका कारण अवैज्ञानिक र परम्परागत कृषि प्रणाली निर्वाहमुखी खेती, उद्यमशिलता र व्यवसायीक सोचको न्युनता जस्ता कारणहरू रहेका छन् । यसको कारण सिमित जमिन र न्यून परीमाणको उत्पादन नै हो । विस्तृत वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका नं. ८५ :** अन्न बाली विक्रि वितरण


| वडा नं. | अन्नबाली | | | | | |
|---|---|---|---|---|---|---|
| | विक्रि नगर्ने | | विक्रि गर्ने | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ८३१ | ७५.४ | २७१ | २४.६ | १,१०२ | १००.० |
| २ | ९६६ | ७६.५ | २९७ | २३.५ | १,२६३ | १००.० |
| ३ | ६३७ | ५३.७ | ५४९ | ४६.३ | १,१८६ | १००.० |
| ४ | ८३४ | ८२.६ | १७६ | १७.४ | १,०१० | १००.० |
| ५ | ५०९ | ६५.२ | २७२ | ३४.८ | ७८१ | १००.० |
| ६ | ४४३ | ३९.७ | ६७३ | ६०.३ | १,११६ | १००.० |
| ७ | ५६९ | ५५.९ | ४४८ | ४४.१ | १,०१७ | १००.० |
| ८ | ७७७ | ७७.५ | २२६ | २२.५ | १,००३ | १००.० |
| ९ | १,२२३ | ८४.३ | २२८ | १५.७ | १,४५१ | १००.० |
| **जम्मा** | ६,७८९ | ६८.४ | ३,१४० | ३१.६ | ९,९२९ | १००.० |




**तालिका नं. ८६ :** दलहन बाली विक्रि वितरण

| वडा नं. | दलनबाली | | | | | |
|---|---|---|---|---|---|---|
| | विक्रि नगर्ने | | विक्रि गर्ने | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ९३८ | ९५.७ | ४२ | ४.३ | ९८० | १००.० |
| २ | ७७१ | ९६.३ | ३० | ३.७ | ८०१ | १००.० |
| ३ | ५७६ | ८७.९ | ७९ | १२.१ | ६५५ | १००.० |
| ४ | ५३३ | ८२.५ | ११३ | १७.५ | ६४६ | १००.० |
| ५ | ३१६ | ९३.५ | २२ | ६.५ | ३३८ | १००.० |
| ६ | ५२५ | ८५.८ | ८७ | १४.२ | ६१२ | १००.० |
| ७ | २१९ | ९५.२ | ११ | ४.८ | २३० | १००.० |
| ८ | ४४७ | ९५.७ | २० | ४.३ | ४६७ | १००.० |
| ९ | ७१६ | ९६.१ | २९ | ३.९ | ७४५ | १००.० |
| **जम्मा** | ५,०४१ | ९२.१ | ४३३ | ७.९ | ५,४७४ | १००.० |


गाउँपालिकाका दलहन बालीको खेतीगर्ने मध्ये ५,४७४ अर्थात ५४.६ प्रतिशत परिवारले खेती गरेको दलहन बाली मध्ये जम्मा ४३३ घरपरिवारले मात्र दलहन बाली विक्री गरेको पाइयो । वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।




**तालिका नं. ८७ :** तेलहन बाली विक्रि वितरण

| वडा नं. | तेलबाली | | | | | |
|---|---|---|---|---|---|---|
| | नगर्ने | | गर्ने | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ८०० | ९९.८ | २ | ०.२ | ८०२ | १००.० |
| २ | ४९५ | ९८.८ | ६ | १.२ | ५०१ | १००.० |
| ३ | ३६३ | ९६.५ | १३ | ३.५ | ३७६ | १००.० |
| ४ | ३७१ | ९९.७ | १ | ०.३ | ३७२ | १००.० |
| ५ | ३२१ | १००.० | | | ३२१ | १००.० |
| ६ | ५१० | ९९.८ | १ | ०.२ | ५११ | १००.० |
| ७ | १६३ | ९८.८ | २ | १.२ | १६५ | १००.० |
| ८ | १६७ | ९८.८ | २ | १.२ | १६९ | १००.० |
| ९ | २९४ | ९९.० | ३ | १.० | २९७ | १००.० |
| जम्मा | ३,४८४ | ९९.१ | ३० | ०.९ | ३,५१४ | १००.० |


गाउँपालिकामा तेलहन बालीको खेतीगर्ने जम्मा ३,५१४ घरधुरीहरूमध्ये ३० घरधुरी अर्थात ०.९ प्रतिशतले मात्र उब्रेको तेलबाली विक्री गर्ने गरेको पाइयो । ३४८४ अर्थात ९९.१ प्रतिशत घरधुरीले तेलबाली विक्रि नगर्नुको अर्थ सिमीत परिमाणको उत्पादन भई घरायसी प्रयोजनका लागि मात्र प्रयोग हुनु हो । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




**तालिका नं. ८८ :** तेलहन बाली विक्रि वितरण

| वडा नं. | तरकारीबाली | | | | | |
|---|---|---|---|---|---|---|
| | नगर्ने | | गर्ने | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ६७७ | ९८.५ | १० | १.५ | ६८७ | १००.० |
| २ | ५२१ | ९७.० | १६ | ३.० | ५३७ | १००.० |
| ३ | २८८ | ८८.९ | ३६ | ११.१ | ३२४ | १००.० |
| ४ | ४३३ | ९३.५ | ३० | ६.५ | ४६३ | १००.० |
| ५ | ४३४ | ८७.५ | ६२ | १२.५ | ४९६ | १००.० |
| ६ | ४६५ | ५८.२ | ३३४ | ४१.८ | ७९९ | १००.० |
| ७ | २९० | ८५.० | ५१ | १५.० | ३४१ | १००.० |
| ८ | ३२५ | ९२.३ | २७ | ७.७ | ३५२ | १००.० |
| ९ | ७९२ | ९३.७ | ५३ | ६.३ | ८४५ | १००.० |
| जम्मा | ४,२२५ | ८७.२ | ६१९ | १२.८ | ४,८४४ | १००.० |


गाउँपालिकामा तरकारी बालीको खेतीगर्ने जम्मा ४,८४४ घरधुरीहरू मध्ये मात्र ६१९ अर्थात १२.६ प्रतिशत परिवारहरूले मात्र तरकारीबाली बेच्ने गरेको पाइयो । ४,२२५ अर्थात ८७.२ प्रतिशत परिवारले तरकारी बालीको विक्री नगर्नुको कारण सिमीत परिमाणको उत्पादन भई घरायसी प्रयोजनका लागि मात्र प्रयोग हुनु हो । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




**तालिका नं. ८९ :** मसला बाली विक्रि वितरण

| वडा नं. | मसला बाली | | | | | |
|---|---|---|---|---|---|---|
| | नगर्ने | | गर्ने | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ५५६ | ९८.९ | ६ | १.१ | ५६२ | १००.० |
| २ | ४३८ | ९९.३ | ३ | ०.७ | ४४१ | १००.० |
| ३ | १४३ | ८७.२ | २१ | १२.८ | १६४ | १००.० |
| ४ | ४१६ | ९७.७ | १० | २.३ | ४२६ | १००.० |
| ५ | २७८ | ९६.९ | ९ | ३.१ | २८७ | १००.० |
| ६ | ४२१ | ८९.२ | ५१ | १०.८ | ४७२ | १००.० |
| ७ | १५५ | ९४.५ | ९ | ५.५ | १६४ | १००.० |
| ८ | ३४७ | ९६.९ | ११ | ३.१ | ३५८ | १००.० |
| ९ | ८३५ | ९९.४ | ५ | ०.६ | ८४० | १००.० |
| जम्मा | ३,५८९ | ९६.६ | १२५ | ३.४ | ३,७१४ | १००.० |

गाउँपालिकामा मसलाबालीको खेती गर्ने कूल ३,७१४ घरधुरीहरूमध्ये १२५ अर्थात ३.४ प्रतिशतले मात्र विक्री वितरण गर्ने गरेको पाइयो । ३,५८९ अर्थात ९६.६ प्रतिशत घरधुरीले विक्री नगर्नु र ठूलो संख्यामा रहेका किसानहरूले मसलाबालीको खेती नगर्नुको कारण, प्राविधिक ज्ञानको कमी, बजारीकरण, विउविजन तथा परम्परागत सोचको खेती प्रणाली हुन सक्छन् ।





आधारभूत कृषि पूर्वाधारको विकास मार्फत उत्पादन तथा उत्पादकत्व वृद्धि, कृषिजन्य उपजहरूको व्यवसायीकरण र बजारीकरण, कृषि सूचना तथा सञ्चार, प्रसार र तालिम लगाएत गुणस्तर नियमन, मानव तथा पशु रोग व्यवस्थापन एवंम विपद व्यस्थापन तथा सचेतना जस्ता ठोस कार्यक्रमको कार्यान्वयन मार्फत कृषि क्षेत्रको पुनःउत्थान गर्नुपर्ने आवश्यक छ ।

**तालिका नं. ९० :** फलफुल बाली विक्रि वितरण

| वडा नं. | फलफुल बाली | | | | | |
|---|---|---|---|---|---|---|
| | नगर्ने | | गर्ने | | जम्मा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | २३२ | ९९.१ | २ | ०.९ | २३४ | १००.० |
| २ | ३ | ७५.० | १ | २५.० | ४ | १००.० |
| ३ | १ | १००.० | | | १ | १००.० |
| ४ | ५ | ७१.४ | २ | २८.६ | ७ | १००.० |
| ५ | ११ | १००.० | | | ११ | १००.० |
| ६ | २ | २८.६ | ५ | ७१.४ | ७ | १००.० |
| ७ | | | | | | |
| ८ | १६ | ९४.१ | १ | ५.९ | १७ | १००.० |
| ९ | २१६ | ९९.१ | २ | ०.९ | २१८ | १००.० |
| **जम्मा** | ४८६ | ९७.४ | १३ | २.६ | ४९९ | १००.० |

गाउँपालिकामा फलफूल खेतीमा संलग्न कूल ४९९ घरधुरीहरू मध्ये १३ घरधुरी अर्थात २.६ प्रतिशतले मात्र फलफूल बाली विक्री गर्ने गरेको पाइयो । उष्ण क्षेत्रमा खेती गर्न सकिने फलफूलहरू जस्तै आँप, मेवा, लिची, कटहर, नास्पाती, केरा आदिको व्यवसायीक खेतीको प्रवल सम्भावना भएको यस गाउँपालिकामा निकै न्यून संख्याका कृषकहरूले सिमित मात्रामा मात्र फलफूल खेतीगर्ने गरेको पाइयो । यसका लागि प्राविधिक ज्ञान दिलाउने तालिम, विउविजन, भण्डारण र बजारीकरणको प्रबन्ध मिलाउन सके व्यवसायीक फलफूल खेती बृद्धि गर्न सकिन्छ ।




## ५.२१ कृषक र गैर-कृषकका आधारमा घरधुरीको वितरण


**तालिका नं. ९१ :** कृषक र गैर-कृषकका आधारमा घरधुरीको वितरण

| वडा नं. | कृषि | | | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | कृषक | | गैर-कृषक | | संख्या | प्रतिशत |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | | |
| १ | १,०८८ | ९४.६ | ६२ | ५.४ | १,१५० | १००.० |
| २ | १,०५२ | ९७.० | ३३ | ३.० | १,०८५ | १००.० |
| ३ | ९०७ | ९४.८ | ५० | ५.२ | ९५७ | १००.० |
| ४ | ८१३ | ८९.८ | ९२ | १०.२ | ९०५ | १००.० |
| ५ | ६४७ | ९५.३ | ३२ | ४.७ | ६७९ | १००.० |
| ६ | ८४४ | ९६.१ | ३४ | ३.९ | ८७८ | १००.० |
| ७ | ७११ | ९६.५ | २६ | ३.५ | ७३७ | १००.० |
| ८ | ८६२ | ८९.२ | १०४ | १०.८ | ९६६ | १००.० |
| ९ | ९७४ | ९४.४ | ५८ | ५.६ | १,०३२ | १००.० |
| जम्मा | ७,८९८ | ९४.१ | ४९१ | ५.९ | ८,३८९ | १००.० |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

नोट : नगण्य मात्रामा खेती गर्ने वा अत्यन्त न्यून संख्यामा (१ वा २ वटा) पशुपंक्षी पाल्ने परिवारलाई कृषक परिवार भन्न मिल्दैन । केन्द्रिय तथ्याङ्क विभागको परिभाषामा कृषक परिवार भन्नको लागि निश्चित क्षेत्रफलमा खेतीपाती गरेको वा निश्चित संख्यामा वस्तुभाउ पालेको हुनुपर्दछ । अर्थात कृषक परिवार हुनको लागि गाई/गोरु, भैंसी/राँगा, जसलाई Big Head भनिन्छ कम्तीमा १ वटा पालेको, भेडा, बाखा, च्याङ्ग्रा, बंगुर, सुङ्गुर कम्तीमा २ वटा पालेको र हाँस/कुखुरा कम्तीमा २० वटा पालेको हुनुपर्दछ । अर्को तर्फ हिमाल र पहाडमा भए कम्तिमा ०.०१२७२ हेक्टर जग्गामा खेती गरेको, तराइमा भए कम्तीमा ०.०१३५५ हेक्टर जग्गामा

खेती गरेको हुनुपर्ने उल्लेख गरिएको छ। यस परिभाषालाई हेर्दा गाउँपालिकामा खेतीपाती गर्ने र पशुपंक्षी पाल्ने कूल ८३८९ घरधुरीहरूमध्ये ७८९८ अर्थात ९४.१ प्रतिशत कृषक परिवार र ४९१ अर्थात ५.९ प्रतिशत गैर-कृषक परिवारको रुपमा रहेका छन्। यस प्रकारको गैर-कृषक परिवार समेत कृषि गणनामा समावेश हुँदा कृषिमा संलग्न जनसंख्याको तथ्यमा केहि फरक पर्ने वा बढी देखिन आउँछ तसर्थ खास कृषक परिवार र गैर कृषक परिवारको बीचमा भिन्नता हुँदा तथ्यको नजिक पुग्न सकिन्छ।




## ५.२२ जम्मा घरधुरी, कृषक घरधुरी र खेतीयोग्य जमिनको क्षेत्रफल


**तालिका नं. ९२ :** जम्मा घरधुरी, कृषक घरधुरी र खेतीयोग्य जमिनको क्षेत्रफल

| वडा नं. | जम्मा घरधुरी | जम्मा कृषक घरधुरी | खेतीयोग्य जमिनमा खेति गरेका घरधुरी | खेतीयोग्य जमिनमा खेति गर्ने औषत घरधुरी | घरपालुवा पशुपंक्षी मात्र पाल्ने कृषक |
|---|---|---|---|---|---|
| १ | १,१५० | १,०८८ | ६३४.८८ | ०.७३० | २१८ |
| २ | १,०८५ | १,०५२ | ६७४.७६ | ०.७६४ | १६९ |
| ३ | ९५७ | ९०७ | ७११.१६ | ०.९२८ | १४१ |
| ४ | ९०५ | ८१३ | ४२६.४९ | ०.६३९ | १४६ |
| ५ | ६७९ | ६४७ | ४६०.७९ | ०.८८८ | १२९ |
| ६ | ८७८ | ८४४ | ८३१.०५ | १.०५७ | ५८ |
| ७ | ७३७ | ७११ | ६३८.५५ | १.०४९ | १०२ |
| ८ | ९६६ | ८६२ | ५५०.५० | ०.८५६ | २१९ |
| ९ | १,०३२ | ९७४ | ३९४.८७ | ०.४४६ | ८९ |
| जम्मा | ८,३८९ | ७,८९८ | ५,३२३.०६ | ०.८०३ | १,२७१ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस गाउँपालिकामा खेतीपाती गर्ने र पशुपंक्षी पाल्ने ८,३८९ घरधुरीहरू मध्ये कृषक परिवारको संख्या यस पूर्व उल्लेख भए अनुसार ७,८९८ घरधुरी, कृषि प्रयोजनको लागि प्रयोग भएको जमिन ५,३२३.०६ हेक्टर, औषत रुपमा प्रति परिवारले उपयोग गरेको जमिन ०.८०३ हेक्टर रहेको छ। यसैगरी पशुपंक्षी मात्र पाल्ने परिवारको संख्या १,२७१ रहेको छ। तथ्याङ्कको विश्लेषण गर्दा गाउँपालिकाको ठूलो हिस्साको जनसंख्या खास

कृषिमै संलग्न देखिन्छ तर यति ठूलो जनसंख्या (श्रमशक्ति) कृषिमा संलग्न हुँदा समेत उत्पादकत्वमा परिमाणात्मक र गुणात्मक उपलब्धी भने न्यून रहेको देखिन्छ । यसको प्रमुख कारणमा परम्परागत निर्वाहमूखी कृषि प्रणाली, यान्त्रिकिकरणको अभाव, कृषि सामग्रीको सहज उपलब्धताको अभाव, बजारीकरणको समस्या, कृषि प्रविधि र तालिमको अभाव साथै समग्र वैज्ञानिक कृषि योजना निर्माण नहुनु र भएतापनि यसको कार्यान्वयन पक्षको फितलोपन जस्ता समस्याले गर्दा कृषिको अपेक्षाकृत विकास गर्न सकिएको छैन ।




## ५.२३ आफ्नो उत्पादनले खान पुग्ने अवधीको आधारमा घरधुरीको वितरण


**तालिका नं. ९३ :** आफ्नो उत्पादनले खान पुग्ने अवधीको आधारमा घरधुरीको वितरण

| वडा नं | ०- ३ महिना | ४- ६ महिना | ७-९ महिना | १०-११ महिना | १२ महिना भन्दा बढि | जम्मा | औषतमा खान पुग्ने समय |
|---|---|---|---|---|---|---|---|
| १ | १३५ | १५० | ११३ | २९ | ९२७ | १,३५४ | ९.८३ |
| २ | १९१ | २१६ | १३२ | ५५ | ९३५ | १,५२९ | ९.२७ |
| ३ | १९५ | ११९ | ८० | ६७ | १,००७ | १,४६८ | ९.६६ |
| ४ | ३३१ | २७१ | ५९ | १९ | ५३७ | १,२१७ | ७.४५ |
| ५ | ९३ | ९४ | २५ | १४ | ७०५ | ९३१ | १०.१४ |
| ६ | १०८ | ९० | १३ | ८ | १,१९० | १,४०९ | १०.७२ |
| ७ | १८१ | ११५ | ३३ | ७ | ८६० | १,१९६ | ९.५९ |
| ८ | ३९२ | १८२ | १०७ | ३२ | ७१३ | १,४२६ | ७.७० |
| ९ | ५७२ | ४४५ | १२६ | २३ | ३९३ | १,५५९ | ६.१३ |
| जम्मा | २,१९८ | १,६८२ | ६८८ | २५४ | ७,२६७ | १२,०८९ | ८.८७ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेको कुल १२,०८९ घरधुरीहरू मध्ये आफ्नै कृषि उत्पादनले ० देखि ३ महिनासम्म खानपुग्ने घरधुरीको संख्या २,१९८ अर्थात १८.२ प्रतिशत, ४ देखि ६ महिनासम्म खान पुग्ने घरधुरी संख्या १,६८२ अर्थात १३.९ प्रतिशत, ७ देखि ९ महिनासम्म खान पुग्ने घरधुरी संख्या ६८८ अर्थात ५.७ प्रतिशत, १० देखि ११

महिनासम्म खानपुग्नेको संख्या २५४ अर्थात २.१ प्रतिशत र १२ महिना भन्दा पनि माथि खान पुग्ने घरधुरीको संख्या ७,२६७ अर्थात ६०.१ प्रतिशत छ । तथ्याङ्कले जम्मा ३ महिना वा सो भन्दा कम समय खानपुग्ने संख्या झण्डै २० प्रतिशतको हाराहारीमा देखाएको छ साथै पूरै बाह्र महिना खान नपुग्ने अन्य घरधुरीको संख्यालाई हेर्दा ३९.९ प्रतिशत हुन आउँछ । यद्यपी आफ्नै कृषि पेशाबाट खान नपुगेता पनि अन्य पेशाबाट राम्रो आम्दानी भई खरिद गरी खाने परिवारहरू समेत हुन्छन तर पूर्ण रुपमा ग्रामीण परिवेश भएको यस गाउँपालिकामा आफ्नै उत्पादनबाट खान नपुग्ने संख्या ३० प्रतिशत भन्दा माथि हुनुले ती परिवारमा गरिबीको संकेत गर्दछ । यस प्रकारका परिवारको आधारभूत आवश्यकता मध्ये खाद्यान्नको सूरक्षाको लागि उपयूक्त कार्यक्रमहरू संचालन गर्नुपर्ने देखिन्छ । पूर्ण विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ५.२४ कृषि बालीमा लाग्ने रोग

गाउँपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदी नै मुख्य रुपमा रहेको छ । सामान्यतया धानमा डढुवा, खैरो थोप्ले, सिथ ब्लाइट रोगहरु देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरे जस्ता रोगहरु देखिन्छन् । यसैगरी मकैमा डाँठ वा घोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिने जस्ता रोगहरु मुख्य रुपमा देखा पर्दछन् । फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, भोजक पात गुजुमुज्ज हुने, जरा कुहिने, ओइलाउने आदी रोगहरुको प्रकोपबाट कृषकहरु समस्यामा परेका छन् । मुख्य बालीहरुमा लाग्ने शत्रु जीव र रोगहरुको विस्तृत विवरण तलको तालिकामा राखिएको छ ।

**तालिका नं. ९४ :** विभिन्न बालीमा लाग्ने रोग विवरण

| क्र.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो, पात बेरुवा, पात कटुवा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे, फट्याङ्ग्रा | मरुवा, डढुवा, खैरो, थोप्ले, सिथ ब्लाइट, खैरे रोग |
| २ | गहुँ | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे, खैरा |
| ३ | मकै | खुम्रे, फेद वटुवा, गवारो, फट्याङ्ग्रा, लाही | डाठ कुहिने, घोगा कुहिने, कालोपोके |
| ४ | आलू | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, धमिरा, आलुको पुतली | लेटब्लाइट, मोजाइक, ओइलाउने रोग, खोस्टे रोग, डढुवा |
| ५ | तरकारी | भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने औसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स, खुम्रे | ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ ब्याक, जरा कुहिने, पाउडरी मिल्ड्यू |
| ६ | फलफूल | आपको मधुवा, गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली, होपर | एनथ्राक्नोजा, ससेतो ढुसी, डाईव्याक, आँपको गुच्चा हुने, डाउनी मिल्ड्यू |
| ७ | केरा खेती | केराको स्किपर, थाम र गानोका गवारा तथा घुनहरु, खपटे | जरा कुहिने रोग, ओईलाउने रोग, गुवो कुहिने, डढुवा, बन्चिटप |

*स्रोत : जिल्ला स्तरिय प्रोफाईल, २०७३*

## ५.२५ माछापालन सम्वन्धी विवरण

बढैयाताल गाउँपालिकामा दर्जनौ पोखरी रहेका छन् । गाउँपालिकामा माछापालन व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले विभिन्न वडाहरु समेट्ने गरी केही क्षेत्रलाई माछापालन पकेट क्षेत्रको रुपमा विकास गरिएको देखिन्छ । यसैगरी गाउँपालिकाका धेरै ठाउँहरुमा प्राकृतिक पोखरी भएको र थप केही अन्य संभावित ठाउँहरुमा पोखरी निर्माण गरी माछापालन व्यवसाय गरिएको छ । यस बढैयाताल गाउँपालिकाले माछापालन व्यवसायलाई थप व्यवसायिकता तर्फ लैजान सकेको खण्डमा सजिलैसँग रोजगारका अवसरहरु बढ्ने र खासगरी भारतबाट आयात गरिएका माछाहरु प्रतिस्थापन भै स्वदेश कै माछाले बजार लिने सम्भावना देखिन्छ ।

**तालिका नं. ९५ :** माछापालन सम्बन्धी विवरण

| क्र.सं. | पोखरी रहेको स्थान | वडा नं. | पोखरी क्षेत्रफल | वार्षिक माछा उत्पादन | स्वामित्व |
|---|---|---|---|---|---|
| १ | गढौरा ताल | ३ | १ हेक्टर | ७ कुइन्टल | विद्यालय |
| २ | माझकुण्डी | ३ | १ हेक्टर | १० कुइन्टल | सामुदायिक वन |
| ३ | बढैयाताल | ४ | १११ बिघा | ३३३ मे.टन | स्कुल, जिल्ला समन्वय समिति |
| ४ | मानपुर | ६ | ४-०-० | १०००० के.जी | सामुदायिक |
| ५ | मानपुर | ६ | १-१० | ५०० के.जी | सरकारी |
| ६ | मानपुर | ६ | १-१० | ५०० के.जी | सरकारी |
| ७ | राजापुर | ७ | १०१५ | | सामुदायिक |
| ८ | मयूर बस्ती | ८ | ६ | ५० कुइन्टल | व्यक्ति |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७५*

## ५.२६ कृषि बजारीकरण

परम्परागत कृषि बजारीकरणमा उत्पादकहरुले असंगठीत रुपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरुको बजारीकरण प्रचलन विकास हुन थालेको छ। गाउँपालिका निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका ढाँचाहरु विभिन्न खालका अभ्यासमा आएका छन्। यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरुले कृषि बजारको क्रमिक विकासमा टेवा पुऱ्याएका छन्। गाउँपालिकामा विभिन्न हाट बजारहरुबाट कृषि लगायत अन्य वस्तुहरुको (तरकारी, खाद्यान्न तथा लत्ताकपडा, पशुजन्य) बजारीकरण हुने गरेको देखिन्छ।

## ५.२७ जग्गाको उर्वराशक्ति

गाउँपालिकाको ठूलो क्षेत्रफल समथर भूभागले ओगटेकोले कृषि उत्पादनको लागि उर्वर भूमि प्रशस्त रहेको छ। विगतमा बढैयाताल गाउँपालिकामा रहेका उर्वरा क्षेत्र हाल क्रमश बस्ती विस्तारको प्रभावसंगै उर्वरभूमि साँगुरिदै गएको देखिन्छ। गाउँपालिकाको समथर भूभागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरुमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ।

## ५.२८ कृषि सेवा केन्द्र

कृषि प्रबिधि बिस्तारको उद्देश्यलाई सहयोग गर्दै कृषकको कृषि प्राविधिकसम्मको पहुँचलाई सरल बनाउन बढैयाताल गाउँपालिकामा निम्नानुसारका कृषि सेवाकेन्द्र स्थापना गरिएको छ।

**तालिका नं. ९६ :** कृषि सेवा केन्द्रको विवरण

| क्र.सं. | न.पा/गा.पा | सेवाकेन्द्रको नाम |
|---|---|---|
| १ | बढैयाताल गाउँपालिका | मैनापोखर सेवा केन्द्र |

*स्रोतः गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ५.२९ कृषि पकेट क्षेत्रको विवरण

**तालिका नं. ९७ :** कृषि पकेट क्षेत्रको विवरण

| क्र.सं. | बालीको नाम | साविक गा.वि.स./न.पा | गा.पा./न.पा |
|---|---|---|---|
| १ | धान | मैनापोखर | बढैयाताल गाउँपालिका |

*स्रोतः गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

बढैयाताल गाउँपालिकामा कृषि पेशा अगाल्ने परिवारको संख्या उच्च रहेको छ। कृषि पेशामा संलग्न श्रम शक्ति उच्च रहेको यस गाउँपालिकामा कृषि व्यवसायलाई प्रोत्साहन गर्ने उद्देश्यले गाउँपालिकामा विभिन्न क्षेत्रलाई कृषि पकेट क्षेत्रको रूपमा विकास गरी नगदे वाली, तरकारी, फलफुल, खाद्यान्न, मौरी पालन, उखुजस्ता कृषि उत्पादनको वृद्धि गर्न सक्ने प्रसस्त सम्भावना देखिन्छ।

## ५.३० सिंचाइ

बढैयाताल गाउँपालिकामा सिंचाइ सुविधा रहेको पाइदैन । त्यसैले यहाँका खोलाबाट निकालिएको पानी, बोरिङ र जरूवाको पानी नै सिंचाइको मुख्य स्रोत हो । कतिपय ठाउँमा डिप बोरिङ, स्यालो बोरिङ गरी सतहमुनिको पानी निकालेर सिंचाइ गरेको पाइन्छ । वर्षातको समयमा आकाशको पानी जमेर र जरूवाको पानी फैलिएर पर्याप्त हुन्छ । तर हिउँदमा जरूवाको पानी सुक्ने र खोलाको पानीको सतह तल गई कुलो निकाल्न नसक्ने भएकाले बोरिङ विधि नै सबैभन्दा उपयुक्त हुने कृषकहरूको भनाइ छ ।

## ५.३१ पशुपालन

गाउँपालिकामा विशेषगरी गाई, भैँसी, बाखा, सुँगुर नै यहाँका मुख्य घरपालुवा जनावर हुन् । यसबाट गाउँबासीहरुको जीविकोपार्जनमासुधार भैरहेको छ । पशुजन्य उत्पादनहरु जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, खसी, बोकाहरुको बिक्रीबाट आम्दानी बढेको देखिन्छ । यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाइ, भैसी, कुखुरा फार्महरु लगायतका कृषिजन्य उद्योगहरु रहेका छन् । नेपालको सन्दर्भमा कृषि सेवाको पुरकको रुपमा पशुपालन व्यवसाय रहेको देखिन्छ यस्तै बढैयाताल गाउँपालिकामा पनि विभिन्न व्यवसायिक तथा सामान्य पशुपालन हुने गरेको देखिन्छ । गाउँपालिकामा पुशपालन व्यवसायलाई अझ व्यवस्थित बनाउन सके अर्थतन्त्रमा विकास हुने देखिन्छ ।

### ५.३१.१ पशु नश्ल

गाउँपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरुमा गाई, भैंसी, बाखा, भेंडा र बंगुर रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरुको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाखा र बंगुरतर्फ उन्नत जातका भालेहरुसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरुमा वर्णशंकरको संख्या बढ्दो छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरुले अपेक्षाकृत बढी उत्पादक जनावरहरुको आहारा खाई दिनु समेत यस क्षेत्रको समस्या हो । तसर्थ नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरुलाई भविष्यको राम्रो माउमा विकसित गर्ने कुरा मध्यनजर गरी थप कार्यक्रमहरु संचालन गर्नु आवश्यक छ ।

सारांशमा, विगतका वर्षहरुमा गाउँपालिकाको पशुपालन क्षेत्रले राम्रो फड्को मारेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणात्मक विकास सम्भव भएको छ । तर हालको परिमाणात्मक विकासको गति सुस्त छ । पशु पालन क्षेत्रमा क्रमिक रुपमा व्यवसायिकता थपिएको छ तर पशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईंदैन । त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको पनि एकदम खाँचो सर्वत्र महसुस गरिएको छ । पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरुको उत्पादकत्व अति न्युन हुनु, युवा वर्गहरु विदेश पलायन हुनु र सो अनुरुप पशुपालनमा यान्त्रिकिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन ।


## ५.३१.२ घरपालुवा पशुपंक्षी पालनका आधारमा घरधुरीको वितरण

**तालिका नं. ९८ :** घरपालुवा पशुपंक्षी पालनका आधारमा घरधुरीको वितरण

| वडा नं. | भएको | | नभएको | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | १,१५० | ८४.९ | २०४ | १५.१ | १,३५४ | १००.० |
| २ | १,०८५ | ७१.० | ४४४ | २९.० | १,५२९ | १००.० |
| ३ | ९५७ | ६५.२ | ५११ | ३४.८ | १,४६८ | १००.० |
| ४ | ९०५ | ७४.४ | ३१२ | २५.६ | १,२१७ | १००.० |
| ५ | ६७९ | ७२.९ | २५२ | २७.१ | ९३१ | १००.० |
| ६ | ८७८ | ६२.३ | ५३१ | ३७.७ | १,४०९ | १००.० |
| ७ | ७३७ | ६१.६ | ४५९ | ३८.४ | १,१९६ | १००.० |
| ८ | ९६६ | ६७.७ | ४६० | ३२.३ | १,४२६ | १००.० |
| ९ | १,०३२ | ६६.२ | ५२७ | ३३.८ | १,५५९ | १००.० |
| जम्मा | ८,३८९ | ६९.४ | ३,७०० | ३०.६ | १२,०८९ | १००.० |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

पशुपंक्षी पालन क्षेत्रले देशको कुल गार्हस्थ उत्पादनमा करिब ११ प्रतिशत र कूल कृषि गार्हस्य उत्पादनमा २६.८ प्रतिशत योगदान गर्दै आएको सन्दर्भमा यस क्षेत्रको विशेष आर्थिक महत्व रहेको छ। गाउँपालिकाको कूल १२,०८९ घरधुरीहरू मध्ये पशुपंक्षी पाल्ने घरधुरीको संख्या ८,३८९ अर्थात् ६९.४ प्रतिशत र नपाल्ने घरधुरीको संख्या ३,७०० अर्थात ३०.६० प्रतिशत रहेको छ । यसबाट अधिकांश घरधुरीले पशुपंक्षी पाल्ने गरेको तथ्य तथ्याङ्कबाट स्पष्ट हुन्छ। वडा नं. १, २, ४ र ५ मा धेरै घरधुरीले पशुपंक्षी पालेका छन्। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




## ५.३१.३ घरपालुवा पशुपंक्षी पालनको आकारका आधारमा घरधुरीको वितरण

**तालिका नं. ९९ :** घरपालुवा पशुपंक्षी पालनको आकारका आधारमा घरधुरीको वितरण

| वडा नं. | गाई/गोरु | | भैंसी राँगा | | भेडा/बाखा/च्याङग्रा | | बंगुर/सुंगुर | | अन्य चौपाया | | हाँस/कुखुरा | | अन्य पंक्षी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | नपाल्ने | पाल्ने | नपाल्ने | पाल्ने | नपाल्ने | पाल्ने | नपाल्ने | पाल्ने | नपाल्ने | पाल्ने | नपाल्ने | पाल्ने | नपाल्ने | पाल्ने |
| १ | ७१२ | ४३८ | ६६५ | ४८५ | १३६ | १,०१४ | १,१३७ | १३ | १,१४० | १० | ५९७ | ५५३ | १,१४१ | ९ |
| २ | ६१६ | ४६९ | ६५३ | ४३२ | १९६ | ८८९ | १,०७८ | ७ | १,०८० | ५ | ६४२ | ४४३ | १,०८२ | ३ |
| ३ | ५५८ | ३९९ | ४८९ | ४६८ | ३९३ | ५६४ | ९४३ | १४ | ९५३ | ४ | ६७० | २८७ | ९५४ | ३ |
| ४ | ५९८ | ३०७ | ५९४ | ३११ | २३४ | ६७१ | ८३८ | ६७ | ९०५ | | २८१ | ६२४ | ८९९ | ६ |
| ५ | ३८९ | २९० | ३९७ | २८२ | १८४ | ४९५ | ६६९ | १० | ६७७ | २ | ३०४ | ३७५ | ६७७ | २ |
| ६ | ५५८ | ३२० | ५१८ | ३६० | २७२ | ६०६ | ८०५ | ७३ | ८६९ | ९ | ३६६ | ५१२ | ८६४ | १४ |
| ७ | ४३८ | २९९ | ३९४ | ३४३ | २७४ | ४६३ | ६७२ | ६५ | ७३७ | | ४७२ | २६५ | ७३५ | २ |
| ८ | ६५५ | ३११ | ५७४ | ३९२ | २७१ | ६९५ | ९१९ | ४७ | ९६३ | ३ | ५०१ | ४६५ | ९६१ | ५ |
| ९ | ५९४ | ४३८ | ७९४ | २३८ | ३२५ | ७०७ | ८६१ | १७१ | १,०३२ | | ३०९ | ७२३ | १,०२९ | ३ |
| जम्मा | ५,११८ | ३,२७१ | ५,०७८ | ३,३११ | २,२८५ | ६,१०४ | ७,९२२ | ४६७ | ८,३५६ | ३३ | ४,१४२ | ४,२४७ | ८,३४२ | ४७ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*


**घरपालुवा पशुपंक्षी पालनको आकारका आधारमा घरधुरीको वितरण**



**तालिका नं. १०० :** गाई/पालन सम्बन्धी विवरण

| वडा नं. | गाई/गोरु | | | | |
|---|---|---|---|---|---|
| | नपाल्ने | | पाल्ने | | जम्मा |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ७१२ | ६१.९ | ४३८ | ३८.१ | १,१५० |
| २ | ६१६ | ५६.८ | ४६९ | ४३.२ | १,०८५ |
| ३ | ५५८ | ५८.३ | ३९९ | ४१.७ | ९५७ |
| ४ | ५९८ | ६६.१ | ३०७ | ३३.९ | ९०५ |
| ५ | ३८९ | ५७.३ | २९० | ४२.७ | ६७९ |
| ६ | ५५८ | ६३.६ | ३२० | ३६.४ | ८७८ |
| ७ | ४३८ | ५९.४ | २९९ | ४०.६ | ७३७ |
| ८ | ६५५ | ६७.८ | ३११ | ३२.२ | ९६६ |
| ९ | ५९४ | ५७.६ | ४३८ | ४२.४ | १,०३२ |
| **जम्मा** | ५,११८ | ६१.० | ३,२७१ | ३९.० | ८,३८९ |


गाउँपालिकामा कूल ८,३८९ पशुपंक्षी पाल्ने घरधुरीहरूमध्ये ३,२७१ अर्थात ३९ प्रतिशत घरधुरीमा गाई/गोरु पालेका छन् । ५,११८ अर्थात ६१ प्रतिशत घरधुरीले भने गाई/गोरु पालेका छैनन् । वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ । आधुनिक गोठ निर्माण गरी व्यवसायिक रुपमा गाई पाल्न सकिने संभावना भएको गाउँपालिकामा त्यसका लागि पशुपालक कृषकहरुलाई प्रोत्साहन गरी प्राविधिक ज्ञान तथा सहुलियत पूर्ण ऋण र पशु विमालाई प्रभावकारी ढंगले लागू गर्न सके स्थानीय अर्थतन्त्रमा टेवा पुग्नुका साथै रोजगारीका अवसरहरु वृद्धि हुन्छन् ।



**तालिका नं. १०१ :** भैंसी/राँगा सम्बन्धी विवरण

| वडा नं. | भैंसी राँगा | | | | |
|---|---|---|---|---|---|
| | नपाल्ने | | पाल्ने | | जम्मा |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ६६५ | ५७.८ | ४८५ | ४२.२ | १,१५० |
| २ | ६५३ | ६०.२ | ४३२ | ३९.८ | १,०८५ |
| ३ | ४८९ | ५१.१ | ४६८ | ४८.९ | ९५७ |
| ४ | ५९४ | ६५.६ | ३११ | ३४.४ | ९०५ |
| ५ | ३९७ | ५८.५ | २८२ | ४१.५ | ६७९ |
| ६ | ५१८ | ५९.० | ३६० | ४१.० | ८७८ |
| ७ | ३९४ | ५३.५ | ३४३ | ४६.५ | ७३७ |
| ८ | ५७४ | ५९.४ | ३९२ | ४०.६ | ९६६ |
| ९ | ७९४ | ७६.९ | २३८ | २३.१ | १,०३२ |
| **जम्मा** | ५,०७८ | ६०.५ | ३,३११ | ३९.५ | ८,३८९ |


गाउँपालिकामा कूल ८,३८९ पशुपंक्षी पाल्ने घरधुरीहरू मध्ये ३,३११ अर्थात ३९.५ प्रतिशत घरधुरीले भैंसी/राँगा पालेका छन् । ५,०७८ अर्थात ६०.५० प्रतिशत घरधुरीले भने भैंसी राँगा पालेका छैनन् । वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।



**तालिका नं. १०२ :** भेडा/बाखा/च्याङग्रा पालन सम्बन्धी विवरण

| वडा नं. | भेडा/बाखा/च्याङग्रा | | | | |
|---|---|---|---|---|---|
| | नपाल्ने | | पाल्ने | | जम्मा |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | १३६ | ११.८ | १,०१४ | ८८.२ | १,१५० |
| २ | १९६ | १८.१ | ८८९ | ८१.९ | १,०८५ |
| ३ | ३९३ | ४१.१ | ५६४ | ५८.९ | ९५७ |
| ४ | २३४ | २५.९ | ६७१ | ७४.१ | ९०५ |
| ५ | १८४ | २७.१ | ४९५ | ७२.९ | ६७९ |
| ६ | २७२ | ३१.० | ६०६ | ६९.० | ८७८ |
| ७ | २७४ | ३७.२ | ४६३ | ६२.८ | ७३७ |
| ८ | २७१ | २८.१ | ६९५ | ७१.९ | ९६६ |
| ९ | ३२५ | ३१.५ | ७०७ | ६८.५ | १,०३२ |
| **जम्मा** | २,२८५ | २७.२ | ६,१०४ | ७२.८ | ८,३८९ |


गाउँपालिकामा रहेका कूल ८,३८९ पशुपंक्षी पाल्ने घरधुरीहरू मध्ये ६,१०४ अर्थात ७२.८ प्रतिशत घरधुरीले भेडा/बाखा पाल्ने गरेका छन् । गाई र भैंसीको तुलनामा उल्लेख्य संख्यामा भेडा/बाखा पाल्ने गरेको कारण तुलनात्मक रुपमा भेडा बाखा पाल्न सहज हुने र मासु विक्रीबाट आम्दानी समेत राम्रो हुने भएकोले हो । अर्कोतर्फ सानो संख्यामा अर्थात १, २ वटा मात्र भेडा/बाखा पाल्ने घरधुरीको संख्या बढी हुँदा तथ्याङ्कमा बढी देखिन जान्छ । यद्यपी भेडा/बाखाको समेत व्यवसायीक उत्पादन भने हुन सकेको छैन । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



**तालिका नं. १०३ :** बंगुर/सुँगुर पालन सम्बन्धी विवरण

| वडा नं. | बंगुर/सुंगुर | | | | |
|---|---|---|---|---|---|
| | नपाल्ने | | पाल्ने | | जम्मा |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | १,१३७ | ९८.९ | १३ | १.१ | १,१५० |
| २ | १,०७८ | ९९.४ | ७ | ०.६ | १,०८५ |
| ३ | ९४३ | ९८.५ | १४ | १.५ | ९५७ |
| ४ | ८३८ | ९२.६ | ६७ | ७.४ | ९०५ |
| ५ | ६६९ | ९८.५ | १० | १.५ | ६७९ |
| ६ | ८०५ | ९१.७ | ७३ | ८.३ | ८७८ |
| ७ | ६७२ | ९१.२ | ६५ | ८.८ | ७३७ |
| ८ | ९१९ | ९५.१ | ४७ | ४.९ | ९६६ |
| ९ | ८६१ | ८३.४ | १७१ | १६.६ | १,०३२ |
| जम्मा | ७,९२२ | ९४.४ | ४६७ | ५.६ | ८,३८९ |


गाउँपालिकामा रहेका कुल ८,३८९ पशुपंक्षी पाल्ने घरधुरीहरू मध्ये ४६७ अर्थात् ५.६ प्रतिशत घरधुरीहरूले मात्र सुङ्गुर/बंगुर पाल्ने गरेका छन् । विशेषगरी गाउँपालिकामा थारु समुदायको उपस्थिति रहेको र व्यवसायीक सुङ्गुर/बंगुर उत्पादनबाट लाभ हुने भएकोले व्यवसायीक वंगुर/सुंगुर पालनबाट आर्थिक उपार्जनमा ठूलो लाभ प्राप्त गर्न सकिन्छ तर न्यून संख्यामा मात्र पालन गरिनुले त्यसतर्फ पशुपालक किसानहरुलाई आर्कषण गर्नु जरुरी छ । वडागत पूर्ण विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



**तालिका नं. १०४ :** हाँस/कुखुरा पालन

| वडा नं. | हाँस/कुखुरा | | | | |
|---|---|---|---|---|---|
| | नपाल्ने | | पाल्ने | | जम्मा |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ५९७ | ५१.९ | ५५३ | ४८.१ | १,१५० |
| २ | ६४२ | ५९.२ | ४४३ | ४०.८ | १,०८५ |
| ३ | ६७० | ७०.० | २८७ | ३०.० | ९५७ |
| ४ | २८१ | ३१.० | ६२४ | ६९.० | ९०५ |
| ५ | ३०४ | ४४.८ | ३७५ | ५५.२ | ६७९ |
| ६ | ३६६ | ४१.७ | ५१२ | ५८.३ | ८७८ |
| ७ | ४७२ | ६४.० | २६५ | ३६.० | ७३७ |
| ८ | ५०१ | ५१.९ | ४६५ | ४८.१ | ९६६ |
| ९ | ३०९ | २९.९ | ७२३ | ७०.१ | १,०३२ |
| **जम्मा** | ४,१४२ | ४९.४ | ४,२४७ | ५०.६ | ८,३८९ |

गाउँपालिकामा रहेका कूल ८,३८९ पशुपंक्षी पाल्ने घरधुरीहरू मध्ये ४,२४७ अर्थात ५०.६ प्रतिशत घरधुरीले हाँस/ कुखुरा पालेका छन्। अन्य पशुपंक्षीको तुलनामा हाँस/कुखुरा पाल्न सहज हुने र स्थानीय जातका हाँस/कुखुराबाट राम्रो आम्दानी हुने भएकोले प्राय ग्रामिण क्षेत्रका घरधुरीले हाँस/कुखुराको पालन गरेको पाइन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।



## ५.३१.४ पशुपंक्षीहरुको उत्पादन तथा विक्रिका आधारमा घरधुरीको वितरण

**तालिका नं. १०५ :** पशुपंक्षीहरुको उत्पादन तथा विक्रिका आधारमा घरधुरीको वितरण

| वडा नं. | विवरण | हाल भएको संख्या | | | गत वर्षको विक्रि संख्या | | |
|---|---|---|---|---|---|---|---|
| | | उत्पादन गर्ने घरधुरी | जम्मा पशुपंक्षी विवरण | औषत पशुपंक्षी विवरण | विक्रि गर्ने घरधुरी | विक्रि हुने जम्मा पशुपंक्षी | विक्रि हुने पशुपंक्षीको औषत संख्या |
| १ | गाई/गोरु | ४३८ | ९५१ | २.१७ | २२ | ६६ | ३.०० |
| | भैसी/राँगा | ४८५ | ८४१ | १.७३ | ७५ | १०७ | १.४३ |
| | भेडा/बाखा/च्याङग्रा | १,०१४ | ४,३०० | ४.२४ | ३७१ | २०,७६१ | ५५.९६ |
| | बंगुर/सुंगुर | १३ | ३५,२३० | २,७१०.०० | ११ | ३०,०४६ | २,७३१.४५ |
| | अन्य चौपाया | १० | २१ | २.१० | ५ | १९ | ३.८० |
| | हाँस/कुखुरा | ५५३ | ५,४१२ | ९.७९ | ९७ | १,६७२ | १७.२४ |
| | अन्य पंक्षी | ९ | ६,१४० | ६८२.२२ | २ | ३ | १.५० |
| | जम्मा | २,५२२ | ५२,८९५ | २०.९७ | ५८३ | ५२,६७४ | ९०.३५ |
| २ | गाई/गोरु | ४६९ | १,१४६ | २.४४ | ३१ | ५८ | १.८७ |
| | भैसी/राँगा | ४३२ | ७६९ | १.७८ | ४६ | ६५ | १.४१ |
| | भेडा/बाखा/च्याङग्रा | ८८९ | ३,५१५ | ३.९५ | २६४ | ५५२ | २.०९ |
| | बंगुर/सुंगुर | ७ | ३६ | ५.१४ | ३ | ४ | १.३३ |
| | अन्य चौपाया | ५ | ३४ | ६.८० | २ | ९ | ४.५० |
| | हाँस/कुखुरा | ४४३ | ३,९०६ | ८.८२ | ५७ | ४९२ | ८.६३ |
| | अन्य पंक्षी | ३ | २१ | ७.०० | ६ | ३२ | ५.३३ |
| | जम्मा | २,२४८ | ९,४२७ | ४.१९ | ४०९ | १,२१२ | २.९६ |
| ३ | गाई/गोरु | ३९९ | ९४७ | २.३७ | १८ | ५० | २.७८ |
| | भैसी/राँगा | ४६८ | १,०५३ | २.२५ | ४६ | १०१ | २.२० |
| | भेडा/बाखा/च्याङग्रा | ५६४ | २,००२ | ३.५५ | १४२ | २९२ | २.०६ |
| | बंगुर/सुंगुर | १४ | ३७,५४४ | २,६८१.७१ | ३ | ११ | ३.६७ |
| | अन्य चौपाया | ४ | ३२ | ८.०० | २ | ९ | ४.५० |
| | हाँस/कुखुरा | २८७ | ८,३९२ | २९.२४ | ५९ | १६,०५१ | २७२.०५ |
| | अन्य पंक्षी | ३ | १२ | ४.०० | ३ | २४ | ८.०० |
| | जम्मा | १,७३९ | ४९,९८२ | २८.७४ | २७३ | १६,५३८ | ६०.५८ |
| ४ | गाई/गोरु | ३०७ | ६२९ | २.०५ | १९ | ४१ | २.१६ |
| | भैसी/राँगा | ३११ | ६८८ | २.२१ | २४ | ४६ | १.९२ |
| | भेडा/बाखा/च्याङग्रा | ६७१ | २,३५८ | ३.५१ | १८० | ३५२ | १.९६ |
| | बंगुर/सुंगुर | ६७ | ५,१०६ | ७६.२१ | १९ | ४८ | २.५३ |
| | अन्य चौपाया | ० | . | . | १ | ६ | ६.०० |
| | हाँस/कुखुरा | ६२४ | ४,४४८ | ७.१३ | १८९ | १,११८ | ५.९२ |
| | अन्य पंक्षी | ६ | २९ | ४.८३ | ५ | १०,०२६ | २,००५.२० |
| | जम्मा | १,९८६ | १३,२५८ | ६.६८ | ४३७ | ११,६३७ | २६.६३ |
| ५ | गाई/गोरु | २९० | ६४४ | २.२२ | १० | २६ | २.६० |
| | भैसी/राँगा | २८२ | ५८४ | २.०७ | १४ | २५ | १.७९ |
| | भेडा/बाखा/च्याङग्रा | ४९५ | १,७५५ | ३.५५ | ६६ | १४० | २.१२ |
| | बंगुर/सुंगुर | १० | २७ | २.७० | ७ | २९ | ४.१४ |
| | अन्य चौपाया | २ | १६ | ८.०० | ३ | १८ | ६.०० |
| | हाँस/कुखुरा | ३७५ | १,९२० | ५.१२ | ५३ | १८३ | ३.४५ |
| | अन्य पंक्षी | २ | १२ | ६.०० | ३ | १७ | ५.६७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | जम्मा | १,४५६ | ४,९५८ | ३.४१ | १५६ | ४३८ | २.८१ |
| ६ | गाई/गोरु | ३२० | ६३६ | १.९९ | ३२ | ७० | २.१९ |
| | भैसी/राँगा | ३६० | ६९३ | १.९३ | ३५ | ६३ | १.८० |
| | भेडा/बाखा/च्याङग्रा | ६०६ | २,१७९ | ३.६० | १२१ | ६३,२५१ | ५२२.७४ |
| | बंगुर/सुंगुर | ७३ | १५० | २.०५ | २६ | ६५ | २.५० |
| | अन्य चौपाया | ९ | ६२ | ६.८९ | ७ | १९ | २.७१ |
| | हाँस/कुखुरा | ५१२ | ४,००३ | ७.८२ | १०८ | ३,८११ | ३५.२९ |
| | अन्य पंक्षी | १४ | १,०५४ | ७५.२९ | ११ | ३७ | ३.३६ |
| | जम्मा | १,८९४ | ८,७७७ | ४.६३ | ३४० | ६७,३१६ | १९७.९९ |
| ७ | गाई/गोरु | २९९ | ७७१ | २.५८ | ११ | ३३ | ३.०० |
| | भैसी/राँगा | ३४३ | ७५८ | २.२१ | १९ | ४० | २.११ |
| | भेडा/बाखा/च्याङग्रा | ४६३ | १,९९६ | ४.३१ | ९५ | २४० | २.५३ |
| | बंगुर/सुंगुर | ६५ | ३,१४४ | ४८.३७ | ११ | ६० | ५.४५ |
| | अन्य चौपाया | | | | | | |
| | हाँस/कुखुरा | २६५ | २,८७७ | १०.८६ | ५३ | ४,१७२ | ७८.७२ |
| | अन्य पंक्षी | २ | ८३ | ४१.५० | ० | . | . |
| | जम्मा | १,४३७ | ९,६२९ | ६.७० | १८९ | ४,५४५ | २४.०५ |
| ८ | गाई/गोरु | ३११ | ६१६ | १.९८ | ४ | १३ | ३.२५ |
| | भैसी/राँगा | ३९२ | ७१८ | १.८३ | ३० | ३९ | १.३० |
| | भेडा/बाखा/च्याङग्रा | ६९५ | २,८३८ | ४.०८ | १५९ | ४११ | २.५८ |
| | बंगुर/सुंगुर | ४७ | १०५ | २.२३ | ८ | १३ | १.६३ |
| | अन्य चौपाया | ३ | २६ | ८.६७ | २ | ८,००८ | ४,००४.०० |
| | हाँस/कुखुरा | ४६५ | १४,९६० | ३२.१७ | ६० | १९,०१६ | ३१६.९३ |
| | अन्य पंक्षी | ५ | १,५३४ | ३०६.८० | ३ | १० | ३.३३ |
| | जम्मा | १,९१८ | २०,७९७ | १०.८४ | २६६ | २७,५१० | १०३.४२ |
| ९ | गाई/गोरु | ४३८ | ८७१ | १.९९ | २२ | ३८ | १.७३ |
| | भैसी/राँगा | २३८ | १५,४७४ | ६५.०२ | २१ | ४०,०४३ | १,९०६.८१ |
| | भेडा/बाखा/च्याङग्रा | ७०७ | ३,२०२ | ४.५३ | २९१ | ७८४ | २.६९ |
| | बंगुर/सुंगुर | १७१ | २८८ | १.६८ | ३४ | ११६ | ३.४१ |
| | अन्य चौपाया | ० | . | . | २ | १३ | ६.५० |
| | हाँस/कुखुरा | ७२३ | ६,७४० | ९.३२ | १५८ | २,१२४ | १३.४४ |
| | अन्य पंक्षी | ३ | २५ | ८.३३ | २ | ११ | ५.५० |
| | जम्मा | २,२८० | २६,६०० | ११.६७ | ५३० | ४३,१२९ | ८१.३८ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकाको वडा नं. १ को तथ्याङ्कलाई हेर्दा भेडा/बाखा/च्यांग्रा पाल्ने घरधुरीको संख्या सबैभन्दा बढी अर्थात १,०१४ रहेको र ति घरधुरीले ४३०० वटा भेडा/बाखा पालेका छन्। दोस्रोमा हाँस/कुखुरा पाल्ने घरधुरी संख्या ५५३ रहेका छन् जसले ५,४१२ हाँस/कुखुरा पालेका छन्। त्यस्तै बंगुर/सुंगुर पाल्ने घरधरी १३ वटा मात्र भए पनि बंगुर/सुंगुर उत्पादन संख्या ३५,२३० रहेको छ। यसरी प्राय सबै वडाको विशेष व्यवसायीक उत्पादन बाहेक तथ्याङ्कलाई हेर्दा पहिलोमा हाँस/कुखुरा र दोस्रोमा खसीबाखाको पालन र सोहि अनुपातमा बिक्री वितरण गरेको देखिन्छ। यसपूर्व उल्लेख गरिए जस्तै अन्य पशुपंक्षीको तुलनामा हाँस/कुखुरा र भेडा/बाखाको पालन तुलनात्मक रुपमा सहज र राम्रो आम्दानी दिने भएकोले तथ्याङ्कमा बढी देखिएको हो। यद्यपी तथ्याङ्कलाई हेर्दा नगण्य संख्यामा बाहेक सबै प्रकारका पशुपंक्षीहरूको ठूलो परिमाणमा व्यवसायीक उत्पादन भएको देखिँदैन। यसले निर्वाहमूखी पशुपंक्षीपालनको नै निरन्तरता देखाउँछ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।


## ५.३१.५ पशुपंक्षी जन्य वस्तुको उत्पादनको आकारका आधारमा घरधुरीको वितरण

**तालिका नं. १०६ :** पशुपंक्षी जन्य वस्तुको उत्पादनको आकारका आधारमा घरधुरीको वितरण

| वडा नं. | दुध | | दुधजन्य वस्तु (घ्यू, चिज, मखन आदि) | | अण्डा | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|
| | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | भएको | नभएको |
| १ | १६१ | ९८९ | ८५ | १,०६५ | २३ | १,१२७ | | १,१५० |
| २ | २५९ | ८२६ | ५२ | १,०३३ | ६ | १,०७९ | | १,०८५ |
| ३ | २२४ | ७३३ | २ | ९५५ | ५ | ९५२ | | ९५७ |
| ४ | ५४ | ८५१ | ८ | ८९७ | १२२ | ७८३ | | ९०५ |
| ५ | ८० | ५९९ | २ | ६७७ | २ | ६७७ | | ६७९ |
| ६ | ७२ | ८०६ | ३ | ८७५ | ६२ | ८१६ | १ | ८७७ |
| ७ | १५२ | ५८५ | ८ | ७२९ | | ७३७ | | ७३७ |
| ८ | २१७ | ७४९ | ३० | ९३६ | २३ | ९४३ | | ९६६ |
| ९ | ८१ | ९५१ | ३९ | ९९३ | १५८ | ८७४ | २ | १,०३० |
| जम्मा | १,३०० | ७,०८९ | २२९ | ८,१६० | ४०१ | ७,९८८ | ३ | ८,३८६ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा पशुपंक्षी पाल्ने कूल ८,३८६ घरधुरीहरूमध्ये कुल १३०० घरधुरीले मात्र दुध उत्पादन गर्ने गरेको देखिन्छ भने २२९ परिवारले दुग्धजन्य पदार्थ, ४०१ घरपरिवारले अण्डा उत्पादन गर्ने गरेको देखिन्छ । पशुपंक्षी पाल्ने घरपरिवारको (घरधुरीको) संख्याको आधारमा हेर्दा पशुपंक्षीजन्य पदार्थको उत्पादन गर्नेको संख्या नगण्य देखिन्छ । तथ्याङ्कलाई विश्लेषण गर्दा उत्पादनमूखी भन्दा अनुपात्दक पशुपंक्षीको संख्या अधिक रहेको पाइन्छ । यद्यपी हाँस/कुखुरा तथा भेंडा बाखाको पशुपंक्षीजन्य उत्पादन भन्दा सिधै बिक्री वितरण गर्न सहज हुने हुँदा उत्पादन कम देखिएको हुनसक्छ । पशुपंक्षी पालनलाई उत्पादनमूखी र व्यवसायीक बनाउन नसक्दा आम्दानी सिमित तथा श्रम र समयको खेर हुन जान्छ । यसतर्फ सम्बन्धित सरोकारवाला सबैले ध्यान जानु जरुरी छ । वडागत पूर्ण विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ५.३१.६ पशुपंक्षी जन्य उत्पादन तथा बिक्रीका आधारमा घरधुरीको वितरण

**तालिका नं. १०७ :** पशुपंक्षी जन्य उत्पादन तथा बिक्रीका आधारमा घरधुरीको वितरण

| वडा नं | दुध | | दुधजन्य वस्तु (घ्यू, चिज, मखन आदि) | | अण्डा | | अन्य | |
|---|---|---|---|---|---|---|---|---|
| | भएको | नभएको | भएको | नभएको | भएको | नभएको | भएको | नभएको |
| १ | ३४ | १२७ | ३६ | ४९ | २३ | | | |
| २ | ९६ | १६३ | ३० | २२ | ४ | २ | | |
| ३ | ७३ | १५१ | २ | | ३ | २ | | |
| ४ | १९ | ३५ | ५ | ३ | १२१ | १ | | |
| ५ | १४ | ६६ | २ | | २ | | | |
| ६ | ९ | ६३ | १ | २ | ६२ | | १ | १ |
| ७ | ३२ | १२० | ५ | ३ | | | | |
| ८ | ९७ | १२० | १४ | १६ | १६ | ७ | | |
| ९ | १० | ७१ | ३५ | ४ | ९५ | ६३ | २ | २ |
| जम्मा | ३८४ | ९१६ | १३० | ९९ | ३२६ | ७५ | ३ | ३ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा गाइभैंसी पालेर दुध उत्पादन गर्ने कूल १३०० घरधुरीहरूमध्ये ३८४ अर्थात २९.५ प्रतिशतले मात्र दुध बेच्ने गरेको पाइयो । त्यसै गरी दुग्धजन्य पदार्थ उत्पादन गर्ने २२९ घरधुरीहरूमध्ये जम्मा १३० अर्थात ५६.८ प्रतिशतले मात्र दुग्धजन्य पदार्थ बिक्री गर्ने गरेको पाइयो । त्यसैगरी अण्डा उत्पादन गर्ने कूल ४०१ घरपरिवारहरू मध्ये जम्मा ७५ घरपरिवार अर्थात १८.७ प्रतिशतले मात्र अण्डा बिक्री गर्ने गरेको पाइयो । यी समग्र कृषिका तथ्याङ्कहरूबाट तराइको कृषियोग्य जमिन, उपयुक्त हावापानी र वातावरण भएको गाउँपालिकामा समेत कृषि उत्पादन र बजारीकरणको अवस्था अत्यन्त नाजुक रहेको र अदृष्य बेरोजगार व्यापक रहेको र कृषि पेशाबाट मानिसहरूको विकर्षण बढ्दै गएको स्पष्ट हुन्छ । पशुजन्य पदार्थको उपलब्धतामा आत्मनिर्भर बन्न पशुपालन क्षेत्रलाई उच्च प्राथमिकतामा राखी उल्लेखनीय प्रगति हासिल गर्नका लागि उन्नत नस्ल, पशु आहार, पशु स्वास्थ र व्यवसायीकरणका क्षेत्रमा थप अनुसन्धान र विकास गर्न आवश्यक छ। दिगो विकास लक्ष्य र नेपालको संविधानमा उल्लेख भए जस्तै भोकमरीको अन्त्य, खाद्य र पोषण सुरक्षा जस्ता लक्ष्य प्राप्त गर्न पशुपंक्षी अनुसन्धान केन्द्रित कार्यक्रमको अत्यन्त महत्वपूर्ण स्थान रहन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



## ५.३१.७ पशुपंक्षीमा लाग्ने रोगहरु

कृषकहरुको मुख्य आम्दानीको स्रोतको रुपमा रहेको पशुपंक्षीहरुको पालन यस गाउँपालिकामा पनि आम्दानीको स्रोत रहेको देखिन्छ। गाउँपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धी र जुका पर्दछन। गाउँपालिकाको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवर जस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस गाउँपालिकामा त्यत्तिकै रहेको पाइन्छ। यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आवत जावत तथा आयात, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ। यि रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास भइरहेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते, चरचरे विरुद्ध यस गाउँपालिकाका किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाटफुट रुपमा देखिने गरेका छन। गाउँपालिकामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत गाउँपालिकाका विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ। सामान्यतया पशुपंक्षीमा ठूलो महामारी फैलिएको पाइँदैन। तथापी यहाँका पशुपंक्षीहरुमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीज जस्ता रोगहरुको प्रकोप रहेको छ भने पंक्षीहरुमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रुपमा लाग्ने गरेको छ।

**तालिका नं. १०८ :** पशुमा देखिएका रोगको विवरण

| S .N . | Disease | Animals | | | | Other |
|---|---|---|---|---|---|---|
| 1 | Liver Fluke | Cattle | Buffalo | Goats | | |
| 2 | HS@BQ | Cattle | Buffalo | Goats | | |
| 3 | Pramphistomom | Cattle | Buffalo | Goats | | |
| 4 | Nerves Sign | Cattle | Buffalo | Goats | | |
| 5 | Respiratory Sign | Cattle | Buffalo | Goats | | |
| 6 | Cocciodiosis | | | | Fowl | |
| 7 | Skin Lesions | | | | Fowl | |
| 8 | Wound/Abscess | Cattle | Buffalo | Goats | | |
| 9 | Red Urine | Cattle | Buffalo | Goats | | |
| 10 | Abortion | Cattle | Buffalo | Goats | | |
| 11 | Warble Infestation | Cattle | Buffalo | Goats | | |
| 12 | Diarrhoea | Cattle | Buffalo | Goats | | |
| 13 | Infertility | Cattle | Buffalo | Goats | | |
| 14 | Mastitis | Cattle | Buffalo | Goats | | |
| 15 | Distocia | Cattle | Buffalo | Goats | | |
| 16 | Prolapse | Cattle | Buffalo | Goats | | |
| 17 | Retained Placenta | Cattle | Buffalo | Goats | | |
| 18 | Mange | Cattle | Buffalo | Goats | | |

| S .N . | Disease | Animals | | | | Other |
|---|---|---|---|---|---|---|
| 19 | Rabis | Cattle | Buffalo | Goats | | Dog |
| 20 | Tick/Lice(External Parasite) | Cattle | Buffalo | Goats | Fowl | |
| 21 | Intestinal Helmenthis | | | | Fowl | |
| 22 | Orf | | | Goats | | |
| 23 | Parasitic Gastroenteritis | Cattle | Buffalo | Goats | | Pig |
| 24 | Anoestrous | Cattle | Buffalo | Goats | | |
| 25 | Indigestion/Anorexia | Cattle | Buffalo | Goats | | |
| 26 | Tympany/Bloats | Cattle | Buffalo | Goats | | |
| 27 | Magout wound | Cattle | Buffalo | Goats | | |
| 28 | Cough | Cattle | Buffalo | Goats | | |
| 29 | Phneoumonia | Cattle | Buffalo | Goats | | |
| 30 | Gumbarrow | | | | Fowl | |
| 31 | Cyst | Cattle | Buffalo | Goats | | |
| 32 | FMD | | | Goats | | |
| 33 | PPR | | | Goats | | |
| 34 | Ranikhet | | | | Fowl | |
| 35 | CRD | | | | Fowl | |

*स्रोत: जिल्ला पशु सेवा कार्यालय, २०७४*

## ५.३१.८ गाउँपालिकामा दुग्ध बजारीकरण

बढैयाताल गाउँपालिकामा पशुपालन एक प्रमुख पेशाको रुपमा रहि आएको छ। दुग्ध विकासको कुरा गर्दा साइकल र मोटरसाइकलबाट दुध ल्याएर बेच्ने चलन छ र धेरै कृषकहरूले आफै नै घर घर वा पसल पसलमा नै लगेर बेच्ने गर्दछन। यसरी बेच्दा दुधको गुणस्तर नाप ल्याक्टोमिटरबाट गर्ने गरिन्छ र जति बढी दुधको मात्र उति बढी मुल्य हुने गरेको पाइन्छ। उत्पादित केही दुध स्थानीय बजारमा अवस्थित केही डेरी र मिठाई पसलले प्रयोगमा ल्याएतापनि अन्य घरमा नै विभिन्न किसिमले प्रयोग गरेको पाइन्छ।

## ५.३१.९ मासु बजारीकरण

कुखुरा पालन झैं विगतका केही वर्षहरुदेखि बंगुर पालन तथा बाखा पालन व्यवसायमा समेत गाउँपालिकाले ठूलो फड्को मारेको छ। यति हुँदा हुँदै पनि मासु उत्पादन तर्फ व्यवसायिकताको खाँचो रहेको छ। गाउँपालिकाको हकमा यसका मुख्य दुईवटा कारणहरु आधारभूत भौतिक पूर्वाधारहरुको कमी तथा पशुपंक्षी पालन प्रयोजन रहेका छन्। मासुको बढ्दो माग, उपभोक्ताको बढ्दो क्रयशक्ति, फस्टाउँदो पर्यटन व्यवसाय, गाउँपालिकामा संचालित परियोजनाहरुले गर्दा मासुको माग दिन प्रतिदिन बढेको छ। यसको शुरुवातको मोडेल बंगुरको मासु व्यवसायीकरणबाट गर्न सकिन्छ। बंगुर पालनको आधार नै व्यवसायिकता हो; कृषकले वैज्ञानिक पद्धतिका खोर बनाउने देखि यसको प्रजनन, आहारा, स्वास्थ्य तथा बजार व्यवस्थापन तर्फ कृषकहरु सजग रहेको पाईन्छ।

### ५.३१.१० पशु सेवा केन्द्र तथा उपकेन्द्रहरू

विशेष गरी किसानले पालेको पशुहरूका लागि आवश्यक सल्लाह तथा उपचारका लागि सेवा पुऱ्याउने उद्देश्यले विभिन्न प्रकारका पशु सेवा केन्द्र, उपकेन्द्र र कृषक समूहहरू क्रियाशील रहेका हुन्छन् ।

**तालिका नं. १०९ :** पशु सेवा केन्द्रहरुको विवरण

| क्र.सं. | न.पा/गा.पा | कार्यालय | साविक गा.वि.स./न.पा |
|---|---|---|---|
| १ | बढैयाताल ६ | पशु सेवा केन्द्र | मैनापोखर २ |
| २ | बढैयाताल | पशु सेवा केन्द्र | सोरहवा |

*स्रोत: पशु सेवा केन्द्र, २०७४*

### ५.३१.११ पशुपंक्षी फार्म

बढैयाताल गाउँपालिकामा मानिसहरू कृषि र पशुपालनमा रमाउँदै आएका छन् । गाउँपालिकामा प्रशस्त मात्रामा पशुपंक्षी उत्पादन गर्ने गरिएको छ । यसरी उत्पादित पशुपक्षीहरू आवश्यकता अनुसार स्थानीय स्तरमा पनि बिक्री हुनसक्छ । यसैका साथ गाउँपालिकामा विभिन्न पशुपंक्षी फार्महरुको सञ्चालनमा आएका छन् । जस मध्ये गाई, भैसी फार्मको संख्या ५० छन्, बाखा फार्म ११, कुखुरा फार्म ३४ र बंगुर फार्म ३५ वटा रहेका छन् ।

**तालिका नं. ११० :** पशुपंक्षी उत्पादन सम्बन्धी विवरण

| न.पा/गा.पा | गाई, भैसी फार्म संख्या | बाखा फार्म सख्या | कुखुरा फार्म संख्या | बंगुर फार्म संख्या | कैफियत |
|---|---|---|---|---|---|
| बढैयाताल गाउँपालिका | ५० | ११ | ३४ | ३५ | |

*स्रोत: पशु सेवा केन्द्र, २०७४*

## ५.३२ उद्योग

विकासको प्रमुख अधारशीला मध्ये उद्योग पनि एक प्रमुख आधार हो । बढैयाताल गाउँपालिकामा ठुला उद्योगहरु छैनन् भने कृषि तथा वन पैदावारमा आधारित साना उद्योगहरु सञ्चालनमा रहेका छन् । यस बाहेक मह, बेसार, अदुवा, भटमास, जस्ता कृषिजन्य घरेलु उत्पादनमा पनि क्रमश व्यवसायिक हुँदै जान थालेको छ । परम्परागत उद्योगमा आधारित स-साना घरेलु उद्योगहरु भने सञ्चालनमा रहेको देखिन्छ तर यसलाई अझ व्यवसायिक र प्राथमिकता साथ लैजानु पर्ने देखिन्छ । बढैयाताल गाउँपालिकामा उपलब्ध प्राकृतिक कच्चा पदार्थ तथा विभिन्न स्रोत र साधनले बढैयाताल गाउँपालिकामा उद्योगको संभावना प्रखर देखिन्छ तर लगानी अभाव तथा विभिन्न पुर्वाधारको असुविधाको कारण उद्योगमा अपेक्षित विकास हुन सकेको देखिँदैन । यहाँ सञ्चालित केही साना उद्योगहरुले बढैयाताल गाउँपालिका लगायत आसपासका क्षेत्रहरुको सिमित स्थानिय आवश्यकता परिपुर्ति गर्न मात्र सफल भएका छन् तर ती उद्योगहरुले राष्ट्रिय माग तथा अर्थतन्त्रको हिस्सा भने खासै ओगट्न सकेको देखिँदैन ।

पसल, मिल, नोकरी साथसाथै पछिल्लो समयमा वैदेशिक रोजगारमा पनि यहाँ मानिसहरुको आकर्षण बढ्दै गइरहेको देखिन्छ ।

## ५.३३ व्यापारिक क्षेत्र

बढैयाताल गाउँपालिकाका वासिन्दाहरू अधिकांश कृषिमा निर्भर भएतापनि केहीले आंशिक र पूर्णकालीक रूपमा व्यापार व्यावसाय गर्दछन् । रानाभाट गल्ला खारिद विक्री केन्द्र, पन्चासा, जामुनी बजार, चौधरी बजार आदी गाउँपालिकाका व्यवापरिक केन्द्र तथा बजार क्षेत्रहरु हुन् । यहाँ विभिन्न हाट बजारहरु व्यापार व्यवसायका लागि प्रशिद्ध रहेका छन् । यस्ता बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ । यसैगरी बढैयाताल गाउँपालिकाबाट थोक व्यापार समेत हुने गरेको छ । थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल अन्य पहाडी तथा तराईका जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै फरेन गुड्सको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस गाउँपालिका हुने गरेको पाइन्छ।

ठूलो भूमिमा विस्तार भएको समथर जमिन, कृषि तथा वनजन्य कच्चा पदार्थहरुको उपलब्धता, परम्परागत तथा जातिगत सीप, कौशल, प्राकृतिक, पर्यटकीय महत्वका स्थलहरुको उपलब्धता लगायतका विभिन्न कारणले गाउँपालिकामा औद्योगिक विकासको राम्रो सम्भावना रहेको छ । यस गाउँपालिकाका मानिसहरु उल्लेखनीय रुपमा औद्योगिक विकासतर्फ लागीसकेका छैनन् । तथापी, स्थानीय माग कार्यमा केही मझौला, साना तथा घरेलु उद्योग भने संचालित छन् । उखु, गन्ना मिल वा (कोलु), कुखुरा फार्म, पशु फार्म आदि यस गाउँपालिकामा रहेका केही औद्योगिक व्यवसायका उदाहरणहरु हुन् । त्यसैगरी साप्ताहिक रुपमा लाग्ने विभिन्न हाट बजारमा स्थानीय उत्पादन तथा चौपायाको किनबेच हुने गर्दछ । यसले पनि आर्थिक कारोबारको मात्रामा वृद्धि गराएको छ ।बढैयाताल गाउँपालिका क्षेत्रमा रहेका बजार तथा व्यापारिक केन्द्रहरू तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १११ :** व्यापारिक केन्द्रहरूको विवरण

| क्र.सं | बजार/व्यापारिक केन्द्रको नाम | वडा नं. | मुख्य व्यापारिक वस्तुहरु |
|---|---|---|---|
| १ | रानाभाट गल्ला खरिद बिक्री केन्द्र | मुनालबस्ती ९ | धान, गहुँ, मसुरो, अडहर, केराउ, आदि |
| २ | पन्चासा | ७ | दैनिकी एवं स्थानीय आवश्यकताका सामान |
| ३ | जामुनी बजार | २ | दैनिक उपभोग्य बस्त, लत्ताकपडा, हार्डवेर, फर्निचर, आदि |
| ४ | भोलागौढी | ३ | तरकारी, फलफुल, आदि |
| ५ | चौधरी बजार | खैरेनी ४ | किराना पसल, कपडा, भाडा, जस्ता पसल |
| ६ | कल्पवृक्ष मत्स्यफर्म | ५ | माछाहरु |
| ७ | मैनापोखर बजार | ६ | कपडा, सिमेण्ट, फलाम, धान, गहुँ आदि |
| ८ | शितला बजार, पञ्च बजार | ८ | कृषि, हाट बजार देखि सम्पुर्ण बस्तुहरु |
| ९ | पचासा | ८ | किराना पसल, हार्डवेर खाजा पसल |

*स्रोत: गाउँ कार्यपालिका कार्यालय, २०७४*

### ५.३३.१ ढुवानी तथा भण्डार व्यवस्था

गाउँपालिकाभित्र उत्पादित मालसामानहरू गाउँपालिकाको एक ठाँउबाट अर्को ठाउँमा पुऱ्याउन ढुवानी साधनको रुपमा बस, ट्र्याक्टर, ट्रक, ट्याक्टर, रिक्सा, ठेला आदि रहेका छन । गाउँपालिकाको पक्की सडक नभएका क्षेत्रहरुमा ढुवानी गर्न समस्या भएको पाइन्छ। कतिपय ठाउँहरूमा विभिन्न खोलाहरूमा पुल नभएका कारण बिशेषत: आवागमनको समेत समस्या रहेको सन्दर्भमा मालसामान ढुवानी गर्ने समस्या झन टड्कारोको रुपमा रहेको छ। गाउँपालिकाको आन्तरिक ढुवानी प्रणालीलाई सुदृढ गर्न विभिन्न खोला तथा नदीहरुमा पुल निर्माण गर्नुपर्ने देखिन्छ ।

गाउँपालिकामा कृषकहरूले खाद्यान्नको उचित दरभाउ पाएमा व्यापारीहरूलाई बिक्री गर्ने र व्यापारीहरूले त्यसरी खरिद गरेको खाद्यान्न आफ्नै गोदाममा जम्मा गरी ठूलो परिमाणमा बिक्री गर्दछन् । गाउँपालिकाका कृषकहरूको आलु, तरकारी तथा फलफुल सुरक्षित राख्न पर्याप्त मात्रामा शीत भण्डारको निर्माण गर्नुपर्ने देखिन्छ।

### ५.३३.२ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति

गाउँपालिकामा कृषिजन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, कुखुरा, फलफुल, काष्ठजन्य र निर्माणजन्य आदि प्रमुख छन । यी कच्चा पदार्थहरूमा आधारित विभिन्न उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ । व्यापारको प्रकृति अनुसार खाद्यान्न धान, गहुँ, तरकारी, काष्ठजन्य वस्तुहरु व्यापारीहरूले अन्य नगर/गाउँपालिका तथा जिल्लामा आयात तथा निर्यात गर्ने गरेको पाइन्छ। गाउँपालिकामा कृषि जन्य कच्चा पदार्थहरूमा धान, गहुँ, उखु, फलफुल आदि प्रमुख छन । यी कच्चा पदार्थहरूमा आधारित खाद्य मिल, उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ भने बढी भएको खाद्यान्न धान, गहुँ, तोरी व्यापारीहरूले अन्य नगर/गाउँ तथा जिल्लामा निकासी गर्ने गरेको पाइन्छ ।

## ५.३४ अन्य आर्थिक विकासका सम्भावनाहरू

बढैयाताल गाउँपालिकामा आर्थिक विकास अन्तर्गत कृषि, नोकरी, व्यापार व्यवसाय, सेवामुलक व्यवसाय लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन् । समग्रमा यस बढैयाताल गाउँपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ। गाउँपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास र वैज्ञानिक कृषि योजनाको अभावले माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वरा शक्ती बढाई वातावरणीय सन्तुलन सकेमा भावी पुस्ताको लागि एउटा सूरक्षित स्थानको जोहो गर्न सकिनेछ।

ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यावसायिक रुपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ । यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणीय मित्रवत प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

गाउँपालिकामा भएका पोखरीहरूलाई माछापालन, सिंचाइ, पर्यटन प्रवर्द्धन लगायत जीविकोपार्जन र आर्थिक विकासका विविध क्षेत्रहरूमा परिचालन गर्न सकिने अवस्था रहेको छ । माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई गाउँपालिकाकै माछाले बजार लिने सम्भावना रहेको छ।

गाउँपालिकाको नजिकमा विभिन्न प्राकृतिक, धार्मिक तथा पर्यटकीय क्षेत्र भएको कारणले यहाँ पर्यटनको विशिष्ट सम्भावना रहेको छ । गाउँपालिकाको आसपासमा पर्यटकीय होटेल व्यवसायहरुबाट प्रशस्त लाभ लिन सकिने सम्भावना रहेको छ ।

देशमै बेरोजगारी समस्या एक चुनौती रहेको र त्यसको प्रभाव यस गाउँपालिकामा समेत रहेकाले र बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाका युवाहरूलाई व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति सिर्जना गर्न सकेमा गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठुलो योगदान पुऱ्याउने सम्भावना देखिन्छ।

## ५.३५ गाउँपालिकाको अर्थतन्त्रको विशिष्टिकरण

गाउँपालिकाको अर्थतन्त्रमा वनपैदावार र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रुपमा लिन सकिन्छ। साथै यो गाउँपालिका व्यापारिक केन्द्र तथा पर्यटकिय क्षेत्रको रुपमा समेत रहेको छ । कृषी, पशु एवं वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, गाउँपालिकाका सबैजसो वडाहरुमा सडक, विजुली, पानी लगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त समथर जमिन यस गाउँपालिका रहेको हुँदा गाउँपालिकामा कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical Tourism) समेतको विकासको सम्भावना रहेको छ। अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा गाउँपालिकाको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ।

## ५.३६ बैंक तथा वित्तिय संस्थाहरुको विवरण

गाउँपालिकामा उद्योग व्यापार लगानी गर्न वित्तीय संस्थाहरुमा वाणिज्य बैंकहरु मार्फत कर्जा लगानी हुने गरेको देखिन्छ । यसबाहेक गाउँपालिकामा संचालित अन्य बैंकहरुले पनि कर्जा उपलब्ध गर्दै आएका छन् भने गाउँपालिकाबासीहरुसँग रहेको रकमलाई निक्षेपको रुपमा स्विकार गरी बचत पनि गर्दै आएका छन् । गाउँपालिकामा संचालित ५ वटा बैंक तथा वित्तिय संस्थाहरुको विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. ११२ :** बैंक तथा वित्तिय संस्थाहरुको विवरण

| सि.नं. | वित्तीय संस्था | वडा नं. |
|---|---|---|
| १ | माइको फाइनान्स | ८ |
| २ | स्वावलम्बन बि.स. | ८ |
| ३ | जनउत्थान लघु वित्त | ७ |
| ४ | सिटिजन्स बैंक | ६ |
| ५ | भार्गव विकास कैंक | ६ |
| ६ | ग्लोबल आंएमंइ बैंक | ६ |
| ७ | छिमेकी लघुवित्त | ६ |
| ८ | मेरो माइक्रो फाइनान्स | ६ |


*स्रोत : गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ५.३६.१ बैंक खाता भएका घरधुरीको संख्याको आधारमा घरधुरीको वितरण

**तालिका नं. ११३ :** बैंक खाता भएका घरधुरीको संख्याको आधारमा घरधुरीको वितरण

| वडा नं. | भएको | | नभएको | | जम्मा | |
|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| १ | ५६० | ४१.४ | ७९४ | ५८.६ | १,३५४ | १००.० |
| २ | ५०५ | ३३.० | १,०२४ | ६७.० | १,५२९ | १००.० |
| ३ | ६०१ | ४०.९ | ८६७ | ५९.१ | १,४६८ | १००.० |
| ४ | ५०२ | ४१.२ | ७१५ | ५८.८ | १,२१७ | १००.० |
| ५ | ३६६ | ३९.३ | ५६५ | ६०.७ | ९३१ | १००.० |
| ६ | ५४३ | ३८.५ | ८६६ | ६१.५ | १,४०९ | १००.० |
| ७ | ४७५ | ३९.७ | ७२१ | ६०.३ | १,१९६ | १००.० |
| ८ | ८५१ | ५९.७ | ५७५ | ४०.३ | १,४२६ | १००.० |
| ९ | ४२९ | २७.५ | १,१३० | ७२.५ | १,५५९ | १००.० |
| जम्मा | ४,८३२ | ४०.० | ७,२५७ | ६०.० | १२,०८९ | १००.० |

यस गाउँपालिकामा रहेका कुल १२,०८९ घरधुरीहरू मध्ये ४,८३२ अर्थात ४० प्रतिशत घरधुरीको बैङ्क खाता नरहेको र बाँकी अर्थात ७,२५७ अर्थात ६० प्रतिशत घरधुरीको बैङ्क खाता रहेको देखिन्छ । ग्रामीण जनतालाई आधुनिक बैङ्किङ सुविधा प्रदान गर्न धेरै काम गर्नुपर्ने देखिन्छ। यसो गर्दा नागरिकले गर्ने सबै आर्थिक कारोबारको पूर्ण अभिलेख रहन्छ र राज्यद्वारा प्राप्त हुने विभिन्न सुविधाहरू बैङ्किङ प्रणालीबाट गर्दा त्यो लक्षित वर्गमा पुग्ने सुनिश्चितता समेत हुन जान्छ। राज्यलाई वित्तिय व्यवस्थापन गरी सम्पूर्ण जनसाधारणहरूमा बैङ्किङ प्रति सकारात्मक धारणा विकास गर्न सहयोग पुऱ्याउनु पर्ने देखिन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ५.३७ सहकारी संस्थाको विवरण

सहकारीलाई अर्थतन्त्रको एक महत्वपूर्ण खम्बा मानिन्छ। यसर्थ सहकारीको विश्लेषणबाट कति मानिसहरू सहकारी कर्ममा संलग्न छन् भन्ने कुरा त जानकारी हुन्छ नै साथसाथै रोजगारको अवसर, व्यापार व्यवसयमा बृद्धि, आदि जस्ता कुराहरुमा सहकारीको ठूलो योगदान रहेको पाइन्छ। गाउँपालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि, वित्तिय, संचार खाद्यान्न तथा विउ उत्पादन आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ। साथै नियमित रुपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ।


## ५.३८ संघ संस्था तथा विभिन्न समूहहरु

यस गाउँपालिकामा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरुले समुदायमा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा आफ्ना कार्यक्रमहरु संचालन गरिरहेका छन्। यहाँ रहेका सरकारी संस्थाहरु क्रमश गाउँपालिका कार्यालय, स्वास्थ्य चौकी, रेन्ज पोष्ट, अतिरिक्त हुलाक, इलाका प्रहरी, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र आदि रहेका छन्। यसैगरी गैरसरकारी संस्थाहरुद्धारा महिला सशक्तिकरण जनचेतना कार्यक्रमहरु संचालनमा रहेका छन्। यसका अतिरिक्त गाउँपालिकामा विभिन्न समूहहरु, युवा क्लबहरु, नागरिक समाज, नेपाल रेडक्रस सोसाइटी, खानेपानी तथा सरसफाई उपभोक्ता समिति राजनीतिक दलहरु रहेका छन्।

## ५.३९ गैर सरकारी संस्थाहरु

सरकारले मानव जीवनको सबै पाटो हेर्न सक्दैन। राज्यले वा सरकारले गर्न नसकेको क्षेत्रमा गैरसरकारी संस्थाहरूले काम सम्हाल्न सक्छन्। त्यसैले गैर सरकारी संस्थाहरूलाई सामाजिक तथा आर्थिक विकासको महत्वपूर्ण साझेदारका रूपमा हेर्न थालिएको छ। बढैयाताल गाउँपालिका क्षेत्रको सामाजिक विकासका लागि यहाँ कार्यरत थुप्रै गैरसरकारी संस्थाहरूको अकम भूमिका रहेको छ। बढैयाताल गाउँपालिका क्षेत्रका लागि स्थानीय भन्दा पनि जिल्लास्तरका र कतिपय राष्ट्रिय स्तरका गैर सरकारी संस्थाहरूले काम गरेको पाइएको छ।

# खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार




नक्सा नं. ११ : सडक सञ्जाल

## ६.१ यातायात

सडक सञ्जाल तथा यातायात आर्थिक विकास, सार्वजनिक सेवा प्रवाह र सामाजिक एकीकरणको माध्यम हो । विकासको आधारभूत पूर्वाधारको रूपमा रहेका यातायातका साधनहरूको माध्यमबाट क्षेत्रीय असमानता कम गर्न, आर्थिक क्रियाकलापलाई गतिशीतला प्रदान गर्न र अन्य क्षेत्रको विकास तथा सेवा प्रवाहलाई सहज बनाउन सकिन्छ । हालसम्म नेपालमा सडकलाई यातायातको मुख्य माध्यमको रूपमा लिइदै आएको भए तापनि, हवाईमार्ग, रेलमार्ग, जलमार्ग, रज्जुमार्गजस्ता अन्य माध्यमहरूको विकासबाट पनि पर्याप्त फाइदा लिन सकिने सम्भावना रहेको छ । कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासकालाई गतिशिल बनाउन सार्वजनिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन कृषि तथा गैर कृषि क्षेत्रको विकास गर्न सडक तथा यातायात सेवा एउटा महत्वपूर्ण पुर्वाधारको रुपमा रहेको हुन्छ ।




### ६.१.१ सडक :

कुनै पनि क्षेत्रको आर्थिक सामाजिक विकासलाई गतिशिल बजाउन सार्वजनिक वस्तु तथा सेवा प्रवाहलाई सरल र सहज बनाउन, कृषि तथा गैह्र कृषि क्षेत्रको विकास गर्न सडक यातायात एउटा महत्वपूर्ण पूर्वाधारको रुपमा रहेको हुन्छ । नेपालको प्रदेश नम्बर ५ मा पर्ने बढैयाताल गाउँपालिकाको सबै क्षेत्रहरूमो सडक सञ्जाल क्रमश विस्तार भईरहेको छ । गाउँपालिकामा खाद्यान्न, तरकारी आलु, तेलहन, दलहन, फलफूल, दुग्ध उत्पादन आदिको उत्पादन भैरहेकोमा सबै वडाहरुमा सडकको सुविधा क्रमश विस्तार भएकाले उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन सजिलो बन्दै गएको देखिन्छ । यद्यपि बढैयाताल गाउँपालिका बर्दियाको सदरमुकामसँग जोडिएको गाउँपालिका हो तर यसका पूर्वाधार विकासको अवस्था निक्कै नाजुक छ । यहाँको सडक सञ्जालको अवस्था पनि कमजोर नै छ ।


## ६.१.२ सडक सुविधा पहुँचको प्रकारका आधारमा वडागत घरधुरीको विवरण

**तालिका नं. ११४ :** सडक सुविधा पहुँचको प्रकारका आधारमा वडागत घरधुरीको विवरण

| वडा नं. | कालो पत्रे | | ग्राभेल सडक | | अस्थायी | | गोरेटो | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | | | १,३०० | ९६.० | ५४ | ४.० | | | | | १,३५४ |
| २ | | | १,४४४ | ९४.४ | ५२ | ३.४ | ३३ | २.२ | | | १,५२९ |
| ३ | १३५ | ९.२ | १,१८५ | ८०.७ | ९३ | ६.३ | ४९ | ३.३ | ६ | ०.४ | १,४६८ |
| ४ | | | १,१०८ | ९१.० | ८६ | ७.१ | १५ | १.२ | ८ | ०.७ | १,२१७ |
| ५ | | | ८०० | ८५.९ | ११२ | १२.० | १५ | १.६ | ४ | ०.४ | ९३१ |
| ६ | ११२ | ७.९ | ८८७ | ६३.० | २७९ | १९.८ | १३१ | ९.३ | | | १,४०९ |
| ७ | ८२ | ६.९ | ९६७ | ८०.९ | ११४ | ९.५ | २६ | २.२ | ७ | ०.६ | १,१९६ |
| ८ | २०८ | १४.६ | ९३६ | ६५.६ | २५२ | १७.७ | २७ | १.९ | ३ | ०.२ | १,४२६ |
| ९ | २ | ०.१ | ३७६ | २४.१ | १,१५२ | ७३.९ | २९ | १.९ | | | १,५५९ |
| जम्मा | ५३९ | ४.५ | ९,००३ | ७४.५ | २,१९४ | १८.१ | ३२५ | २.७ | २८ | ०.२ | १२,०८९ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका १२,०८९ घरधुरीहरू मध्ये सबैभन्दा धेरै ग्राभेल सडकको पहुँच भएको घरधुरीहरूको संख्या ९,००३ अर्थात ७४.५ प्रतिशत, अस्थायी सडकको पहुँच भएको घरधुरी संख्या २,१९४ अर्थात १८.१ प्रतिशत, कालो पत्रे सडकको पहुँच भएको घरधुरीहरुको संख्या ५३९ अर्थात ४.५ प्रतिशत, गोरेटो बाटोको पहुँच भएका घरधुरीहरू ३२५ अर्थात २.७ प्रतिशत र अन्य २८ अर्थात ०.२ प्रतिशत रहेका छन्। तथ्याङ्कलाई हेर्दा २० प्रतिशत घरधुरीमा सहज प्रकारको सडक पहुँच छैन अर्थात उनीहरू या त अस्थायी प्रकृतिको सडकमा हिँड्छन् वा गोरेटोमा पुर्वाधार विकासमा सबैभन्दा महत्वपुर्ण सडकको अवस्था नाजुक हुँदा अन्य विकासले गति लिन सक्दैन तसर्थ सहज आवागमनका लागि गाउँपालिकाले सडक सञ्जालको विकास र स्तरको उन्नतिका लागि यातायात गुरुयोजना निर्माण गरी लागु गर्नुपर्ने देखिन्छ। अस्थायी सडक प्रयोग गर्नुपर्ने घरधुरीहरूमध्ये वडा नं. ३ र ४ का घरधुरीहरूको संख्या अधिक रहेको छ। अन्य वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




## ६.१.३ घरधुरीले प्रयोग गरेको सडकको चौडाइको आधारमा वडागत विवरण

**तालिका नं. ११५ :** घरधुरीले प्रयोग गरेको सडकको चौडाइको आधारमा वडागत विवरण

| वडा नं. | ३ फिटसम्म | | ४-८ फिट | | ९-१३ फिट | | १४-२५ फिट | | २५ फिटभन्दा बढी | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | | | १३६ | १०.० | ६७७ | ५०.० | २९१ | २१.५ | २५० | १८.५ | १,३५४ |
| २ | ४३२ | २८.३ | २३४ | १५.३ | ३४ | २.२ | २९१ | १९.० | ५३८ | ३५.२ | १,५२९ |
| ३ | २४ | १.६ | १०९ | ७.४ | २४९ | १७.० | ८७६ | ५९.७ | २१० | १४.३ | १,४६८ |
| ४ | १३ | १.१ | ३६ | ३.० | ११० | ९.० | १,०३२ | ८४.८ | २६ | २.१ | १,२१७ |
| ५ | २७ | २.९ | ४६१ | ४९.५ | ३०७ | ३३.० | ५७ | ६.१ | ७९ | ८.५ | ९३१ |
| ६ | ५५ | ३.९ | ३५८ | २५.४ | १२७ | ९.० | ६०७ | ४३.१ | २६२ | १८.६ | १,४०९ |
| ७ | ३० | २.५ | ६२८ | ५२.५ | ५९ | ४.९ | ३०८ | २५.८ | १७१ | १४.३ | १,१९६ |
| ८ | १६ | १.१ | ४२१ | २९.५ | ३४१ | २३.९ | ४२६ | २९.९ | २२२ | १५.६ | १,४२६ |
| ९ | २१ | १.३ | ३६३ | २३.३ | १९० | १२.२ | ९३६ | ६०.० | ४९ | ३.१ | १,५५९ |
| जम्मा | ६१८ | ५.१ | २,७४६ | २२.७ | २,०९४ | १७.३ | ४,८२४ | ३९.९ | १,८०७ | १४.९ | १२,०८९ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेको १२,०८९ घरधुरीहरू मध्ये ४,८२४ अर्थात ३९.९ प्रतिशत घरधुरीको १४ देखि २५ फिट चौडाइ भएको सडकको पहुँच छ। दोस्रोमा २,७४६ घरधुरीहरू अर्थात २२.७ प्रतिशतको ४ देखि ८ फिट चौडाइ भएको सडकमा पहुँच पुगेको देखिन्छ। सडकको चौडाइ अवस्थाका साथै सडकको स्तरले आवगमनमा व्यापक असर पर्ने हुँदा सहज आवागमन गर्न सकिने सडक निर्माणलाई प्राथमिकता दिनुपर्ने देखिन्छ। वडा अनुसार थप विवरण तालिकामा प्रस्तुत गरिएको छ।



### ६.१.४ सडक मार्गबाट जोडिने बस्तीहरु

**तालिका नं. ११६ :** सडक मार्गबाट जोडिने बस्तीहरु

| वडा नम्बर | देखि | सम्म | लम्बाइ (कि.मी.) | प्रकार | लाभान्वित जनसंख्या |
|---|---|---|---|---|---|
| १ | भोलागौडी | मदन चोक (डाँफे) | ८ | ग्राभेल | |
| ३ | भोलागौडी | पुष्पलाल चोक | १० | ग्राभेल | १५००० |
| ३ | भोलागौडी | डाँफे सम्म | ९ | ग्राभेल | १८००० |
| ४ | फुलबारी | पुष्पा चोक | ७ | ग्राभेल | ९००० |
| ४ | खानी | हाउपुर चोक | २ | ग्राभेल | ५००० |
| ५ | भोलागौडी | जगतिया | ७ | ग्राभेल | १०००० |
| ५ | जगतिया | बाँसगढी | ५ | ग्राभेल | १०००० |
| ६ | मैनापोखर | रानीपुर | ३ | ग्राभेल | २५०० |
| ६ | मैनापोखर | भदोही | ५ | ग्राभेल | ४५०० |
| ७ | वडा नं ६ | वडा नं ८ सम्म | ३ | कालो पत्रे | |
| ७ | वडा नं ८ | वडा नं ६ सम्म | ४ | ग्राभेल | |
| ७ | वडा नं ८ | बाँसगढी न.पा. जोड्ने | ५ | ग्राभेल | |
| ८ | जनानगर कण्ठपुर | फुटाहा सम्म | ८ | ग्राभेल | |
| ८ | फुलपुर पचासा | पुरानो कण्ठपुर बोर्डर सम्म | ८ | ग्राभेल | |
| ९ | टेशनपुर | गु.न.पा १२ भैसाही | २ | कच्ची | १०००० |
| ९ | टेशनपुर | गु.न.पा ११ जोसीपुर | १ | कच्ची | ७००० |

*स्रोत : बढैयाताल गाउँपालिका कार्यालय, २०७४*

## ६.२ यातायात सेवा

गाउँपालिकामा सार्वजनिक सवारीको प्रयोग न्युन भएको छ। यसको प्रमुख कारण गाउँपालिकामा यात्राको माग कम हुनु को साथै यात्रा तथा आर्थिक गातिविधि विशेषत बजार लाग्ने दिनहरुमा सिमित रहेको हुन्छ। बस बाहेक अन्य सार्वजनिक सवारी जस्तै ट्याक्सी र विद्युतीय सवारीको (ई-रिक्सा) प्रयोग हाल बढ्दै गएको देखिन्छ। गाउँपालिकामा यातायातका विभिन्न साधनहरूको उपयोग भएको देखिन्छ। गाउँपालिकामा इ-रिक्सा, टेक्टर, गाडा, साइकल, जीप, मोटरसाइकलहरूको आदी उपयोग गरिएको देखिन्छ। सडक यातायातको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी सधान पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती,सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रुपमा विकास गर्नु पर्ने देखिन्छ।

### ६.२.१ वडा केन्द्रबाट गाउँपालिका कार्यालयमा पुग्न लाग्ने समय

वडा केन्द्रबाट गाउँपालिका कार्यालयमा पुग्न लाग्ने समय एकनासको छैनन्। सवारी साधनबाट विभिन्न वडा केन्द्रबाट करिब ५ मिनेटदेखी १ घण्टासम्म समय लाग्ने गरेको पाइएको छ भने सवारी साधन चल्न नसकेको अवस्थामा पैदल मार्गपनि अपानाउनु पर्ने देखिन्छ। जुन कुरालाई तलको तालिकाले प्रष्ट पार्नेछ।

**तालिका नं. ११७ :** वडा केन्द्रबाट गाउँपालिका कार्यालयमा पुग्न लाग्ने समय

| वडा नं. | वडा केन्द्र रहेको स्थान | पैदल मार्गबाट | सवारी साधनबाट |
|---|---|---|---|
| १ | डाँफे | २ घण्टा | ४५ मिनेट |
| २ | बढैयाताल भितापुर | १ घण्टा ३० मिनेट | ३० मिनेट |
| ३ | सोरहवा | १ घण्टा | ३० मिनेट |
| ४ | खैरेनी | २ घण्टा | १ घण्टा |
| ५ | सोरहवा | १ घण्टा | २० मिनेट |
| ६ | मैनापोखर | ५ मिनेट | |
| ७ | तिलकाना | १ घण्टा | १० मिनेट |
| ८ | स्याउली बजार, मैनापोखर | | २० मिनेट |
| ९ | टेशनपुर | २ घण्टा ३० मिनेट | १ घण्टा |

*स्रोत : बढैयाताल गाउँपालिका कार्यालय, २०७४*

## ६.२.२ गाउँपालिका कार्यालयमा पुग्न लाग्ने समय

गाउँपालिकाको टाढाको बस्तीबाट गाउँ कार्यपालिकामा पुग्न लाग्ने समय एकनासको छैनन । पाँच मिनेट देखि करिब दुई–अढाई घण्टासम्मका दुरीबाट सेवाग्राहीहरु गाउँपालिका कार्यालय आउनुपर्ने हुन्छ ।

**तालिका नं. ११८ :** गाउँपालिकाको टाढाको बस्तीबाट गाउँ कार्यपालिकासम्म पुग्न लाग्ने समय

| वडा नं. | टाढाको बस्तीको नाम | पैदल वा सवारी साधन | वडा केन्द्रसम्म पुग्न लाग्ने समय | सेवाप्राप्त गरी घर फर्किन लाग्ने समय |
|---|---|---|---|---|
| १ | शान्तीपुर | सवारी साधन | ३० मिनेट | दुई घण्टा |
| १ | सानोडाँफे | सवारी साधन | पच्चीस मिनेट | दुई घण्टा |
| २ | शिवशक्तिपुर | सवारी साधन | ३० मिनेट | दुई घण्टा |
| ३ | सीतलापुर | पैदल | १ घण्टा ३० मिनेट | १ घण्टा ३० मिनेठ |
| ४ | गन्धर्व टोल | पैदल | ४५ मिनेट | १-२ घण्टा |
| ४ | सिक्टीरियाहा | पैदल | ४५ मिनेट | १-२ घण्टा |
| ४ | मान किनारा | पैदल | ४५ मिनेट | १-२ घण्टा |
| ४ | वुरहा | सवारी साधन | बिस मिनेट | ३० मिनेट |
| ५ | जगतीया/हल्लन चोक बस्ती | पैदल | १ घण्टा ३० मिनेट | १ घण्टा ३० मिनेट |
| ६ | रानीपुर | पैदल | १ घण्टा | १ घण्टा |
| ६ | भदोही | पैदल | १ घण्टा | १ घण्टा |
| ७ | वोकरिया पहाडीपुर कण्ठपुर पडरिया | पैदल | १ घण्टा | १ घण्टा |
| ८ | दैलेखिटोल, मुनालबस्ती | साइकल | बीस मिनेट | |
| ९ | शक्तिनगर, जुक्तीनग | पैदल | ४५ मिनेट | दुई घण्टा |

*स्रोत : बढैयाताल गाउँपालिका कार्यालय, २०७४*

## ६.२.३ सवारी साधनहरु

यस बढैयाताल गाउँपालिकामा चल्ने सवारी साधन र तिनको अवस्था बारे तलका तालिकामा विवरण दिइएको छ। तालिकामा गाउँपालिका क्षेत्रमा रूट परमिट लिएर सञ्चालन भइरहेका सवारी साधनहरूको विवरण उल्लेख गरिएको छ।

**तालिका नं. ११९ :** सवारी साधन सम्बन्धी विवरण

| क्र.सं. | सवारी साधनको प्रकार | सवारी चल्ने शुरु स्थान | पुग्ने अन्तिम स्थान | दैनिक सञ्चालन हुने सवारी साधन संख्या | बस स्टप संख्या | बाह्र मैहिना/आंशिक |
|---|---|---|---|---|---|---|
| १ | बस | नेपालगञ्ज | गुलरिया | ५० | भोलागौढीमा १ स्थान | बाह्रै महिना |
| २ | बस | गुलेरिया | काठमाडौँ, पोखरा | १० | – | – |

*स्रोत : बढैयाताल गाउँपालिका कार्यालय, २०७४*

## ६.२.४ पुल तथा पुलेसाको विवरण

**तालिका नं. १२० :** पुल तथा पुलेसाको विवरण

| वडा नम्बर | पुलको नाम | पुल भएको खोला वा खोल्सीको नाम | देखि | सम्म | पुलको किसिम | लम्बाइ (मी.) | अवस्था | निर्मित साल |
|---|---|---|---|---|---|---|---|---|
| २ | नवाहपुल | नवाहनाल | - | - | - | २० | ठिकै | हुलाकी राजमार्गमा पर्ने |
| ३ | मानखोला पुल | मानखोला | भोलागोदी | बाँके | पक्की | - | ठिकै | २०३८ |
| ४ | बुरहानाला | डोठावा | वुरहा | खैरेनी | पक्की | १६ | जीर्ण | २०५५/५६ |
| ६ | भदोहीपुल | - | भदोही | गिदरपुर, मैनापोखर | - | ६ | राम्रो | २०५६ |
| ६ | चफला पुल | चफलनाला | मैनापोखर |  | - | ६ | जीर्ण | २०५५ |
| ७ | भुरगीहवा | भुरगीहवा | मैनापोखर | कालिका | - | ६ | ठिकै | हुलाकी राजमार्गमा पर्ने |
| ७ | राजापुर पुल | राजापुर पुल | मैनापोखर | कालिका | - | ६ | ठिकै | हुलाकी राजमार्गमा पर्ने |
| ८ | डडैनानाला | - | नयाँबस्ती | मयूर | काठेपुल | १० | जीर्ण | - |
| ८ | मिडकीयानाला | - | दैलेखि |  | काठेपुल | १० | जीर्ण | - |
|  | चप्ला पूल | चप्ला नाला | भोलागोदी | सेमरा | पक्की | - | ठिकै | २०४२ |

*स्रोत : बढैयाताल गाउँपालिका कार्यालय, २०७४*

## ६.२.५ पैदल मार्गको विवरण

**तालिका नं. १२१ :** पैदल मार्गको विवरण

| वडा नम्बर | देखि | सम्म | लम्बाइ (कि.मी.) |
|---|---|---|---|
| ४ | ज्ञानज्योती चोक | घोडानाल सम्म | ३ |
| ४ | खैरेनी | गन्धर्व बस्ती | ५ |
| ५ | बढैया | जगतिया | ३ |
| ९ | टेशनपुर | भैसाही | २ |
| ९ | टेशनपुर | शक्तिनगर | |
| ९ | टेशनपुर | मुनालबस्ती | ३ |
| ३ | सत्पतीया | सोरहवा सम्म | ७ |
| ३ | सेमरा चोक | तमौलिपुर हुदै भवानिपुर | ६ |

*स्रोत : बढैयाताल गाउँपालिका कार्यालय, २०७४*

## ६.३ संचार

सूचना र प्रविधिमा भएका नविनतम खोज तथा विकासले गाउँ, समुदाय, देश, अन्तर देशलाई एउटा सीमाहिन विश्व समुदायको रुपमा रुपान्तरित गरिदिएको छ। दिनानुदिन संचार प्रविधिको प्रयोग विस्तारित भइरहेको छ। सन् १९९० सालको दशकमा सिमित जनसंख्याले प्रयोग गर्ने संचारका माध्यामहरु हाल आधारभूत आवश्यकतामा परिणत भएको छ। ११०.३ प्रतिशत टेलिफोनको घनत्व ४६.५ प्रतिशत इन्टरनेटका प्रयोगकर्ता, रेडियोको राष्ट्रिय प्रसारणमा पँहुच ८८ प्रतिशत रहेको तथ्यांकले संचार क्षेत्रको तीब्र विकास र विकासका अन्य क्षेत्रमा यसको प्रभाव दर्शाउँछ।

बढैयाताल गाउँपालिकामा स्थानीय एफ.एम स्टेसनहरु र रेडियो नेपाल लगायत विभिन्न अन्य स्टेसनहरु काठमाडौंबाट नै सिधा प्रशारण हुन्छन्। गाउँपालिकामा नेपाल टेलिकम र एनसेल दुवैको 3G Network उपलब्ध छ। गाउँपालिकामा ADSL, NCell, NTC आदि कम्पनीहरुले इन्टरनेट सेवा पुऱ्याउँदै आइरहेका छन् विभिन्न केवल नेटवर्क तथा सेटलाइट च्यानल जस्तै डिस होम आदिद्धारा गाउँपालिकाबासीहरुले मनोरन्जनात्मक टेलिभिजन कार्यक्रमहरु हेर्ने गरेको पाइन्छ। बढैयाताल गाउँपालिका तराईको सुगम क्षेत्रमा रहेको हुँदा संञ्चार माध्यमको विस्तार राम्रो भएको पाईन्छ।

### ६.३.१ परिवारमा भएको साधन तथा सुविधाको आधारमा घरधुरीको वितरण


**तालिका नं. १२२ :** परिवारमा भएको साधन तथा सुविधाको आधारमा घरधुरीको वितरण

| वडा नं. | रेडियो | टेलिभिजन | केवल/डिस(छाता) च्यानल | कम्प्युटर | इन्टरनेट | ल्याण्डलाईन टेलिफोन | मोबाइल फोन | मोटरसाईकल/स्कुटर | कार/जीप/भ्यान (निजी प्रयोगको लागि) | अन्य सवारी/ढुवानी साधन (बस, ट्रक, टिपर | ट्याक्टर | पावर टिलर/पम्पसेट | साईकल/रिक्सा | रेफ्रिजेरेटर (फ्रिज) | एयर कण्डिसन/कुलर | वासिङ मेसिन | हिटर/गिजर/सोलार (तातो पानीको लागि) | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | २७० | ७९७ | ६७१ | ९० | ५५६ | ६ | १,२७७ | २४६ | ६ | ५ | १४ | ४ | १,१८० | १७४ | ७ | ३ | ४२ | १,३५४ |
| २ | ४७४ | ७९२ | ७२४ | ५७ | ६७९ | २ | १,३७० | २२६ | १२ | १२ | २६ | ३ | १,२३० | १६६ | ९ | ३ | २८ | १,५३१ |
| ३ | २७२ | ७५८ | ५६८ | ७८ | ७२३ | १ | १,१९६ | २४७ | ७ | १२ | २९ | ५ | १,२६६ | १५५ | ११ | ५ | ६३ | १,४६८ |
| ४ | २३२ | ४३४ | ३०१ | ३५ | २५८ | ० | १,१०२ | ८५ | ११ | ७ | ७ | १ | १,१४० | ३६ | २०३ | ० | १४ | १,२१७ |
| ५ | ११० | ३४३ | २४५ | ४८ | ४०२ | ४ | ८०० | १२६ | ७ | ५ | ३५ | ५ | ८२१ | ३८ | २ | ० | २३ | ९३२ |
| ६ | २८६ | ६३६ | ४९६ | ११४ | ३२७ | २९ | १,१५२ | २३० | ८ | ६ | २४ | २१ | १,२६८ | १४७ | ९ | ४ | १९ | १,४०९ |
| ७ | २३४ | ५४९ | ४७१ | ७८ | २५९ | १९ | १,०३४ | १५६ | १४ | ५ | ३२ | २४ | १,०२८ | १४३ | ७ | २ | ६० | १,१९६ |
| ८ | २५० | ९४२ | ८९८ | ११७ | ५७३ | ८० | १,३१५ | २७४ | ९ | १६ | २८ | २७ | १,१६७ | ३१६ | २२ | ५ | ११७ | १,४२६ |
| ९ | १४६ | २६० | २१३ | १२ | १९१ | १ | १,१५० | ५९ | १ | १ | ३ | ८ | १,३६५ | ३० | १ | ० | १६ | १,५५९ |
| जम्मा | २,२७४ | ५,५११ | ४,५८७ | ६२९ | ३,९६८ | १४२ | १०,३९६ | १,६४९ | ७५ | ६९ | १९८ | ९८ | १०,४६५ | १,२०५ | २७१ | २२ | ३८२ | १२,०९२ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका कुल घरपरिवारहरू मध्ये तराई क्षेत्र र बाटोको सहजताको कारणले साइकल प्रयोगकर्ता संख्या उल्लेखनिय अर्थात १०,४६५ रहेको छ। दोस्रोमा मोबाइल प्रयोग गर्ने घरधुरी समेत अत्यधिक अर्थात १०,३९६ रहेका छन्। तेस्रोमा टेलिभिजन भएका घरधुरीहरूको संख्या ५,५११, इन्टरनेट सुविधा जडान भएका घरधुरी ३९६८, रेडियो २,२७४, केबल वा डिस ४,५८७, मोटरसाईकल १,६४९, रेफ्रिजेरेटर १,२०५, कम्प्यूटर वा ल्यापटप प्रयोगकर्ता घरधुरी ६२९ रहेको देखाउँछ। तथ्याङ्कलाई हेर्दा संचार क्षेत्रको मोबाइल फोन प्रयोगकर्ताहरू झण्डै पूर्णरुपमा भएको अवस्था छ। मोबाइल प्रयोगकर्ताले सबैखाले संचारका सुविधा जस्तै श्रव्य, दृष्य, सुचना, गीत, खबर आदान प्रदान लगायतका धेरै काम गर्न एउटै साधनबाट सहज हुने भएकोले टेलिभिजन, रेडियो प्रयोगकताको संख्या झन न्यून देखिन्छ।

अर्कोतर्फ कार/जीप, एर कन्डिसनर, हिटर वा ग्याँस गिजर जस्ता उच्च सुविधाका सामाग्रीहरूको प्रयोग गर्ने घरधुरीको संख्या झन कम देखिन्छ। यद्यपी ग्रामीण इलाकाहरूमा समेत क्रमश: आधुनिक सुख सुविधाका सामग्रीहरूको प्रयोगकर्ताहरू बढ्नाले उपभोक्तावादी संस्कृतिको विकास भएरहेको देखिन्छ। वडागत रुपमा विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




## ६.३.२ दूर सञ्चार सेवाको अवस्था

सञ्चार आजको समयका लागि अपरिहार्य विषय भएको छ। मोबाइल, ल्याण्डलाइन, अीद जस्ता प्रविधिको सञ्चार साधनको प्रयोग दिनानुदिन बढिरहेको अवस्था छ। यहाँका नागरिकहरूमा खास गरी युवा वर्गमा मोबाइलको उपभोग बढेको छ। तथापि तथ्याङ्कको आधारमा विश्लेषण गर्दा यस गाउँपालिकामा हालको निम्न अवस्था रहेको पाइएको छ।

## ६.३.३ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस गाउँपालिकाका ९ वटै वडाहरुमा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेल, स्मार्ट सिम जस्ता कम्पनीहरूले उपलब्ध गराएका छन्। गाउँपालिकाको केही क्षेत्रहरुमा पातलो र छरिएको वस्ती भएकोले, केवल नेटवर्कबाट टेलिफोन सेवा पुऱ्याउन प्राविधिक कठिनाइको साथै, बढी खर्चिलो हुने देखिएकोले त्यस्ता स्थानहरूमा वायरलेस प्रणालीबाट सेवा पुऱ्याउनु पर्ने देखिन्छ।

## ६.३.४ हुलाक सेवा

गाउँपालिकामा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल गाउँपालिकाका विभिन्न वडाहरुमा कार्यरत छन। गाउँपालिकामा अतिरिक्त हुलाक कार्यालयहरुबाट गाउँपालिकाभित्र र गाउँपालिका बाहिर एवं विदेशमा समेत हुलाक सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन्। यद्यपी संचार र यातायातका सेवामा भएको तीव्र र उच्च विकासले हुलाक सेवा प्रयोगकर्ताको संख्या घट्दै गैरहेको छ।

### ६.३.५ पत्रपत्रिका

कुनै पनि स्थानमा सञ्चार माध्यमको महत्वपुर्ण भुमिका रहन्छ। आजको युगमा विज्ञान प्रविधि तथा सञ्चारको विकासमा महत्वपुर्ण स्थान रहेको छ। संसार साँघुरिदै (Globalized) भईरहेको अवस्थामा विश्वमा घटिरहेका विभिन्न घटनासँग जानकार रहन सञ्चार अति आवश्यक पुर्वाधार हो। बढैयाताल गाउँपालिकामा दैनिक पत्रिका गगोरखा पत्र, कान्तिपुर, अन्नपूर्ण पोष्ट आदि गाउँपालिकाका विभिन्न वडाहरुमा पाइन्छन्।

## ६.४ खानेपानी तथा सरफाई

खानेपानी स्वच्छ जीवनको प्रमुख आधार हो। खानेपानी सुरक्षित नहँदा विभिन्न दुषित तथा असुरक्षित पानी बाट लाग्ने रोगको जोखिम हुन्छ। खानेपानी सुरक्षित राख्न त्यस ठाउँको वातावरण पनि सफा र स्वच्छ रहनु पर्दछ। खानेपानीमा प्रयोग गरिएको स्रोतको आधारमा नगर तथा गाउँपालिकाको स्वास्थ्य स्थिति निर्धारण गर्न सकिन्छ। सुरक्षित खानेपानीको प्रयोगबाट विभिन्न रोगको जोखिम न्युनीकरण गर्न सकिन्छ। गाउँपालिका स्वच्छ र सफा हुनुपर्छ। यस बढैयाताल गाउँपाकि स्थिति बुझ्न तल गाउँबासीहरुले खानेपानीमा प्रयोग गरेको स्रोतको, तथा खानेपानीको पहुँच सम्बन्धी विवरण उल्लेख गरिएको छ।

### ६.४.१ खानेपानीको स्रोतको आधारमा घरधुरीको वितरण


**तालिका नं. १२३ :** खानेपानीको स्रोतको आधारमा घरधुरीको वितरण

| वडा नं. | धारा/पाइप | ट्युबवेल/ हाते पम्प | ढाकिएको इनार/कुवा | मूल धारा | जारको पानी | ट्यांकरको पानी | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ३४८ | १,००३ | २ | | १ | | | १,३५४ |
| २ | ३ | १,५२० | | | २ | | ४ | १,५२९ |
| ३ | १४ | १,४५० | | | ३ | | १ | १,४६८ |
| ४ | ४ | १,२०८ | १ | | १ | | ३ | १,२१७ |
| ५ | ४ | ९२७ | | | | | | ९३१ |
| ६ | २ | १,३७२ | | | ३४ | १ | | १,४०९ |
| ७ | ७५ | १,११५ | १ | | १ | | ४ | १,१९६ |
| ८ | १ | १,४०५ | | १ | १४ | २ | ३ | १,४२६ |
| ९ | ३ | १,५४९ | ६ | | | | १ | १,५५९ |
| जम्मा | ४५४ | ११,५४९ | १० | १ | ५६ | ३ | १६ | १२,०८९ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस गाउँपालिकामा रहेका १२०८९ घरधुरीहरु मध्ये ट्यूबेल वा हातेपम्पको पानी पिउने घरधुरिको संख्या ९५.५ प्रतिशत भएकाले सामान्यतया सबैजसो घरपरिवारले ट्यूबबेल र हातेपम्पको पानी पिउने गर्दछन् भन्दा हुने देखिन्छ। यद्यपी दोस्रोमा भने धारा/पाइप मार्फत आपूर्ति गरिएको पानी पिउनेको संख्या ४५४ अर्थात ३.८ प्रतिशत घरधुरी रहेका छन्। अन्य श्रोत प्रयोग गर्नेको संख्या नगन्य रहेको छ। यस तथ्याङ्कले ट्यूबबेल वा हातेपम्प प्रयोग गर्ने घरधुरी अत्यधिक भएको देखाएकोले सो पानी पिउन वा अन्य प्रयोगका लागि पूर्णरुपमा सुरक्षित नहुन सक्ने देखाउँछ। अर्को तर्फ नेपालको तराई क्षेत्रमा जमिनमूनिको पानीमा आर्सेनिक -एक प्रकारको विषाक्त पदार्थ) रहेको विभिन्न परिक्षणले देखाएकोले त्यसमा सजगता अपनाइ पानी शुद्धिकरणका उपायहरू अवलम्बन गर्नुपर्ने देखाउँछ। (वडागत रुपमा विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ। Sustainable

Development Goals Status & Roadmap: २०१६ - २०३० का अनुसार (SDG – 6) आधार वर्ष २०१५ मा सुरक्षित पिउने पानी उपभोग गर्ने जनसंख्या १५ प्रतिशत मात्र देखिन्छ । दिगो विकास लक्ष्य अनुगमन ढाँचा समेत उल्लेख भएको उक्त दस्तावेज अनुसार यो जनसंख्या क्रमश वृद्धि गर्ने अपेक्षा गरिएको छ । जसअनुसार २०१९ मा ३५ प्रतिशत, २०२२ मा ५० प्रतिशत, २०५५ मा ६५ प्रतिशत हुँदै सन् २०३० सम्म सुरक्षित पिउने पानी प्रयोग कर्ता कुल जनसंख्याको ९० प्रतिशत हुने महत्वाकांक्षी लक्ष्य राखिएको छ । उक्त राष्ट्रिय लक्ष्य प्राप्तिमा टेवा पुऱ्याउन तथा आम मानिसको जनस्वास्थमा सुधार गर्न जमिनमुनीको पानी प्रयोग गर्दा पानीको उपयुक्तताको परीक्षण र सुरक्षाको उपायहरूबारे व्यापक जनजागरण फैलाउनु पर्ने देखिन्छ ।





## ६.४.२ खानेपानीको मुख्य श्रोत भएको ठाउँसम्म पुग्न लाग्ने समयको आधारमा घरधुरीको वितरण

**तालिका नं. १२४ :** खानेपानीको मुख्य श्रोत भएको ठाउँसम्म पुग्न लाग्ने समयको आधारमा घरधुरीको वितरण

| वडा नं. | घरको कम्पाउण्ड भित्र भएको | १-१५ मिनेट | १६-४५ मिनेट | ४६-६० मिनेट | १ घण्टा - १ घण्टा ३० मिनेट | २ घण्टा भन्दा बढी | जम्मा | औषत समय (मिनेटमा) |
|---|---|---|---|---|---|---|---|---|
| १ | १,३०४ | ५० | | | | | १,३५४ | ०.०७ |
| २ | १,५२४ | ३ | | १ | १ | | १,५२९ | ०.०९ |
| ३ | १,४५४ | १२ | १ | | | १ | १,४६८ | ०.२३ |
| ४ | १,१६३ | ५२ | १ | | | १ | १,२१७ | ०.३९ |
| ५ | ९०९ | १७ | ४ | | १ | | ९३१ | ०.२५ |
| ६ | १,४०९ | | | | | | १,४०९ | ०.०० |
| ७ | १,१६८ | २७ | १ | | | | १,१९६ | ०.२२ |
| ८ | १,४११ | १३ | १ | | | १ | १,४२६ | ०.२९ |
| ९ | १,०६३ | ४७० | २६ | | | | १,५५९ | ३.७० |
| जम्मा | ११,४०५ | ६४४ | ३४ | १ | २ | ३ | १२,०८९ | ०.६४ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका कुल १२,०८९ घरधुरीहरू मध्ये ११,४०५ अर्थात ९४.३ प्रतिशत घर परिवारहरूका पानीको श्रोत आफ्नै घर परिसर भित्र रहेको तथ्याङ्कले देखाउँछ। त्यस बाहेक बाँकी ६४४ अर्थात ५.३ प्रतिशत घरधुरीहरू मात्र १ देखि १५ मिनेट टाढाको श्रोतहरूबाट पिउने पानी ल्याउने गरेको पाइयो । तराई क्षेत्रको गाउँपालिका भएकोले भूमिगत जलश्रोत पर्याप्त हुँदा पिउने पानीको श्रोत र त्यसको सुगमता यथेष्ट भएको देखिन्छ तथापि पानीको निर्मलीकरण गरेर पिउनुपर्ने विषयलाई गम्भिरताका साथ लिनुपर्ने देखिन्छ। वडागत पूर्ण विवरण तालिकामा उल्लेख गरिएको छ ।





## ६.४.३ खानेपानी शुद्धिकरण गर्ने विधीका आधारमा घरधुरीहरुको वितरण

**तालिका नं. १२५ :** खानेपानी शुद्धिकरण गर्ने विधीका आधारमा घरधुरीहरुको वितरण

| वडा नं. | उमाल्ने | फिल्टर गर्ने | औषधी (पियुष आदि) | अन्य विधि अपनाउने | केहि नगर्ने/सिधै खाने | जम्मा |
|---|---|---|---|---|---|---|
| १ | १३ | २० | | १ | १,३२० | १,३५४ |
| २ | ७ | ४ | | | १,५१८ | १,५२९ |
| ३ | ७ | १० | | १ | १,४५० | १,४६८ |
| ४ | १ | ४ | | | १,२१२ | १,२१७ |
| ५ | २ | १ | | | ९२८ | ९३१ |
| ६ | ९ | ३६ | २ | १ | १,३६१ | १,४०९ |
| ७ | १७ | १८ | | १ | १,१६० | १,१९६ |
| ८ | १५ | १०७ | २ | १ | १,३०१ | १,४२६ |
| ९ | ५ | ४५ | | | १,५०९ | १,५५९ |
| जम्मा | ७६ | २४५ | ४ | ५ | ११,७५९ | १२,०८९ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकाका कुल घरधुरिहरू मध्ये ११७५९ अर्थात ९७.३ प्रतिशत घरधुरीहरूले पानीको शुद्धिकरण बिनानै श्रोतबाट ल्याएर सिधै पिउने गरेको पाइयो। प्राकृतिक श्रोतहरूमा प्राप्त पानीलाई शुद्धिकरण नगरी पिउनु जनस्वास्थ्यको दृष्टिकोणले अत्यन्त जोखिमपूर्ण हुन्छ। यसबाट संक्रामण रोगहरू जस्तै आउँ, झाडा पखाला, जुका, टाइफाइड लाग्नुका साथै दिर्घ रोगहरू जस्तै पत्थरी, क्यान्सर जस्ता प्राणघातक रोगहरूको सम्भावना प्रवल रहन्छ तसर्थ स्थानिय सरकार र गाउँपालिकाबासीहरूको सहकार्यमा पानी शुद्धिकरणका उपायहरू अबलम्बन गरी प्रयोग गर्ने र जनस्तरमा स्वास्थ्य शिक्षाको व्यापक प्रचार प्रसार गर्नु पर्दछ। उमालेर वा फिल्टर गरेर पिउने जनसंख्या न्यून रहेकोले पानी शुद्धिकरण गरी पिउन सचेत बनाउने अभियान नै सञ्चालन गर्नु पर्ने देखिन्छ। वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




जीवनको आधारको रुपमा रहेको स्वस्थ्य र सुक्षित पानीका पहुँच बहुआयमिक गरिबीको एउटा सूचक (HDI) समेत रहेको हुँदा स्वस्थकर पानीको प्रयोग वा प्रचलनको बाहुल्यताले उक्त स्थानको गरिबीको स्तरलाई समेत इंगित गर्दछ।

## ६.४.४ परिवारले खाना पकाउन प्रयोग गर्ने इन्धनको आधारमा घरधुरीको वितरण

**तालिका नं. १२६ :** परिवारले खाना पकाउन प्रयोग गर्ने इन्धनको आधारमा घरधुरीको वितरण

| वडा नं. | काठ/दाउरा | एल.पी. ग्याँस | मट्टीतेल | बिजुली | गोबर ग्याँस | गोबर/गुँइठा | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | १,०२९ | २५० | | २ | ७१ | १ | १ | १,३५४ |
| २ | १,१३२ | ३५३ | १ | | ४२ | | १ | १,५२९ |
| ३ | १,०२३ | ३७८ | | | ६४ | ३ | | १,४६८ |
| ४ | ६९२ | ४८२ | | १ | ३८ | ४ | | १,२१७ |
| ५ | ६४४ | १४० | | १ | १४६ | | | ९३१ |
| ६ | ७४३ | ४२५ | | ४ | २३५ | | २ | १,४०९ |
| ७ | ७२९ | २३८ | | | २१४ | १५ | | १,१९६ |
| ८ | ५४४ | ६५९ | | | २१९ | ४ | | १,४२६ |
| ९ | १,४५२ | ७२ | २ | | ३३ | | | १,५५९ |
| जम्मा | ७,९८८ | २,९९७ | ३ | ८ | १,०६२ | २७ | ४ | १२,०८९ |
| प्रतिशत | ६६.१० | २४.८० | ०.०० | ०.१० | ८.८० | ०.२० | ०.०० | १००.०० |


*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

दिगो विकासको अवधारणा अनुसार पर्यावरणिय सन्तुलन बनाइ राख्न मानिसको प्राकृतिक श्रोतको उपभोगशैलीमा नै परिवर्तन गर्नु अपरिहार्य छ। उदाहरणका लागि नेपालले आधारवर्ष २०१५ मा ७४.७% रहेको इन्धनको प्राथमिक श्रोतको रुपमा काठ, दाउरा, गुइँठा आदि प्रयोग गर्ने जनसमुदाय सन् २०३० सम्म ३०% मा झार्ने (SDG–7) तथा पकाउने प्रयोजनार्थ LPG प्रयोगलाई १८% (२०१५) बाट ३३% मा पुऱ्याउने लक्ष्य राखेको छ। यसै राष्ट्रिय लक्ष्यलाई आन्तरिकिकरण गर्दै गा.पा.मा समेत नीति तथा कार्यक्रमहरूलाई उन्मुख बनाउनु आवश्यक छ।

मानिसको गुणस्तरिय जीवनशैलिको निर्धारक तत्व उसको आर्थिक, शैक्षिक र साँस्कृतिक पक्षहरू पनि हुन्। परम्परागत जीवनधारा, ग्रामिण परिवेश र जनचेतनाको अवस्थाले उसको उन्नयनलाई उजागर गर्छ चाहे त्यो दृढविश्वास होस् वा भान्छामा प्रयोग गर्ने इन्धन नै किन नहोस्। उदाहरणको लागि बढैयाताल गाउँपालिकाको इन्धनको प्राथमिक श्रोतको रुपमा प्रयोग हुने काठ दाउरालाई नै लिन सकिन्छ।

गाउँपालिकाको कुल घरपरिवारहरू मध्ये ७९८८ अर्थात ६६.१० प्रतिशतले काठदाउरा, २९९७ अर्थात २४.८ प्रतिशत एल.पी ग्यास, १०६२ अर्थात ८.८० प्रतिशतले गोबरग्याँस र बाँकि अन्यले गुइँठा र अरु प्रयोग गरेको पाइयो। स्थानीयहरूले अधिकांश काठ दाउराको प्रयोग गरेबाट एकातर्फ वनजंगल र पर्यावरणमा क्षति पुग्ने र अर्को तर्फ धुवाँ र दाउरा संकलन गर्दा लाग्ने समयले क्रमशः स्वास्थ्यमा असर पुऱ्यानुका साथै समय समेत बढी खर्च हुने देखिन्छ। तसर्थ वैकल्पिक उर्जाको उत्तम उपाय गोबर ग्याँसको प्रयोगलाई प्रोत्साहन गर्ने र आय आर्जनका कार्यक्रमहरूमा केन्द्रित गरी गाउँपालिकावासीहरूलाई काठ दाउराको विकल्प तर्फ लैजानुपर्ने देखिन्छ । वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

परिवारले खाना पकाउन प्रयोग गर्ने इन्धनको आधारमा घरधुरीको वितरण





## ६.४.५ शौचालय प्रयोगको प्रकारको आधारमा घरधुरीको वितरण

**तालिका नं. १२७ :** शौचालय प्रयोगको प्रकारको आधारमा घरधुरीको वितरण

| वडा नं. | फ्लस भएको (सार्वजनिक ढल) | | फ्लस भएको (सेप्टिक ट्याङ्की) | | साधारण शौचालय | | सार्वजनीक शौचालय | | शौचालय नभएको | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | | | १,२११ | ८९.४ | ११३ | ८.३ | ४ | ०.३ | २६ | १.९ | १,३५४ |
| २ | १५५ | १०.१ | ६५० | ४२.५ | ६४४ | ४२.१ | १५ | १.० | ६५ | ४.३ | १,५२९ |
| ३ | १ | ०.१ | ८२४ | ५६.१ | ५१२ | ३४.९ | १० | ०.७ | १२१ | ८.२ | १,४६८ |
| ४ | ४ | ०.३ | ३६७ | ३०.२ | ७९५ | ६५.३ | ४ | ०.३ | ४७ | ३.९ | १,२१७ |
| ५ | १ | ०.१ | ७२४ | ७७.८ | १८४ | १९.८ | २ | ०.२ | २० | २.१ | ९३१ |
| ६ | २० | १.४ | ५२७ | ३७.४ | ६१४ | ४३.६ | ६७ | ४.८ | १८१ | १२.८ | १,४०९ |
| ७ | ५ | ०.४ | ५४४ | ४५.५ | ६२३ | ५२.१ | ६ | ०.५ | १८ | १.५ | १,१९६ |
| ८ | २४८ | १७.४ | ८३० | ५८.२ | २६४ | १८.५ | ६१ | ४.३ | २३ | १.६ | १,४२६ |
| ९ | १ | ०.१ | ५९६ | ३८.२ | ९०० | ५७.७ | ३० | १.९ | ३२ | २.१ | १,५५९ |
| जम्मा | ४३५ | ३.६ | ६,२७३ | ५१.९ | ४,६४९ | ३८.५ | १९९ | १.६ | ५३३ | ४.४ | १२,०८९ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका कूल घरधुरीहरु मध्ये सेप्टि ट्याङ्क भएको चर्पी ६२७३ अर्थात ५१.९ प्रतिशत, साधारण चर्पी ४६४९ अर्थात ३८.५ प्रतिशत, सामुदायिक चर्पी, ७४ अर्थात १.१ प्रतिशतले सार्वजनिक दलयुक्त चर्पी प्रयोग गरेको र ३५१ अर्थात ५ प्रतिशतले भने चर्पीको प्रयोग नै नगरेको पाइयो । साधारण चर्पी प्रयोग गर्नेको संख्या करिब आधा हुनु र ५ प्रतिशत जनसंख्याले चर्पीको प्रयोग नै नगर्नु व्यक्तिगत तथा सामुदायिक स्वास्थ्यमा जोखिम बढी रहेको देखाउँछ । सानो संख्याले मात्र खुल्ला स्थानमा दिसापिसाब गर्दा समेत समुदायको ठूलो हिस्साको जनस्वास्थ्य प्राणघातक संक्रामक रोगहरूको जोखिममा पर्ने हुँदा चर्पी प्रयोगलाई अनिवार्य गर्ने र चर्पीको गुणस्तर सुधारमा ध्यान दिनुपर्ने देखिन्छ ।




## ६.४.६ गाउँपालिकामा खानेपानी तथा सरसफाइ क्षेत्रको समस्या र चुनौतिहरु

- ✓ विधालयमा पर्याप्त मात्रामा सुरक्षित खानेपानीको उपलब्धता नहुनु
- ✓ सरसफाइ सम्बन्धित प्रणालीको संस्थागत विकास नहुनु
- ✓ फोहोर व्यवस्थापन पक्ष कमजोर हुनु
- ✓ महिनावारी मैत्री शौचालय तथा सेनेटरी प्याड एवम् इन्सिनेटरको उपलब्धता नहुनु
- ✓ बाल, लैगिंक तथा अपांगतामैत्री शौचालय अपर्याप्त हुनु
- ✓ वर्षेनी बाढीको प्रकोपको कारण खानेपानीको संरचना र शौचालयमा क्षती हुनु

### ६.४.७ गाउँपालिकाको व्यक्तिगत सरसफाइ, घरायसी सरसफाइ, वातावरणीय सरसफाइको प्रबर्द्धन

- ✓ केहि शौचालय पक्की भएपनि छानो नभएका कारण वर्षाको समयमा प्रयोगमा कठिनाइ
- ✓ फोहोर व्यवस्थापन हरेक व्यक्ति, घर कार्यालय, होटेल, यातायत, आदि सबैको साझा जिम्मेवारी हो भन्ने बोध नहुनु
- ✓ खानेपानी पर्याप्त भएपनि सुरक्षित भए नभएको परिक्षण गरि पानी शुद्धिकरणका विधिहरु अपनाउने बारे पर्याप्त ज्ञान नहुनु
- ✓ जहाँ पायो त्यहि प्लाष्टिक अन्य फोहोर फाल्ने प्रवृत्ति हुनु, फोहोर जहाँ पायो त्यहाँ फाल्नेलाई सचेत पार्ने वा कारबाही गर्ने नीति अवलम्बन नगरिनु
- ✓ ठोस तथा तरल फोहोरको उचित व्यवस्थापन नहुनु, सार्वजनिक स्थल, पसल तथा कार्यालय परिसरमा फोहोर फाल्ने डस्टबीनहरु नराख्नु
- ✓ आवश्यक पर्ने ठाउँमा सार्वजनिक शौचालय निर्माण नहुनु तथा यथोचित सञ्चालनमा नआउनु
- ✓ दुर्गम तथा पछाडि परेका समुदायमा सरसफाइ सम्बन्धि न्यून चेतनास्तर हुनु
- ✓ खानेपानीको श्रोत तथा धाराको प्लेटफर्मको निर्माण वरपरको सरसफाइ यथोचित रुपमा नगरिनु
- ✓ आनीबानी परिवर्तनका लागि सहज हुने सरसफाइका थप सुविधाहरु नहुनु  जस्तै हात धुने भाडा माझ्ने, सुकाउने उचित प्रबन्ध नभएको

### ६.४.८ गाउँपालिकामा खानेपानी शुद्धिकरण तथा खानेपानी तथा सरसफाइ आयोजनाको व्यवस्थापन

- ✓ विभिन्न निकायहरुबाट सञ्चालन गरिएको खानेपानी आयोजनाहरुको तथ्याँक एकिकृत रुपमा नहुनु
- ✓ स्यालो ट्युवकेहरुमा पानीको श्रोत सुक्नु
- ✓ बाढीको कारण पिउनेपानी प्रदुषित हुनु
- ✓ खानेपानी उपभोक्ता समिति सक्रिय नहुनु
- ✓ महँगो प्रविधिको खानेपानी आयोजना
- ✓ बजेट अपर्याप्तता
- ✓ प्राकृतिक प्रकोपको कारण खानेपानी आयोजना क्षतिग्रस्त हुनु
- ✓ गुणस्तरीय पानीका श्रोतको अभाव (आइरन र आर्सेनिकयुक्त पानी)

## ६.५ विद्युत

दैनिक जीवनयापनको लागि मात्र नभई विद्युत् विकासको दरिलो पुर्वाधार हो। गाउँपालिकाका सबै वडाहरुमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ। बढैयाताल गाउँपालिकाको अधिकाशं घरमा विद्युत्को पहुँच राम्रो देखिन्छ । कुल १२,०८९ घरधुरी रहेकोमा १०,३५६ अर्थात ८५.७ प्रतिशत घरधुरीमा दैनिक बत्ती बाल्न विजुलीको प्रयोग भएको देखिन्छ।


## ६.५.१ दैनिक बत्ति बाल्न प्रयोग गरिने इन्धनको आधारमा घरधुरीको वितरण

**तालिका नं. १२८ :** दैनिक बत्ति बाल्न प्रयोग गरिने इन्धनको आधारमा घरधुरीको वितरण


| वडा नं. | बिजुली | | सोलार | | गोबरग्याँस | | मट्टितेल | | अन्य | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या |
| १ | १,२६७ | ९३.६ | ३९ | २.९ | ३ | ०.२ | २२ | १.६ | २३ | १.७ | १,३५४ |
| २ | १,४०२ | ९१.७ | ११६ | ७.६ | ३ | ०.२ | ६ | ०.४ | २ | ०.१ | १,५२९ |
| ३ | १,२९७ | ८८.४ | १३१ | ८.९ | | | २९ | २.० | ११ | ०.७ | १,४६८ |
| ४ | १,११४ | ९१.५ | ५९ | ४.८ | १ | ०.१ | २१ | १.७ | २२ | १.८ | १,२१७ |
| ५ | ८५१ | ९१.४ | ४८ | ५.२ | ४ | ०.४ | १२ | १.३ | १६ | १.७ | ९३१ |
| ६ | १,२३३ | ८७.५ | ५८ | ४.१ | ४ | ०.३ | ८६ | ६.१ | २८ | २.० | १,४०९ |
| ७ | १,०५९ | ८८.५ | ५४ | ४.५ | ३ | ०.३ | ६१ | ५.१ | १९ | १.६ | १,१९६ |
| ८ | १,३५९ | ९५.३ | ३८ | २.७ | ९ | ०.६ | १७ | १.२ | ३ | ०.२ | १,४२६ |
| ९ | ७७४ | ४९.६ | ४११ | २६.४ | १ | ०.१ | २७९ | १७.९ | ९४ | ६.० | १,५५९ |
| जम्मा | १०,३५६ | ८५.७ | ९५४ | ७.९ | २८ | ०.२ | ५३३ | ४.४ | २१८ | १.८ | १२,०८९ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकाका कुल घरधुरीहरू मध्ये १०३५६ अर्थात ८५.७ प्रतिशतले विद्युत, ९५४ अर्थात ७.९ प्रतिशतले सोलार, २८ अर्थात ०.२ प्रतिशतले गोबर ग्याँस, ५३३ अर्थात ४.४ प्रतिशतले मट्टितेल र बाँकिले अन्य प्रयोग गरेको पाइयो । यस तथ्याङ्कलाई हेर्दा ग्रामिण विद्युतिकरणमा व्यापक विकास भई गाउँपालिकामा विद्युतको पहुँच नपुगेको जनसंख्या नगन्य रहेको देखिन्छ । वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।



# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा




नक्सा नं. १२ : गाउँपालिकामा रहेका पूर्वाधार

## ७.१ शिक्षा

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ। यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ। यसै सिलसिलामा बढैयाताल गाउँपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ। विकासको प्रमुख आधारशिला नै शिक्षा हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहि आएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्रकै सर्वोपरि भूमिका रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक सशक्त माध्यमको रुपमा नीतिगत रुपमा अबलम्बन गरिएको छ। नेपालको संविधान २०७२ को भाग ३, धारा ३१ शिक्षा सम्बन्धी हक मा देहायबमोजिमको व्यवस्था गरिएको छ :

- प्रत्येक नागरिकलाई आधारभूत शिक्षामा पहुँचको हक हुनेछ।
- प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र नि:शुल्क तथा माध्यमिक तहसम्मको शिक्षा नि:शुल्क पाउने हक हुनेछ।
- अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम नि:शुल्क उच्च शिक्षा पाउनेहक हुनेछ।
- दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम नि:शुल्क शिक्षा पाउने हक हुनेछ।
- नेपालमा बसोबास गर्ने प्रत्येक नेपाली समुदायलाई कानून बमोजिम आफ्नो मातृभाषामा शिक्षा पाउने र त्यसका लागि विद्यालय तथा शैक्षिक संस्था खोल्ने र सञ्चालन गर्ने हक हुनेछ।

शिक्षा क्षेत्रको परिशुचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै सिलसिलामा यस नगरपालिकाको शैक्षिक स्थिती देखाउन यहाँको साक्षरता स्थिति,शिक्षण संस्थाको विवरण,दरबन्दी शिक्षकहरुको विवरण, विद्यार्थीको भर्ना, तहगत तथा विषयगत शैक्षिक विवरण देखाउन खोजिएको छ जसबाट बढैयाताल गाउँपालिका शैक्षिक अवस्थालाई बुझी अगामी दिनमा सुधार गर्न नीति तथा कार्यक्रम बनाउन सकिन्छ।

### ७.१.१ ५ वर्ष भन्दा माथिल्लो उमेर समूहमा साक्षरताको अवस्था

| | जम्मा | ७,९१५ | ८,२९१ | १२,२१२ | २,६२६ | १,२६२ | ३०२ | २६८ | २,३६६ | ३५,२४२ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ५-९ वर्ष | २,२५९ | ६६ | | | | | १ | १ | २,३२७ |
| | १०-१४ वर्ष | ७३८ | १,५५३ | ६०७ | | | | २ | १ | २,९०१ |
| | १५-१९ वर्ष | ७४ | ४६३ | १,५४८ | २४७ | ४४ | | २ | | २,३७८ |
| | २०-२४ वर्ष | ९६ | ३५१ | ८७७ | ३११ | १८० | १६ | ४ | १ | १,८३६ |
| | २५-२९ वर्ष | १११ | ३५७ | ६५५ | २४४ | १५७ | ६२ | १ | २२ | १,६०९ |
| | ३०-३४ वर्ष | १११ | ३२२ | ५१८ | १३२ | ९० | ४३ | ८ | २८ | १,२५२ |
| | ३५-३९ वर्ष | १४२ | ३७१ | ५२५ | ८६ | ४७ | २७ | १० | ६७ | १,२७५ |
| | ४०-४४ वर्ष | ११७ | २०७ | ४२२ | ६१ | ४० | २४ | १५ | ६० | ९४६ |
| | ४५-४९ वर्ष | १५४ | २२२ | ३६६ | ४४ | ३३ | १३ | १६ | ७६ | ९२४ |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | ५०-५४ वर्ष | १३७ | १४३ | २५८ | ३८ | १७ | ९ | १३ | ६१ | ६७६ |
| | ५५-५९ वर्ष | ११८ | १०२ | १३६ | १८ | १३ | २ | १७ | ६६ | ४७२ |
| | ६०-६४ वर्ष | ७५ | ७२ | ७० | ९ | ४ | ३ | १७ | ५८ | ३०८ |
| | ६५-६९ वर्ष | ७२ | ५० | ६९ | ७ | ४ | २ | १७ | ५६ | २७७ |
| | ७०-७४ वर्ष | २८ | २७ | २९ | ४ | | १ | १४ | २४ | १२७ |
| | ७५ वर्ष भन्दा बढि | २२ | १७ | १७ | ५ | २ | १ | १६ | ४६ | १२६ |
| | जम्मा | ४,२५४ | ४,३२३ | ६,०९७ | १,२०६ | ६३१ | २०३ | १५३ | ५६७ | १७,४३४ |
| महिला | ५-९ वर्ष | २,१६४ | ९५ | | | | | १ | २ | २,२६२ |
| | १०-१४ वर्ष | ५५४ | १,५०८ | ७१९ | | | | | | २,७८१ |
| | १५-१९ वर्ष | ७३ | ३९२ | १,८४९ | ४४९ | ५७ | | १ | ४ | २,८२५ |
| | २०-२४ वर्ष | १४३ | ४९४ | १,४४० | ४५० | २७९ | २७ | ४ | २६ | २,८६३ |
| | २५-२९ वर्ष | १७९ | ४९८ | ८६४ | २८९ | १७० | ४४ | १३ | ११२ | २,१६९ |
| | ३०-३४ वर्ष | १९३ | ४२९ | ५१९ | १२८ | ८३ | १७ | २३ | २३६ | १,६२८ |
| | ३५-३९ वर्ष | १२३ | २७३ | ३९० | ५२ | २२ | ६ | १६ | ३३६ | १,२१८ |
| | ४०-४४ वर्ष | ८८ | १३१ | १८० | २९ | १२ | २ | ११ | २८३ | ७३६ |
| | ४५-४९ वर्ष | ६० | ९७ | ९० | १८ | ५ | १ | १३ | २८९ | ५७३ |
| | ५०-५४ वर्ष | ३७ | २३ | ३६ | ४ | ३ | १ | १३ | १७८ | २९५ |
| | ५५-५९ वर्ष | १६ | १५ | १२ | १ | | १ | ९ | १४२ | १९६ |
| | ६०-६४ वर्ष | २० | ८ | ८ | | | | ६ | ९० | १३२ |
| | ६५-६९ वर्ष | ४ | ३ | ५ | | | | २ | ५३ | ६७ |
| | ७०-७४ वर्ष | ५ | २ | २ | | | | २ | ३० | ४१ |
| | ७५ वर्ष भन्दा बढि | २ | | १ | | | | १ | १८ | २२ |
| | जम्मा | ३,६६१ | ३,९६८ | ६,११५ | १,४२० | ६३१ | ९९ | ११५ | १,७९९ | १७,८०८ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

उमेर समूह र लैङ्गिकताका आधारमा हेर्दा गाउँपालिकामा ५ देखि ९ वर्षका कक्षा नर्सरी देखि कक्षा ४ सम्मको शैक्षिक स्तर हासिल गरेका बालकहरूको संख्या नै सबैभन्दा बढी अर्थात ४,४२३ छ। जसमा ५ देखि ९ वर्ष उमेर समूहका बालकहरूको संख्या २,२५९ रहेको र ५ देखि ९ वर्ष उमेर समूहका बालिकाको संख्या २,१६४ रहेको छ। उमेर बढ्दै जाँदा क्रमशः पढाइको स्तर कम हुने वा छोड्ने प्रवृति उच्च रहेको छ। यद्यपी आधारभूत शिक्षामा सबैको पहुँचमा विगतको तुलनामा ठूलो सुधार भएतापनि उच्च शिक्षामा भने अपेक्षाकृत सुधार देखिँदैन। आधारभूत शिक्षामा उपलब्धी प्राप्त भएपश्चात उच्च शिक्षामा लगानी बृद्धि गरी दिगो विकासतर्फ अघि बढ्ने योजना निर्माण गर्नु जरुरी छ। पाको उमेर समूहका प्रौढ र बृद्ध बृद्धाहरूमा शैक्षिक स्तर कम रहनु विगतमा शिक्षाको पहुँचबाट टाढा रहेको जनसंख्या हाल पाको उमेर समूहमा परेकोले हुनसक्छ । बालबालिकाहरूमा भने विद्यालय जाने परिवार संख्या राम्रो रहेको पाइन्छ। विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

## ७.१.२ लैङ्गिक आधारमा ५ देखि २४ वर्षका हाल विद्यालय/कलेज गैरहेको वडागत जनसंख्याको विवरण

**तालिका नं. १२९ :** लैङ्गिक आधारमा ५ देखि २४ वर्षका हाल विद्यालय/कलेज गैरहेको वडागत जनसंख्याको विवरण

| वडा नं. | गएका | | | | नगएका | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | पुरुष | | महिला | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ७४१ | ३४.४ | ८११ | ३७.७ | १७५ | ८.१ | ४२७ | १९.८ | २,१५४ |
| २ | ९०४ | ३२.६ | ९३२ | ३३.६ | ४१० | १४.८ | ५२७ | १९.० | २,७७३ |
| ३ | ९०५ | ३४.८ | ९१८ | ३५.३ | ३०७ | ११.८ | ४७१ | १८.१ | २,६०१ |
| ४ | ७४९ | ३२.४ | ७६० | ३२.९ | ३४६ | १५.० | ४५४ | १९.७ | २,३०९ |
| ५ | ६१६ | ३३.२ | ६३२ | ३४.० | २६८ | १४.४ | ३४२ | १८.४ | १,८५८ |
| ६ | ७८० | ३४.० | ८५१ | ३७.१ | २८९ | १२.६ | ३७४ | १६.३ | २,२९४ |
| ७ | ७३२ | ३४.५ | ७२७ | ३४.२ | २५८ | १२.१ | ४०७ | १९.२ | २,१२४ |
| ८ | ७८९ | ३३.८ | ८०४ | ३४.५ | २९४ | १२.६ | ४४४ | १९.० | २,३३१ |
| ९ | ८०८ | ३२.७ | ८७८ | ३५.५ | ३५७ | १४.५ | ४२७ | १७.३ | २,४७० |
| जम्मा | ७,०२४ | ३३.६ | ७,३१३ | ३५.० | २,७०४ | १२.९ | ३,८७३ | १८.५ | २०,९१४ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा ५ देखि २४ वर्ष उमेर भित्रका कूल २०,९१४ जनसंख्या मध्ये हाल विद्यालय/कलेज गैरहेको जनसंख्यामा ७,०२४ अर्थात ३३.६ प्रतिशत पुरुषहरू र ७,३१३ अर्थात ३५ प्रतिशत महिलाहरू रहेका छन् । अर्कोतर्फ २,७०४ अर्थात १२.९ प्रतिशत पुरुषहरू र ३,८७३ अर्थात १८.५ प्रतिशत महिलाहरू विद्यालय/कलेज गएका छैनन् । यस तथ्याङ्कलाई हेर्दा ५ देखि २४ वर्षको उमेर समूह भनेको अध्ययन र सीप विकासको सबैभन्दा महत्वपूर्ण समयको उमेर समूह हो । तसर्थ यस उमेर समूहका १२.९ प्रतिशत पुरुष र १८.५ प्रतिशत महिलाहरू उक्त वा अर्को कारणले विद्यालय/कलेज नजानुले मानव संशाधन विकासको एक अपरिहार्य आधार शिक्षा तथा सीप विकासको अवसरबाट टाढा हुनु हो । तसर्थ यस उमेर समूहको जनसंख्या विद्यालय/कलेज जान नसक्नु वा नपाउनुका कारणहरूको पहिचान गरी समाधान तर्फ पहल गर्नु जरुरी देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

## ७.१.३ लैङ्गिक आधारमा ५ देखि ३५ वर्षका हाल विद्यालय/कलेज गैरहेको वडागत जनसंख्याको विवरण

**तालिका नं. १३० :** लैङ्गिक आधारमा ५ देखि ३५ वर्षका हाल विद्यालय/कलेज गैरहेको वडागत जनसंख्याको विवरण

| वडा नं. | गएका | | | | नगएका | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | पुरुष | | महिला | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ७५२ | २५.१ | ८३८ | २७.९ | ४११ | १३.७ | ९९८ | ३३.३ | २,९९९ |
| २ | ९१५ | २३.९ | ९४६ | २४.८ | ८२१ | २१.५ | १,१३९ | २९.८ | ३,८२१ |
| ३ | ९२४ | २४.९ | ९३७ | २५.३ | ७२६ | १९.६ | १,१२० | ३०.२ | ३,७०७ |
| ४ | ७६४ | २२.९ | ७७८ | २३.३ | ७६७ | २३.० | १,०३२ | ३०.९ | ३,३४१ |
| ५ | ६३७ | २३.८ | ६५३ | २४.४ | ५९४ | २२.२ | ७९१ | २९.६ | २,६७५ |
| ६ | ७९९ | २२.७ | ८७० | २४.७ | ८०६ | २२.९ | १,०४३ | २९.६ | ३,५१८ |
| ७ | ७६४ | २३.३ | ७६४ | २३.३ | ७०५ | २१.५ | १,०५१ | ३२.० | ३,२८४ |
| ८ | ८२५ | २४.५ | ८५७ | २५.४ | ६१५ | १८.२ | १,०७३ | ३१.८ | ३,३७० |
| ९ | ८२४ | २३.६ | ८९७ | २५.७ | ७७१ | २२.१ | १,००२ | २८.७ | ३,४९४ |
| जम्मा | ७,२०४ | २३.८ | ७,५४० | २५.० | ६,२१६ | २०.६ | ९,२४९ | ३०.६ | ३०,२०९ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा ५ देखि ३५ वर्ष भित्रका कूल ३०,२०९ जनसंख्या मध्ये हाल विद्यालय वा कलेज गैरहेको जनसंख्यामा ७,२०४ अर्थात २३.८ प्रतिशत पुरुषहरू र ७,५४० अर्थात २५ प्रतिशत महिलाहरू रहेका छन् । यसैगरी सोहि उमेर भित्रका ६,२१६ पुरुष अर्थात २०.६ प्रतिशत र ९,२४९ अर्थात ३०.६ प्रतिशत महिलाहरू भने विद्यालय वा कलेज नगएको देखिन्छ । महिला र पुरुषको तथ्याङ्कलाई हेर्दा पुरुष भन्दा महिलाहरू नै बढी अध्ययनमा संलग्न रहेको देखिन्छ । यद्यपी महिलाको जनसंख्या पुरुषको भन्दा बढी छ । हालका वर्षहरूमा जनचेतनामा आएको सकारात्मक परिवर्तनले महिलाहरूलाई अनिवार्य शिक्षित बनाउनुपर्छ भन्ने जागरण फैलिएको पाइन्छ । तर अर्कोतर्फ विद्यालय/कलेज नजाने महिलाको संख्या समेत उल्लेख्य हुनुले त्यस तर्फ ध्यान जानु जरुरी छ । गुणस्तरीय जीवन यापनका लागि चेतना र शिक्षाको सर्वोपरी भूमिका हुने भएकोले पुरुष वा महिला जो भएपनि अध्ययनबाट वञ्चित दुवैलाई शिक्षाको पूर्ण पहुँचमा ल्याउनु राज्यको दायित्व हो । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

### ७.१.४ लैङ्गिक आधारमा ५ देखि ३९ वर्षभित्रका विद्यालय/कलेज गैरहेका वा नगएका जनसंख्याको वडागत वितरण

**तालिका नं. १३१ :** लैङ्गिक आधारमा ५ देखि ३९ वर्षभित्रका विद्यालय/कलेज गैरहेका वा नगएका जनसंख्याको वितरण

| वडा नं. | गएका | | | | नगएका | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | पुरुष | | महिला | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| ५-९ वर्ष | २,३४४ | ४८.१ | २,२९९ | ४७.१ | १२२ | २.५ | १११ | २.३ | ४,८७६ |
| १०-१४ वर्ष | २,७९२ | ४८.५ | २,६७२ | ४६.४ | १५५ | २.७ | १४० | २.४ | ५,७५९ |
| १५-१९ वर्ष | १,५५९ | २९.३ | १,८३४ | ३४.५ | ८६२ | १६.२ | १,०६८ | २०.१ | ५,३२३ |
| २०-२४ वर्ष | ३२९ | ६.६ | ५०८ | १०.३ | १,५६५ | ३१.६ | २,५५४ | ५१.५ | ४,९५६ |
| २५-२९ वर्ष | १११ | २.६ | १५० | ३.५ | १,६०२ | ३७.७ | २,३८५ | ५६.१ | ४,२४८ |
| ३०-३४ वर्ष | ५८ | १.६ | ६८ | १.९ | १,३५५ | ३७.१ | २,१७४ | ५९.५ | ३,६५५ |
| ३५-३९ वर्ष | ११ | ०.८ | ९ | ०.६ | ५५५ | ३९.९ | ८१७ | ५८.७ | १,३९२ |
| जम्मा | ७,२०४ | २३.८ | ७,५४० | २५.० | ६,२१६ | २०.६ | ९,२४९ | ३०.६ | ३०,२०९ |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा ५ देखि ३९ वर्ष भित्रको जनसंख्या ३०,२०९ मध्ये ५ देखि ९ वर्ष उमेर समूहका २,३४४ अर्थात ४८.१ प्रतिशत पुरुष (बालक) र सोही उमेर समूहका २,२९९ अर्थात ४७.१ प्रतिशत महिला (बालिका) हरू विद्यालय गैरहेकोमा १२२ जना अर्थात २.५ प्रतिशत बालक र १११ अर्थात २.३ प्रतिशत बालिकाहरू विद्यालय नगएको देखिन्छ । यो क्रमलाई हेर्दा १५ देखि १९ वर्ष उमेर समूहका १,५५९ अर्थात २९.३ प्रतिशत किशोर र १,८३४ अर्थात ३४.५ प्रतिशत किशोरीहरू विद्यालय गएको देखिन्छ । यो तथ्याङ्कले सुरुमै विद्यालय भर्ना नहुने तथा भर्ना भएपनि कालान्तरमा विद्यालय छाड्ने प्रवृति उमेर अनुसार बढ्दै गएको देखिन्छ । यी दुवै खालको

समस्या शैक्षिक क्षेत्रमा भएका गम्भिर समस्याहरू हुन् । गरिबी र शैक्षिक चेतनाको कमीका कारण विद्यालय भर्ना नहुने र भर्ना भएपश्चात घरेलु श्रम वा जीविकोपाजृनमा प्राथमिकता दिनुपर्दा गरीबी र न्यून चेतना स्तरको कारण क्रमशः विद्यालय छोड्ने प्रवृति देखिन्छ । यो स्थितिलाई कम गर्न विशेष शैक्षिक अभियानहरू सञ्चालन गर्नुपर्ने देखिन्छ। अर्कोतर्फ यो अध्ययन छोड्ने प्रवृत्ति पुरुषको तुलनामा महिलामा उमेरको वृद्धिसँगै बढ्दै गैरहेको देखिन्छ । विहेवारी तथा त्यस पश्चात आउने जिम्मेवारी, पारिवारिक आर्थिक तथा सामाजिक अवरोधहरू नै यसका मूख्य कारणहरू हुन् । २० देखि २४ वर्ष, २५ देखि २९ वर्ष र सो भन्दा माथि विद्यालय/कलेज नजाने महिलाहरूको संख्या क्रमशः ५१.५, ५६.१, ५९.५, ५८.७ र ३०.६ प्रतिशत हुँदै बढेको तथ्याङ्कले देखाउँछ। विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## ७.१.५ ५-३५ वर्षको उमेर समूहमा विद्यालय/कलेज उपस्थित नहुनेहरुको विवरण

**तालिका नं. १३२ :** ५-३५ वर्षको उमेर समूहमा विद्यालय/कलेज उपस्थित नहुनेहरुको विवरण

| वडा नं. | भएका | | | | नभएका | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | पुरुष | | महिला | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | २५२ | १७.७ | ६३२ | ४४.५ | १६३ | ११.५ | ३७४ | २६.३ | १,४२१ |
| २ | ३२० | १६.२ | ५७५ | २९.२ | ५०३ | २५.५ | ५७४ | २९.१ | १,९७२ |
| ३ | ५९८ | ३२.३ | ७२६ | ३९.२ | १३३ | ७.२ | ३९६ | २१.४ | १,८५३ |
| ४ | ५२० | २८.७ | ६०२ | ३३.३ | २५२ | १३.९ | ४३६ | २४.१ | १,८१० |
| ५ | ४९७ | ३५.५ | ५१९ | ३७.० | १०५ | ७.५ | २८० | २०.० | १,४०१ |
| ६ | ३२८ | १७.७ | ३४० | १८.३ | ४७९ | २५.८ | ७०९ | ३८.२ | १,८५६ |
| ७ | ३९६ | २२.३ | ४६३ | २६.० | ३२० | १८.० | ६०० | ३३.७ | १,७७९ |
| ८ | ३८२ | २२.२ | ६०० | ३४.९ | २४४ | १४.२ | ४९१ | २८.६ | १,७१७ |
| ९ | ३४० | १९.० | ४६१ | २५.८ | ४३९ | २४.६ | ५४८ | ३०.६ | १,७८८ |
| जम्मा | ३,६३३ | २३.३ | ४,९१८ | ३१.५ | २,६३८ | १६.९ | ४,४०८ | २८.३ | १५,५९७ |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा ५ देखि ३५ वर्ष उमेर भित्रका कुल १५,५९७ जना जनसंख्या मध्ये, के तपाइँ कहिल्यै स्कुल/कलेज जानु भएको छ भनि सोधिएको प्रश्नमा स्कूल कलेज गएको पुरुषको संख्या ३,६३३ अर्थात् २३.३ प्रतिशत र महिलाको ४,९१८ अर्थात ३१.५ प्रतिशत रहेको छ। अर्कोतर्फ कहिल्यै स्कुल/कलेज नगएका पुरुषको जनसंख्या २,६३८ अर्थात १६.९ प्रतिशत र महिलाको जनसंख्या ४,४०८ अर्थात २८.३ प्रतिशत देखिन्छ । यो तथ्याङ्कलाई हेर्दा कहिल्यै स्कुल/कलेज नगएकाको संख्या ४५.२ प्रतिशत रहेको छ। यो तथ्यलाई हेर्दा आधुनिकता, विकास र नवजागरणको चहलपहल चरम अवस्थामा पुगेको वर्तमान विश्व परिवेशमा यस गाउँपालिकामा विद्यालय/कलेज नै नगएको संख्या उल्लेख्य हुनु गम्भिर विषय हो । तसर्थ यो अवस्थालाई प्रभावकारी ढंगले अन्त्य गर्न अविलम्ब पहल गरिनु आवश्यक छ। यसका लागि शैक्षिक विकासका व्यवहारिक र कार्यन्वयनमुखी योजना निर्माण गरी लागू गर्नु जरुरी छ। वडागत विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

## ७.१.६ वडा अनुसार ५-२४ वर्षको उमेर समूहमा विद्यालय/कलेज उपस्थित नहुने हरुको विवरण

**तालिका नं. १३३ :** वडा अनुसार ५-२४ वर्षको उमेर समूहमा विद्यालय/कलेज उपस्थित नहुने हरुको विवरण

| वडा नं. | गएका | | | | नगएका | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | पुरुष | | महिला | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ११३ | १८.७ | २८२ | ४६.८ | ६३ | १०.४ | १४५ | २४.० | ६०३ |
| २ | १५७ | १६.७ | २७२ | २९.० | २५३ | २६.९ | २५७ | २७.४ | ९३९ |
| ३ | २५७ | ३३.० | ३५८ | ४६.० | ५१ | ६.५ | ११३ | १४.५ | ७७९ |
| ४ | २४७ | ३०.९ | ३१५ | ३९.४ | ९९ | १२.४ | १३९ | १७.४ | ८०० |
| ५ | २२१ | ३६.२ | २८२ | ४६.२ | ४८ | ७.९ | ६० | ९.८ | ६११ |
| ६ | १२६ | १९.० | १६१ | २४.३ | १६३ | २४.६ | २१३ | ३२.१ | ६६३ |
| ७ | १४१ | २१.० | २२३ | ३३.३ | ११८ | १७.६ | १८८ | २८.१ | ६७० |
| ८ | १९४ | २६.३ | २९२ | ३९.६ | १०० | १३.६ | १५२ | २०.६ | ७३८ |
| ९ | १७४ | २२.२ | २३९ | ३०.५ | १८३ | २३.३ | १८८ | २४.० | ७८४ |
| जम्मा | १,६३० | २४.७ | २,४२४ | ३६.८ | १,०७८ | १६.४ | १,४५५ | २२.१ | ६,५८७ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका ५ देखि २४ वर्ष उमेर भित्रका ६,५८७ जनसंख्या मध्ये के तपाई कहिल्यै विद्यालय/कलेज जानुभएको छ भनी सोधिएको प्रश्नमा स्कूल कलेज नगएका पुरुषको संख्या १,०७८, अर्थात १६.४ प्रतिशत साथै महिलाको जनसंख्या १,४५५ अर्थात २२.१ प्रतिशत देखिन्छ। अनिवार्य रुपमा विद्यालय/कलेज जानुपर्ने यो उमेर भित्रको जनसंख्या मध्ये महिला र पुरुष दुवै गरि ३८.५ प्रतिशत जनसंख्याको कारणहरू पहिचान गरी अध्ययन गर्ने उमेर समूहलाई अध्ययनमा प्रोत्साहन गर्ने रणनितिहरू अपनाउनु पर्दछ। वडागत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

## ७.१.७ विद्यालय/कलेजको प्रकारको आधारमा ५ देखि ३५ वर्षभित्रको जनसंख्याको वडागत लैङ्गिक वितरण

**तालिका नं. १३४ :** विद्यालय/कलेजको प्रकारको आधारमा ५ देखि ३५ वर्षभित्रको जनसंख्याको वडागत लैङ्गिक वितरण

| वडा नं. | सामुदायिक/सरकारी | | | | संस्थागत/निजी | | | | अन्य | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | | महिला | | पुरुष | | महिला | | पुरुष | | महिला | | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ३९२ | २४.८ | ५८१ | ३६.८ | ३५५ | २२.५ | २५० | १५.८ | २ | ०.१ | | | १,५८० |
| २ | ६१७ | ३३.४ | ७४१ | ४०.१ | २९६ | १६.० | १९३ | १०.४ | | | २ | ०.१ | १,८४९ |
| ३ | ६५७ | ३५.४ | ७४२ | ४०.० | २४२ | १३.१ | १७१ | ९.२ | २० | १.१ | २२ | १.२ | १,८५४ |
| ४ | ५७० | ३७.२ | ६२० | ४०.५ | १८९ | १२.३ | १५२ | ९.९ | | | | | १,५३१ |
| ५ | ४६३ | ३६.३ | ५३९ | ४२.३ | १६६ | १३.० | १०४ | ८.२ | | | २ | ०.२ | १,२७४ |
| ६ | ५४२ | ३२.६ | ६६८ | ४०.२ | २५५ | १५.३ | १९६ | ११.८ | १ | ०.१ | | | १,६६२ |
| ७ | ५२९ | ३५.० | ६१३ | ४०.५ | २२४ | १४.८ | १४३ | ९.५ | २ | ०.१ | १ | ०.१ | १,५१२ |
| ८ | ४९१ | २९.७ | ५८२ | ३५.२ | ३२३ | १९.५ | २५६ | १५.५ | | | १ | ०.१ | १,६५३ |
| ९ | ७५१ | ४४.० | ८२६ | ४८.४ | ६५ | ३.८ | ६३ | ३.७ | | | १ | ०.१ | १,७०६ |
| जम्मा | ५,०१२ | ३४.३ | ५,९१२ | ४०.४ | २,११५ | १४.५ | १,५२८ | १०.५ | २५ | ०.२ | २९ | ०.२ | १४,६२१ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा विद्यालय/कलेज गैरहेको ५ देखि ३५ वर्ष भित्रका जनसंख्या मध्ये १४,६२१ जनाको विवरण खुलेकोमा सरकारी अर्थात सामुदायिक विद्यालय वा कलेज जाने पुरुषको संख्या ५,०१२ अर्थात ३४.३ प्रतिशत र सामुदायिक विद्यालय वा कलेज जाने महिलाको संख्या ५,९१२ अर्थात ४०.४ रहेका छन्। त्यसैगरी २,११५ अर्थात १४.५ प्रतिशत पुरुष र १,५२८ अर्थात १०.५ प्रतिशत महिलाहरू संस्थागत अर्थात निजी विद्यालय वा कलेज जाने गरेको तथ्याङ्कले देखाउँछ। एकातर्फ समग्रमा संस्थागत विद्यालय वा कलेज जानेहरूको संख्यामा महिलाको भन्दा पुरुषको संख्या बढी देखिन्छ। संस्थागत तथा निजी विद्यालयमा प्रशस्त लगानि गरेर पठाउनु पर्ने र अर्कोतर्फ सरकारी र सामुदायिक विद्यालयमा अपेक्षाकृत गुणस्तरीय शिक्षा प्राप्त नहुने अवस्थाका कारण राज्यको दायित्व भित्र पर्ने शिक्षा क्षेत्रमा खर्च गर्नुपर्ने बाध्यता छ। गाउँपालिकामा संस्थागत तथा निजी/विद्यालय वा कलेजमा पढाउन नसक्नेको संख्या धेरै देखिन्छ। सामुदायिक वा सरकारी र संस्थागत वा निजी विद्यालय/कलेज बीचको शैक्षिक गुणस्तरको भिन्नता बढ्दै गैरहेको र सामुदायिक विद्यालयहरूको गुणस्तर सुधारमा ठोस उपलब्धी हासिल भै-नसकेको अवस्थामा एकै उमेर समूहका विद्यार्थीहरू बीच गुणस्तरिय शिक्षामा समान पहुँचका दृष्टिकोणले हेर्दा असमान हुनु उचित नभएकाले सम्बन्धित सबै सरोकारवालाहरूको चासो केन्द्रित हुन जरुरी छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरीएको छ।

## ७.१.८ पाँच देखि ३५ वर्षका हाल विद्यालय/कलेज नगएकाहरुको कारणका आधारमा वडागत लैङ्गिक विवरण

**तालिका नं. १३५ :** पाँच देखि ३५ वर्षका हाल विद्यालय/कलेज नगएकाहरुको कारणका आधारमा वडागत लैङ्गिक विवरण


| लिङ्ग | वडा नं. | थप शिक्षाको लागि पहुँच नभएर | धेरै लागत/महङ्गो भएर | धेरै टाढा भएर | घरमा सहयोग गर्नको लागि | बा/आमा इच्छुक नभएर | मेरो लागि पर्याप्त | विवाह | काम गर्न शुरु गरेकोले | स्कूलले भर्ना गर्न अस्वीकार गरेर | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दुबै लिङ्ग | १ | २ | २५ | २ | ५९ | १७ | २६ | ९०० | ३८ | ६ | ३४६ | १,४२१ |
| | २ | ३ | ५४ | ३१ | २४४ | ७२ | ४७ | ८८२ | ४५ | ५ | ५८९ | १,९७२ |
| | ३ | ५ | ४९ | १० | ७७१ | १४८ | ६१ | ४१० | ७६ | ३ | ३२० | १,८५३ |
| | ४ | २ | ५८ | ७ | ८१९ | ९८ | १८ | ३१३ | २२ | ३ | ४७० | १,८१० |
| | ५ | ६ | १७१ | ९ | ३८४ | १८६ | २१९ | ३६२ | ४६ | | १८ | १,४०१ |
| | ६ | | १० | १३ | ५०६ | १६१ | १५० | ३६८ | १७५ | १० | ४६३ | १,८५६ |
| | ७ | ९ | १०० | २८ | ४५८ | २११ | १२३ | ५८५ | ६४ | १२ | १८५ | १,७७५ |
| | ८ | ४ | ५३ | २४ | २३५ | ५७ | १६७ | ८७२ | ३५ | १५ | २५५ | १,७१७ |
| | ९ | ९३ | २७ | ९ | १,१३४ | ७२ | ४८ | ३५० | १५ | ४ | ३६ | १,७८८ |
| | जम्मा | १२४ | ५४७ | १३३ | ४,६१० | १,०२२ | ८५९ | ५,०४२ | ५१६ | ५८ | २,६८२ | १५,५९३ |
| पुरुष | १ | १ | १४ | | २९ | ३ | १६ | १२९ | ३२ | ३ | १८८ | ४१५ |
| | २ | ३ | ३८ | १० | १३२ | ३४ | २९ | १३९ | ४० | ४ | ३९४ | ८२३ |
| | ३ | २ | २९ | १ | ३२८ | ३६ | ३८ | ३२ | ७१ | १ | १९३ | ७३१ |
| | ४ | | ३४ | ४ | ४२६ | ३३ | ७ | २४ | १७ | १ | २२६ | ७७२ |
| | ५ | १ | ९५ | ५ | १९३ | ३९ | १३७ | ७९ | ४१ | | १२ | ६०२ |
| | ६ | | ६ | ६ | २७८ | २० | ९४ | ५९ | १३५ | ४ | २०५ | ८०७ |
| | ७ | २ | ४७ | १८ | ३२८ | ३५ | ६३ | ६९ | ५१ | ८ | ९४ | ७१५ |
| | ८ | ३ | ३६ | १८ | १२५ | १८ | ११६ | १४३ | २७ | १० | १३० | ६२६ |
| | ९ | ४६ | १५ | ६ | ५५८ | २६ | ३१ | ६४ | १२ | ३ | १८ | ७७९ |
| | जम्मा | ५८ | ३१४ | ६८ | २,३९७ | २४४ | ५३१ | ७३८ | ४२६ | ३४ | १,४६० | ६,२७० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| महिला | १ | १ | ११ | २ | ३० | १४ | १० | ७७१ | ६ | ३ | १५८ | १,००६ |
| | २ | | १६ | २१ | ११२ | ३८ | १८ | ७४३ | ५ | १ | १९५ | १,१४९ |
| | ३ | ३ | २० | ९ | ४४३ | ११२ | २३ | ३७८ | ५ | २ | १२७ | १,१२२ |
| | ४ | २ | २४ | ३ | ३९३ | ६५ | ११ | २८९ | ५ | २ | २४४ | १,०३८ |
| | ५ | ५ | ७६ | ४ | १९१ | १४७ | ८२ | २८३ | ५ | | ६ | ७९९ |
| | ६ | | ४ | ७ | २२८ | १४१ | ५६ | ३०९ | ४० | ६ | २५८ | १,०४९ |
| | ७ | ७ | ५३ | १० | १३० | १७६ | ६० | ५१६ | १३ | ४ | ९१ | १,०६० |
| | ८ | १ | १७ | ६ | ११० | ३९ | ५१ | ७२९ | ८ | ५ | १२५ | १,०९१ |
| | ९ | ४७ | १२ | ३ | ५७६ | ४६ | १७ | २८६ | ३ | १ | १८ | १,००९ |
| | जम्मा | ६६ | २३३ | ६५ | २,२१३ | ७७८ | ३२८ | ४,३०४ | ९० | २४ | १,२२२ | ९,३२३ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकाको कुल जनसंख्या मध्ये हाल १५,५९३ जना विद्यालय/कलेज गैरहेका छैनन्। यस मध्ये ६,२७० जना पुरुष र ९,३२३ जना महिला रहेका छन्। विद्यालय/कलेज नजानुको कारण हेर्दा सबैभन्दा बढी ५,०४२ अर्थात ३२.३ प्रतिशतले विवाह भएकाले, ४,६१० अर्थात २९.६ प्रतिशतले घरमा काम सघाउनु परेकोले र तेस्रोमा १०२२ अर्थात ६.६ प्रतिशतले बा/आमा इच्छुक नभएकोले भन्ने जवाफ दिएका छन् । अविभावकको चाहना नभएर र अन्यमा समेत उल्लेख्य जनसंख्या रहेको छ। जे सुकै कारणले भएपनि उचित शिक्षाबाट बञ्चित हुनु राम्रो होइन तसर्थ शिक्षालाई प्राथमिकता दिने र युवाहरूलाई शिक्षातर्फ उत्साहित गर्न रोजगारमूलक र जीवनोपयोगी शिक्षा, व्यवसायीक, शिक्षा तथा सीपमूलक शिक्षाको व्यवस्था गर्नु आवश्यक हुन्छ। लैङ्गिक हिसाबले गर्दा विवाहका कारण शिक्षाबाट बञ्चित हुने पुरुषको तुलनामा महिलाको संख्या अत्यधिक अर्थात ७३८ पुरुष हुँदा ४,३०४ महिलाहरू विवाह पश्चात शिक्षामा बञ्चित रहेको देखिन्छ। विवाह पश्चात महिलाहरू घरायसी धन्दा र बालशिशु जन्माउने र हुर्काउने कार्यमा लाग्ने साथै विवाह भएर जाने घरबाट शिक्षामा प्रोत्साहन नगर्ने जस्ता कारणले उनीहरू शिक्षाबाट टाढिएका हुनसक्छन् । यसतर्फ सामाजिक जागरण र महिला हक अधिकारको क्षेत्रमा काम गर्ने सम्बन्धित सबैले ध्यान पुऱ्याउनु जरुरी छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**पाँच देखि ३५ वर्षका हाल विद्यालय/कलेज नगएकाहरुको कारणका आधारमा वडागत लैङ्गिक विवरण**



## ७.१.९ पाँच देखि ३५ वर्षका हाल विद्यालय/कलेज नगएकाहरुको कारणका आधारमा उमेर अनुसार, वडागत, लैङ्गिक विवरण

**तालिका नं. १३६ :** पाँच देखि ३५ वर्षका हाल विद्यालय/कलेज नगएकाहरुको कारणका आधारमा उमेर अनुसार, वडागत, लैङ्गिक विवरण

| लिङ्ग | उमेर समूह | थप शिक्षाको लागि पहुँच नभएर | धेरै लागत/ महङ्गो भएर | धेरै टाढा भएर | घरमा सहयोग गर्नको लागि | बा/आमा इच्छुक नभएर | मेरो लागि पर्याप्त | विवाह | काम गर्न शुरु गरेकोले | स्कूलले भर्ना गर्न अस्वीकार गरेर | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दुबै लिङ्ग | ५-९ वर्ष | २ | १३ | २ | २१ | १९ | १ | २ | | १५ | १५८ | २३३ |
| | १०-१४ वर्ष | १ | २० | ५ | ५६ | १५ | १३ | ७ | | ४ | १७५ | २९६ |
| | १५-१९ वर्ष | १४ | ८३ | १२ | ६२६ | ५१ | १८१ | ५०८ | २५ | ९ | ४२१ | १,९३० |
| | २०-२४ वर्ष | २४ | १२५ | २९ | १,१५४ | १५३ | २६३ | १,५८६ | १२९ | ८ | ६५३ | ४,१२४ |
| | २५-२९ वर्ष | ३१ | १२८ | ३४ | १,१६८ | २३७ | २२१ | १,४९९ | १५६ | १५ | ५४३ | ४,०३२ |
| | ३०-३४ वर्ष | २७ | १२१ | २९ | १,१३४ | ३५४ | १३९ | १,११३ | १५९ | ३ | ५१२ | ३,५९१ |
| | ३५-३९ वर्ष | २५ | ५७ | २२ | ४५१ | १९३ | ४१ | ३२७ | ४७ | ४ | २२० | १,३८७ |
| | जम्मा | १२४ | ५४७ | १३३ | ४,६१० | १,०२२ | ८५९ | ५,०४२ | ५१६ | ५८ | २,६८२ | १५,५९३ |
| पुरुष | ५-९ वर्ष | १ | ७ | १ | ७ | १० | १ | १ | | ७ | ८७ | १२२ |
| | १०-१४ वर्ष | | ७ | ४ | ३१ | ७ | ७ | ३ | | ४ | ९३ | १५६ |
| | १५-१९ वर्ष | १० | ४७ | ७ | ३५३ | २२ | ११९ | ३९ | २१ | ५ | २३९ | ८६२ |
| | २०-२४ वर्ष | १० | ७२ | १७ | ५९९ | ४४ | १५३ | १९१ | ९३ | ५ | ३८३ | १,५६७ |
| | २५-२९ वर्ष | १५ | ७९ | १३ | ६४३ | ५८ | १३५ | २२९ | १३२ | ९ | ३०५ | १,६१८ |
| | ३०-३४ वर्ष | १० | ७० | १४ | ५३४ | ७० | ९३ | १९९ | १३६ | २ | २५२ | १,३८० |
| | ३५-३९ वर्ष | १२ | ३२ | १२ | २३० | ३३ | २३ | ७६ | ४४ | २ | १०१ | ५६५ |
| | जम्मा | ५८ | ३१४ | ६८ | २,३९७ | २४४ | ५३१ | ७३८ | ४२६ | ३४ | १,४६० | ६,२७० |
| महिला | ५-९ वर्ष | १ | ६ | १ | १४ | ९ | | १ | | ८ | ७१ | १११ |
| | १०-१४ वर्ष | १ | १३ | १ | २५ | ८ | ६ | ४ | | | ८२ | १४० |
| | १५-१९ वर्ष | ४ | ३६ | ५ | २७३ | २९ | ६२ | ४६९ | ४ | ४ | १८२ | १,०६८ |
| | २०-२४ वर्ष | १४ | ५३ | १२ | ५५५ | १०९ | ११० | १,३९५ | ३६ | ३ | २७० | २,५५७ |
| | २५-२९ वर्ष | १६ | ४९ | २१ | ५२५ | १७९ | ८६ | १,२७० | २४ | ६ | २३८ | २,४१४ |
| | ३०-३४ वर्ष | १७ | ५१ | १५ | ६०० | २८४ | ४६ | ९१४ | २३ | १ | २६० | २,२११ |
| | ३५-३९ वर्ष | १३ | २५ | १० | २२१ | १६० | १८ | २५१ | ३ | २ | ११९ | ८२२ |
| | जम्मा | ६६ | २३३ | ६५ | २,२१३ | ७७८ | ३२८ | ४,३०४ | ९० | २४ | १,२२२ | ९,३२३ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा विद्यालय नगएको जनसंख्याको तथ्याङ्कलाई हेर्दा २० देखि २५ वर्ष उमेर समूहको जनसंख्या नै रहेको छ। विभिन्न कारणहरू मध्ये पहिलोमा विवाह र दोस्रोमा घरायसी काम पर्दछ। यसमध्ये यी दुबै कारणले शिक्षाबाट बञ्चित हुनेहरूमा पुरुषको तुलनामा महिलाहरूको संख्या उल्लेख्य छ। अर्कोतर्फ विद्यालय जानुपर्ने लामो दूरी, अविभावनको उदासिनता, घरायसी काममा सहयोग जस्ता कारणले विद्यालय जाने उमेर ५ देखि १४ वर्षका केही बालबालिकाहरू समेत शिक्षाबाट बञ्चित रहेको तथ्याङ्क छ। त्यस्ता बालबालिकाको संख्या ५ - ९ वर्षका २३३ जना र १० - १४ वर्षका २९६ जना रहेका छन्। यो अत्यन्त गम्भिर स्थिति हो। यस प्रकारका बालबालिकाको पहिचान गरी समाज र राज्यले पूर्ण रुपमा संरक्षण गर्नु नितान्त आवश्यक छ। विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।

## ७.१.१० लैङ्गिक आधारमा ५ वर्षभन्दा माथिको जनसंख्या मध्ये औपचारिक वा अनौपचारिक तालिम लिएकाहरुको वडागत विवरण


**तालिका नं. १३७ :** लैङ्गिक आधारमा ५ वर्षभन्दा माथिको जनसंख्या मध्ये औपचारिक वा अनौपचारिक तालिम लिएकाहरुको वडागत विवरण

| लिङ्ग | वडा नं. | औपचारिक/अनौपचारिक तालिम प्राप्त | | | | जम्मा |
|---|---|---|---|---|---|---|
| | | भएको | | नभएको | | |
| | | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| दुबै लिङ्ग | १ | २६७ | ५.६ | ४,५१६ | ९४.४ | ४,७८३ |
| | २ | ३२९ | ५.५ | ५,६५४ | ९४.५ | ५,९८३ |
| | ३ | २४७ | ४.३ | ५,४४८ | ९५.७ | ५,६९५ |
| | ४ | २६२ | ५.२ | ४,७६४ | ९४.८ | ५,०२६ |
| | ५ | ७६ | १.८ | ४,०९४ | ९८.२ | ४,१७० |
| | ६ | ४६३ | ८.२ | ५,१६४ | ९१.८ | ५,६२७ |
| | ७ | २९३ | ५.९ | ४,६६१ | ९४.१ | ४,९५४ |
| | ८ | ३७८ | ७.१ | ४,९८३ | ९२.९ | ५,३६१ |
| | ९ | २०१ | ३.६ | ५,३४९ | ९६.४ | ५,५५० |
| | जम्मा | २,५१६ | ५.३ | ४४,६३३ | ९४.७ | ४७,१४९ |
| पुरुष | १ | १११ | ५.९ | १,७७९ | ९४.१ | १,८९० |
| | २ | २२२ | ८.१ | २,५१५ | ९१.९ | २,७३७ |
| | ३ | १५० | ५.८ | २,४४६ | ९४.२ | २,५९६ |
| | ४ | १८९ | ८.० | २,१८० | ९२.० | २,३६९ |
| | ५ | ५० | २.५ | १,९२४ | ९७.५ | १,९७४ |
| | ६ | ३२२ | १२.१ | २,३४७ | ८७.९ | २,६६९ |
| | ७ | १६७ | ७.२ | २,१३७ | ९२.८ | २,३०४ |
| | ८ | २०३ | ८.५ | २,१९७ | ९१.५ | २,४०० |
| | ९ | १४८ | ५.६ | २,४८१ | ९४.४ | २,६२९ |
| | जम्मा | १,५६२ | ७.२ | २०,००६ | ९२.८ | २१,५६८ |
| महिला | १ | १५६ | ५.४ | २,७३७ | ९४.६ | २,८९३ |
| | २ | १०७ | ३.३ | ३,१३९ | ९६.७ | ३,२४६ |
| | ३ | ९७ | ३.१ | ३,००२ | ९६.९ | ३,०९९ |
| | ४ | ७३ | २.७ | २,५८४ | ९७.३ | २,६५७ |
| | ५ | २६ | १.२ | २,१७० | ९८.८ | २,१९६ |
| | ६ | १४१ | ४.८ | २,८१७ | ९५.२ | २,९५८ |
| | ७ | १२६ | ४.८ | २,५२४ | ९५.२ | २,६५० |
| | ८ | १७५ | ५.९ | २,७८६ | ९४.१ | २,९६१ |
| | ९ | ५३ | १.८ | २,८६८ | ९८.२ | २,९२१ |
| | जम्मा | ९५४ | ३.७ | २४,६२७ | ९६.३ | २५,५८१ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका ५ वर्ष माथिको ४७,१४९ जनसंख्या मध्ये के तपाइँले कुनै औपचारिक वा अनौपचारिक तालिम लिनुभएको छ भनि सोधिएको प्रश्नमा छ भन्ने को संख्या २,५१६ अर्थात ५.३ प्रतिशत र छैन भन्नेको जनसंख्या ४४,६३३ अर्थात ९४.७ प्रतिशत देखिन्छ । तथ्याङ्क अनुसार तालिम लिएका पुरुषको जनसंख्या १,५६२ अर्थात ७.२ प्रतिशत र महिलाको जनसंख्या ९५४ अर्थात ३.७ प्रतिशत मात्र छ । गुणस्तरीय जीवन निर्वाह गर्दा र रोजगार तथा पेशालाई उन्नत, प्रविधियुक्त र बढी उत्पादन मूखी बनाउन मानव संसाधन

विकासको मूल आधार भनेको शिक्षा र तालिम नै हो। गाउँपालिकाको ९४.७ प्रतिशत जनसंख्या कुनैपनि प्रकारको तालिम वा सिप विहिन हुनु भनेको मानव शंसोधन विकासको अत्यन्त न्यून स्तर भएकोले सीप विकास तथा तालिमका माध्यमबाट मानव शंसोधन विकासमा उल्लेख्य फड्को मार्न सके मात्र कार्यक्षमता विकास मार्फत वृहत विकासमा अघि बढ्न सकिन्छ। यसतर्फ ध्यान दिनु जरुरी छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




## ७.१.११ विशेष सीप वा दक्षता भएको जनसंख्याको वडागत विवरण

**तालिका नं. १३८ :** विशेष सीप वा दक्षता भएको जनसंख्याको वडागत विवरण

| मुख्य सिप वा क्षमता | १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| शिक्षण शिकाई सम्बन्धी | ३०४ | ६७ | ६९ | ३७ | २६ | १०० | १०० | १३४ | १४३ | ९८० |
| श्रव्यदृष्य तथा फोटोग्राफी सम्बन्धी | १३ | ३१ | २३ | १२ | ८२१ | ४९५ | १४ | १३ | १७ | १,४३९ |
| हस्तकला / चित्रकला सम्बन्धी | १८ | ५ | ९ | ५ | १ | ८ | २७ | ६ | ४ | ८३ |
| गीत, संगीत, नाटक तथा कलाकारिता | २ | | ५ | | २ | ३ | ६ | ६ | ११ | ३५ |
| मूर्तिकला, प्रस्तरकला, काष्ठकला | २ | १० | | | १ | ४ | ३ | | | २० |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| सिकर्मी, डकर्मी सम्बन्धी | ४२ | ३२ | ६७ | १४४ | १७ | १०७ | १०० | २० | ७५ | ६०४ |
| प्लम्बिङ सम्बन्धी | ३ | ९ | ६ | २ | | ८ | | १ | | २९ |
| मानव स्वास्थ्यसँग सम्बन्धी | १९ | १८ | २२ | १२ | ८ | २३ | १३ | २५ | ६ | १४६ |
| पशुचिकित्सा तथा पशुस्वास्थ्य सम्बन्धी | ६ | १० | ७ | २ | ४ | ६ | १० | ८ | ६ | ५९ |
| बिजुली जडान सम्बन्धी | २२ | १६ | १० | ११ | ५ | १७ | १२ | १२ | १५ | १२० |
| होटल तथा रेष्टुरेन्ट सम्बन्धी | १८ | १२ | ९ | ४ | | ८ | १४ | २१ | ७ | ९३ |
| कृषि, पशुपालन, माछापालन, मौरी पालन सम्बन्धी | ७११ | २४ | ३६ | ७ | १० | ५० | ७१५ | १०१ | ६२७ | २,२८१ |
| छपाई सम्बन्धी | १ | १ | | ३ | | ३ | | १ | ३ | १२ |
| सवारी चालक सम्बन्धी | २५ | ५५ | ४४ | ४३ | १२ | ५२ | ३९ | ३९ | ४४ | ३५३ |
| यान्त्रिक ( मेकानिक्स) सम्बन्धी | १५ | १३ | १५ | १२ | ३ | २३ | १३ | १८ | ७ | ११९ |
| फर्निचर बनाउने सम्बन्धी | ८ | ३ | १२ | २ | १ | १३ | २२ | १० | ४ | ७५ |
| जुत्ता चप्पल बनाउने | | ३ | | | | १ | १४ | | | १८ |
| पोशाक बनाउने / सिउने | १०० | ७२ | ८६ | ७० | १५ | १२३ | ९५ | ७४ | ४३ | ६७८ |
| गरगहना बनाउने / मर्मत गर्ने | ३ | ४ | ४ | | | | | १ | | १२ |
| केश सजावट / श्रृंगार सम्बन्धी | ४ | १५ | २ | ५ | | ४ | ५ | १२ | ६ | ५३ |
| आत्मसुरक्षा सम्बन्धी/शारीरिक सुसंगठन | ६ | ८ | | १ | ३ | १६ | ६ | १४ | २ | ५६ |
| जमिनको सर्भेक्षण सम्बन्धी | १ | | | | १ | २ | | १ | २ | ७ |
| कम्प्युटर विज्ञान सम्बन्धी | १६ | ११ | १० | ९ | १ | ४ | ७ | ८ | | ६६ |
| इन्जिनियरिङ डिजाईन सम्बन्धी | ३ | १ | | | | १ | १ | ५ | १ | १२ |
| रेडियो, टेलिभिजन, मोबाईल, तथा अन्य ईलेक्ट्रिक बस्तुको मर्मत | २ | ९ | ३ | ५ | २ | ६ | ७ | १७ | ४ | ५५ |
| साहित्य श्रृजना सम्बन्धी | १ | | १ | १ | | २ | | २ | २ | ९ |
| अन्य | ५७ | ९३६ | ६११ | ३७४ | १ | १,२४० | ४९ | १५३ | ११३ | ३,५३४ |
| विशेष क्षमता नभएको | ३,३८१ | ४,६१८ | ४,६४४ | ४,२६५ | ३,२३६ | ३,३०८ | ३,६८२ | ४,६५९ | ४,४०८ | ३६,२०१ |
| जम्मा | ४,७८३ | ५,९८३ | ५,६९५ | ५,०२६ | ४,१७० | ५,६२७ | ४,९५४ | ५,३६१ | ५,५५० | ४७,१४९ |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेको कुल जनसंख्या मध्ये जम्मा १०,९४८ जनाको मात्र विशेष सीप वा दक्षता भएको देखिन्छ । यो गाउँपालिकाको ५ वर्षभन्दा माथिको कूल जनसंख्याको २३.२२ प्रतिशत मात्र हो । यी मध्ये सबैभन्दा बढी सीप वा दक्षता भएको जनसंख्या कृषि, पशुपालन, माछापालन र मौरीपालन सम्बन्धी सीप र तालिम हासिल गरेको २,२८१ छ भने दोस्रोमा श्रव्यदृष्य तथा फोटोग्राफि सम्बन्धी सीप हासिल गरेको जनसंख्या १,४३९ जना रहेको छ । तेस्रोमा शिक्षण सिकाई सम्बन्धी सीप हासिल गरेको जनसंख्या ९८० जना र सिकर्मी/डकर्मी सम्बन्धी ६०४ रहेका छन् । यी बाहेक जुत्ता, चप्पल बनाउने, छपाइ सम्बन्धी, प्लम्बिङ सम्बन्धी, साहित्य श्रृजना तथा इन्जिनियरिङ सम्बन्धी डिजाइन गर्नेको संख्या नगण्य रहेको छ । समग्रमा हेर्दा कुनैपनि प्रकारको सीप वा दक्षता हुनु आफैमा राम्रो भएतापनि गाउँपालिकामा आधुनिक समाजमा आवश्यक पर्ने खालका विशेष सिपहरू तथा विश्वविद्यालयबाट प्राज्ञिक सर्टिफिकेट (प्रमाणपत्र) लिएर तयार भएको दक्ष जनशक्ति जस्तै डाक्टर, इन्जिनियर, मेकानिक्स, विषयगत विशेषज्ञहरूको संख्या अत्यन्त न्यून देखिन्छ । दक्ष जनशक्तिको आयस्तर उच्च हुने हुनाले विकास निर्माणमा सहयोग पुग्नुका साथै उक्त जनशक्तिको जीवनयापन गुणस्तरीय हुन्छ । यस प्रकारको जनशक्तिले दिगो विकासमा प्रत्यक्ष भूमिका खेल्दछ । गाउँपालिकामा करीब ८० प्रतिशत जनसंख्या अदक्ष वा अर्धदक्ष हुनाले गाउँपालिकाको दिगो विकासमा ठूलो प्रयास गर्नुपर्ने देखिन्छ । साथै मानव संसाधन विकासलाई उच्च प्राथमिकतामा राख्नुपर्ने देखिन्छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।

## ७.१.१२ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

### (क) सामुदायिक तथा धार्मिक विद्यालयहरू

बढैयाताल गाउँपालिकामा कुल ४२ वटा सामुदायिक विद्यालयहरू रहेका छन् । तिनीहरूमा बढीमा कक्षा १२ सम्मको पढाइ हुने गरेको पाइएको छ । धार्मिक विद्यालयहरू पनि यहाँ सामुदायिक विद्यालय अन्तर्गत नै राखेर विश्लेषण गरिएको छ । गाउँपालिकामा निजी विद्यालयहरूको संख्या झण्डै एक दर्जन रहेको छ ।

### (ख) विद्यालयहरुको नामावली

गाउँपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन । तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवं सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ । योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ ।

शिक्षा क्षेत्रको परिसूचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ । यसै अनुरुप यस गाउँपालिकामा आ.व.२०७३/७४ सम्म सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण अनुसार गाउँपालिकामा निजी र सामुदायिक विद्यालय गरेर जम्मा ५३ वटा विद्यालयहरु रहेका छन् । जसमा ३८ आधारभुत विद्यालय रहेका छन् भने १५ माध्यमिक विद्यालयहरु रहेका छन् । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

**तालिका नं. १३९ :** विद्यालयहरुको नामावली

| सि.नं. | विद्यालयको नाम | संचालित कक्षा | वार्ड नं. | साविकको गा.वि.स/न.पा |
|---|---|---|---|---|
| १ | चिल्ड्रेन प्याराडाइज | १-३ | | सोरहवा |
| २ | अमर ज्योती उ मा वि सीतापुर | १-१२ | १ | जमुनी |
| ३ | दिप ज्योती मा वि डाफे | १-१० | १ | जमुनी |
| ४ | जगदम्विका नि मा वि शान्तिपुर | १-८ | १ | जमुनी |
| ५ | विर भद्र प्रा वि डाफे | १-५ | १ | जमुनी |
| ६ | विद्याज्योती प्रा वि डाफे | १-५ | १ | जमुनी |
| ७ | जेनिथ एकेडेमी | १-९ | १ | जमुनी |
| ८ | महान शिवशक्ति इ.बि.एस | १-५ | १ | जमुनी |
| ९ | सरस्वती इ.बि.एस | १-७ | १ | जमुनी |
| १० | सरस्वती उ मा वि शिवशक्तिपुर | १-१२ | २ | जमुनी |
| ११ | जनप्रिय नि मा वि शिवशक्तिपुर | १-८ | २ | जमुनि |
| १२ | वागेश्वरी प्रा वि जमुनि | १-५ | २ | जमुनी |
| १३ | जागृति प्रा वि शिवशक्तिपुर | १-५ | २ | जमुनी |
| १४ | सरस्वती ने रा नि मा वि सोरहवा | १-८ | ३ | सोरहवा |
| १५ | ने रा नि मा वि गोव्रेपुर | १-८ | ३ | सोरहवा |
| १६ | भवानी उ मा वि सेमरा | १-१२ | ३ | सोरहवा |
| १७ | भवानि प्रा वि भवानीपुर | १-५ | ३ | सोरहवा |
| १८ | मदरशा दारुल उलुम गौसिया खैसा | १-३ | ३ | सोरहवा |
| १९ | मदरशा जामिलिया गुल्सनरजा | १ | ३ | सोरहवा |
| २० | मदरशा जामिया भवानीपुर | १ | ३ | सोरहवा |
| २१ | मुनलाइट एकेडेमी | | ३ | सोरहवा |
| २२ | ज्ञानज्योती मा वि छत्रनगर | | ४ | सोरहवा |
| २३ | जनता प्रा वि सोरहवा | | ४ | सोरहवा |
| २४ | जनमुखी प्रा वि सोरहवा | | ४ | सोरहवा |
| २५ | बर्दिया गोल्डेन फ्युचर | | ४ | सोरहवा |
| २६ | बर्दिया सनलाइट एकेडेमी | | ४ | सोरहवा |
| २७ | ने रा इन्दिरा भुसाल मा वि वढैया | | ५ | मैनापोखर |
| २८ | जनजागृती प्रा वि फुलवारी | | ५ | सोरहवा |
| २९ | सरस्वती मा वि जगतिया | | ५ | सोरहवा |
| ३० | शारदा उ मा वि मैनापोखर | | ६ | मैनापोखर |
| ३१ | प्रगति नि मा वि मैनापोखर | | ६ | मैनापोखर |

| | | | | |
|---|---|---|---|---|
| ३२ | सर्वोदय प्रा वि लोखारपुर | | ६ | मैनापोखर |
| ३३ | जनता नि मा वि भदोही | | ६ | मैनापोखर |
| ३४ | मदरसा कादरिया अजिउल उलुम | | ६ | मैनापोखर |
| ३५ | कृष्णसार विद्या निकेतन | | ६ | मैनापोखर |
| ३६ | पशुपति जोधा प्रा वि सुरेन्द्रनगर | | ७ | कालिका |
| ३७ | युवक नि मा वि वकोटिया | | ७ | कालिका |
| ३८ | नेपाल राष्ट्रिय नि.मा. वि. पडरिया | | ७ | मैनापोखर |
| ३९ | जनज्योति प्रा वि रामगौडी | | ७ | मैनापोखर |
| ४० | ॐ ज्योती प्रा वि | | ७ | कालिका |
| ४१ | भगवती सस्कृत मा वि तिलकान | | ८ | कालिका |
| ४२ | विद्याज्योती उ मा वि कन्ठपुर | | ८ | कालिका |
| ४३ | मयुर नि मा वि मयुरवस्ति | | ८ | कालिका |
| ४४ | शितला महिला नमुना प्रा वि सितलावजार | | ८ | कालिका |
| ४५ | पशुपति प्रा वि पशुपतिवजार | | ८ | कालिका |
| ४६ | मदरशा जियाउल उलुम प्रा वि | | ८ | कालिका |
| ४७ | बर्दिया एकेडेमी पोलिटेक्निक | | ८ | कालिका |
| ४८ | रिभर क्विन इ.बि.एस | | ८ | कालिका |
| ४९ | शुभकामना एकेडेमी | | ८ | कण्ठपुर |
| ५० | जयकालिका मा वि मुनालवस्ति | | ९ | कालिका |
| ५१ | शिवशक्ति प्रा वि टेसनपुर | | ९ | कालिका |
| ५२ | मुक्त कमैया निमावि जनता नगर | | ९ | कालिका |
| ५३ | शक्ति प्रा वि शक्तिनगर | | ९ | कालिका |

*स्रोतः गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

**तालिका नं. १४० :** गाउँपालिकामा रहेको क्याम्पस सम्बन्धी विवरण

| क्र.सं. | क्याम्पसको नाम | ठेगाना |
|---|---|---|
| १ | **सारदा बहुमुखी क्याम्पस** | **मैनापोखर-६** |

*स्रोतः गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

बढैयाताल गाउँपालिकामा स्नातक तह सम्म अध्यापन हुने एक मात्र क्याम्पस शारदा बहुमुखी क्यामपस रहेको छ । क्याम्पसमा विभिन्न संकायमा विद्यार्थीहरु अध्ययनरत छन् ।

### (ग) तहगत विद्यार्थीको संख्या

तालिकामा सामुदायिक तथा निजी विद्यालयमा अध्ययनरत बालबालिकाको संख्या उल्लेख गरिएको छ । यसमा छात्र र छात्राको संख्या पनि तहगत आधारमा प्रस्तुत गरिएको छ ।

**तालिका नं. १४१ :** तहगत विद्यार्थीको संख्या

| विवरण | सामुदायिक | निजी विद्यालय | कुल |
|---|---|---|---|
| बाल विकास केन्द्र | ६६ | ० | ४२ |
| आधारभूत तह | – | – | – |
| कक्षा १-३ | २ | – | २ |
| कक्षा १-५ | १४ | ३ | १७ |
| कक्षा १-८ | १० | ४ | १४ |
| माध्यमिक तह | – | – | – |
| कक्षा १-१० | ६ | ३ | ९ |
| कक्षा १-१२ | ५ | १ | ६ |
| क्याम्पस | १ | – | १ |
| मदरशा | ५ | – | ५ |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

**तालिका नं. १४२ :** शैक्षिक सत्र २०७४ मा सामुदायिक विद्यालयमा भर्ना भएका विद्यार्थीको विवरण

| सञ्चालित कक्षा | कूल | | | दलित | | | जनजाती | | | ब्राह्मण/क्षेत्री | | | अपाङ | | | अन्य | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा | छात्रा | छात्र | जम्मा |
| १-५ | २३३३ | २१३५ | ४४६८ | ६८२ | ६५८ | १३४० | १०६६ | ९१२ | १९७८ | - | - | - | - | - | - | ५८९ | ५६१ | ११५० |
| ६-८ | १७१३ | १७०९ | ३४२२ | ३९० | ३६५ | ७५५ | ८७६ | ८१२ | १६८८ | - | - | - | - | - | - | ५०७ | ५०२ | १००९ |
| ९-१० | १०४१ | ९३२ | १९७३ | २२२ | २१२ | ४३४ | ५०१ | ४२६ | ९२७ | - | - | - | - | - | - | ३१८ | २९४ | ६१२ |
| ११-१२ | ५३२ | ३०९ | ८४१ | ९२ | ४७ | १३९ | २२५ | १३१ | ३५६ | - | - | - | - | - | - | २१५ | १३१ | ३४६ |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

### ७.१.१३ विद्यालय बाहिर रहेका बालबालिकाको विवरण

विद्यार्थीले बिच समयमा कुनै कारणबस विद्यालय छोड्ने चलन जहाँ पनि देखिने गरेको पाइन्छ। त्यस्तै अवस्था यस बढैयाताल गाउँपालिकामा पनि रहेको छ। यस गाउँपालिकामा विभिन्न कारणले गर्दा बिचमै विद्यालय छोड्ने विद्यार्थिहरुको संख्या तालिकामा वर्णन गरिएको छ। गाउँपालिकामा जम्मा ८४ जनाले विभिन्न कारणले गर्दा विद्यार्थिले विद्यालय छाडेका छन् जसमा छात्रा ४८ र छात्र ३६ जना रहेको देखिन्छ। यसै गरी विभिन्न कारणहर मध्ये अपाङ्गको कारणले गर्दा ११ जना जसमध्ये छात्रा ७ र छात्र ४, आर्थिक कारणले ३६ जना जसमध्ये छात्रा १९ छात्र १७ र अन्य कारणले ३७ जना जसमा छात्रा २२ र छात्र १५ जना रहेको देखिन्छ।

**तालिका नं. १४३ :** विद्यालय बाहिर रहेका बालबालिकाको विवरण

| क्र.सं. | ठेगाना (साविकको गा.वि.स) | विद्यार्थिको नाम | उमेर | अभिभावकको नाम | कारण |
|---|---|---|---|---|---|
| १ | मैनापोखर गा.वि.स | नसिम वेगम | १२ | जमाल अली | पढ्न मन नलागेर |
| २ | मैनापोखर गा.वि.स | पवित्रा थारु | १४ | बिजुली थारु | आमाले पढन नपठाएको |
| ३ | मैनापोखर गा.वि.स | सफिया थारु | १४ | साकिर अलि तेली | उमेर बढी भएर विद्यार्थी स्वयम नगएको |
| ४ | मैनापोखर गा.वि.स | रेश्मा थारु | १४ | कल्लु थारु | उमेर बढी भएर विद्यार्थी स्वयम नगएको |

| | | | | | |
|---|---|---|---|---|---|
| ५ | मैनापोखर गा.वि.स | दिपक थारु | १३ | दुखुवा थारु | पढाई छाडी काठमाण्डौ गएको |
| ६ | मैनापोखर गा.वि.स | महेन्द्र थारु | १२ | दिनेश थारु | अन्य विद्यालयमा |
| ७ | मैनापोखर गा.वि.स | सुसिला रैदास | १४ | शम्भु रैदास | अँन्य विद्यालयमा |
| ८ | मैनापोखर गा.वि.स | प्रेरणा थारु | १२ | शिवराज थारु | सुस्त मनस्थिती |
| ९ | मैनापोखर गा.वि.स | रुपा रैदास | १३ | चन्दवाल रैदास | घरयासी |
| १० | मैनापोखर गा.वि.स | शिला रैदास | ११ | चन्दवाल रैदास | घरयासी |
| ११ | मैनापोखर गा.वि.स | दुर्गा चमार | १४ | राधेश्याम चमार | विरामी भएकोले |
| १२ | मैनापोखर गा.वि.स | लक्ष्मी क्षेत्री | १४ | कर्ज बहादुर कटुवाल क्षेत्री | अपाङताको कारणले |
| १३ | मैनापोखर गा.वि.स | प्रेरणा थारु | ८ | मान बहादुर थारु | अपाङताको कारणले |
| १४ | सोरहवा गा.वि.स | नाजरिना साई | १४ | अवरार पठान | चेतनाको कमी |
| १५ | सोरहवा गा.वि.स | अमिरुल निसा | १३ | निजामुद्धिन पठान | चेतनाको कमी |
| १६ | सोरहवा गा.वि.स | गुल्सन जँहा | १३ | दब्वन पठान | चेतनाको कमी |
| १७ | सोरहवा गा.वि.स | समीरुल पठान | १४ | सतार पठान | चेतनाको कमी |
| १८ | सोरहवा गा.वि.स | बाबु साई | १३ | मोटे साई | चेतनाको कमी |
| १९ | सोरहवा गा.वि.स | रुपा कुमारी थारु | १३ | उमेश्वर थारु | आर्थिक अवस्था कमजोर |
| २० | सोरहवा गा.वि.स | रोशन थारु | १३ | | |
| २१ | सोरहवा गा.वि.स | किस्मतुल साई | १४ | रहिमान अली साई | छोरी जातलाई पढाउन हुन्न |
| २२ | सोरहवा गा.वि.स | अनिता पासी | १४ | हनुमान पासी | कक्षा दोहोरयाउनु र आर्थिक अवस्था कमजोर |
| २३ | सोरहवा गा.वि.स | सुदिप सुनार | ७ | दयाराम सुनार | भारत |
| २४ | सोरहवा गा.वि.स | लक्ष्मी वि.क | ६ | दिलसरा वि.क | भारत |
| २५ | सोरहवा गा.वि.स | राधा परियार | १२ | रामन परियार | भारत |
| २६ | सोरहवा गा.वि.स | रेशम परियार | १० | रामन परियार | भारत |
| २७ | सोरहवा गा.वि.स | राज परियार | ७ | रामन परियार | भारत |
| २८ | सोरहवा गा.वि.स | शारदा परियार | ११ | प्रेम परियार | भारत |
| २९ | सोरहवा गा.वि.स | कालि परियार | ९ | प्रेम परियार | भारत |
| ३० | सोरहवा गा.वि.स | मुस्कान परियार | ८ | प्रेम परियार | भारत |
| ३१ | सोरहवा गा.वि.स | राधिका परियार | १३ | गोमान सिंह परियार | पुन भर्ना |
| ३२ | सोरहवा गा.वि.स | शोभा परियार | ८ | गोमान सिंह परियार | भारत |
| ३३ | सोरहवा गा.वि.स | सुनिता परियार | १० | गोमान सिंह परियार | भारत |
| ३४ | सोरहवा गा.वि.स | सागर परियार | ९ | गोमान सिंह परियार | पुन भर्ना |
| ३५ | सोरहवा गा.वि.स | सागर वि.क | ९ | जङ बहादुर परियार | भारत |
| ३६ | सोरहवा गा.वि.स | करिना वि.क | ११ | जङ बहादुर परियार | भारत |
| ३७ | सोरहवा गा.वि.स | रविना वि.क | १० | जङ बहादुर परियार | भारत |
| ३८ | सोरहवा गा.वि.स | सपना वि.क | ९ | जङ बहादुर परियार | भारत |
| ३९ | सोरहवा गा.वि.स | सावीत्री वि.क | १० | जङ बहादुर परियार | भारत |
| ४० | सोरहवा गा.वि.स | शुशिला वि.क | ११ | मंगल वि.क | भारत |
| ४१ | सोरहवा गा.वि.स | राहेल बि.क | १० | नर बहादुर वि.क | भारत |
| ४२ | सोरहवा गा.वि.स | पार्वती वि.क | ११ | झक बहादुर सुनार | भारत |
| ४३ | सोरहवा गा.वि.स | सुरज थारु | १४ | हरिराम थारु | भारत |
| ४४ | सोरहवा गा.वि.स | सुनिल थारु | १३ | चिदुवा थारु | भारत |
| ४५ | सोरहवा गा.वि.स | निराजंग वि.क | १२ | पुष्पु वि.क | इच्छा नभएको |
| ४६ | सोरहवा गा.वि.स | गीता थारु | १४ | चन्द्र थारु | आर्थिक अवस्था कमजोर |
| ४७ | सोरहवा गा.वि.स | कमली खटिक | १२ | तिलक राम खटिक | घरयासी |
| ४८ | सोरहवा गा.वि.स | समिता खटिक | १३ | नन्नु खटिक | विपन्न र घरयासी |

| | | | | | |
|---|---|---|---|---|---|
| ४९ | सोरहवा गा.वि.स | अन्जनी धोवि | ५ | राजेन्द्र धोवि | भर्ना नभएको |
| ५० | सोरहवा गा.वि.स | शान्ती धोवि | ९ | धिराज धोवि | विपन्न र निरक्षर |
| ५१ | सोरहवा गा.वि.स | दिवस खटिक | १४ | छोटेलाल खटिक | विपन्न |
| ५२ | सोरहवा गा.वि.स | हेमराज खटिक | १३ | हौलाल खटिक | विपन्न |
| ५३ | सोरहवा गा.वि.स | किश्मती खटिक | १२ | भागीराम खटिक | बाहिर गएको |
| ५४ | सोरहवा गा.वि.स | पार्वती खटिक | १२ | दयाराम खटिक | घरयासी |
| ५५ | सोरहवा गा.वि.स | आश्मिती खटिक | ५ | राजेश खटिक | भर्ना नभएको |
| ५६ | सोरहवा गा.वि.स | अनुप पासी | १४ | मुन्सी पासी | घरयासी |
| ५७ | सोरहवा गा.वि.स | लक्ष्मण वि.क | ११ | देव वहादुर वि.क | शारिरिक अपाङ |
| ५८ | सोरहवा गा.वि.स | यस्तर थारु | ६ | बादु थारु | शारिरिक अपाङ |
| ५९ | सोरहवा गा.वि.स | पूर्णिमा थारु | ९ | रमेश थारु | शारिरिक अपाङ |
| ६० | सोरहवा गा.वि.स | शुवाष खटिक | १२ | सावीत राम खटिक | आर्थिक अवस्था कमजोर र हात भाचिएको |
| ६१ | सोरहवा गा.वि.स | नारान खटिक | ७ | सावीत राम खटिक | आर्थिक अवस्था कमजोर |
| ६२ | सोरहवा गा.वि.स | अर्जुन खटिक | ८ | सावीत राम खटिक | आर्थिक अवस्था कमजोर |
| ६३ | सोरहवा गा.वि.स | दुर्गालाल खटिक | ५ | सावीत राम खटिक | आर्थिक अवस्था कमजोर |
| ६४ | सोरहवा गा.वि.स | राम कुमारी खटिक | १० | सावीत राम खटिक | आर्थिक अवस्था कमजोर |
| ६५ | सोरहवा गा.वि.स | मनीराम न्यूरे | ७ | दामुदर न्युरे | अपाङ |
| ६६ | सोरहवा गा.वि.स | हिक्मत अलि शेष | १४ | बानु शेष | पढाई प्रति चासो नभएको |
| ६७ | सोरहवा गा.वि.स | पवन थारु | १४ | मक्कु थारु | टाढाको विद्यालयमा नपठाएर |
| ६८ | सोरहवा गा.वि.स | रीना शेष | १४ | दिपु शेष | कार्य बोझका कारण |
| ६९ | सोरहवा गा.वि.स | रबि बुढाक्षेत्री | ११ | दिनेश बुढाक्षेत्री | पढाई प्रति चासो नभएको |
| ७० | सोरहवा गा.वि.स | विनायक थारु | १३ | अंकित थारु | बुवा विदेश गएको |
| ७१ | सोरहवा गा.वि.स | रवि वि.क | १२ | भिम बहादुर वि.क | आमाबुवा सँग भारत |
| ७२ | सोरहवा गा.वि.स | अजय वि.क | १० | भिम बहादुर वि.क | आमाबुवा सँग भारत |
| ७३ | सोरहवा गा.वि.स | निराजन वि.क | १४ | राजु वि.क | बुवा सँग भारत गएको |
| ७४ | श्री जागृति प्रा.वि जमुनी | अमृत वि.क | १२ | | अपाङ |
| ७५ | श्री जागृति प्रा.वि जमुनी | बालिका नेपाली | १५ | | सुस्त मनस्थिती |
| ७६ | श्री बागेश्वरी प्रा.वि जमुनी | सुरज दिक्षित | १३ | | विशेष परिस्थती |
| ७७ | श्री बागेश्वरी प्रा.वि जमुनी | अक्षय रैदास | १२ | | सुस्त मनस्थिती |
| ७८ | श्री अमरज्योती मा.वि जमुनी | सुनिता वि.क | १४ | | घरायसी |
| ७९ | श्री अमरज्योती मा.वि जमुनी | सुमिना क्षेत्री | १२ | | सुस्त मनस्थिती |
| ८० | श्री दीप ज्योती मा.वि | १ जना | | | |
| ८१ | श्री विद्याज्योती प्रा.वि | १ जना | | | |
| ८२ | श्री विरभद्र प्रा.वि | २ जना | | | अपाङ र अर्को भारत गएको |
| ८३ | श्री जगदम्बिका नि.मा.वि जमुनी | राजु सुनार | १२ | | घर नभएर |

| | | | | | |
|---|---|---|---|---|---|
| ८४ | श्री जगदम्बिका नि.मा.वि जमुनी | विनोद सिंह | १४ | | बाबुआमालाई |
| ८५ | श्री जगदम्बिका नि.मा.वि जमुनी | सनिता वि.क | १४ | | धर नभएर |
| ८६ | श्री जगदम्बिका नि.मा.वि जमुनी | लिला वि.क | १४ | | घरमा काम गर्ने मानिस नभएर |
| ८७ | श्री जगदम्बिका नि.मा.वि जमुनी | मिलन पुन मगर | १० | | भारत बसाई सरेको |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ७.१.१४ शिक्षक विवरण

**तालिका नं. १४४ :** शिक्षकको विवरण

| तह | स्वीकृत दरवन्दीमा कार्यरत | | | | परियोजना | | राहत दरवन्दीमा कार्यरत | | निजी श्रोतमा | | तालिम प्राप्त शिक्षक संख्या | विद्यालय कर्मचारी संख्या |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | स्थायी | | अस्थायी | | | | | | | | | |
| | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | | |
| बाल विकास केन्द्र | - | - | ६६ | - | ० | ० | ० | ० | ० | ० | ० | ० |
| प्रा.वि. | २७ | ७२ | ९ | १६ | ० | ० | २३ | १८ | ० | ० | ० | ३५ |
| नि.मा.वि. | ५ | २० | १ | ३ | ० | ० | ६ | २० | ० | ० | ० | ० |
| मा.वि | ५ | १५ | - | ५ | - | - | २ | १३ | - | - | - | - |
| उ.मा.वि. | - | ४ | - | - | - | - | - | ५ | - | - | - | - |
| जम्मा | ३७ | १११ | ७६ | ० २४ | ० | ० | ३१ | ५६ | ० | ० | ० | ३५ |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ७.१.१५ तालिम प्राप्त जनशक्ति

तालिम शिक्षाको महत्वपूर्ण पाटो हो। व्यवहारमा आवश्यक पर्ने सीप, ज्ञान, अभिवृद्धि तालिमबाट नै प्राप्त हुन्छ। यस बढैयाताल गाउँपालिकाका बासिन्दाले पनि सरकारी तथा गैरसरकारी संस्थाहरूमार्फत सञ्चालन गरिएका विभिन्न तालिमहरूमा सहभागी भई महत्वपूर्ण ज्ञान सीप हासिल गरेका छन्।

## ७.१.१६ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- ✓ **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :** विद्यार्थीहरु प्राथमिक तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरुको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रुपमा देखिएको छ।
- ✓ **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु :** प्राथमिक तहको विद्यार्थीहरुको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ।

- ✓ **दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु :** विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु गाउँपालिकाको शैक्षिक विकासको चुनौतीको रुपमा रहेको छ ।

- ✓ **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर :** गाउँपालिकाको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरुको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।

- ✓ **विद्यालयहरु आर्थिक रुपले कमजोर हुनु :** नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिले समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरुको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैक्षिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरु सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।

- ✓ **अभिभावकहरु चनाखो नहुनु :** बालबालिकाहरुको शैक्षिक प्रगतिबारे अभिभावकहरुको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरुको स्थितिबारे अभिभावकलाई जानकरी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।

- ✓ **शिक्षक दरबन्दी कम हुनु :** दरबन्दी अनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरु खाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरु तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालित शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी अनुसार शिक्षक उपलब्ध गराउन नसक्नु अर्कोतर्फ स्थानीय निकाय एवं व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।

- ✓ **राजनीतिकरण हुनु :** विभिन्न राजनीतिक पार्टीहरुले शिक्षकहरुको संगठनहरु मार्फत शिक्षकहरुलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ । राजनीतिक पार्टीहरुको दबावका कारण जिल्ला सम्बन्धित निकायले त्यस्ता शिक्षकहरुमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ । यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरुलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रुपमा प्रयोग गर्दै आएको देखिएको छ ।

- ✓ **शिक्षकहरुमा प्रतिबद्धताको कमी :** शिक्षकहरुले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रुपमा देखा परेको छ । प्रायः पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रुपमा देखिएको छ ।

- ✓ **आधुनिक प्रविधिको प्रयोग नहुनु :** सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरु बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ । प्रायः धेरै विद्यार्थी र शिक्षकहरु कम्प्युटर र इन्टरनेटको प्रयोगको सुबिधाबाट बञ्चित रहेको छन् ।

## ७.२ स्वास्थ्य

नेपालको प्रदेश ५ अन्तर्गत भित्रि मधेशमा अवस्थित मनहरी गाउँपालिकाको स्वास्थ्य अवस्था र स्वास्थ्य सेवामा मध्यम पहुँच देखिन्छ । गाउँपालिकामा ४ वटा स्वास्थ्य चौकीसरकारी माहतका स्वास्थ्य संस्थाहरु हुन् भने गाउँपालिकामा सञ्चालित केही अन्य निजी फार्मेसी, क्लिनिक जस्ता स्वास्थ्य संस्थाहरुले सेवा पुर्‍याईरहेका छन् । ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति सामान्य रहेको छ भने गाउँपालिकाको केन्द्र तथा बजार क्षेत्रमा निजी तथा सरकारी स्वाथ्य संस्थाको पहुँच ग्रामीण भेग भन्दा सहज देखिन्छ । यद्यपि गाउँपालिकाको आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दी अनुसार स्वास्थ्यकर्मीहरू छैनन्।

बढैयाताल गाउँपालिका क्षेत्रमा रहेका स्वास्थ्य संस्थाहरूमा बर्थिङ सेन्टर, बिरामीको लागि एम्बुलेन्सको सेवा, प्राथमिक उपारचार जस्ता सेवाहरू हाल उपलब्ध रहेको छ। गाउँपालिकामा रहेका स्वास्थ्यचौकीहरको विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. १४५ :** गाउँपालिकामा रहेका स्वास्थ्य चौकीहरुको विवरण

| क.सं. | स्वास्थ्य संस्था | साविक गा.वि.स/नपा |
|---|---|---|
| १ | जमुनी स्वास्थ्य चौकी | जमुनी |
| २ | कालिका स्वास्थ्य चौकी | कालिका |
| ३ | मैनापोखर स्वास्थ्य चौकी | मैनापोखर |
| ४ | सोरहवा स्वास्थ्य चौकी | सोरहवा |

*स्रोत : जिल्ला स्वास्थ्य कार्यालय, २०७४*

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षण अनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्र यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्ति अनुसार यस गाउँपालिकामा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रुपमा रहेको छ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि लामो यात्रा गर्नुपर्ने सेवाको लागत, परम्परागत विश्वास, आदिका कारण स्वास्थ्य सेवा लिनेको संख्यामा कमी देखिन्छ।

गाउँपालिकामा रहेको सामुदायिक अस्पतालमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ। दरबन्दी अनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरु उपलब्ध हुन सकेको छैन। अस्पतालमा हालसम्म अवस्ट्रेटीसियन (Obstetrician) वा अनेस्थेसिओलोजिस्ट (Anaesthesiologist) छैनन् र पर्याप्त मात्रामा औषधीको आपुर्ति हुदैन।

गाउँपालिकाका विभिन्न वडाहरुमा स्वास्थ्य चौकी रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रुपमा रहेको देखिन्छ। दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

### ७.२.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers)

सन् १९९० देखि तराईमा जम्मा ४०० जनसंख्याको आधारमा महिला स्वास्थ्य स्वयंसेवीकाहरू छनौट गर्ने प्रावधान अनुसार गाउँपालिकामा १९५ जना कार्यरत रहेका छन्। नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीति अनुसार सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन।

## ७.२.२ गााउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक गाउँपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। गाउँपालिकाका विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ । यी स्थानहरुमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रुपमा सञ्चालन गरिएको देखिन्छ। यद्यपी तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारिरिक बृद्धिको लेखाजोखा जस्ता अन्य सेवाहरू स्वास्थ्य चौकीको तहमा मात्र उपलब्ध गराइन्छ । गाउँपालिकामा नियमित खोप कार्यक्रम नियमित रुपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जन्मेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

## ७.२.३ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एचआईभीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका समेत यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरुपमा प्रभावित हुदै गएका छन । हाल नेपालमा एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिना सम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एच.आइ.भी.संक्रमण मध्ये १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एच.आइ.भी. संक्रमण भेटिएको छ। भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रुपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एच.आइ.भीको प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन । जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार बर्दिया जिल्ला पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ ।

## ७.२.४ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदा देखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलतः आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका अवस्थाले बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानुनी रुपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिएको छ। तर १७ प्रतिशत किशोरीहरू १५ देखि १९ वर्ष उमेरमा गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)।

सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरै मद्दत पुऱ्याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन।

## ७.२.५ १५ देखि ४९ वर्षसम्मका विभिन्न उमेर समूहका विवाहित महिलाहरुले जिवित जन्माएका शिशुहरुको संख्याको आधारमा जनसंख्याको विवरण

**तालिका नं. १४६ :** १५ देखि ४९ वर्षसम्मका विभिन्न उमेर समूहका विवाहित महिलाहरुले जिवित जन्माएका शिशुहरुको संख्याको आधारमा जनसंख्याको विवरण

| वडा नं. | विवरण | आमाको उमेर समूह | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | |
| समग्र | शिशु नभएको | ४७० | ८४९ | ६२५ | ४८७ | ३९५ | ३२६ | ३५२ | ३,५०४ |
| | १ शिशु | २०० | ९९५ | ६६६ | २९६ | १२४ | ११२ | १५१ | २,५४४ |
| | २ शिशु | २२ | ३७९ | ७९४ | ८८४ | ७५४ | ४४९ | ३७२ | ३,६५४ |
| | ३ शिशु | ३ | ४५ | २२४ | ३९४ | ४९३ | ३५९ | ३१२ | १,८३० |
| | ४ शिशु | | ६ | ५० | ११४ | १७९ | १६९ | १९२ | ७१० |
| | ५ शिशु | | ७ | ५ | २५ | ५९ | ७६ | ९२ | २६४ |
| | ६ शिशु | | | १ | ३ | २२ | २५ | ३० | ८१ |
| | ७ शिशु | | | १ | ३ | ५ | ९ | ११ | २९ |
| | ८ वा ८ भन्दा बढी शिशु | | | | | १ | ३ | ११ | १५ |
| | जम्मा | ६९५ | २,२८१ | २,३६६ | २,२०६ | २,०३२ | १,५२८ | १,५२३ | १२,६३१ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

## ७.२.६ १५ देखि ४९ वर्षसम्मका विभिन्न उमेर समूहका विवाहित महिलाहरुले जिवित जन्माएका शिशुहरुको संख्याको आधारमा जनसंख्याको विवरण

**तालिका नं. १४७ :** १५ देखि ४९ वर्षसम्मका उमेर समूहअनुसार विवाहित महिलाहरुले जिवित जन्माएका शिशुहरुको संख्याको आधारमा जनसंख्याको विवरण

| वडा नं. | विवरण | आमाको उमेर समूह | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | |
| १ | शिशु नभएको | ७१ | ९६ | ७९ | ५३ | ३१ | ३४ | ३६ | ४०० |
| | १ शिशु | ४१ | १३७ | ७२ | २२ | १२ | ६ | ८ | २९८ |
| | २ शिशु | ३ | ४४ | १०० | ९४ | ५२ | ४३ | २७ | ३६३ |
| | ३ शिशु | | ५ | २९ | ४६ | ६२ | ५१ | ४३ | २३६ |
| | ४ शिशु | | | ५ | १२ | १९ | २९ | ३५ | १०० |
| | ५ शिशु | | १ | १ | ४ | १५ | १५ | २५ | ६१ |
| | ६ शिशु | | | | १ | ३ | ४ | ५ | १३ |
| | ७ शिशु | | | | | | १ | ३ | ४ |
| | ८ वा ८ भन्दा बढी शिशु | | | | | | १ | ४ | ५ |
| | जम्मा | ११५ | २८३ | २८६ | २३२ | १९४ | १८४ | १८६ | १,४८० |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| २ | शिशु नभएको | ८१ | ९७ | ५१ | ३८ | ३७ | ४८ | ४१ | ३९३ |
| | १ शिशु | २८ | १५९ | ६२ | २३ | १२ | ९ | १० | ३०३ |
| | २ शिशु | ७ | ५५ | ११६ | १०० | ८० | ३८ | ३९ | ४३५ |
| | ३ शिशु | | ५ | ३३ | ६३ | ९२ | ३९ | ५० | २८२ |
| | ४ शिशु | | २ | ११ | २२ | ३० | ३० | ३६ | १३१ |
| | ५ शिशु | | | २ | ४ | ८ | ११ | २१ | ४६ |
| | ६ शिशु | | | | | ३ | ५ | ८ | १६ |
| | ७ शिशु | | | | | २ | | ३ | ५ |
| | ८ वा ८ भन्दा बढी शिशु | | | | | | | १ | १ |
| | जम्मा | ११६ | ३१८ | २७५ | २५० | २६४ | १८० | २०९ | १,६१२ |
| ३ | शिशु नभएको | ६५ | ९१ | ३५ | २३ | ७ | १४ | १० | २४५ |
| | १ शिशु | २२ | १२९ | ८२ | ५२ | १० | १० | १६ | ३२१ |
| | २ शिशु | १ | ४५ | ९६ | १११ | ९० | ७१ | ३० | ४४४ |
| | ३ शिशु | | ३ | ४१ | ७२ | ७४ | ६६ | ५४ | ३१० |
| | ४ शिशु | | २ | १३ | १९ | ३२ | ३१ | २६ | १२३ |
| | ५ शिशु | | | | ८ | ११ | २० | १७ | ५६ |
| | ६ शिशु | | | | | ६ | ६ | ७ | १९ |
| | ७ शिशु | | | | २ | | ४ | १ | ७ |
| | ८ वा ८ भन्दा बढी शिशु | | | | | | २ | ५ | ७ |
| | जम्मा | ८८ | २७० | २६७ | २८७ | २३० | २२४ | १६६ | १,५३२ |
| ४ | शिशु नभएको | ५४ | ७८ | ३४ | १६ | १० | ११ | ५ | २०८ |
| | १ शिशु | २८ | १३१ | १०७ | २८ | १४ | १६ | २१ | ३४५ |
| | २ शिशु | २ | ४७ | १०० | ८९ | ८५ | ३८ | ४९ | ४१० |
| | ३ शिशु | १ | १० | ३२ | ५२ | ५५ | ४७ | ३२ | २२९ |
| | ४ शिशु | | १ | ९ | १७ | २५ | १८ | २६ | ९६ |
| | ५ शिशु | | २ | | ३ | ८ | ७ | ५ | २५ |
| | ६ शिशु | | | | २ | ३ | ६ | २ | १३ |
| | ७ शिशु | | | १ | | | २ | १ | ४ |
| | ८ वा ८ भन्दा बढी शिशु | | | | | | | १ | १ |
| | जम्मा | ८५ | २६९ | २८३ | २०७ | २०० | १४५ | १४२ | १,३३१ |
| ५ | शिशु नभएको | ३८ | ८८ | ६८ | ७७ | ६० | ४४ | ५६ | ४३१ |
| | १ शिशु | १८ | ६५ | ५४ | २९ | १५ | १० | १८ | २०९ |
| | २ शिशु | ३ | २५ | ५६ | ५० | ६२ | ४० | ३८ | २७४ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | ३ शिशु | १ | ४ | १५ | १६ | २२ | १२ | १९ | ८९ |
| | ४ शिशु | | १ | ३ | ४ | १६ | ६ | ७ | ३७ |
| | ५ शिशु | | | | | ३ | ३ | १ | ७ |
| | ६ शिशु | | | | | | | २ | २ |
| | ७ शिशु | | | | | | १ | | १ |
| | जम्मा | ६० | १८३ | १९६ | १७६ | १७८ | ११६ | १४१ | १,०५० |
| ६ | शिशु नभएको | २५ | ८९ | ८४ | ५६ | ८२ | ४४ | ७३ | ४५३ |
| | १ शिशु | १४ | १०३ | ९० | ४६ | १६ | १९ | २८ | ३१६ |
| | २ शिशु | १ | ३० | ८२ | ११० | १२५ | ७४ | ५९ | ४८१ |
| | ३ शिशु | | ४ | १८ | २८ | ३९ | २६ | ३१ | १४६ |
| | ४ शिशु | | | | ५ | ९ | ५ | ६ | २५ |
| | ५ शिशु | | १ | | | ५ | २ | ३ | ११ |
| | ७ शिशु | | | | | १ | १ | १ | ३ |
| | जम्मा | ४० | २२७ | २७४ | २४५ | २७७ | १७१ | २०१ | १,४३५ |
| ७ | शिशु नभएको | ४५ | १०२ | ९९ | ८६ | ४६ | ४७ | ३७ | ४६२ |
| | १ शिशु | ८ | ८१ | ७७ | ३७ | १४ | ११ | ८ | २३६ |
| | २ शिशु | १ | ३४ | ७९ | ८६ | ७७ | ४० | ३७ | ३५४ |
| | ३ शिशु | | ६ | १७ | ४३ | ४६ | २४ | २८ | १६४ |
| | ४ शिशु | | | ४ | १३ | १४ | १५ | १९ | ६५ |
| | ५ शिशु | | २ | | ३ | ४ | ७ | २ | १८ |
| | ६ शिशु | | | १ | | ३ | १ | ४ | ९ |
| | ७ शिशु | | | | | १ | | १ | २ |
| | ८ वा ८ भन्दा बढी शिशु | | | | | १ | | | १ |
| | जम्मा | ५४ | २२५ | २७७ | २६८ | २०६ | १४५ | १३६ | १,३११ |
| ८ | शिशु नभएको | ४२ | १०२ | ६७ | ७१ | ४८ | ४१ | ३८ | ४०९ |
| | १ शिशु | २३ | ९३ | ७१ | ३४ | १० | ९ | ११ | २५१ |
| | २ शिशु | २ | ४६ | ११३ | १३८ | ११२ | ५२ | ५३ | ५१६ |
| | ३ शिशु | | ३ | १९ | ३९ | ५८ | ४६ | २७ | १९२ |
| | ४ शिशु | | | १ | ७ | १७ | १९ | २१ | ६५ |
| | ५ शिशु | | १ | १ | २ | ३ | ४ | १५ | २६ |
| | ६ शिशु | | | | | | २ | २ | ४ |
| | ७ शिशु | | | | १ | १ | | | २ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | जम्मा | ६७ | २४५ | २७२ | २९२ | २४९ | १७३ | १६७ | १,४६५ |
| ९ | शिशु नभएको | ४९ | १०६ | १०८ | ६७ | ७४ | ४३ | ५६ | ५०३ |
| | १ शिशु | १८ | ९७ | ५१ | २५ | २१ | २२ | ३१ | २६५ |
| | २ शिशु | २ | ५३ | ५२ | १०६ | ७१ | ५३ | ४० | ३७७ |
| | ३ शिशु | १ | ५ | २० | ३५ | ४५ | ४८ | २८ | १८२ |
| | ४ शिशु | | | ४ | १५ | १७ | १६ | १६ | ६८ |
| | ५ शिशु | | | १ | १ | २ | ७ | ३ | १४ |
| | ६ शिशु | | | | | ४ | १ | | ५ |
| | ७ शिशु | | | | | | | १ | १ |
| | जम्मा | ७० | २६१ | २३६ | २४९ | २३४ | १९० | १७५ | १,४१५ |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका १२,६३१ जना १५ देखि ४९ वर्ष भित्रका विवाहित महिलाहरूको विभिन्न उमेर समूह अनुसार लिइएको तथ्याङ्क अनुसार २ वटा जिवित शिशुलाई जन्मदिने महिलाहरूको संख्या सबैभन्दा धेरै अर्थात ३,६५४ जना भएको पाइयो । यस मध्ये सबैभन्दा धेरै जनसंख्या भने १ जना जिवित शिशु जन्माएका २०-२४ वर्ष उमेर समूहका महिलाको संख्या ९९५ रहेको छ। दोस्रोमा २ जना जिवित शिशु जन्माएर ३०-३४ वर्ष उमेर समूहका ८८४ महिलाहरू रहेका छन् । ८ वा ८ भन्दा बढी जिवित शिशु जन्माउने ४५-५९ वर्षका महिलाहरूको संख्या समेत ११ जना र कुल १५ जना हुनुले धेरै शिशु जन्माउने विगतको प्रवृति पाको उमेर समूहका महिलाहरूमा अवशेषका रुपमा रहेको पाइयो । १ देखि ३ वटा जिवित शिशुलाई जन्मदिनेको संख्या भने सबैभन्दा बढी रहेको छ । यो तथ्याङ्कबाट क्रमशः गाउँपालिकाको परिवारको औषत आकारमा अर्थात महिलाको खुद प्रजनन् दर घट्दै गैरहेको पाइन्छ । परिवार नियोजन कार्यक्रमको प्रभावकारीता, प्रजनन् स्वास्थमा आएको चेतना र शिक्षाको सामाजिक र पारिवारिक जागरणमा परेको सकारात्मक प्रभावका कारण परिवारको आकार घट्ने क्रममा रहेको पाइन्छ । यस तथ्याङ्कको अर्कोपक्ष भनेको सन्तानन नभएका महिलाहरूको जनसंख्या हो । उदाहरणका लागि ४५ वर्ष देखि ४९ वर्षको उमेर पुगिसक्दा एउटा जिवित सन्तान समेत नजन्माएका महिलाको संख्या ३५२ रहेको छ । सबै उमेर समूहको तथ्याङ्क भने ३,५०४ जना रहेको छ । मुख्यतया महिलाको प्रजनन् स्वास्थमा भएको जटिलता, प्रजनन् स्वास्थ्य बारेको चेतनाको कमी, औषधोपचारमा पहुँचको कमी, पोषणको कमी, चुरोट तथा नशालु पदार्थको प्रयोग, वंशाणुगत कारण आदिले महिलामा बाँझोपन आउन सक्ने तथ्यलाई मनन् गरी त्यसतर्फ उचित कदम चाल्नु पर्ने देखिन्छ । महिलामा बाँझोपन हुँदा देखा पर्ने महिला हिंसा तथा नकारात्मक सामाजिक व्यवहारले लैङ्गिक हिंसा बढाएको तथ्य हामी सामु रहेको छ । वडागत विस्तृत विवरण तथा समग्र विवरण दुईवटा तालिकामा प्रस्तुत गरिएको छ ।

## ७.२.७ उमेर समूह अनुसार आमाहरुले जन्माएका मृत तथा हालसम्म जिवित शिशुहरुको समग्र विवरण

**तालिका नं. १४८ :** उमेर समूह अनुसार आमाहरुले जन्माएका मृत तथा हालसम्म जिवित शिशुहरुको समग्र ljjरण

| विवरण | आमाको उमेर समूह | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | |
| जन्मेको शिशु दुबै लिङ्गको | २५३ | १,९४७ | ३,१६४ | ३,८६६ | ४,२९७ | ३,३८२ | ३,४१६ | २०,३२५ |
| जन्मेको शिशु बालक | १२५ | १,०३७ | १,६३५ | २,०३४ | २,३०१ | १,८७४ | १,९६९ | १०,९७५ |
| जन्मेको शिशु बालिका | १२८ | ९१० | १,५२९ | १,८३२ | १,९९६ | १,५०८ | १,४४७ | ९,३५० |
| जिवित दुबै लिङ्ग भएका | २४७ | १,९२८ | ३,१२० | ३,७९७ | ४,२०३ | ३,२८५ | ३,२८४ | १९,८६४ |
| जिवित बालक | ११९ | १,०२७ | १,६०७ | १,९९५ | २,२४३ | १,८२७ | १,८९५ | १०,७१३ |
| जिवित बालिका | १२८ | ९०१ | १,५१३ | १,८०२ | १,९६० | १,४५८ | १,३८९ | ९,१५१ |
| शिशुको मृत्यु दुबै लिङ्ग | ७ | २० | ४४ | ७० | ९४ | ९९ | १३२ | ४६६ |
| बालकको मृत्यु भएका | ६ | १० | २८ | ४० | ५८ | ४८ | ७४ | २६४ |
| बालिकाको मृत्यु भएको | १ | १० | १६ | ३० | ३६ | ५१ | ५८ | २०२ |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

## ७.२.८ उमेर समूह अनुसार आमाहरुले जन्माएका मृत तथा हालसम्म जिवित शिशुहरुको वडागत समग्र विवरण

**तालिका नं. १४९ :** उमेर समूह अनुसार आमाहरुले जन्माएका मृत तथा हालसम्म जिवित शिशुहरुको वडागत समग्र विवरण

| वडा नं. | विवरण | आमाको उमेर समूह | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष |
| १ | जन्मेको शिशु दुबै लिङ्गको | ४७ | २४५ | ३८४ | ४२२ | ४७१ | ४७५ | ५४१ |
| | जन्मेको शिशु बालक | २५ | १२५ | १९२ | २३२ | २४७ | २५१ | २८७ |
| | जन्मेको शिशु बालिका | २२ | १२० | १९२ | १९० | २२४ | २२४ | २५४ |
| | जिवित दुबै लिङ्ग भएका | ४५ | २४० | ३७२ | ४०८ | ४५५ | ४६४ | ५१२ |
| | जिवित बालक | २३ | १२१ | १८५ | २२५ | २३५ | २४५ | २६८ |
| | जिवित बालिका | २२ | ११९ | १८७ | १८३ | २२० | २१९ | २४४ |
| | शिशुको मृत्यु दुबै लिङ्ग | २ | ५ | १२ | १४ | १६ | ११ | २९ |
| | बालकको मृत्यु भएको | २ | ४ | ७ | ७ | १२ | ६ | १९ |
| | बालिकाको मृत्यु भएको | ० | १ | ५ | ७ | ४ | ५ | १० |
| २ | जन्मेको शिशु दुबै लिङ्गको | ४२ | २९२ | ४४७ | ५२० | ६४० | ४०७ | ५६५ |
| | जन्मेको शिशु बालक | २२ | १५६ | २४८ | २९० | ३४८ | २१० | २९८ |
| | जन्मेको शिशु बालिका | २० | १३६ | १९९ | २३० | २९२ | १९७ | २६७ |
| | जिवित दुबै लिङ्ग भएका | ४१ | २९० | ४३७ | ५१२ | ६२८ | ३८८ | ५५१ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | जिवित बालक | २१ | १५६ | २४० | २८८ | ३४२ | २०२ | २९२ |
| | जिवित बालिका | २० | १३४ | १९७ | २२४ | २८६ | १८६ | २५९ |
| | शिशुको मृत्यु दुबै लिङ्ग | १ | २ | १० | ८ | १२ | १९ | १४ |
| | बालकको मृत्यु भएको | १ | ० | ८ | २ | ६ | ८ | ६ |
| | बालिकाको मृत्यु भएको | ० | २ | २ | ६ | ६ | ११ | ८ |
| | जन्मेको शिशु दुबै लिङ्गको | २४ | २३६ | ४४९ | ६२० | ६३१ | ६५६ | ५२५ |
| | जन्मेको शिशु बालक | ८ | १२२ | २३६ | ३१४ | ३१८ | ३५६ | २८३ |
| | जन्मेको शिशु बालिका | १६ | ११४ | २१३ | ३०६ | ३१३ | ३०० | २४२ |
| | जिवित दुबै लिङ्ग भएका | २४ | २३२ | ४४३ | ६०५ | ६१६ | ६२५ | ४९३ |
| ३ | जिवित बालक | ८ | १२० | २३४ | ३०६ | ३१० | ३४० | २७२ |
| | जिवित बालिका | १६ | ११२ | २०९ | २९९ | ३०६ | २८५ | २२१ |
| | शिशुको मृत्यु दुबै लिङ्ग | ० | ४ | ६ | १५ | १५ | ३१ | ३२ |
| | बालकको मृत्यु भएको | ० | २ | २ | ८ | ८ | १६ | ११ |
| | बालिकाको मृत्यु भएको | ० | २ | ४ | ७ | ७ | १५ | २१ |
| | जन्मेको शिशु दुबै लिङ्गको | ३५ | २६९ | ४४६ | ४५७ | ५०७ | ३९० | ३७१ |
| | जन्मेको शिशु बालक | २० | १४९ | २२६ | २२९ | २८१ | २२२ | २२५ |
| | जन्मेको शिशु बालिका | १५ | १२० | २२० | २२८ | २२६ | १६८ | १४६ |
| | जिवित दुबै लिङ्ग भएका | ३५ | २६९ | ४४० | ४४२ | ४९७ | ३८१ | ३५९ |
| ४ | जिवित बालक | २० | १४९ | २२१ | २१८ | २७१ | २१८ | २१६ |
| | जिवित बालिका | १५ | १२० | २१९ | २२४ | २२६ | १६३ | १४३ |
| | शिशुको मृत्यु दुबै लिङ्ग | ० | ० | ६ | १५ | १० | ९ | १२ |
| | बालकको मृत्यु भएको | ० | ० | ५ | ११ | १० | ४ | ९ |
| | बालिकाको मृत्यु भएको | ० | ० | १ | ४ | ० | ५ | ३ |
| | जन्मेको शिशु दुबै लिङ्गको | २७ | १३१ | २२३ | १९३ | २८४ | १७२ | १९६ |
| | जन्मेको शिशु बालक | १७ | ७० | १०२ | १०७ | १५८ | १०५ | १३५ |
| | जन्मेको शिशु बालिका | १० | ६१ | १२१ | ८६ | १२६ | ६७ | ६१ |
| | जिवित दुबै लिङ्ग भएका | २६ | १२९ | २२२ | १९३ | २८१ | १६८ | १९१ |
| ५ | जिवित बालक | १६ | ६८ | १०१ | १०७ | १५६ | १०४ | १३२ |
| | जिवित बालिका | १० | ६१ | १२१ | ८६ | १२५ | ६४ | ५९ |
| | शिशुको मृत्यु दुबै लिङ्ग | १ | २ | १ | ० | ३ | ४ | ५ |
| | बालकको मृत्यु भएको | १ | २ | १ | ० | २ | १ | ३ |
| | बालिकाको मृत्यु भएको | ० | ० | ० | ० | १ | ३ | २ |
| | जन्मेको शिशु दुबै लिङ्गको | १६ | १८० | ३०८ | ३७० | ४५१ | २८२ | २८५ |
| | जन्मेको शिशु बालक | ९ | ९४ | १३५ | १८६ | २३२ | १६६ | १७६ |
| ६ | जन्मेको शिशु बालिका | ७ | ८६ | १७३ | १८४ | २१९ | ११६ | १०९ |
| | जिवित दुबै लिङ्ग भएका | १६ | १७८ | ३०७ | ३६६ | ४४२ | २७६ | २७२ |
| | जिवित बालक | ९ | ९३ | १३४ | १८४ | २२७ | १६४ | १६७ |
| | जिवित बालिका | ७ | ८५ | १७३ | १८२ | २१५ | ११२ | १०५ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | शिशुको मृत्यु दुबै लिङ्ग | ० | २ | १ | ४ | ९ | ६ | १३ |
| | बालकको मृत्यु भएको | ० | १ | १ | २ | ५ | २ | ९ |
| | बालिकाको मृत्यु भएको | ० | १ | ० | २ | ४ | ४ | ४ |
| | जन्मेको शिशु दुबै लिङ्गको | १० | १७७ | ३०८ | ४०५ | ४१५ | २६४ | २८३ |
| | जन्मेको शिशु बालक | ६ | ९७ | १७० | २०९ | २३३ | १४९ | १६६ |
| | जन्मेको शिशु बालिका | ४ | ८० | १३८ | १९६ | १८२ | ११५ | ११७ |
| | जिवित दुबै लिङ्ग भएका | १० | १७६ | ३०३ | ४०५ | ३९८ | २६० | २७७ |
| ७ | जिवित बालक | ५ | ९७ | १६८ | २०९ | २२५ | १४७ | १६० |
| | जिवित बालिका | ५ | ७९ | १३५ | १९६ | १७३ | ११३ | ११७ |
| | शिशुको मृत्यु दुबै लिङ्ग | १ | २ | ५ | १ | १७ | ६ | ६ |
| | बालकको मृत्यु भएका | १ | ० | २ | १ | ८ | ३ | ६ |
| | बालिकाको मृत्यु भएको | ० | २ | ३ | ० | ९ | ३ | ० |
| | जन्मेको शिशु दुबै लिङ्गको | २७ | १९९ | ३६३ | ४७२ | ४९८ | ३५९ | ३६९ |
| | जन्मेको शिशु बालक | १३ | १०८ | २०७ | २४८ | २५८ | १८३ | १९६ |
| | जन्मेको शिशु बालिका | १४ | ९१ | १५६ | २२४ | २४० | १७६ | १७३ |
| | जिवित दुबै लिङ्ग भएका | २७ | १९९ | ३६० | ४६८ | ४९२ | ३५४ | ३६३ |
| ८ | जिवित बालक | १३ | १०८ | २०५ | २४६ | २५५ | १७९ | १९४ |
| | जिवित बालिका | १४ | ९१ | १५५ | २२२ | २३७ | १७५ | १६९ |
| | शिशुको मृत्यु दुबै लिङ्ग | ० | ० | ३ | ४ | ६ | ५ | ६ |
| | बालकको मृत्यु भएको | ० | ० | २ | २ | ३ | ४ | २ |
| | बालिकाको मृत्यु भएको | ० | ० | १ | २ | ३ | १ | ४ |
| | जन्मेको शिशु दुबै लिङ्गको | २५ | २१८ | २३६ | ४०७ | ४०० | ३७७ | २८१ |
| | जन्मेको शिशु बालक | ५ | ११६ | ११९ | २१९ | २२६ | २३२ | २०३ |
| | जन्मेको शिशु बालिका | २० | १०२ | ११७ | १८८ | १७४ | १४५ | ७८ |
| | जिवित दुबै लिङ्ग भएका | २३ | २१५ | २३६ | ३९८ | ३९४ | ३६९ | २६६ |
| ९ | जिवित बालक | ४ | ११५ | ११९ | २१२ | २२२ | २२८ | १९४ |
| | जिवित बालिका | १९ | १०० | ११७ | १८६ | १७२ | १४१ | ७२ |
| | शिशुको मृत्यु दुबै लिङ्ग | २ | ३ | ० | ९ | ६ | ८ | १५ |
| | बालकको मृत्यु भएको | १ | १ | ० | ७ | ४ | ४ | ९ |
| | बालिकाको मृत्यु भएको | १ | २ | ० | २ | २ | ४ | ६ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*


गाउँपालिकामा रहेका १५ देखि ४९ वर्षसम्मका विवाहित आमाहरूले जन्माएका कूल शिशुहरूको संख्या २०,३२५ रहेकोमा बालकको संख्या १०,९७५ र बालिकाको संख्या ९,३५० रहेको छ । तर यसमा हालसम्म जिवित बालबालिकाको संख्या भने १९,८६४ रहेको छ । त्यसमध्ये १०,७१३ बालक (पुरुष) र ९,१५१ बालिका (महिला) रहेका छन् । अर्थात जिवित जन्मेका २०,३२५ शिशुहरू मध्ये ४६६ बालिबालिकाको मृत्यु भै सकेको छ ।

$$\text{कोरा मृत्यू दर} = \frac{\text{मृत्यु भएका बच्चाको संख्या}}{\text{जन्मेका बच्चाहरुको संख्या}} \times १००० $$

$$= \frac{४६६}{२०३२५} \times १००० $$

$$= \text{२३ जना}$$

सामान्यतया यस तथ्याङ्कलाई हेर्दा प्रतिहजार जिवित जन्मेका शिशुहरू मध्ये २३ जनाको हाराहारीमा मृत्यु हुने गर्छ। यसको अर्थ कोरा मृत्यु दर प्रतिहजारमा २३ जना रहेको छ। शिशु गर्भमा रहँदा गर्भवतीको पूर्ण स्याहार तथा पोषण, शिशु जन्मदा प्रसुती सेवाको उपलब्धता तथा प्रभावकारीतामा कमी, नवजात शिशु र आमाको स्यहार, समग्र मातृशिशु पोषण, विभिन्न प्राणघातक रोग विरुद्धको खोपहरूको सुनिश्चिततामा कमी जस्ता कारणहरूले शिशु र बालबालिकाको मृत्यु हुनेगर्छ । दुर्घटना तथा अन्य दैवी प्रकोप बाहेक प्रजनन् स्वास्थ्यमा स्याहार पुऱ्याउँदा कम हुने जोखिमहरूलाई सजगता अपनाएमा मृत्युदर न्यूनिकरण गर्न वा नियन्त्रण गर्न सकिन्छ। तसर्थ यसतर्फ सम्बन्धित सबैको ध्यान जानु आवश्यक छ। उमेर समूह अनुसारको विवरणलाई हेर्दा ३५-३९ वर्षका महिलाहरूले सबैभन्दा धेरै शिशुहरू जन्माएको पाइयो दोस्रो उमेर समूहमा ३० देखि ३४ वर्षका महिलाहरू रहेका छन्। बालबालिकाको मृत्युको प्रवृति हेर्दा ठूलो उमेर समूहका महिलाहरूले जन्माएका शिशुहरूको तुलनात्मक रुपमा बढी मृत्यु भएको तथ्याङ्गले देखाउँछ उदाहरणका लागि २० देखि २४ वर्षको उमेर समूहका महिलाहरूले जिवित जन्माएका कूल १९४७ शिशुहरू मध्ये २० जनाको मृत्यु भएको छ भने ४५ देखि ४९ वर्षका महिलाहरूले जन्माएका कुल ३,४१६ शिशुहरू मध्ये मृत्यु हुनेको संख्या १३२ रहेको छ। पाको उमेरमा शिशु जन्माउँदा देखिने प्रजनन् सम्बन्धी जटिलताका कारण वा धेरै शिशुहरू जन्माउँदा हुने जतिलताका कारण मृत्यु संख्या बढेको हुनसक्छ। समग्र तथा वडागत विवरण तलका दुइवटा तालिकामा प्रस्तुत गरिएको छ।




## ७.२.९ १५ देखि ४९ वर्षका विवाहित महिलाले जिवित जन्माएका शिशुहरुको लिङ्गका आधारमा, मृत्यु संख्या र हालको बसोबासको विवरण

**तालिका नं. १५० :** १५ देखि ४९ वर्षका विवाहित महिलाले जिवित जन्माएका शिशुहरुको लिङ्गका आधारमा, मृत्यु संख्या र हालको बसोबासको विवरण

| वडा नं. | जम्मा छोरा | जम्मा छोरी | आमासँग बस्ने छोरा | आमासँग बस्ने छोरी | अन्यथा बस्ने छोरा | अन्यथा बस्ने छोरी | छोराको मृत्यु | छोरीको मृत्यु |
|---|---|---|---|---|---|---|---|---|
| १ | १,३५९ | १,२२६ | ९१४ | ८२३ | ३८८ | ३७१ | ५७ | ३२ |
| २ | १,५७२ | १,३४१ | १,३१८ | १,००० | २२३ | ३०६ | ३१ | ३५ |
| ३ | १,६३७ | १,५०४ | १,३६४ | १,१७१ | २२६ | २७७ | ४७ | ५६ |
| ४ | १,३५२ | १,१२३ | १,१४० | ९२९ | १७३ | १८१ | ३९ | १३ |
| ५ | ६९४ | ५३२ | ६२४ | ५१४ | ६० | १२ | १० | ६ |
| ६ | ९९८ | ८९४ | ९२७ | ८५९ | ५१ | २० | २० | १५ |
| ७ | १,०३० | ८३२ | ८५७ | ७०४ | १५४ | ११४ | २१ | १७ |
| ८ | १,२१३ | १,०७४ | १,०३३ | ८५२ | १६७ | २११ | १३ | ११ |
| ९ | १,१२० | ८२४ | ९०७ | ७६२ | १८७ | ४५ | २६ | १७ |
| जम्मा | १०,९७५ | ९,३५० | ९,०८४ | ७,६१४ | १,६२९ | १,५३७ | २६४ | २०२ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा १५ देखि ४९ वर्षका विवाहित महिलाहरूले जिवित जन्माएका कूल २०,३२५ शिशुहरू मध्ये आफ्नै आमासँग बसिरहेका बालकको संख्या ९,०८४ तथा बालिकाको संख्या ७,६१४ रहेको छ भने आमासँग नभइ अन्य स्थानमा बसिरहेका बालकको संख्या १,६२९ र बालिकाको संख्या १,५३७ रहेको छ । अर्कोतर्फ मृत्यु हुने बालकको संख्या २६४ र बालिकाको संख्या २०२ रहेको छ। तथ्याङ्कले आमासँग बस्नबाट बञ्चित बालबालिका तथा मृत्यु हुने बालबालिकाको संख्या ठूलो रहेको देखाउँछ। पारिवारिक विग्रहका कारण बाबु आमाले पारपाचुके गर्नु, बालश्रम वा घरेलु कामदारका रुपमा देशका विभिन्न स्थानमा काम गर्न बाध्य हुनु, विगतमा द्वन्दका कारण वा अन्य कारणले अभिभावकको मृत्यु भई आमा वा बाबुले अर्को विवाह गर्नु जस्ता कारणले बालबालिकाले आमाको कोख छोड्नु पर्ने बाध्यता हुनसक्छ अर्कोतर्फ पोषण, खोप, स्वास्थ्य स्याहार तथा औषधोपचारको अभावमा बालबालिकाको मृत्यु हुनसक्छ । यी सबै कारण वा अन्य कारणले यस गाउँपालिकामा मृत्यु हुने बालबालिका र आमाको साथ बेगर बस्ने बालबालिका संख्या धेरै भएकाले यसमा सम्बन्धित सरोकारवालाहरू संवेदनशील हुनुपर्ने देखिन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




## ७.२.१० आमाको साक्षरता स्तर र शैक्षिक उपलब्धीका आधारमा जीवित जन्मेका बालबालिकाहरुको संख्या

**तालिका नं. १५१ :** आमाको साक्षरता स्तर र शैक्षिक उपलब्धीका आधारमा जीवित जन्मेका बालबालिकाहरूको संख्या

| | विवरण | आमाको उमेर समूह | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | |
| समग्र | पढ्न लेख्न सक्ने | २३५ | १,७४८ | २,५८२ | २,७१४ | २,४८० | १,६२२ | १,२९३ | १२,६७४ |
| | पढ्न मात्र सक्ने | ० | १४ | १८ | २९ | ३० | २१ | ३६ | १४८ |
| | निरक्षर | १८ | १८५ | ५६४ | १,१२३ | १,७८७ | १,७३९ | २,०८७ | ७,५०३ |
| | जम्मा | २५३ | १,९४७ | ३,१६४ | ३,८६६ | ४,२९७ | ३,३८२ | ३,४१६ | २०,३२५ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*


**तालिका नं. १५२ :** आमाको साक्षरता स्तर र शैक्षिक उपलब्धीका आधारमा जीवित जन्मेका बालबालिकाहरूको वडागत विवरण

| वडा नं | विवरण | आमाको उमेर समूह | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | |
| १ | पढ्न लेख्न सक्ने | ४७ | २३४ | ३७० | ३६५ | ३२६ | २८० | २४५ | १,८६७ |
| | पढ्न मात्र सक्ने | . | १ | २ | ० | ९ | ७ | २२ | ४१ |
| | निरक्षर | . | १० | १२ | ५७ | १३६ | १८८ | २७४ | ६७७ |
| | जम्मा | ४७ | २४५ | ३८४ | ४२२ | ४७१ | ४७५ | ५४१ | २,५८५ |
| २ | पढ्न लेख्न सक्ने | ३८ | २७० | ३४९ | ३९५ | ४१९ | २५२ | २३७ | १,९६० |
| | पढ्न मात्र सक्ने | . | २ | ५ | ४ | १२ | . | १० | ३३ |
| | निरक्षर | ४ | २० | ९३ | १२१ | २०९ | १५५ | ३१८ | ९२० |
| | जम्मा | ४२ | २९२ | ४४७ | ५२० | ६४० | ४०७ | ५६५ | २,९१३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| ३ | पढ्न लेख्न सक्ने | २३ | १८६ | ३०५ | ३३७ | २८३ | २०४ | १३६ | १,४७४ |
| | पढ्न मात्र सक्ने | . | . | ३ | २ | २ | ५ | . | १२ |
| | निरक्षर | १ | ५० | १४१ | २८१ | ३४६ | ४४७ | ३८९ | १,६५५ |
| | जम्मा | २४ | २३६ | ४४९ | ६२० | ६३१ | ६५६ | ५२५ | ३,१४१ |
| ४ | पढ्न लेख्न सक्ने | ३५ | २४२ | ३७७ | ३१५ | २३५ | १३६ | ८३ | १,४२३ |
| | पढ्न मात्र सक्ने | . | ३ | २ | ३ | . | . | ४ | १२ |
| | निरक्षर | ० | २४ | ६७ | १३९ | २७२ | २५४ | २८४ | १,०४० |
| | जम्मा | ३५ | २६९ | ४४६ | ४५७ | ५०७ | ३९० | ३७१ | २,४७५ |
| ५ | पढ्न लेख्न सक्ने | २५ | ११६ | १७८ | १२१ | १५५ | ५५ | ५९ | ७०९ |
| | पढ्न मात्र सक्ने | . | . | . | ८ | ५ | ६ | . | १९ |
| | निरक्षर | २ | १५ | ४५ | ६४ | १२४ | १११ | १३७ | ४९८ |
| | जम्मा | २७ | १३१ | २२३ | १९३ | २८४ | १७२ | १९६ | १,२२६ |
| ६ | पढ्न लेख्न सक्ने | १४ | १६१ | २४९ | २१० | १८५ | ११० | ४६ | ९७५ |
| | पढ्न मात्र सक्ने | . | ६ | २ | १२ | ० | २ | . | २२ |
| | निरक्षर | २ | १३ | ५७ | १४८ | २६६ | १७० | २३९ | ८९५ |
| | जम्मा | १६ | १८० | ३०८ | ३७० | ४५१ | २८२ | २८५ | १,८९२ |
| ७ | पढ्न लेख्न सक्ने | १० | १४२ | २३८ | २८० | २५६ | १५७ | १३८ | १,२२१ |
| | पढ्न मात्र सक्ने | ० | . | १ | . | . | . | . | १ |
| | निरक्षर | ० | ३५ | ६९ | १२५ | १५९ | १०७ | १४५ | ६४० |
| | जम्मा | १० | १७७ | ३०८ | ४०५ | ४१५ | २६४ | २८३ | १,८६२ |
| ८ | पढ्न लेख्न सक्ने | २१ | १९४ | ३२२ | ४०५ | ३८२ | २५५ | २३७ | १,८१६ |
| | पढ्न मात्र सक्ने | . | २ | . | . | ० | . | . | २ |
| | निरक्षर | ६ | ३ | ४१ | ६७ | ११६ | १०४ | १३२ | ४६९ |
| | जम्मा | २७ | १९९ | ३६३ | ४७२ | ४९८ | ३५९ | ३६९ | २,२८७ |
| ९ | पढ्न लेख्न सक्ने | २२ | २०३ | १९४ | २८६ | २३९ | १७३ | ११२ | १,२२९ |
| | पढ्न मात्र सक्ने | . | . | ३ | . | २ | १ | . | ६ |
| | निरक्षर | ३ | १५ | ३९ | १२१ | १५९ | २०३ | १६९ | ७०९ |
| | जम्मा | २५ | २१८ | २३६ | ४०७ | ४०० | ३७७ | २८१ | १,९४४ |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा १५ देखि ४९ वर्षका महिलाहरूले जिवित जन्माएका कूल २०,३२५ बालबालिकाहरू मध्ये पढ्न र लेख्न दुवै सक्ने महिलाबाट जन्मेका बालबालिकाको संख्या १२,६७४ अर्थात ६२.३६ प्रतिशत, पढ्न मात्र जान्ने महिलाबाट जन्मेका बालबालिकाको संख्या १४८ अर्थात ०.७२ प्रतिशत र पढ्न र लेख्न दुवै नजान्ने महिलाबाट जन्मेका बालबालिकाको संख्या ७,५०३ अर्थात ३६.९२ प्रतिशत रहेको छ । तथ्याङ्क अनुसार हेर्दा गाउँपालिकाका ३६.९२ प्रतिशत जिवित जन्मेका बालबालिकाहरू निरक्षर आमाको कोखबाट जन्मिएको देखिन्छ । निरक्षर महिलाहरूमा प्रजनन् स्वास्थ्य लगायत अन्य साधारण स्वास्थ्य, खोप, सरसफाइ, रोगहरू, पोषण, व्यायाम, बालबालिकाको मनोविज्ञान तथा अन्य आवश्यकताहरू बुझ्ने क्षमता आदिमा कमी हुने हुँदा बालबालिकाहरूले साक्षर शिक्षित आमाहरूले जस्तो स्याहार तथा शिक्षा दिन सक्दैनन् यसले बालबालिकाको समग्र विकासमा साक्षर आमाका सन्तानहरू सरह निरक्षर आमाबाट जन्मने बालबालिकाहरू बीच असमानता हुने गर्छ । यस प्रकारको अन्तरलाई कम गर्न मातृशिक्षा तथा अनौपचारिक शिक्षाका कार्यक्रम आमाहरूलाई लक्षित गरी लागू गर्न सकिन्छ भने अर्कोतर्फ बालिका शिक्षालाई थप प्राथमिकताका साथ लागू गर्नुपर्ने देखिन्छ । उमेर समूह अनुसार हेर्दा ३०-३४ वर्षको उमेर समूहका पढ्न र लेख्न दुवै जान्ने महिलाहरूले सबैभन्दा धेरै शिशु जन्माएको देखिन्छ । विगतमा भन्दा बालिका शिक्षामा भएको प्रगतिका कारण शिक्षित आमाहरूको संख्यामा भने वृद्धि भएको देखिन्छ जुन माथिको दुवै तालिकामा प्रस्तुत गरिएको छ ।




## ७.२.११ १५ देखि ४९ वर्षका विवाहित महिलाहरुबाट विगत १ वर्षमा जन्माएका जिवित शिशुहरुको लैङ्गिक तथा आमाको उमेर समूहका आधारमा विवरण

**तालिका नं. १५३ :** १५ देखि ४९ वर्षका विवाहित महिलाहरुबाट विगत १ वर्षमा जन्माएका जिवित शिशुहरुको लैङ्गिक तथा आमाको उमेर समूहका आधारमा विवरण

| विवरण | आमाको उमेर समूह | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | |
| शिशु नजन्माउने महिलाको संख्या | ४७० | ८४९ | ६२५ | ४८७ | ३९५ | ३२६ | ३५२ | ३,५०४ |
| १ वटा शिशुको जन्म दिने महिला | २०० | ९९५ | ६६६ | २९६ | १२४ | ११२ | १५१ | २,५४४ |
| २ वटा शिशुको जन्म दिने महिला | २२ | ३७९ | ७९४ | ८८४ | ७५४ | ४४९ | ३७२ | ३,६५४ |
| ३ वा ३ भन्दा बढी शिशुको जन्म दिने महिला | ३ | ५८ | २८१ | ५३९ | ७५९ | ६४१ | ६४८ | २,९२९ |
| जम्मा महिला | ६९५ | २,२८१ | २,३६६ | २,२०६ | २,०३२ | १,५२८ | १,५२३ | १२,६३१ |
| दुबै लिङ्गको जन्म | १३ | ७३ | ५७ | २२ | १० | ३ | १३ | १९१ |
| बालकको जन्म | ८ | ४० | ३० | ८ | ५ | २ | ११ | १०४ |
| बालिकाको जन्म | ५ | ३३ | २७ | १४ | ५ | १ | २ | ८७ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

## ७.२.१२ १५ देखि ४९ वर्षका विवाहित महिलाहरुबाट विगत १ वर्षमा जन्माएका जिवित शिशुहरुको लैङ्गिक तथा आमाको उमेर समूहका आधारमा वडागत विवरण

**तालिका नं. १५४ :** १५ देखि ४९ वर्षका विवाहित महिलाहरुबाट विगत १ वर्षमा जन्माएका जिवित शिशुहरुको लैङ्गिक तथा आमाको उमेर समूहका आधारमा वडागत विवरण

| वडा नं. | विवरण | आमाको उमेर समूह | | | | | | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| | | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-४९ वर्ष | |
| १ | शिशु नजन्माउने महिलाको संख्या | ७१ | ९६ | ७९ | ५३ | ३१ | ३४ | ३६ | ४०० |
| | १ वटा शिशुको जन्म दिने महिला | ४१ | १३७ | ७२ | २२ | १२ | ६ | ८ | २९८ |
| | २ वटा शिशुको जन्म दिने महिला | ३ | ४४ | १०० | ९४ | ५२ | ४३ | २७ | ३६३ |
| | ३ वा ३ भन्दा बढी शिशुको जन्म दिने महिला | | ६ | ३५ | ६३ | ९९ | १०१ | ११५ | ४१९ |
| | जम्मा महिला | ११५ | २८३ | २८६ | २३२ | १९४ | १८४ | १८६ | १,४८० |
| | दुबै लिङ्गको जन्म | ० | ५ | ४ | ४ | १ | ० | २ | १६ |
| | बालकको जन्म | ० | ३ | ३ | ३ | १ | ० | २ | १२ |
| | बालिकाको जन्म | ० | २ | १ | १ | ० | ० | ० | ४ |
| २ | शिशु नजन्माउने महिलाको संख्या | ८१ | ९७ | ५१ | ३८ | ३७ | ४८ | ४१ | ३९३ |
| | १ वटा शिशुको जन्म दिने महिला | २८ | १५९ | ६२ | २३ | १२ | ९ | १० | ३०३ |
| | २ वटा शिशुको जन्म दिने महिला | ७ | ५५ | ११६ | १०० | ८० | ३८ | ३९ | ४३५ |
| | ३ वा ३ भन्दा बढी शिशुको जन्म दिने महिला | | ७ | ४६ | ८९ | १३५ | ८५ | ११९ | ४८१ |
| | जम्मा महिला | ११६ | ३१८ | २७५ | २५० | २६४ | १८० | २०९ | १,६१२ |
| | दुबै लिङ्गको जन्म | २ | ५ | ९ | १ | २ | १ | ३ | २३ |
| | बालकको जन्म | २ | ३ | ७ | ० | १ | १ | २ | १६ |
| | बालिकाको जन्म | ० | २ | २ | १ | १ | ० | १ | ७ |
| ३ | शिशु नजन्माउने महिलाको संख्या | ६५ | ९१ | ३५ | २३ | ७ | १४ | १० | २४५ |
| | १ वटा शिशुको जन्म दिने महिला | २२ | १२९ | ८२ | ५२ | १० | १० | १६ | ३२१ |
| | २ वटा शिशुको जन्म दिने महिला | १ | ४५ | ९६ | १११ | ९० | ७१ | ३० | ४४४ |
| | ३ वा ३ भन्दा बढी शिशुको जन्म दिने महिला | | ५ | ५४ | १०१ | १२३ | १२९ | ११० | ५२२ |
| | जम्मा महिला | ८८ | २७० | २६७ | २८७ | २३० | २२४ | १६६ | १,५३२ |
| | दुबै लिङ्गको जन्म | १ | ६ | ७ | ३ | ० | ० | १ | १८ |
| | बालकको जन्म | ० | २ | ३ | ० | ० | ० | १ | ६ |
| | बालिकाको जन्म | १ | ४ | ४ | ३ | ० | ० | ० | १२ |
| ४ | शिशु नजन्माउने महिलाको संख्या | ५४ | ७८ | ३४ | १६ | १० | ११ | ५ | २०८ |
| | १ वटा शिशुको जन्म दिने महिला | २८ | १३१ | १०७ | २८ | १४ | १६ | २१ | ३४५ |
| | २ वटा शिशुको जन्म दिने महिला | २ | ४७ | १०० | ८९ | ८५ | ३८ | ४९ | ४१० |
| | ३ वा ३ भन्दा बढी शिशुको जन्म दिने महिला | १ | १३ | ४२ | ७४ | ९१ | ८० | ६७ | ३६८ |
| | जम्मा महिला | ८५ | २६९ | २८३ | २०७ | २०० | १४५ | १४२ | १,३३१ |
| | दुबै लिङ्गको जन्म | १ | १० | ५ | १ | २ | ० | ० | १९ |
| | बालकको जन्म | १ | ४ | ५ | ० | १ | ० | ० | ११ |
| | बालिकाको जन्म | ० | ६ | ० | १ | १ | ० | ० | ८ |
| ५ | शिशु नजन्माउने महिलाको संख्या | ३८ | ८८ | ६८ | ७७ | ६० | ४४ | ५६ | ४३१ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | १ वटा शिशुको जन्म दिने महिला | १८ | ६५ | ५४ | २९ | १५ | १० | १८ | २०९ |
| | २ वटा शिशुको जन्म दिने महिला | ३ | २५ | ५६ | ५० | ६२ | ४० | ३८ | २७४ |
| | ३ वा ३ भन्दा बढी शिशुको जन्म दिने महिला | १ | ५ | १८ | २० | ४१ | २२ | २९ | १३६ |
| | जम्मा महिला | ६० | १८३ | १९६ | १७६ | १७८ | ११६ | १४१ | १,०५० |
| | दुबै लिङ्गको जन्म | २ | ५ | ९ | १ | ० | २ | १ | २० |
| | बालकको जन्म | २ | ३ | ४ | ० | ० | १ | १ | ११ |
| | बालिकाको जन्म | ० | २ | ५ | १ | ० | १ | ० | ९ |
| ६ | शिशु नजन्माउने महिलाको संख्या | २५ | ८९ | ८४ | ५६ | ८२ | ४४ | ७३ | ४५३ |
| | १ वटा शिशुको जन्म दिने महिला | १४ | १०३ | ९० | ४६ | १६ | १९ | २८ | ३१६ |
| | २ वटा शिशुको जन्म दिने महिला | १ | ३० | ८२ | ११० | १२५ | ७४ | ५९ | ४८१ |
| | ३ वा ३ भन्दा बढी शिशुको जन्म दिने महिला | | ५ | १८ | ३३ | ५४ | ३४ | ४१ | १८५ |
| | जम्मा महिला | ४० | २२७ | २७४ | २४५ | २७७ | १७१ | २०१ | १,४३५ |
| | दुबै लिङ्गको जन्म | १ | १६ | ६ | ४ | ३ | ० | ० | ३० |
| | बालकको जन्म | १ | ७ | १ | ३ | १ | ० | ० | १३ |
| | बालिकाको जन्म | ० | ९ | ५ | १ | २ | ० | ० | १७ |
| ७ | शिशु नजन्माउने महिलाको संख्या | ४५ | १०२ | ९९ | ८६ | ४६ | ४७ | ३७ | ४६२ |
| | १ वटा शिशुको जन्म दिने महिला | ८ | ८१ | ७७ | ३७ | १४ | ११ | ८ | २३६ |
| | २ वटा शिशुको जन्म दिने महिला | १ | ३४ | ७९ | ८६ | ७७ | ४० | ३७ | ३५४ |
| | ३ वा ३ भन्दा बढी शिशुको जन्म दिने महिला | | ८ | २२ | ५९ | ६९ | ४७ | ५४ | २५९ |
| | जम्मा महिला | ५४ | २२५ | २७७ | २६८ | २०६ | १४५ | १३६ | १,३११ |
| | दुबै लिङ्गको जन्म | १ | ९ | ५ | २ | २ | ० | १ | २० |
| | बालकको जन्म | ० | ६ | २ | १ | १ | ० | ० | १० |
| | बालिकाको जन्म | १ | ३ | ३ | १ | १ | ० | १ | १० |
| ८ | शिशु नजन्माउने महिलाको संख्या | ४२ | १०२ | ६७ | ७१ | ४८ | ४१ | ३८ | ४०९ |
| | १ वटा शिशुको जन्म दिने महिला | २३ | ९३ | ७१ | ३४ | १० | ९ | ११ | २५१ |
| | २ वटा शिशुको जन्म दिने महिला | २ | ४६ | ११३ | १३८ | ११२ | ५२ | ५३ | ५१६ |
| | ३ वा ३ भन्दा बढी शिशुको जन्म दिने महिला | | ४ | २१ | ४९ | ७९ | ७१ | ६५ | २८९ |
| | जम्मा महिला | ६७ | २४५ | २७२ | २९२ | २४९ | १७३ | १६७ | १,४६५ |
| | दुबै लिङ्गको जन्म | २ | ६ | ७ | १ | ० | ० | २ | १८ |
| | बालकको जन्म | २ | ४ | ३ | ० | ० | ० | २ | ११ |
| | बालिकाको जन्म | ० | २ | ४ | १ | ० | ० | ० | ७ |
| ९ | शिशु नजन्माउने महिलाको संख्या | ४९ | १०६ | १०८ | ६७ | ७४ | ४३ | ५६ | ५०३ |
| | १ वटा शिशुको जन्म दिने महिला | १८ | ९७ | ५१ | २५ | २१ | २२ | ३१ | २६५ |
| | २ वटा शिशुको जन्म दिने महिला | २ | ५३ | ५२ | १०६ | ७१ | ५३ | ४० | ३७७ |
| | ३ वा ३ भन्दा बढी शिशुको जन्म दिने महिला | १ | ५ | २५ | ५१ | ६८ | ७२ | ४८ | २७० |
| | जम्मा महिला | ७० | २६१ | २३६ | २४९ | २३४ | १९० | १७५ | १,४१५ |
| | दुबै लिङ्गको जन्म | ३ | ११ | ५ | ५ | ० | ० | ३ | २७ |
| | बालकको जन्म | ० | ८ | २ | १ | ० | ० | ३ | १४ |
| | बालिकाको जन्म | ३ | ३ | ३ | ४ | ० | ० | ० | १३ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका १५ देखि ४९ वर्षका विवाहित महिलाहरू अर्थात १२,६३१ मध्ये एक जना सन्तान पनि नजन्माउने ३,५०४ जना, एक जना सन्तान जन्माउने २,५४४ जना, २ जना सन्तान जन्माउने ३,६५४ जना र तीन वा तीन जना भन्दा बढी सन्तान जन्माउने २,९२९ जना रहेको तथ्याङ्क छ। यी महिलाहरू मध्येबाट विगत १२ महिनाको अन्तरालमा जिवित जन्माएका शिशुहरूको विवरणलाई हेर्दा कूल १९१ शिशुहरू जन्मिएकोमा १०४ जना बालक र ८७ जना महिला रहेका छन् । यी मध्ये सबैभन्दा बढी शिशुहरूलाई जन्म दिने उमेर समूहमा २०-२४ वर्षको विवाहित महिलाहरू र दोस्रोमा २५-२९ वर्षका उमेर समूहका महिलाहरू छन्। १५ - १९ वर्षका किशोरी आमाहरूले समेत १३ शिशुहरू जन्माएको तथ्याङ्क छ भने ३५ वर्ष उमेर नाघेका महिलाहरूले ७ जना शिशुलाई जन्मदिएको तथ्याङ्क छ । यसरी पूर्णरुपमा शारिरिक र मानसिक विकास र आर्थिक रुपले आत्मनिर्भर नभई शिशुहरू जन्माउने र पाको उमेरमा शिशु जन्माउने प्रवृति कायमै रहेको देख्न सकिन्छ । प्रजनन् स्वास्थ्यका दृष्टिकोणले यो अत्यन्त जोखिमपूर्ण कार्य हो । यसलाई निरुत्साहित गर्न प्रजनन स्वास्थ्य सम्बन्धी चेतनामूलक कार्यक्रमहरू तथा आमाहरूलाई समग्र शिक्षा तर्फ आर्कषित गरी छिटो विवाह गर्ने परिपाटीको अन्त्य गर्नु अनिर्वाय छ। समग्र तथा वडागत विवरण तालिकामा उल्लेख गरिएको छ।


## ७.२.१३ बितेका १२ महिनामा जन्मेका शिशुहरुको जन्मदाको तौलका आधारमा वडागत विवरण

**तालिका नं. १५५ :** बितेका १२ महिनामा जन्मेका शिशुहरुको जन्मदाको तौलका आधारमा वडागत विवरण

| वडा नं. | २.५ केजी भन्दा कम | | २.५ केजी भन्दा बढी | | जम्मा |
|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ५ | २६.३ | १४ | ७३.७ | १९ |
| २ | ६ | २३.१ | २० | ७६.९ | २६ |
| ३ | ४ | २०.० | १६ | ८०.० | २० |
| ४ | ७ | ३१.८ | १५ | ६८.२ | २२ |
| ५ | २ | ९.५ | १९ | ९०.५ | २१ |
| ६ | ६ | १९.४ | २५ | ८०.६ | ३१ |
| ७ | २ | ९.१ | २० | ९०.९ | २२ |
| ८ | ४ | १६.७ | २० | ८३.३ | २४ |
| ९ | ११ | ४२.३ | १५ | ५७.७ | २६ |
| जम्मा | ४७ | २२.३ | १६४ | ७७.७ | २११ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा वितेको १२ महिनामा जन्मेका शिशुहरूको जन्मदाको तौलका आधारमा हेर्दा जम्मा २११ शिशु जन्मिएकोमा २.५ के.जी.भन्दा कम तौल भएका शिशुहरूको संख्या ४७ अर्थात २२.३ प्रतिशत र २.५ के.जी. भन्दा बढी तौल हुनेको संख्या १६४ अर्थात ७७.७ प्रतिशत रहेको थियो। २.५ के. जी. भन्दा कम तौलको शिशु जन्मनुमा गर्भवती हुँदा आमाको उचित स्याहार र खानपान नपुग्नु तथा आवश्यक सम्पूर्ण पोषण सहितको आहार नहुनु, धुम्रपान र किशोरी अवस्थामै आमा बन्नु जस्ता कारणहरू जिम्मेबार हुन्छन् । यस्ता शिशुहरूको शिशु मृत्युदर समेत उच्च रहन्छ। तसर्थ यसको समाधानका लागि उपयुक्त उमेरमा विवाह, उचित खानपान र स्याहारको प्रबन्ध गर्नुका साथै गर्भवती अवस्थामा परीवारका सदस्यहरूले गर्भवतीको उचित हेरचाह पुऱ्याउनु आवश्यक हुन्छ। वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ।




## ७.२.१४ १५-४९ उमेरसमूहका विवाहित महिलाहरुको पहिलो शिशु जन्मिदाको उमेर सम्बन्धी विवरण

**तालिका नं. १५६ :** १५-४९ उमेरसमूहका विवाहित महिलाहरुको पहिलो शिशु जन्मिदाको उमेर सम्बन्धी विवरण

| वडा नं. | पहिलो शिशु जन्मिदा आमाको उमेर | | | | | | जम्मा | पहिलो शिशु जन्माउने महिलाको औषत उमेर |
|---|---|---|---|---|---|---|---|---|
| | १४ वर्ष भन्दा कम | १५-१९ वर्ष | २०-२४ वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५ वर्ष भन्दा बढी | | |
| १ | ४ | ५८१ | ४३१ | ५० | १० | ४ | १,०८० | १९.६ |
| २ | १४ | ६५४ | ४७४ | ६७ | ८ | २ | १,२१९ | १९.५ |
| ३ | १४ | ५६६ | ५५५ | १३४ | १४ | ४ | १,२८७ | २०.२ |
| ४ | २० | ५८८ | ४४४ | ६१ | ८ | २ | १,१२३ | १९.५ |
| ५ | ४ | २४६ | ३१३ | ५२ | ३ | १ | ६१९ | २०.२ |
| ६ | ६ | २६२ | ५८२ | ११५ | १४ | ३ | ९८२ | २१.१ |
| ७ | ८ | ३६२ | ४१४ | ५८ | ५ | २ | ८४९ | २०.० |
| ८ | २ | ५६५ | ४१३ | ६५ | ९ | २ | १,०५६ | १९.८ |
| ९ | ११ | ६२९ | २४५ | २१ | ४ | २ | ९१२ | १८.६ |
| जम्मा | ८३ | ४,४५३ | ३,८७१ | ६२३ | ७५ | २२ | ९,१२७ | १९.८ |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*

कुल ९,१२७ महिलालाई पहिलो सन्तान जन्मिदाको उनीहरुको उमेरको बारेमा सोधिएको प्रश्नमा ८३ जना अर्थात ०.९ प्रतिशत महिला १४ वर्ष भन्दा कम उमेरमा आमा बनेको तथ्यांक प्राप्त भएको छ भने करिब आधा हिस्सा अर्थात ४८.८ प्रतिशत (४,४५३ जना) महिलाले १५-१९ वर्षको बिचमा पहिलो सन्तान जन्माएको देखिन्छ । त्यसैगरी ३,८७१ अर्थात ४२.४ प्रतिशत महिला २०-२४ वर्ष उमेरमा, ६२३ अर्थात ६.८ प्रतिशत महिला २५-२९ वर्ष उमेरमा र ७५ जना अर्थात ०.८ प्रतिशत महिला ३०-३४ वर्ष उमेरमा आमा बनेको देखिन्छ भने ३५ वर्ष माथि पहिलो पटक आमा बन्नेको संख्या जम्मा २२ जना रहेको छ ।

प्रजनन स्वास्थको दृष्टिकोणबाट २० वा सो भन्दा वर्ष भन्दा कम उमेरमा आमा बन्नु मातृ तथा शिशु दुवैको स्वास्थ्यबाट जोखिमपूर्ण मानिन्छ। शारिरीक, मानसिक, आर्थिक रुपमा अपरिपक्व अवस्थामा गर्भाधान र सन्तान जन्माउँदा एकातर्फ अपरिपक्व, कम तौलको, शारिरीक र बौद्दिक रुपमा विकलाङ्ग शिशु जन्मन सक्ने जोखिम उच्च रहन्छ भने अर्को तर्फ गर्भावस्थाको हेरविचार, मातृ तथा शिशुको स्याहार, खानपान, सरसफाई जस्ता विषयमा पर्याप्त जानकारी नहुँदा आमा र बच्चा विभिन्न प्रकारका संक्रमणको सिकार हुन सक्ने संभावना रहन्छ ।

नेपालले सहश्राब्दि विकास लक्ष्य २०००-२०१५ का बिचमा मातृ तथा शिशु स्वास्थको क्षेत्रमा उल्लेखनीय कार्य गरेको छ। सन् १९९० लाई आधार वर्ष मान्दा नेपालमा कुल १००० जिवित जन्म भएका शिशु मध्ये १०८ जनाको मृत्यु हुने गरेकोमा यो संख्यामा सारभूत रुपमा गिरावट आई सन् २०१५ सम्म ३३ मा झरेको छ भने ५ वर्षभन्दा कम उमेरका बालबालिकाको मृत्युदर (प्रति हजार) ३८ मा झरेको छ। त्यसैगरी सन् १९९० लाई आधार वर्ष मान्दा मातृमृत्यु (प्रति एकलाख) मा ८५० रहेकोमा सन् २०१५ सम्म २५८ मा झरेको देखिन्छ भने तालिम पाप्त स्वास्थकर्मीबाट प्रसुति गराउने महिलाको अनुपात ५५.६% पुगेको तथ्यांक देखिन्छ (Nepal and the Millennium Development Goals Final Status Report 2000-2015)। यसरी हेर्दा समग्र मातृ तथा शिशु स्वास्थको क्षेत्रमा सकारात्मक परिवर्तनका संकेतहरु देखापरिरहेका छन्।

## ७.२.१५ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन्। तसर्थ यिनीहरु स्वस्थ र निरोगी हुनु आवश्यक छ। शिशु र बाल्य अवस्थामा उनीहरुलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ। बालबालिकाहरुको लागि पाँचओटै खोपहरु नियमित पुरा मात्रमा दिनु पर्दछ। नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रुपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रुपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुऱ्याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको बालमृत्युदर घटाउने लक्ष्य (एम.डी.जी.-४) प्राप्त गर्न सहयोग पुगेको छ।

खोप मानव जीवनमा रोग प्रतिरोध क्षमता बढाउनका लागि महत्वपूर्ण छ भने आमा र बच्चाको स्वास्थ्यसम्बन्धी अत्यन्त महत्वपूर्ण सूचक पनि हो। बाल अधिकारको बाल बचाउ सम्बन्धी महत्वपूर्ण अवयबका रूपमा पनि खोपले काम गरेको हुन्छ। हाल बढैयाताल गाउँपालिकामा समेटिएका सबै गाउँ विकास समितिहरू गाउँपालिकामा परिणत हुनुअघि नै पूर्ण खोपको सुविधा पाएको गाविसका रूपमा घोषित भइसकेका गाविसहरू हुन्। त्यसैले बढैयाताल गाउँपालिका क्षेत्र स्वत: पूर्ण खोपयुक्त गाउँपालिकाका कायम हुनगएको छ।


## ७.२.१६ पूर्ण खोपयुक्त पाँच वर्ष मूनिका बालबालिकाहरुको वडागत जनसंख्याको वितरण

**तालिका नं. १५७ :** पूर्ण खोपयुक्त पाँच वर्ष मूनिका बालबालिकाहरुको वडागत जनसंख्याको वितरण

| वडा नं. | भएको | | नभएको | | थाहा नभएको | | जम्मा |
|---|---|---|---|---|---|---|---|
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत | |
| १ | ५०३ | ९५.४ | २२ | ४.२ | २ | ०.४ | ५२७ |
| २ | ५१८ | ८८.७ | ६० | १०.३ | ६ | १.० | ५८४ |
| ३ | ५२८ | ८६.१ | ८५ | १३.९ | | | ६१३ |
| ४ | ४३४ | ९२.९ | ३३ | ७.१ | | | ४६७ |
| ५ | ३४२ | ९६.९ | ११ | ३.१ | | | ३५३ |
| ६ | ३६३ | ८५.६ | ६० | १४.२ | १ | ०.२ | ४२४ |
| ७ | ३३२ | ७६.५ | १०१ | २३.३ | १ | ०.२ | ४३४ |
| ८ | ४४२ | ९६.७ | १५ | ३.३ | | | ४५७ |
| ९ | ३९३ | ८७.९ | ५४ | १२.१ | | | ४४७ |
| जम्मा | ३,८५५ | ८९.५ | ४४१ | १०.२ | १० | ०.२ | ४,३०६ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

यस गाउँपालिकामा पूर्णखोप लगाएका बालबालिकाहरूको तथ्याङ्कलाई हेर्दा ४,३०६ बालबालिकाहरू मध्ये ३,८५५ अर्थात ८९.५ प्रतिशतले पूर्णरुपमा खोप लगाएको पाइयो भने ४४१ अर्थात १०.२ प्रतिशत बालबालिकाहरू भने पूर्ण खोप लगाएको पाइएन । यति ठूलो संख्याका बालबालिकाहरू खोपबाट टाढा हुँदा उनीहरूको स्वास्थ्य जोखिममा पर्दछ । यसले बाल मृत्युदर बढाउने र बालकको आधारभूत स्वास्थ्य सेवा प्राप्त गरी बाँच्न पाउने मौलिक अधिकार समेत हनन् हुने हुँदा यस तर्फ सरोकारवालाहरूको ध्यान पुग्नु जरुरी छ । वडागत विस्तृत विवरण तालिकामा प्रस्तुत गरिएको छ ।




EX → Abbreviation Vaccine Disease Time

BCG →Bacillus Calmette Guerin → जन्मनासाथ

बाल्यकाल तथा उमेर पुगेपछि लाग्न सक्ने प्राणघातक रोगहरू जस्तै क्षयरोग, भ्यागुते रोग, लहरे खोकी, धनुषटंकार, हेपाटाइटिस बी, इन्ल्फुयन्जा टाइप बी, पोलियो, न्यूमोनिया, दादुरा, रुबेला र जापानिज इन्सफलाइटिस् विरुद्ध चरणबद्ध रुपमा समयमै खोपहरू अनिवार्य रुपमा लगाउनु पर्दछ । ती खोपहरू क्रमशः BCG, DPT, OPV, PCV, IPV, MR, JE / ID हुन् । यसरी खोपहरू समयमै लगाउँदा अत्यन्त सिमीत लगानीमा ठूला रोगहरूको जोखिमबाट मुक्त भई बाल मृत्युदर नियन्त्रण गर्ने प्रभावकारी उपाय हुन्छ ।

**तालिका नं. १५८ :** खोप कार्यक्र सम्बन्धी विवरण

| क्र.सं. | खोप कार्यक्रम | के को लागि | कहिले |
|---|---|---|---|
| १ | Bacillus Calmette Guerin (BCG) | Tuberculosis (क्षयरोग) | At birth |
| २ | DPT-HepB-HiB | Diphtheria (भ्यागुते रोग) | 6, 10, 14 weeks |
| | | Pertussis (लहर खोकी) | |
| | | Tetanus (धनुषटंकार) | |
| | | Hepatitis B and | |
| | | Haemophilus influenzae type b | |
| ३ | Oral Polio Vaccine (OPV) | Polio | 6, 10, 14 weeks |
| ४ | Pneumococcal Conjugate Vaccine (PCV) | Pneumococcal diseases (meninges, ear and chest infections) | 6, 10 weeks and 9 months |
| ५ | Inactivated polio vaccine (IPV) | Polio | 14 weeks |
| ६ | Measles - Rubella (MR) | Measles (चेचक) and Rubella (German measles) | 9 and 15 months |
| ७ | Japanese Encephalitis (JE) | Japanese Encephalitis | 12 months |
| ८ | Tetanus Diphtheria (Td) | Tetanus (धनुषटंकार) and Diphtheria (भ्यागुते रोग) | 2 doses 1 month apart during Pregnancy |

*स्रोत : स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, २०७५*

## ७.२.१७ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाई विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रुपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलबियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन । सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ । कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

## ७.२.१८ शिशु तथा ५ वर्ष मुनिको बाल मृत्युदर

राष्ट्रिय जनसांख्यिक तथा स्वास्थ्य सर्भेक्षण २०१६ (National Demographic and Health Survey 2016) का अनुसार नवजात शिशु मृत्युदर २१ प्रति हजार, शिशु मृत्युदर ३२ प्रति हजार र पँच वर्ष मुनिको बाल मृत्युदर ३९ प्रति हजार रहेको तथ्याङ्क सार्वजनिक भएको छ। बढैयाताल गाउँपालिकाको पाँच वर्ष मुनिको बाल मृत्युदर तथा शिशु मृत्युदरको तथ्याङ्क नभएतापनि राष्ट्रिय तथ्याङ्कले यहाँको अवस्था अनुमान गर्न सकिन्छ।

## ७.२.१९ पोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सुचकको रुपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रुपमा बालबृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, बेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार, हिंसा लगायतबाट जोगाई खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रुपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिक बिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ। यस गाउँपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भइ आएका छन्। स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन्। कार्यक्रम सञ्चालनको सहयोगका लागि गाउँ गाउँमा स्वास्थ्य सञ्जाल विस्तार भएको छ।

**तालिका नं. १५९ :** पोषण सम्बन्धी विवरण

| क.सं. | इकाइ | विवरण | २०७३/७४ |
|---|---|---|---|
| १ | पटक | दुई वर्ष मुनिका बालबालिकाको वृद्धि अनुगमनको औषत पटक | ३.८ |
| २ | प्रतिशत | जन्मे देखि एक वर्ष मुनिका बालबालिकाको वृद्धि अनुगमन | ७७.२ |
| ३ | प्रतिशत | दुई वर्ष मुनिका कुपोषित बालबालिका | ४.३ |
| ४ | प्रतिशत | भिटामिन ए खाएका ६ देखि ५९ महिनाका बालबालिकाहरु | - |
| ५ | प्रतिशत | जुकाको औषधि खाएका १ देखि ५९ महिनाका बालबालिकाहरु | - |
| ६ | प्रतिशत | १८० आइरन चक्की खाएका गर्भवती महिला | ५१.५ |
| ७ | प्रतिशत | जुकाको औषधि खाएका गर्भवती महिला | ८३.६ |
| | प्रतिशत | भिटामिन ए खाएका सुत्केरी महिला | ३३.९ |
| ८ | प्रतिशत | चार पटक गर्भवती जाँच नियमानुसार गराएका महिला | ५०.६ |
| ९ | प्रतिशत | स्वास्थ्य संस्थामा सुत्केरी | २७.४ |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, २०७४*

शीघ्र कुपोषण एकीकृत व्यवस्थापन लागि बढैयातालमा एउटा OTP केन्द्र छ। यस कार्यक्रम अन्तर्गत बढैयातालमा आ.व. २०७३/७४ जम्मा आ.व.२०७३/७४ जम्मा कडा कुपोषण भई नयाँ भर्ना गरेका बच्चाहरु ७७ जना, निको भएका ६७ जना, बाहिरिएका ६७ जना र हाल २०७३/७४ आषाढको अन्त्यमा उपचारमा रहेका १८ जना रहेका छन्।

**तालिका नं. १६० :** शीघ्र कुपोषण एकीकृत व्यवस्थापन कार्यक्रम अन्तर्गत ६ देखि ५९ महिनाको कडा शिघ्र कुपोषण भएका बालबालिकाको आ.व. २०७३/७४ को प्रगति विवरण

| क्र.स. | विवरण | जम्मा | महिला | पुरुष | कैफियत |
|---|---|---|---|---|---|
| 1 | OTP center | 1 | | | |
| 2 | On treatment End of the 2073 Aashad | 8 | | | |
| 3 | Total New Admission end of F/Y 2073/74 | 77 | 41 | 36 | |
| 4 | Total Recovered | 67 | 38 | 29 | |
| 5 | Died | 0 | 0 | 0 | |
| 6 | Defaulter | 0 | 0 | 0 | |
| 7 | Transfer out | 0 | 0 | 0 | |
| 8 | Total Discharge | 67 | 38 | 29 | |
| 9 | On treatment End of the 2074 Aashad | 18 | 10 | 8 | |

*स्रोत: जिल्ला स्वास्थ्य कार्यालय, २०७४*

## ७.३ खेलकुद तथा मनोरञ्जन

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउँपालिकाको खेल अनुशासन र खेलकुद विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यता अनुसार यस गाउँपालिकामा खेलकुदको विकास भएको पाइन्छ । यसको लागि गाउँपालिकाले विभिन्न खुला स्थानहरू छोडेको छ। तर ती स्थानहरूमा खेलकुदको लागि केही मात्र पूर्वाधार तयार भएको देखिन्छ। जिल्ला समन्वय समिति तथा गाउँपालिका/नगरपालिकाहरूले पनि आ-आफ्ना कार्यक्षेत्र भित्र गतिशिल रहने गरी जिल्ला, नगर/गाँउ खेलकुद विकास समितिहरू गठन गरेका छन। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा विभिन्न खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वस्थ शारिरीक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्युन लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठुलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका दिनहरुमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, ब्याडमिन्टन, फुटबल, आदि जस्ता केही विशेष खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रुपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ।

यस गाउँपालिकामा मनोरञ्जनको लागी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरका खेलकुद मैदानहरु भएको पाईदैन। खुल्ला जमिन, चौर, फुटबल मैदानमा यहाँका मानिसहरुले मनोरञ्जन लिने गरे पनि व्यवस्थित मैदान नभएको पाइन्छ। मनोरञ्जनको लागी गाउँपालिकामा विभिन्न किसिमको सिनेमा हल, पार्क आदि नभएतापनि यस गाउँपालिकामा खुल्ला चौर, खेल मैदान र पार्कहरु रहेका छन्। यहाँका किसानहरु धेरै समय आफ्नो खेत बारीमा विताउने गर्दछन् भने फुर्सदको समयमा उनिहरु त्यहाँको स्थानिय प्राकृतिमा रमाउने र आफ्नो पहुँचमा रहेको मनोरञ्जनका क्रियाकलापहरु गर्ने गरेको पाइन्छ।

**तालिका नं. १६१ :** खेलकुद, पार्क तथा क्रिडास्थलको विवरण

| क्र.सं. | खेल मैदानको किसिम | अनुमानित क्षेत्रफल | वडा नं. | स्थान | उपयोगको अवस्था |
|---|---|---|---|---|---|
| १ | पूर्व-पश्चिम | ६७७२-६० | १ | शान्तिपुर | स्थानीय समुदाय |
| २ | पूर्व-पश्चिम | ६७७२-६० | १ | डाँफे | स्थानीय समुदाय |
| ३ | उत्तर-दक्षिण | ६७७२-६० | १ | सानोडाँफे | स्थानीय समुदाय |
| ४ | उत्तर-दक्षिण | ६७७२-६० | २ | भिता | सबै समुदाय |
| ५ | उत्तर-दक्षिण | ६७७२-६० | २ | जुटाहा | सबै समुदाय |
| ६ | पूर्व-पश्चिम | ६७७२-६० | २ | जुटाहा | सबै समुदाय |
| ७ | पाराफिट, शौचालय धारा नभएको | दुई हजार व.मि. | ३ | भौलागौढी | युवा समुदाय |
| ८ | फुटबल मैदान | १ बिगाहा | ४ | सिक्टरीया | विद्यार्थी |
| ९ | फुटबल मैदान | ३.५ बिगाहा | ४ | सिक्टरीया | खेलाडी |
| १० | फुटबल मैदान | दुई बिगाहा | ५ | जगतिया | स्थानिया युवा |
| १० | फुटबल मैदान | दुई बिगाहा | ५ | हल्लान चोक | स्थानिया युवा |
| ११ | फुटबल मैदान, क्रिकेट | १.५ बिगाहा | ५ | बढैया | स्थानिया युवा |
| १२ | फुटबल, भलिबल | १-१० | ६ | मैनापोखर | मर्मत गर्न लायक |
| १३ | फुटबल, भलिबल | १-१० | ६ | मैनापोखर | मर्मत गर्न लायक |
| १४ | फुटबल, भलिबल | २०३१७ | ७ | पन्चासा | स्थानिय खेलाडी |
| १५ | फुटबल, भलिबल | २०३१७ | ७ | दाङपुर पोकरीया | स्थानिय खेलाडी |
| १६ | १२ बिगाहा खेल मैदान | ३ बिगाहा | ८ | नयाँ बस्ती | |
| १७ | फुटबल मैदान | ४-०-० | ९ | मुनालबस्ती | युवा क्लब |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ७.३ नागरिक सुरक्षा सेवा

### ७.३.१ सामाजिक सुरक्षा

समाजमा पछाडि पारिएका तथा परेका ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्तिहरूलाई सामाजिक सुरक्षा भत्ताको नाममा राज्यकोषबाट सहयोग गर्ने अवधारणा कल्याणकारी राज्यको अवधारणा हो । वि.सं. २०५१ देखि ज्येष्ठ नागरिकलाई मासिक १०० रुपैयाँ भत्ता दिने नारा सहित सुरु गरिएको सामाजिक सुरक्षा भत्ता अहिले ज्येष्ठ नागरिकका साथसाथै एकल महिला, अपाङ्गता भएका र दलित ज्येष्ठ नागरिकलाई समेत प्रदान गरिन्छ । यसले समाजमा पछाडि परेका अशक्तहरूलाई सम्मानपूर्वक बाँच्न प्रोत्साहन हुने विश्वास गरिएको छ ।

### ७.३.२ बृद्धबृद्धाहरूको अवस्था

जनगणना २०६८ को नतिजा अनुसार यस बढैयाताल गाउँपालिकामा ७० वर्ष उमेर नाघेका ३.६७ प्रतिशत (१,८७८ जना) बृद्धबृद्धाहरू रहेका छन । शारिरीक जीर्णताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ। पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतीको मुल मर्म र बृद्धजन तथा नयाँपुस्ता बीचको पारस्परिक सुमधुर सम्बन्धलाई कमजोर बनाउँदै छ।

राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाई दिइने भनिएको बृद्ध भत्ता समेत सबैले पाउन सकेका छैनन । यस गाउँपालिकामा अर्ध बृद्धावस्थाकै हाराहारिमा रहेको ६०-६४ वर्षको २.९८ प्रतिशत (१,५३५ जना), ६५-६९ वर्षका २.८५ प्रतिशत (१,४७१ जना) र थप बृद्ध नागरिकहरूको लागि समेत राज्यले कुनै विशेष कार्यक्रम ल्याएको छैन। यस स्थितिलाई कसरी सहज बनाउने र गाउँपालिकामा जिवित यी जेष्ठ नागरिकहरूको अमुल्य अनुभवबाट नयाँ पिढीले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ।

## ७.४ महिला तथा बालबालिका

### ७.४.१ महिला सम्बन्धी विवरण

कुल जनसङ्ख्याको आधा हिस्सा भन्दा बढी ओगटेका महिलाहरु अझै पनि देश विकासको मुल प्रवाहमा उल्लेखनीयरुपमा आउन सकेका छैनन् । महिला सहभागिता, सशक्तिकरण तथा विभिन्न कार्यक्रमहरु पछिल्लो समयमा हुँदै आए पनि समान सहभागिता र लैङ्गिक समता भने कायम हुन सकेको देखिँदैन । यसको कारण समाजमा व्याप्त असमान शक्ति सम्बन्ध, पितृसत्तात्मक सोच तथा समाजिक संरचना आदी रहेका छन् जसको फलस्वरुप महिलाहरु आर्थिक, सामाजिक, साँस्कृतिक, राजनैतिक, शैक्षिकरुपमा अझै पनि तुलनात्मकरुपमा पछाडी परेको देखिन्छ ।

विकासमा महिलाहरुको समानुपातिक र सक्रिय सहभागिता सुनिश्चत गर्न उनीहरुको आर्थिक र समाजिक जीवनस्तर अभिवृद्धि गर्ने उद्देश्यका साथ अभियानका रुपमा आ.व.२०३८/०३९ देखि ५ जिल्लाबाट सुरु भएको महिला विकास कार्यक्रम हाल नेपालको ७५ जिल्लामा विस्तार भएको छ । महिला विकास कार्यक्रम महिला विकास र सशक्तिकरणको लागि एउटा महत्वपुर्ण प्रयास हो । ग्रामीण विपन्न महिलाहरुलाई समूह, समिति, संस्थामा संगठित गराई जनचेतना अभिवृद्धि, क्षमता विकास गरी समाजिक तथा आर्थिकरुपमा सशक्त बनाउन,सामाजिक विभेद र लैङ्गिक हिंसा विरुद्ध जागरुकता बढाउन यस कार्यक्रमले प्रमुख भुमिका निर्वाह गर्दै आईरहेको छ ।

नेपाल सरकार तथा विभिन्न निकायहरुले महिला विकास तथा उत्थानको लागि कार्यक्रम अघि बढि रहेता पनि परिवर्तन र सुधारको बाबजुत समाजिक संरचनामा अझै पनि समान अवश्था देख्न सकिएको छैन । यसलाई कम गर्न सरकार तथा नागरिक मञ्च सबैको भुमिका अपरिहार्य रहन्छ ।

जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरुसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरुका लागि स्थायित्व, वृत्तिविकास तथा पुनर्ताजगि जस्ता कार्यक्रम ल्याई महिलाहरुका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रुपमा सबल बनाउनु पर्ने देखिन्छ । आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै गाउँपालिका विकासमा महिलाहरुको समान सहभागिता गराउन अझैपनि थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ । सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिला सम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ । महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरुमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरु सञ्चालन गरि समावेशी अवधारणा अनुरुप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरु ल्याउनुपर्ने देखिन्छ ।

## ७.४.२ बाल अधिकार

बालबालिकाको अधिकारलाई छोटकरीमा बालअधिकार भनिन्छ । बाल अधिकार प्रदान गर्ने र गराृने मुख्य दायित्व राज्यको हो । राज्यका प्रतिनिधिले नै अन्तराष्ट्रिय मञ्चमा उभिएर बालबालिकाका अधिकार दिने प्रतिबद्धता गरेको हुन्छ । त्यसैले राज्य आफैंले वा उसको पहलमा सरकारी वा गैरसरकारी वा सामाजिक संघसंस्था र परिवारले समेत बालअधिकार बहालीका लागि जिम्मेवार भई काम गर्नुपर्दछ यदि नगरे उनीहरूलाई जिम्मेवार बनाउने काम पनि राज्य वा सरकारको नै हो ।

स्थानीय तह स्थानीय सरकार हो । गाउँपालिकाले आफनो क्षेत्रभित्रका बालबालिकाका लागि गर्नुपर्ने सबै कामको जिम्मेवारी लिनुपर्दछ । उसले गर्नुपर्ने काम र कार्यविधि नेपाल सरकारबाट जारी बालमैत्री स्थानीय शासन कार्यविधि २०६८ मा उल्लेख छ । त्यस कार्यविधिले सरकारले बालबालिकाका लागि अनुकूल हुने संसार बनाउनका लागि आफनो तहमा काम गर्नुपर्दछ भन्ने कुरा उल्लेख छ । गाउँपालिका तल्लो तहको सरकार हो । उसले पनि आफनो तहमा बालबालिकाको हित अनुकूल संरचना बनाउने, नीति बनाई लागू गर्ने र त्यस्ता कार्यको अनुगमन गर्ने हैसियत राख्दछ । त्यसै कारण विगत देखि नै तत्कालीन गाउँपालिका र नगरपालिकाहरूले बालमैत्री स्थानीय सरकारको अवधारणा लिएर काम गरिरहेका छन् ।

बालबालिका भनेका जन्मेदेखि १८ वर्ष नपुगेका मानवहरू हुन् । सुरक्षित रुपमा जन्मिन पाउनु, आवश्यक खोप तथा औषधी उपचार पाउनु, हेरचाह तथा स्याहार पाउनु उनीहरूको अधिकार हो । त्यस्तै खान, बस्न, लाउन पाउनु, उमेर र अवस्थाका आधारमा उपयुक्त शिक्षा पाउनु, खेल तथा मनोरञ्जन पाउनु, उपयुक्त पारिवारिक तथा सामाजिक वातावरण पाउनु पनि बालअधिकार नै हो । साथै, कुटपिट, हेला, हिंसा, दुर्व्यवहार र शोषणबाट संरक्षण पाउनु, मनमा लागेको कुरा भन्न पाउनु, स्याबासी र हौसला पाउनु आदिजस्ता कुराहरू पनि बालबालिकाका लागि आवश्यक छन् ।

बालबालिकालाई अति आवश्यक पर्ने यी अधिकारहरूलाई नै बालअधिकार भनिन्छ । बालअधिकार सम्बन्धमा अन्तर्राष्ट्रिय दस्तावेज बालअधिकार सम्बन्धी महासन्धि १९८९ हो । यस महासन्धिलाई संयुक्त राष्ट्र संघले मान्यता दिएको छ । यस महासन्धिले १८ बर्षमुनिका सबै मानवलाई बालबालिका मानेको छ । उनीहरूले पाउनुपर्ने अधिकारलाई बालअधिकार भनेको छ । यस महासन्धिका ५४ वटा धारा छन् । यी धाराहरूमा जति पनि अधिकारहरू व्यवस्था गरिएका छन् तिनिहरूलाई मुख्य गरी चार भागमा बाँढेर अध्ययन गरेको पाइन्छ । एक अर्काको पूरकका रूपमा रहेका यी चारवटै भागहरूलाई चार बाकस वा चार स्तम्भ पनि भन्ने गरिन्छ ।

### १. बाँच्न पाउने अधिकार

बाँच्न पाउनु बालबालिकाको जन्मसिद्ध अधिकार हो । गर्भमा रहेदेखि नै सुरक्षित हुनु र सुरक्षित जन्मिनु उसको अधिकार हो । जन्मिएपछि आवश्यक स्वस्थकर खाना, उचित स्याहार, बास, स्वास्थ्य उपचार र न्यानो कपडा लगायतका एउटा बालक बाँच्नका लागि नभई नहुने अधिकारहरू नै यससँग सम्बन्धित अधिकारहरू हुन् ।

### २. विकासको अवसर पाउने अधिकार

बालबालिकाहरू बाँचेर मात्र पुग्दैन । उनीहरूको चौतर्फी विकास हुनुपर्दछ । बालबालिकाको शारीरिक, मानसिक, बौद्धिक तथा संवेगात्मक विकासको लागि चाहिने सम्पूर्ण आवश्यकताहरूलाई नै बालविकासको अधिकार भनिन्छ । जस्तै : शिक्षा, खेलकुद, मनोरञ्जन, स्याहार सम्भार, पौष्टिक आहार, पर्याप्त भोजन, स्वास्थ्य सेवा आदि ।

### ३. संरक्षण पाउने अधिकार

हरेक किसिमको भेदभाव, शोषण, दुर्व्यवहार, यातना, कुटपिट, अपहरण, हिंसा र अवहेलनाबाट बालबालिकाको संरक्षण हुनुपर्दछ । प्रत्येक बालबालिकाले नाम पाउनुपर्छ र जन्मदर्ताको अधिकार पाउनुपर्छ । बेचबिखनबाट संरक्षण, अपहरणबाट संरक्षण, सशस्त्र द्वन्द्वबाट संरक्षण, जोखिमपूर्ण श्रम, श्रमशोषणबाट संरक्षण पाउनुका साथै अपाङ्गता भएका, अनाथ बालबालिकाको विशेष संरक्षण, यौनशोषणबाट संरक्षण, लागू पदार्थ दुर्व्यसन तथा ओसार पसारमा प्रयोग हुनबाट संरक्षण पाउने जस्ता महत्वपूर्ण अधिकारहरू यस अन्तर्गत पर्दछन् ।

### ४. सहभागी हुन पाउने अधिकार

बालबालिकाको सर्वोत्तम हितका विषयहरूमा बालबालिकाले आफ्नो धारणा राख्न पाउनु, आफूसँग सरोकार राख्ने विषयमा निर्णय गर्ने अवसर पाउनु, भेला हुन पाउनु, एकजुट हुन पाउनु, उपस्थित हुन पाउनु, बालक्लबहरू खोल्न पाउनु तथा बाल क्लबका गतिविधिहरूमा भाग लिन पाउनु, आफ्नो कुरा स्वतन्त्रतापूर्वक राख्न पाउनु, समूहमा छलफल गर्न, संलग्नता देखाउन र प्रतिभा प्रस्तुत गर्न पाउनु नै बालबालिकाको सहभागी हुन पाउने अधिकार हो । त्यस्तै अरुले आयोजना गरेको बाल कार्यक्रमहरूमा सहभागी हुन पाउनु, बाल हकहितका नीति निर्णयमा सहभागी हुन पाउनु, प्रशंसा, स्याबासी र हौसला पाउनु साथै विचार र भावनाको कदर हुने वातावरण पाउनु जस्ता आधारभूत अधिकारहरू यस अन्तरगत पर्दछन् ।

## ७.४.३ बालअधिकारका सिद्धान्तहरू

बालबालिकासँग र उनीहरूका निम्ति गरिने प्रत्येक कार्यहरू बालबालिकाको हितमा छन् भनी मापन गर्न बालअधिकार महासन्धिले चार वटा सिद्धान्तहरूलाई अँगालेको छ । यी सिद्धान्तहरूले परिवार, समाज र राज्यबाट भए गरेका कार्यहरू बालअधिकारका पक्षमा छन् वा छैनन् भनी जाँच्नका लागि आधारभूत मापदण्डको काम गर्छन् । बालबालिकासँग र उनीहरूका निम्ति गरिने प्रत्येक कामहरू बालअधिकारको यी चार सिद्धान्त विपरीत हुनुहुँदैन भनेर यसले मार्गदर्शन पनि गर्दछ ।

बालअधिकारका चार सिद्धान्तहरू यसप्रकार छन् :

- विभेद रहित
- बालबालिकाको सर्वोत्तम हित
- दीर्घजीवन र विकास
- बालबालिकाको विचार तथा भावनाको कदर

## ७.४.५ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानुनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रुपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हल्का र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरु बालश्रमिकका रुपमा काम गर्न बाध्य छन। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनु देखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रममा नेपाली बालबालिकाको एक दु:खद यथार्थ हो।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। यसैगरी नेपालले राज्य पक्षका रुपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्युनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रमसम्बन्धी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

बढैयाताल गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रुपमा विकसित गर्नका लागि सबै वडाहरुमा वडा बालक्लब गठन गरी बालमैत्री स्थानीय शासन पूर्ण रुपमा लागु गर्ने उद्देश्यले बालबालिका लक्षित कार्यक्रममा तोकिएको १० प्रतिशत बजेट बढाएर १५ प्रतिशत पु्र्याउने लक्ष्य राखिएको छ। गाउँपालिका क्षेत्रमा निकृष्ठ प्रकारको बाल श्रमको अन्त्य गर्न बालश्रम नराखेको कबुल गर्नेलाई मात्र गाउँपालिकाबाट सेवा प्रवाह गर्नुपर्ने व्यवस्था मिलाउने प्रावधान राख्नुका साथै १ वर्ष मुनिका बालबालिकाहरुलाई नियमित खोपको सुनिश्चित गरी पूर्ण खोपयुक्त गाउँपालिकाको रुपमा पनि अगाडी बढाउने उद्देश्य राखिएको छ।

## ७.४.६ बढैयाताल गाउँपालिकाको बाल अधिकारको अवस्था

आजका बालबालिका नै मुलुकको भविष्यका नेतृत्वकर्ता नायक नायिका हुन्। त्यसैले आजको सरकारी अंगले गर्ने काम बालमैत्री स्थानीय शासनको अवधारणामा आधारित हुनुपर्दछ भन्ने विश्वव्यापी मान्यता रही आएको छ। बालमैत्री स्थानीय शासन भन्नु नै बाल अधिकारमा आधारित शासन प्रशासन भन्ने बुझिन्छ।

बाल अधिकारका माथि उल्लेखित चार वटा भाग वा चार बाकस बालबालिकाका अधिकारका विषयहरू हुन्। ती अधिकारहरू परिवार, समाज र राज्यले परिपुर्ति गरिदिनुपर्दछ। अर्थात, ती अधिकारहरू पूरा गरिदिने दायित्व अभिभावक, समाज र राज्यको हो। त्यसैले यहाँ बाल अधिकारको अवस्था अध्ययन गर्दा मूलत शिक्षा, स्वास्थ्य, खेलुकदको अवस्थालाई विश्लेषण गर्नुपर्ने हुन्छ। उनीहरूको सहभागिताको अधिकारहरूका लागि बालक्लबहरूको गठन, सञ्चालन र बालक्लबका प्रतिनिधिहरूलाई बालबालिकाको सरोकारका संस्था वा निकायमा प्रतिनिधित्वको अवस्थालाई विश्लेषण गर्नुपर्दछ।

गाउँपालिका बन्नुअघि पनि यसमा गाभिएका सबै गाविसहरूमा विभन्न सरकारी तथा गैरसरकारी संस्थाहरूको पहलमा सबै वडाहरूमा केही न केही रूपमा बालमैत्री अभियान सञ्चालन भएको पाइएको छ ।

सबै साविक गाविसहरूमा गाविस स्तरीय बालक्लब सञ्जालहरू कार्यरत छन् । समाजका राजनीतिक तथा सामाजिक क्षेत्रको प्रतिनिधित्व हुने गरी स्थानीय बालमैत्री शासन समिति बनेर काम गरिरहेको अवस्था छ भने सबै गाविसमा बालविवाह लगायतका बाल संरक्षणका मुद्दाहरूमा केन्द्रित भई काम गर्ने गरी गाविस स्तरीय बाल संरक्षण समिति गठन भइ उनीहरूकै पहलमा क्रियाकलापहरू सञ्चालन भइरहेको अवस्था छ । विगतमा भएका बालमैत्री अभियानसम्बन्धी कार्यक्रमहरूको प्रभाव राम्रो परेको छ । त्यस आधारमा पनि बाल अधिकार सम्बन्धी सचेतना यस गाउँपालिका क्षेत्रका अधिकांश घरपरिवार र नागरिकमा पुगेको छ भन्न सकिन्छ । किनकि विगतका तिनै गाउँ विकास समितिहरूलाई समेटेर गाउँपालिका र नगरपालिकाको पुनर्संरचना गरिएको हो । विगतमा विकास भएको चेतना र बालमैत्री अभियानमा लाग्ने सकारात्मक वातावरण बढैयाताल गाउँपालिकाको लागि सम्पति हो । यही सम्पतिलाई समेटर गाउँपालिका अगाडि बढ्न सक्ने अवस्था छ ।

यस अभियानमा विगत वर्षहरूमा गाउँ विकास समितिहरूसँग सहकार्य गर्ने सरकारी तथा गैरसरकारी एवम् सामाजिक संघसंस्थाहरू गाउँपालिकाले भविष्यमा काम गर्दाका महत्वपूर्ण साझेदार बन्न सक्ने संभावना छ । फेरि पनि यस गाउँपालिका क्षेत्रमा बालमैत्री अभियान सञ्चालन गर्नका लागि शून्यमा झरेर काम गर्नुपर्ने अवस्था छैन । कामको अवस्था जुन उचाइमा पुगेको छ त्यहीबाट सुरु गर्न सकिने अवस्था छ ।

बाल अधिकार बहालीका सूचकहरू विभिन्न प्रकारका हुन्छन् । बालमैत्री स्थानीय शासन कार्यविधिले ३९ वटा सूचकहरू तोकेको छ । ती सूचकहरू बालमैत्री अभियानका लागि महत्वपूर्ण हुन्छन् । बालबालिकाको बाँच्न पाउने हकका लागि स्वास्थ्य सेवा तथा खोप अनि मातृशिशुको स्वास्थ्य अवस्थाको विशेष महत्व हुन्छ । विकासको अधिकार खेलकुद र शिक्षासँग सम्बन्धित हुन्छन् । त्यसैले विद्यालय तहको शिक्षा भयरहित वातावरणमा गुणस्तरीय शिक्षा पढ्न पाउने र त्यो भन्दा सानो उमेर बालविकास केन्द्रमा गई पढ्न पाउने अवस्था यसका लागि महत्वपूर्ण हुन्छन् । बाल सहभागिताको अधिकारको लागि भित्तेपत्रिका प्रकाशन र बालक्लबमा आवद्ध हुन पाउने र बालक्लबको तर्फबाट विद्यालय व्यवस्थापन समिति, गाउँपालिका र अन्य सरोकारवाला निकायमा बालबालिका सम्बन्धी विषयमा महत्वपूर्ण निर्णय भइरहँदा बालबालिकाको प्रतिनिधित्व हुनु बालबालिकाको अर्थपूर्ण सहभागिताको दृष्टिकोणबाट महत्वपूर्ण हुन्छ । बाल संरक्षणको सवालमा भयरहित शिक्षा, बेचविखान, यातना, बालविवाह, लागूपदार्थ दुर्व्यसनबाट संरक्षण, अपहरण र अन्य अमानवीय व्यवहारबाट संरक्षण जस्ता विषयहरू पर्दछन् ।

त्यसैले बढैयाताल गाउँपालिकाको बालक्लबको अवस्था, बाल विकास केन्द्रको अवस्था, खोप तथा स्वास्थ्य सेवा सम्बन्धी विवरण यही अभिप्रायबाट यस पार्श्वचित्रमा समेटिएको छ ।

### ७.४.७ बालक्लब

बालक्लब बालबालिकाको आफ्नो संगठन हो । यसमा आवद्ध भएर विचार सुन्ने, आफनो विचार बनाउँने, विचार व्यक्त गर्ने सीप सिक्नुका साथै मानवीय जीवनका लागि आवश्यक अन्य सीपहरू पनि सिक्छन् । यही बालक्लबको माध्यमबाट संगठन सञ्चालन पद्धति, नेतृत्व सीप, लोकतान्त्रिक विधि र व्यवहार सिक्छन् । सुशासनका आधारभूत ज्ञान पनि यसबाट सिक्छन् । बालबालिकाको प्रतिनिधित्व गर्ने महत्वपूर्ण संस्था हो । कुनै ठाउँमा बालबालिकाको प्रतिनिधित्व गराउनु पर्दा त्यसको लागि आधिकारिक निकाय स्थानीय बालक्लब तथा बालक्लब सञ्जालहरू नै हुन् । बालबालिकालाई बोलाएर नाम मात्रको सहभागिता गराउने भन्दा बालक्लबहरू निर्माण तथा सञ्चालनमा गाउँपालिकाले योगदान गर्नुका साथै बालबालिकाको सहभागिता गराउँनु पर्दा बालक्लब वा बालसञ्जाललाई पत्र पठाएर औपचारिक रूपमा प्रतिनिधि माग गरी उनीहरूले पठाएको प्रतिनिधिलाई सहभागी बनाउने गर्नाले बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित हुनुका साथै उनीहरूको प्रतिनिधित्व संस्थागत भएको मानिन्छ ।

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रुपमा बालबालिकाहरु क्रियाशिल रहेका छन । बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यम बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेजहरुमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समूहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्त गर्नका लागि विभिन्न स्तरका नीति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ।

व्यक्तिगत रुपमा गाउँपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेका छन । बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्म दर्ता प्रचारात्मक अभियान, (२) विद्यालय भर्ना अभियान, (३) बालश्रम न्युनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिबृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन ।

### ७.४.८ बाल विकास केन्द्र

आधुनिक शिक्षा पद्धतिले बाल विकास केन्द्रहरूको महत्वपूर्ण भूमिका हुने कुरालाई मान्यता दिएको छ । विद्यालय जाने उमेर नपुगेका बालबालिकालाई बाल विकास केन्द्रमा राखेर विद्यालय जान बानी पार्नुपर्दछ भन्ने मान्यता रही आएको छ । त्यसैले सरकारले विद्यालयमा आधारित बाल विकास केन्द्रहरू, समुदायमा आधारित बाल विकास केन्द्रहरू तथा पूर्व प्राथमिक विद्यालय शिक्षाहरूमा विशेष लगानी गरिरहेको छ । बालबालिकाको प्रारम्भिक सिकाइ र सामाजिकीकरणको पूर्व अभ्यास यही समयमा हुने भएकोले बाल विकास केन्द्रहरू मार्फत यस्ता सेवाहरू दिनुपर्ने अवधारणा ल्याएको छ ।

## ७.५ अपाङ्गताको विवरण

शरीरका अङ्गहरू र शारीरिक प्रणालीमा भएको समस्याका कारण भौतिक, सामाजिक, सांस्कृतिक वातावरणका साथै सञ्चार समेतबाट सिर्जना भएको अवरोधसमेतले दैनिक क्रियाकलाप सामान्यरूपमा सञ्चालन गर्न एवं सामाजिक जीवनमा पूर्ण सहभागी हुन कठिनाइ हुने अवस्थालाई अपाङ्गता भनिन्छ। खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समस्याका कारण उत्पन्न Trachoma रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र संघीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ।

सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिकासमेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरीक अपाङ्गता, दृष्टिविहीन र न्युन दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। नेपालको संविधान २०७२ को भाग ३ अन्तरर्गत धारा ३१ को उपधारा (३) मा अपांगता भएका र आर्थिक रूपले विपन्न नागरिकलाई कानून बमोजिम निःशुल्क उच्च शिक्षा पाउनेहक हुनेछ र उपधारा (४) मा दृष्टिविहीन नागरिकलाई ब्रेललिपि तथा बहिरा र स्वर वा बोलाइ सम्बन्धी अपांगता भएका नागरिकलाई सांकेतिक भाषाको माध्यमबाट कानून बमोजिम निःशुल्क शिक्षा पाउने हक हुनेछ भनी उल्लेख गरिएको छ भने धारा ४२ को उपधारा (३) मा अपांगता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मानपूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक हुनेछ भनी उल्लेख भएको छ।


यद्यपि अपाङ्गता भएका व्यक्तिहरु परिवार समुदायमा अपहेलित र उपेक्षाको सिकार हुने गरेको पाईन्छ। हामी साम् खुला आकाशमा आफ्नै जीवन बोझ सम्झिएर भौँतारिएका आपाङ्गहरु प्रत्येक दिन बाटोमा अलपत्र अवश्थामा देखिन्छन्। हालसम्म समुदायमा अपाङ्गता भएकाहरुको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधन र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ साथै यी अपाङ्गता व्यक्तिहरुको सहभागिता, सुविधा तथा प्रतिनिधित्वको लागि तथा सुस्त मनस्थिति र पूर्ण अशक्तता भएका आमा बाबु वा प्रत्यक्ष रूपमा पालनपोषणमा संलग्न व्यक्ति, अभिभावक वा सरोकारवालाहरुले ध्यान दिनुपर्ने देखिन्छ।

घरधुरी सर्वेक्षण २०७२ अनुसार बढैयाताल गाउँपालिकामा रहेको कूल ५१,४५५ जनसंख्या मध्ये १,२०१ जनामा कुनै न कुनै प्रकारको अपाङ्गता रहेको छ। जसमध्ये शारिरीक अपाङ्गता भएका ५८१, दृष्टिविहिन अपाङ्गता भएका १७८, सुनाइ सम्बन्धी अपाङ्गता भएका ११९, स्वर बोलाई सम्बन्धी अपाङ्गता भएका ११४ रहेका छन्। थप अपाङ्गता तथा वडागत अपाङ्गताको विवरण तालिकामा प्रस्तुत गरिएको छ।

**तालिका नं. १६२ :** अपाङ्गताको आधारमा जनसंख्या विवरण

| वडा नं. | अपाङ्गता नभएको | शारीरिक अपाङ्गता | दृष्टिसम्बन्धी अपाङ्गता | श्रवण दृष्टिविहिन | सुनाई सम्बन्धी अपाङ्गता | स्वर बोलाई सम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहुअपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | ५,१६० | ६९ | ३२ | | १२ | १२ | ९ | ४ | १२ | ५,३१० |
| २ | ६,४१९ | ६१ | १९ | ५ | २० | १९ | ८ | ७ | ९ | ६,५६७ |
| ३ | ६,१६५ | ७० | २२ | ४ | १३ | १३ | १२ | २ | ७ | ६,३०८ |
| ४ | ५,३६२ | ८५ | १२ | २ | ७ | ७ | ५ | | १३ | ५,४९३ |
| ५ | ४,४२९ | ४३ | १९ | १ | १२ | ११ | ५ | २ | १ | ४,५२३ |
| ६ | ५,९१४ | ७३ | १५ | ५ | १० | १० | ११ | ४ | ९ | ६,०५१ |
| ७ | ५,२४८ | ५० | २४ | १० | १८ | १३ | १८ | २ | ५ | ५,३८८ |
| ८ | ५,६६९ | ७५ | १९ | ४ | १८ | १२ | १६ | २ | ३ | ५,८१८ |
| ९ | ५,८८८ | ५५ | १६ | ४ | ९ | १७ | ५ | १ | २ | ५,९९७ |
| जम्मा | ५०,२५४ | ५८१ | १७८ | ३५ | ११९ | ११४ | ८९ | २४ | ६१ | ५१,४५५ |

*स्रोतः घरधुरी तथ्याङ्क संकलन, २०७५*




## ७.६ फोहोरमैला व्यवस्थापन

गाउँपालिकालाई सधैँ सफा राखि वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई निरन्तरता प्रदान गर्दै आएको क्रममा वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपद व्यवस्थापन समितिको अगुवाई र सहकार्यमा टोल तथा वडास्तरमा सरसफाई हुने गरेको पाइन्छ। फोहोरमैला व्यवस्थापनका लागि थप उपकरणहरुको व्यवस्थापन गर्न अझैं लाग्नु पर्ने देखिन्छ। यसबाट आम गाउँपालिकाबासीहरुमा व्यापक रुपमा सरसफाई जागरणको लहर फैलिएको छ। हाल गाउँपालिकामा उत्पादित फोहोर आफै व्यवस्थापन गर्ने, खोल्सा खोल्सीमा खाल्टा बनाइ पुर्ने गरेको देखिन्छ। हाल यस गाउँपालिकामा देखिएका समस्याहरु देहाय बमोजिम रहेको छ :

- ✓ फोहोर व्यवस्थापनका नाममा फोहोरहरु खोलाखोल्साका होचा भागमा अनियन्त्रित तरिकाले फाल्ने प्रबृति यत्रतत्र देखिन्छ। यसरी फ्यालिएको फोहोर बर्षातका समयमा पानीले बगाएर खोला खोल्सा तथा नदीका तल्लो भाग सम्म पुऱ्याएर प्रदुषणलाई बिस्तारित गर्दछ।
- ✓ जमीनका होचाभाग पानीका स्रोत पनि हुने भएका र तिनै पानी सतहमा देखिने एवं जमीनको भित्रपनि छिरेर जानेहुँदा होचा भागमा फालिएको फोहोरले सतहको पानी तथा जमीन भित्रको पानी समेतलाई प्रदुषित गर्दछ।
- ✓ फोहोरमैला व्यवस्थापन गर्न निम्न कुरामा ध्यान दिनुपर्ने देखिन्छ।
- ✓ भान्छाकोठाबाट निस्केको फोहोरलाई कुहिने र नकुहिने गरी छुट्याउने।
- ✓ कुहिनेलाई मलमा प्रयोग गर्न तालिम तथा हरेक घरधनीलाई उत्प्रेरित गर्ने कार्यक्रम गाउँपालिकाले गर्ने।
- ✓ नकुहिने फोहोरलाई पून: बिभिन्न तहमा छुट्याउने जस्तै काठ, प्लाष्टीक, धातु, सीसा। यी फोहोरलाई आवश्यकताअनुसार पहिचान गरिसकेकपछि पून प्रयोगमा आउनेलाई सम्बन्धित सेवा व्यवस्थापन तर्फ जोड दिने। यस गाउँपालिका क्षेत्रका खुला स्थान जहाँ पानीको स्रोत छैन त्यहाँ वैज्ञानिक तवरबाट छनौट गर्न व्यवस्था गर्ने

### ७.६.१ फोहोरमैला व्यवस्थापन गर्ने स्थानको आधारमा घरधुरीको वितरण


**तालिका नं. १६३ :** फोहोरमैला व्यवस्थापन गर्ने स्थानको आधारमा घरधुरीको वितरण

| वडा नं. | घरमा नै लिन आउँछ | फोहोर थुपार्ने ठाउँमा/क्यानमा | घरको कम्पाउण्ड भित्र बाल्ने | घरको कम्पाउण्ड भित्र गाड्ने | नदि वा खोल्सामा | सडक/सार्वजनिक स्थलमा | कम्पोष्ट मल बनाउने | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | १ | ८७३ | २३ | २ | ५ | ४४८ | २ | १,३५४ |
| २ | ३ | १० | ८१७ | ७९ | ४१ | १५ | ५५६ | ८ | १,५२९ |
| ३ | | १० | ९५१ | ९१ | ७ | २ | ४०२ | ५ | १,४६८ |
| ४ | | ९९ | ५८२ | ११५ | | | ४१७ | ४ | १,२१७ |
| ५ | | १८९ | २१७ | ४८ | ४ | | ४७३ | | ९३१ |
| ६ | | ७२४ | ३३१ | ५३ | १ | १० | २७६ | १४ | १,४०९ |
| ७ | ४ | १४२ | ४२५ | २५७ | ४१ | ४ | ३२३ | | १,१९६ |
| ८ | ४ | २१ | १,००८ | ८८ | ३० | | २७३ | २ | १,४२६ |
| ९ | | १५८ | ७ | | | १ | १,३९३ | | १,५५९ |
| जम्मा | ११ | १,३५४ | ५,२११ | ७५४ | १२६ | ३७ | ४,५६१ | ३५ | १२,०८९ |

*स्रोत: घरधुरी तथ्याङ्क संकलन, २०७५*

गाउँपालिकामा रहेका कुल घरपरिवारहरू मध्ये ४,५६१ अर्थात ३७.७३ प्रतिशतले कम्पोष्ट मल बनाउने गरेको, ५,२११ अर्थात ४३.१ प्रतिशतले आफ्नै कम्पाउण्ड मित्र बाल्ने, ७५४ अर्थात ६.२ प्रतिशतले आफ्नै कम्पाउण्ड भित्र गाड्ने वा थुपार्ने, १३५४ अर्थात ११.२ ले फोहर थुपार्ने क्यानमा राख्ने, १२६ अर्थात १ प्रतिशतले खोल्सामा र ३७ अर्थात ०.३ प्रतिशतले सार्वजनिक स्थलमा फाल्ने र बाँकि केहिको घरमा नै संकलन गर्न आउने गरेको पाइयो। ग्रामीण इलाका तथा कृषि मुख्य पेशाको रुपमा रहेकोले यहाँका अधिकांश घरपरिवारले फोहरलाई

कम्पोष्ट मलको रुपमा प्रयोग गरेकोले यो फोहर व्यवस्थापनको उत्तम उपाय रहेतापनि फोहरको प्रकृति अनुसार प्लाष्टिक जन्य तथा अन्य नसड्ने फोहरहरू खेतीयोग्य जमिनमा पर्न जाँदा क्रमशः भू-प्रदुषण बृद्धि भई उत्पादकत्वमा ह्रास आउन सक्ने देखिन्छ। अर्कोतर्फ जलाउने, खोल्सामा फाल्ने साथै सार्वजनिक स्थलमा समेत फाल्ने कार्यहरूले प्रदुषण वृद्धिगराई जनस्वास्थ्यमा प्रत्यक्ष असर गर्दछ। तसर्थ फोहरको उचित व्यवस्थापनमा समुदायलाई सचेत बनाउनुपर्ने देखिन्छ।




## ७.१२ शवदाह/ चिहानहरुको विवरण

विभिन्न धर्म र चालचलन अनुसार मानिसको मृत्यु भइसकेपछि अन्तिम संस्कार गर्ने फरक फरक चलन रहँदै आएको छ। हिन्दु धर्म मान्ने मानिसहरुको मृत्युपछि अन्तिम संस्कार नदीको किनारमा घाटमा जलाएर गर्ने गर्छन् भने बौद्ध धर्मावलम्बीहरुले चिहानडाँडामा लगेर जलाएर नै अन्तिम संस्कार गर्ने गरेको पाइन्छ। क्रिस्चियन धर्मावलम्बीहरुले लासलाई कफिनभित्र राखेर जमिनमुनी गाडी अन्तिम संस्कार गर्दछन्। बढैयाताल गाउँपालिकामा भएका शवदाहहरुको तल उल्लेख गरिएको छ।

# खण्ड ८ : वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पती

नेपालको प्रदेश नं ५ बर्दिया जिल्ला वन वातावरण र जैविक विविधताको दृष्टिकोणले अझ्यापी सम्पन्न जिल्लाको श्रेणीमा पर्दछ। बर्दिया जिल्लाको यस बढैयाताल गाउँपालिकामा कुल क्षेत्रफल ११५.१९ वर्ग कि.मि. मध्ये ३.४१ प्रतिशत वनस्पिति, ०.२६ बगैंचा, ३.८४ प्रतिशत घाँसेमैदान र २.१९ प्रतिशत छरिएका रुखहरुले ओगटेको छ। जुन राष्ट्रिय वन र सामुदायिक वन क्षेत्रको रुपमा रहेको छ।

यस गाउँपालिकामा पाइने प्रमुख बनस्पतीका प्रजातिहरूमा, साल, सिसौं, सिमल, जामुन, कदम, खयर, करम, पिठारी, छतिवन, वोहरी, खमारी, वोटधँगेरो, बकाईनो, इप्पील, टिक, वर, पीपल, बेल, अमला, निम, पलाँस, आँप, डुम्री, कटहर, लिची, नरिवल, सुपारी, वयर, काँशीअमला, कैँदल, राजवृक्ष, अशोक, चेरी, समी, मसला, वडहर, अम्बा, केरा, कागती, भोगटे, सरिफा, दारिम, तित्री, फडिर, असारे, साज, सादन, कुम्भी, हर्रो-बर्रो, हल्लुडे, सिरीस, तारी, कुसुम, क्यामुना, दबदबे, टुनी, सान्दन, कर्मा, मालती, पाचपाते, सतिसाल, कुम्भी, अशोक, सपेटा। यसै गरी घिस्रने जन्तुहरूमा गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि र चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, सारस आदि प्रजातिका स्थानीय र आप्रवासी चराचुरुङ्गीहरु पाइन्छन्।

## ८.२ जैविक विविधता सम्बन्धी विवरण

बढैयाताल गाउँपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरुपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरुपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्युनीकरण गर्न नितान्त आवश्यक छ। वातावरणीय असन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस गाउँपालिकामा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ। यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावारको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस गाउँपालिकामा सामुदायिक वन जस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ।

यस गाउँपालिकामा उष्ण प्रदेशीय जलवायु भएको कारण यस क्षेत्रमा साल, सिसौं, हल्लुडे, अमला, हर्रो, बर्रो, खयर, सिमल, विजयसाल, राजवृक्ष, आदि जातका विरुवाहरू पाइन्छन् । जसमध्ये काँसीअमला, हर्रो, बर्रो, बोहरी, फडिर, खमारी, असारे, साज, सादन, कुम्भी, कुसुम आदि क्रमशः लोप हुदै जाने अवस्थामा रहेका छन । गैर काष्ठ पैदावारको रुपमा व्यापारिक र आयुर्वेदिक महत्वका दृष्टिकोणले उपयुक्त देखिएका पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुभ्कार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनभ्कार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोभ्को, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्यूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोभ्कार, कदम/संजिवन, हलेदो, टिङ्चुरभ्कार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेभ्कार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि जस्ता वन पैदावारहरूको उपलब्धता पनि रहेको छ। यी मध्ये हाडजोर, गुजरगाँनो, खिर्रो, हर्रो, बर्रो, पिप्ला, भोगटे, पानी अमला, अर्चल, लहरो, क्यामुना आदि लोपोन्मुख अवस्थामा रहेका छन् ।

यस गाउँपालिका क्षेत्रमा रहेका वनजंगलहरुले बाघ, भालु, चितुवा, चित्तल, हरिण दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, हात्ती, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, खरायो, मलसाप्रो, ढेडु आदि प्रजातिका जीवहरूको लागि उपयुक्त वासस्थान उपलब्ध गराएको छ। गाउँपालिकामा रहेका वनक्षेत्र तथा विभिन्न खोलानालाहरुले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषतः कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कच्याङकुरुङ, भद्राई, सारस तथा विभिन्न घिस्रने जन्तुहरू गोमन, गनगवाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिंगर, भित्ती, कछुवा, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ। यद्यपी वनजंगल अतिक्रमणका कारण प्रकृती प्रदत्त यी जैविक र वनस्पतिय अमुल्य वन सम्पदाहरूको विस्थापन र विनाशको क्रम तिव्ररुपले बढ्दै गइरहेको छ। वर्षेनी वन क्षेत्र फडानी भई चुरे क्षेत्र नाङ्गा डाँडामा परिणत हुँदै जानु र अन्य वन क्षेत्र कृषियोग्य भूभागमा परिणत हुनु तथा वन्यजन्तुहरूको वासस्थान एवं वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रुपमा देखिएको छ।

## ८.३ गाउँपालिकामा पाईने वन्यजन्तु

### (क) वन्यजन्तु

बढैयाताल गाउँपालिकामा विभिन्न प्रकारका स्तनधारी वन्यजन्तुहरु पाइन्छन् । यस गाउँपालिकामा पाइने प्रमुख वन्यजन्तुहरुमा बाघ, भालु, चितुवा, चित्तल, दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, जरायो, मृग, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, रतुवा, निलगाई, हात्ती, खरायो, मलसाप्रो, ढेडु आदि छन।

### (ख) चराचुरुङ्गी

बढैयाताल गाउँपालिकामा करिब विभिन्न प्रकारका चराहरु पाइन्छन् । यस गाउँपालिकामा पाईने चराचुरुङ्गीहरुमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रुपी, चखेवा, पिरौटा, भुँडिफोर, चिवे, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कच्याङकुरुङ, भद्राई, लामपुच्छ्रे, राजक छेग्रा, सारस आदि प्रमुख छन ।

### (ग) घस्रने जिवजन्तुहरू

यस गाउँपालिकामा पाइने घस्रने जिवजन्तुहरूमा मगर गोही, कछुवा, अजिँगर, भित्ती, गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, बैरिकरेट, हरेउ, ढोडिया, सुनगोहोरो, अनेक प्रकारका सर्प तथा छेपारो, भातेमहुरा, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि प्रमुख छन ।

### (घ) जलचर तथा उभयचर जीवहरु

सेधरी, डिंरा, चरंगी, रावा, डरही, कूरसा, रोहू, सौरी, सिंगी, मंगूरा, मैलवा, डोंगी, खेसटी, टेंग्रा, वामे, वक्काइन, ढोरी, हराट, परनी जातका माछाहरु, डल्फीन, ठोटेरा, गँगटा, भ्यागुता, विभिन्न प्रजातीका घुँघी आदि ।

### (ङ) कीरा फट्याङ्ग्राहरु

मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, भुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्युँ, माकुरा, बअरिमोठे, डाँस, पतेरो, साङ्लो, लामखुट्टे सयौं प्रकारका किरा फट्याङ्गाहरु आदि ।

### (च) फूलका प्रजातिहरु

सयपत्री, गोदावरी, मखमली, बाह्रमासे, गुलाव, लालुपाते, घन्टीफूल, तिउर, बाबरी, भालेफूल, पारिजात, लाहुरे चुवा, पलाँस, मसुन्डा आदि बढैयाताल गाउँपालिकामा पाईने फुलका प्रजातिहरु हुन् ।

## ८.४ वनजंगल

बढैयाताल गाउँपालिका समुद्री सतहबाट न्यूनतम १४३ देखि मिटरको उचाईदेखि शुरु भएर अधिकतम १५७ मिटरसम्म गएर अन्त्य भएको छ । गाउँपालिकाले कुल भुभागको कुल क्षेत्रफल ११५.१९ वर्ग कि.मि. मध्ये ३.४१ प्रतिशत वनस्पिति, ०.२६ बगैंचा, ३.८४ प्रतिशत घाँसेमैदान र २.१९ प्रतिशत छरिएका रुखहरुले ओगटेको छ । यस गाउँपालिकामा वन क्षेत्रभित्र जैविक विविधता रहेको छ । वनक्षेत्र भित्र केहि सिमसार क्षेत्र र घाँसे मैदानहरु समेत रहेका छन् । गाउँपालिका बाहिरका अन्य नगरपालिका/गाउँपालिका तथा जिल्लाहरुमा करिव करिव लोप अवस्थामा पुगेको प्राकृतिक रुपमा सिसौ र खयर जस्ता महत्वपूर्ण प्रजाति पाईने नदी तटीय वन यस गाउँपालिकामा प्रशस्तै मात्रामा रहेको छ । यो विशिष्ट वातावरणीय अवस्थासँग यहाँ बग्ने खोलानालाको अभिन्न सम्बन्ध रहेको छ ।

उष्ण र सम-शितोष्ण प्रदेशीय भएको यस गाउँपालिकाको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ । हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातिको आधारमा यस गाउँपालिकामा विभिन्न किसिमका वनहरु जस्तै सालको वन, तराई हार्डउड, खयर सिसौं, मिश्रित वन र झाडी बुट्यान रहेका छन् ।

## ८.४.१ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीति अनुसार यस गाउँपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरु नै हुन्छन्। यो कार्यक्रम शुरुमा लागू भएको हुँदा यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरुमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभुत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरुको गरिवी निवारण, जीविकोपार्जन, जैविका विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिता जस्ता नयाँ-नयाँ सवालहहरु समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पुऱ्याउन सक्ने विश्वास गरिएको छ। जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरु संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ। विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ।

सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरुप उजाड र मरुभूमीकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रुपमा संरक्षित भएका छन। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्धता हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

बौद्धिक सम्पदा अधिकार (Patent right) का विषयमा र WTO सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु र अनुशिक्षण दिनुपर्ने देखिन्छ। गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावारको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैरसरकारी संस्थाहरूलाई गाउँपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो गाउँपालिकाले अग्रणी भूमिका खेलेको छ। गाउँपालिकामा वनहरुको संख्या धेरै भएपनि ती सबैलाई उपभोक्तालाई हस्तान्तरण गरिसकिएको छैन ।

**तालिका नं. १६४ :** समुदायिक वन उपभोक्ता समिति

| सि.नं. | समूह दर्ता | सा.व.उ.के नाम | ठेगाना | लाभान्वित घरधुरी | लाभान्वित जनसंख्या | क्षेत्रफल (हे.) | समूह दर्ता मिति | हस्तान्तरण मिति |
|---|---|---|---|---|---|---|---|---|
| १ | ५१ | शिवशक्ति | कालिका १ | २६६ | १६४४ | १५५ | १२/२८/२०५५ | ८/२५/२०६० |
| २ | १३२ | मयूर | कालिका ३ | ३७६ | १७३४ | १०४।२८ | ६/१७/२०५९ | २/१२/२०६२ |
| ३ | १५१ | सृजना | कालिका ४ | २६३ | १३४४ | ३८।८ | ५/२५/२०६० | ११/१/२०६३ |
| ४ | १५९ | त्रिपुरा | कालिका ९ | ११५ | ६१६ | ४२ | ८/८/२०६० | २/१९/२०६२ |
| ५ | १६१ | सरस्वती | कालिका ६ | ९२ | ५२१ | १३।७ | ५/२५/२०६० | ११/१/२०६३ |
| ६ | १६८ | तिलकाना | कालिका ८ | २६७ | १५०६ | ६९।७५ | ८/८/२०६० | २/१९/२०६२ |
| ७ | १८३ | कालीका मन्दिर | कालिका ७ | १९७ | १०३९ | ७७।९ | ८/२५/२०६० | १०/१५/२०६१ |
| ८ | १९९ | फुलपुर एक्काइसा | कालिका २ | ११५ | ६०१ | ३१।१ | ३/२७/२०६१ | ४/२१/२०६३ |
| ९ | २२८ | मुक्त कमैया | कालिका ४ | १५४ | ७९९ | २५।५ | २/८/२०६२ | ४/२१/२०६३ |
| १० | १५८ | जनकल्याण | कालिका ५ | २५६ | १०४० | ३०।७ | ८/१/२०६० | ६/१३/२०७३ |
| ११ | ३१२ | नवसृजना | कालिका २ | २१० | १००६ | २२।८ | ६/१३/२०७३ | ६/१३/२०७३ |
| १२ | २१ | बग्दैलफाँटा | मैनापोखर ८ | ३६४ | १९४६ | ४५।५६ | ३/२५/२०५५ | ३/२५/२०५५ |
| १३ | ४५ | भदोहि महिला | मैनापोखर ९ | ३२५ | १७६२ | ८७५२ | १२/२८/२०५५ | १/२/२०५६ |
| १४ | ८१ | रेहार | मैनापोखर ६ | २९० | १५०८ | १२।२३ | ८/१४/२०५६ | ९/२८/२०५६ |
| १५ | २७१ | लोखरपुरफाँटा | मैनापोखर १ | १०० | ४९० | ५५।८९ | ७/२७/२०६५ | १०/१४/२०६६ |
| १६ | १८१ | खैरेन फाँटा | सोरहवा ३ | २३९ | १३७१ | २०।५३ | ११/२१/२०६० | ९/२२/२०७० |
| १७ | १९४ | ईन्द्रेणी | सोरहवा २ | २७५ | १५१४ | ४५।९८ | २/२०/२०६१ | १/१६/२०६२ |
| १८ | २६० | महुवा रेहरवा | सोरहवा २ | २५३ | १४३० | ३८।९५ | १२/२२/२०६३ | २/११/२०६४ |
| १९ | २६३ | सितल वनछाया | सोरहवा ३ | ३२४ | १३२४ | ३४।५५ | १२/२६/२०६३ | १/६/२०६४ |
| २० | २६९ | मानभ्फुण्डी | सोरहवा ९ | १२०८ | ७९७१ | २५४।९१ | ७/७/२०६५ | ३/१०/२०६६ |
| २१ | २८७ | सौभाग्य | सोरहवा ३ | ११० | ६९२ | १०।२ | १०/१०/२०६६ | १०/१०/२०६६ |
| २२ | २८९ | प्राकृतिक | सोरहवा ४,५ | १४३ | ७७२ | १६।०२ | १०/२८/२०६६ | १२/१९/२०६६ |
| २३ | ७८ | सृजनशील | जमुनी ५ | १४५ | ७६० | ३०।४९ | ३/९/२०५६ | १०/११/२०५७ |
| २४ | ९३ | सिमलखल्ला | जमुनी ५ | २४४ | १३२५ | ७४।२७ | ५/२/२०५७ | १/२३/२०६० |
| २५ | १४० | शान्ति | जमुनी ९ | ४८७ | २५१३ | ९०।३९ | ११/२/२०५९ | १/२/२०७० |

*स्रोतः गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ८.४.२ निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था

हाल यस गाउँपालिकाका वन उपभोक्ताको निजी आवादीमा वृक्षारोपण गरिएका रुख प्रजातिहरुमा सिसौ, बकाईनो, निम, कुटमिरो, किम्बु, इपिलइपिल, बडहर, टीक, खनियोको वाहुल्यता रहेको छ भने फलफुल जातका प्रजातिहरुमा अम्वा, कटहर, अमरा, मेवा, केरा, आँप आदी पर्दछन । वनमा पाईने रुख प्रजातिहरु साल, असना, कर्मा, सिमल, हर्रो, वर्रो, पीठारी, कदम, जामुन समेत आवादी क्षेत्रमा रहेको पाईन्छ ।

**तालिका नं. १६५ :** निजी आवादीमा रहेका रुख विरुवाहरुको अवस्था

| सि. नं | निजी वन कर्ताको नाम | ठेगाना | दर्ता नं. | दर्ता मिति | जग्गा रहेका ठेगाना | जग्गाको क्षेत्रफल | रुखविरुवाको संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | श्री चन्द्र बहादुर पराजुली | कालिका ५ | २ | ४/१९/२०५१ | कालिका ५ | १-०-११.५ | १८८ |
| २ | श्री सरोज कुमार रेग्मी | कालिका ४ | ३ | ६/४/२०५१ | कालिका ४ | ०-२-० | १०० |
| ३ | श्री मान बहादुर चन्द | कालिका ५ | १३ | १०/२९/२०५३ | मैनापोखर ७ ग | ०-१९-५ | १००० |
| ४ | श्री टिकाराम भुषाल | मैनापोखर ७ ग | १४ | १०/२९/२०५३ | मैनापोखर ७ ग | १-०-६.५ | १४० |
| ६ | श्री कुल बहादुर मगर | जमुनी ५ क | १६ | ११/१४/२०५४ | जमुनी ५ क | ०-१६-६ | ७१५ |
| ७ | तिलक बहादुर पोखेल | कालिका ६ | ३२ | १०/२१/२०५५ | कालिका ६ | ०-११-९ | ३६ |
| ८ | कर्ण बहादुर राना मगर | कालिका ६ | ३३ | १०/२१/२०५५ | कालिका ६ | १-१८-५.५ | ४२ |
| ९ | सीतादेवी पोखेल | कालिका ६ | ३४ | १०/२१/२०५५ | कालिका ६ | ०-१२-११ | ४८ |
| १० | ज्ञान बहादुर खवास | जमुना ९ | ४१ | २/२७/२०५६ | जमुना ९ | ०-५-२ | 160 |
| ११ | बैकुण्ठ शम्सेर ज.व.रा | मैनापोखर १ | ४२ | ३/१६/२०५६ | मैनापोखर १ | ३-५-००० | ४९०० |
| | | | | | | ०-०-७ | |
| १२ | बिष्णु बराल | सोरहवा | ५५ | २/३/२०५८ | सोरहवा २ | ६-१०-००० | ४४२ |
| १३ | पंचलाल नापित | कालिका ६ | ६४ | १/१५/२०५९ | कालिका ६ | १-१-०१७ | २०५ |
| १४ | श्रीमती शुभद्रा नापित | कालिका ६ | ६५ | १/१५/२०५९ | कालिका ६ | १-१८-००२ | ३२५० |
| १५ | श्रीमती शारदा नापित | कालिका ६ | ६६ | १/१५/२०५९ | कालिका ६ | ०-१०-०० | १५४५ |
| १६ | गौरिकान्त अधिकारी | मैनापोखर ४ | ६८ | ५/९/२०५९ | मैनापोखर ४ | १-६-००० | २५४ |
| १७ | कृष्ण प्रसाद भट्टराई | सोरहवा १ | ७२ | २/२०/२०६१ | सोरहवा १ | २३९० वर्ग मी. | २८३ |
| १८ | नारायण दत्त पौडेल | बढैयाताल गा.पा. ३ | ९९ | ३/८/२०७४ | साविक सोरहवा ८ | ८४९१ वर्ग मी. | ५०५७ |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ८.५ जडिबुटी सम्बन्धी विवरण

यस गाउँपालिकाको वन क्षेत्रमा पाइने जडिबुटीहरूमा पिपला, चानमडुवा, रुदिलो, तितेपाती, असुरो, चावो, गुर्जो, आँक, वलुभ्कार, कुरीलो, घोडताप्रे, खिर्रो, हाडजोर, धुसुरे, भोगटे, पानी, अमला, अर्चल, गुजरगाँनो, दुवो, आइटीनभ्कार, तुलसी, पारीजात, टोटलो, घ्युँकुमारी, निम, बोभ्रो, वाकलपाते, सुतानी लहरो, हाडेलसुन, उन्डूँ, अपमार्ग, सयपत्री फूल, पाँचपाते, चरिअमिलो, मरहट्टे, वावरी सुइचोभ्कार, कदम/संजिवन, हलेदो, टिङ्चुरभ्कार, सिउँडी, चरचरेलहरो, वेल, अमला, मथेभ्कार, बर, पिपल, अम्बा, राजवृक्ष, क्यामुन, हर्रो, बर्रो, सुनलहरो, चिप्ले वहरो, तरवारे, धोवी, सिमली, रुद्रघण्टी, हड्चुर आदि आदि जडिबुटीहरू संकलन तथा बिक्री हुने प्रसस्त सम्भावना रहेको देखिन्छ।

## ८.६ वन पैदावारमा आधारित उद्योगहरूको विवरण

बढैयाताल गाउँपालिकाको वन पैदावारमा आधारित उद्योगहरूको अध्ययन गर्दा स:मिल तथा फर्निचर उद्योगहरू, ईटा टायल उद्योग आदि रहेका छन । यी उद्योगहरूबाट पनि ठूलो परिमाणका काठको खपत हुने गरेको छ।

## ८.७ वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ। गाउँपालिकामा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ। यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू अत्यधिक प्रभावित भएका छन् प्राकृतिक रुपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ। जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ।

वन नीति २०७१ का अनुसार वन संरक्षणमा चाल्नुपर्ने कदमहरु निम्न बुँदामा उल्लेख गरिएको छ।

- ✓ घरायसी तथा अन्य इन्धनको रुपमा प्रयोग हुने काठ वा वन पैदावारको विकल्पमा अन्य वैकल्पिक उर्जाको प्रयोगलाई प्रोत्साहन गर्ने ।
- ✓ बहुपक्षिय सहभागितात्मक संयन्त्रको विकास गरी चोरी शिकारी, अवैध कटान, वन पैदावारको अवैध संकलन, अत्यधिक चरिचरन, मिचाहा प्रजाती र डढेलो नियन्त्रण गर्ने ।
- ✓ पर्यटन प्रवर्द्धनको विकासका लागि राष्ट्रिय वनमा तोकिएका प्रजातिका वन्यजन्तु तथा विरुवाको संरक्षण, प्रजनन् र उपयोग गर्ने ।
- ✓ दिगो वन व्यवस्थापनको नीति अवलम्वन गर्ने ।
- ✓ जौविक विविधता, सिमसार क्षेत्रको संरक्षण र जलवायू परिवर्तनको विषयमा एकिकृत कार्यक्रम संचालन गर्ने ।

# खण्ड ९ : विकास सूचकाङ्क र गरिबीको स्थिति

## ९.१ मानव विकास सुचकको विवरण (HDI)

मानव विकास सूचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन् । यी तिनवटै परिसूचकलाई समावेश गरी मानव विकासको सूचकाङ्क निर्धारण गरिएको छ। हरेक देश/ठाउँका जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवनस्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो। UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ। यो प्रतिवेदन अनुसार बर्दिया जिल्लाको मानव विकास सूचकाङ्क ०.४७५ (नेपालको ०.४९०) रहेको छ। अर्थात् बर्दिया जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषत भन्दा कम देखिन्छ। मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने दोस्रो स्थानमा ललितपुर मानव विकास सूचक ०.६०१ रहेको छ। पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्क ०.३६४ रहेको छ। मानव विकास सूचकाङ्कका अवयव सूचकहरू हेर्ने हो भने बर्दिया जिल्लाको हरेक व्यक्तिको अपेक्षित औषत आयु (Life Expectancy) ६७.२६ वर्ष र यसको सूचक ०.७०४, प्रौढ साक्षरता दर (Adult literacy) ५६.५४ प्रतिशत र यसको सूचक ०.५६५, शिक्षा आर्जनमा खर्चेको औषत समय (Mean years of schooling) ३.४६ वर्ष र यसको सूचक ०.२३९, कुल प्रतिव्यक्ति आय (Per Capita Income) ११३३ अमेरिकी डलर र यसको सूचक ०.४०५ रहेको देखिन्छ।

**तालिका नं. १६६ :** मानव विकास सुचकको विवरण (HDI)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास सूचक |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी (क्रय शक्ति) | | |
| | मान | सूचक | मान | सूचक | मान | सूचक | मान | सूचक | ज्यामितीय मध्यक |
| **नेपाल** | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | ०.४९० |
| **बर्दिया** | ६७.२६ | ०.७०४ | ५६.५४ | ०.५६५ | ३.४६ | ०.२३९ | ११३३ | ०.४०५ | ०.४७५ |

*स्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४*

## ९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंख्याको प्रतिशत तथा कुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशत जस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रुपमा विकास गरिने मानव गरीबी सूचकाङ्कको स्थिति हेर्दा बर्दिया जिल्ला मानव विकास सूचकाङ्कको स्थिति समग्र नेपालको तुलनामा सन्तोषजनक देखिदैन । बर्दिया जिल्लाको मानव गरीबी सूचकाङ्क मान ३२.३० (नेपालको ३१.१२) रहेको छ। यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ

किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ। जस्तैः प्रौढ निरक्षरता दर। मानव गरीबी सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थानमा हुम्ला जिल्लाको मानव गरीबी सूचकाङ्क ४९.२६ रहेको छ भने पुच्छारमा रहेको कास्की जिल्लाको मानव गरीबी सूचकाङ्कक १६.५० रहेको छ। मानव गरीबी सूचकाङ्कका अवयव सूचकहरूमा बर्दिया जिल्लाको प्रौढ निरक्षरता दर (Adult illiteracy rate) ४३.४६ प्रतिशत, ४० वर्ष सम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 40) ८.८४ प्रतिशत, सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water) २.१४ प्रतिशत र ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या (Percentage of children under age five who are malnourished) ५०.६० प्रतिशत रहेको देखिन्छ।

*(स्रोत : नेपाल मानव विकास प्रतिवेदन ,२०१४, UNDP,NEPAL)*

## ९.३ मानव विकास र गरीबी

नेपालमा गरीबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार बर्दिया जिल्ला न्यून समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७५ जिल्लाहरू मध्ये यो जिल्ला ४५ औं स्थानमा रहेको छ र गरीबीको दर ८.१६ प्रतिशत रहेको छ। जिल्लामा गरिबीको रेखामुनी रहेको संख्या १,२१,१७८ रहेको देखिन्छ। गरिबीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरिबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

**तालिका नं. १६७ :** गरीबीको दरको विवरण

| गरिबीको स्थान | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| ४५ | २८.६६ (८.१६) | ७.०५ (२.६१) | २.५३ (१.०९) | १२११७८ |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

## ९.४ गरिबी न्यूनीकरण

सहरी गरिबी न्यूनीकरणका लागि स्वरोजगर सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरुमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरुमा विभिन्न शिपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ।

## ९.५ समग्र विकास स्थिति

घरधुरी सर्वेक्षण २०७४ अनुसार ५१,४५५ जनताको बसोबास भएको यस बढैयाताल गाउँपालिकामा खास गरी सामाजिक रुपले पछिपरेका र आर्थिक रुपले विपन्न अवस्थामा रहेका गरिबीको रेखामुनि परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रुपले समुन्नत गाउँपालिकाको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रुपमा समाधान गर्न विगत देखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रुपान्तरणलाई नै

अहिलेसम्मको मानवीय विकासको रुपमा लिन सकिन्छ। यसरी हेर्दा गाउँपालिकाबासीहरूको मानव विकास सूचकांक, लैंगिक समता सूचकांक, औसत आयु, औसत ग्राहस्थ उत्पादन, औसत साक्षरतादर र औसत आम्दानी जस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा गाउँपालिकाको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ। अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको पर्याप्तता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार गाउँपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ।

सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रुपमा रहेको शिक्षा क्षेत्रमा यो गाउँपालिका बर्दिया जिल्लाका अन्य नगरपालिका/गाउँपालिकाहरुको तुलनामा केही अगाडि रहेको देखिन्छ। घरधुरी सर्वेक्षण २०७४ अनुसार यस गाउँपालिकाको साक्षरता दर ७४.७ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिका पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तैः यस गाउँपालिकाको पुरुषको साक्षरता दर ८०.८ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ६९.६ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग ११.२ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ।

शिक्षा तर्फ र प्राथमिक शिक्षालाई सबै गाउँपालिकाबासीहरुको प्राथमिक अधिकारको रुपमा अझै पनि व्यावहारिक रुपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कुल जाने उमेरका केही बालबालिकाहरुले स्कुल भर्ना भई पढ्न पाइरहेका छैनन्। पहिलो कुरा त स्थापित स्कुलहरुमा समेत कक्षा कोठाहरुको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात कमी रहनु स्वयंममा विडम्बनापूर्ण स्थिति छ भने अर्कातिर मावि र उच्च माविको शिक्षा पुरा गरेका युवाहरुको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन। माध्यमिकस्तरको शिक्षालाई व्यावसायिक नबनाएसम्म हाल शिक्षामा देखिएको निराशाजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन।

यस गाउँपालिकाको जनसंख्या जसरी नेपालको जनसंख्या बढेको छ त्यही स्थितिले यहाँ पनि जनसंख्या बढिरहेको अवस्था देखिन्छ। जनसंख्या दोब्बर हुँदाको अवस्थामा जनतालाई गाँस, बास, शिक्षा र स्वास्थ्य सेवा साथै रोजगारीको व्यवस्था पनि दोब्बर गर्नुपर्ने देखिन्छ।

# खण्ड १० : गाउँपालिकाको संगठनात्मक ढाँचा

## १०.१ हाल कार्यरत कर्मचारीहरुको विवरण

तालिका नं. १६८ : हाल कार्यरत कर्मचारीहरुको विवरण

| नाम | पद | शाखा | फोन नं. |
|---|---|---|---|
| नारायण प्रसाद ढकाल | प्रमुख प्रशासकीय अधिकृत | बढैयाताल गाउँपालिका कार्यालय | ९८५८०३८८८८ |
| बिष्णु पौडेल | जन स्वास्थ निरीक्षक | बढैयाताल गाउँपालिका कार्यालय (स्वास्थ्य) | ९८४८०२२०६० |
| रमेश पौडेल | सूचना अधिकारी | बढैयाताल गाउँपालिका कार्यालय (हे.अ. अधिकृत) | ९८५८०४५३१६ |
| बिष्णु प्रसाद ढकाल | शाखा अधिकृत | बढैयाताल गाउँपालिका कार्यालय ( बि.नि) | ९८५८०६३३३३ |
| अशोक कुमार उपाध्याय | शाखा अधिकृत | बढैयाताल गाउँपालिका कार्यालय (पशु सेवा) | ९८४८०००९५९ |
| कमल खड्का थोकि | सूचना तथा संचार प्रविधि अधिकृत | बढैयाताल गाउँपालिका कार्यालय (LGCDP) | ९८६११८१७३१ |
| सुमन कँडेल | इन्जिनियर | बढैयाताल गाउँपालिका कार्यालय ( सिभिल) | ९८४८०११२२८ |
| गोविन्द प्रसाद त्रिपाठी | ना.सु | बढैयाताल गाउँपालिका कार्यालय ( लेखापाल) | ९८४८०१४४८० |
| उमान बहादुर हमाल | सव इन्जिनियर | बढैयाताल गाउँपालिका कार्यालय ( प्राविधिक) | ९८५८०२४५४४ |
| दुर्गा दत्त बसौला | प्राविधिक सहायक | बढैयाताल गाउँपालिका कार्यालय (कृषि) | ९८४८२००२९२ |
| बिमला गुरूङ्ग | स्रोत व्यक्ति | बढैयाताल गाउँपालिका कार्यालय ( शिक्षा) | ९८४८०२२०२० |
| फणिन्द्र शर्मा | कम्प्युटर अपरेटर | बढैयाताल गाउँपालिका कार्यालय (वडा सचिव (१ र २) | ९८५११९०८६९ |
| कृष्ण बहादुर सापकोटा | ना.सु | बढैयाताल गाउँपालिका कार्यालय (वडा सचिव (३ र ४) | ९८५८०२८५३७ |
| उसमान शाहि | ना.सु | बढैयाताल गाउँपालिका कार्यालय (वडा सचिव (५) | ९८४८१०६६७६ |
| मणिराज पौडेल | ना.सु | बढैयाताल गाउँपालिका कार्यालय (वडा सचिव (६ र ७) | ९८६८२०७१३२ |
| बासुदेव अधिकारि | ना.सु | बढैयाताल गाउँपालिका कार्यालय (वडा सचिव (८ र ९) | ९८४८०२०७०२ |
| विष्णु प्रसाद थारू | ना.सु | बढैयाताल गाउँपालिका कार्यालय ( सहायक कम्प्युटर अपरेटर) | ९८४४८०४७०७ |
| तारा सिंह | ना.सु | बढैयाताल गाउँपालिका कार्यालय (म. बि. नि.) | ९८४८२२१७६१ |
| रमेश डागी | खरिदार | बढैयाताल गाउँपालिका कार्यालय (स्टोर) | ९८५८०६३६०० |

| | | | |
|---|---|---|---|
| कल्पना कुमारि खड्का | अमिन | बढैयाताल गाउँपालिका कार्यालय (प्राविधिक) | ९८६८०८९५३२ |
| कल्पना गाहा | खरिदार | बढैयाताल गाउँपालिका कार्यालय (सा. म. वि. नि.) | ९८४८११८५०० |
| नगेन्द्र शाही | सव इन्जिनियर | बढैयाताल गाउँपालिका कार्यालय (प्राविधिक) | ९८५१२१४७८५ |
| कल्लु थारू | कार्यलय सहयोगी | बढैयाताल गाउँपालिका कार्यालय (स्वास्थ्य) | ९८४८०९५१४४ |
| माधुरि थारू | कार्यलय सहयोगी | बढैयाताल गाउँपालिका कार्यालय | ९८६८६५३६०७ |
| चन्द्र प्रकाश खत्री | कार्यलय सहयोगी | बढैयाताल गाउँपालिका कार्यालय | ९८०४५७७८२२ |
| कमला रेग्मी | कार्यलय सहयोगी | बढैयाताल गाउँपालिका कार्यालय | ९८१२५५२३४२ |

*स्रोतः गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## १०.२ जन प्रतिनिधिहरुको विवरण

**तालिका नं. १६९ :** बढैयाताल गाउँपालिकाको जन प्रतिनिधिहरुको विवरण

| स्थानीय तह | पद | वडा नं. | उम्मेदवारको नाम | राजनीतिक दल र स्वतन्त्र | लिङ्ग |
|---|---|---|---|---|---|
| बढैयाताल गाउँपालिका | अध्यक्ष | | लाल बहादुर श्रेष्ठ | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | पुरुष |
| बढैयाताल गाउँपालिका | उपाध्यक्ष | | दिपा कुमारी गौतम | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | महिला |
| बढैयाताल गाउँपालिका | वडा अध्यक्ष | ९ | कान्छु थारु | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | पुरुष |
| बढैयाताल गाउँपालिका | वडा अध्यक्ष | १ | शेर बहादुर थापामगर | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | पुरुष |
| बढैयाताल गाउँपालिका | वडा अध्यक्ष | ३ | दुर्गा प्रसाद पराजुली | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | पुरुष |
| बढैयाताल गाउँपालिका | वडा अध्यक्ष | २ | काजी मान सुनार | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | पुरुष |
| बढैयाताल गाउँपालिका | वडा अध्यक्ष | ७ | इन्द्र प्रसाद लुइटेल | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | पुरुष |
| बढैयाताल गाउँपालिका | वडा अध्यक्ष | ८ | सुन्दर मान श्रेष्ठ | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | पुरुष |
| बढैयाताल गाउँपालिका | वडा अध्यक्ष | ६ | राम हरष थारु | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | पुरुष |
| बढैयाताल गाउँपालिका | वडा अध्यक्ष | ४ | कर्ण वहादुर थापा | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | पुरुष |
| बढैयाताल गाउँपालिका | वडा अध्यक्ष | ५ | राम सिह थारु | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | पुरुष |
| बढैयाताल गाउँपालिका | सदस्य | ५ | राम कुमार विश्वकर्मा | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | पुरुष |
| बढैयाताल गाउँपालिका | सदस्य | ५ | जय राम थारु | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | पुरुष |

| स्थानीय तह | पद | वडा नं. | उम्मेदवारको नाम | राजनीतिक दल र स्वतन्त्र | लिङ्ग |
|---|---|---|---|---|---|
| बढैयाताल गाउँपालिका | सदस्य | ६ | जंग बहादुर थारु | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | पुरुष |
| बढैयाताल गाउँपालिका | सदस्य | ९ | धनिराम थारु | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | पुरुष |
| बढैयाताल गाउँपालिका | सदस्य | ८ | दुर्गा थारु | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | पुरुष |
| बढैयाताल गाउँपालिका | सदस्य | ७ | आरती भट्टराई | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | महिला |
| बढैयाताल गाउँपालिका | सदस्य | ८ | अर्जुन थापा क्षेत्री | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | पुरुष |
| बढैयाताल गाउँपालिका | सदस्य | ६ | शंकर प्रसाद थारु | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | पुरुष |
| बढैयाताल गाउँपालिका | सदस्य | ९ | भोजराज रानाभाट | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | पुरुष |
| बढैयाताल गाउँपालिका | सदस्य | ४ | रामाश्रे थारु | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | पुरुष |
| बढैयाताल गाउँपालिका | सदस्य | ४ | राम लाल थारु | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | पुरुष |
| बढैयाताल गाउँपालिका | सदस्य | ३ | सुब्बा बक्स | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | पुरुष |
| बढैयाताल गाउँपालिका | सदस्य | २ | भुपाल सिं लामा | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | पुरुष |
| बढैयाताल गाउँपालिका | सदस्य | २ | पार्वती कुमारी पोखरेल | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | महिला |
| बढैयाताल गाउँपालिका | सदस्य | ३ | अमृका प्रसाद थारु | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | पुरुष |
| बढैयाताल गाउँपालिका | सदस्य | १ | गंगा बहादुर खत्री | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | पुरुष |
| बढैयाताल गाउँपालिका | सदस्य | १ | धन बहादुर सुनार | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | पुरुष |
| बढैयाताल गाउँपालिका | सदस्य | ७ | राम दुलारे थारु | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | पुरुष |
| बढैयाताल गाउँपालिका | महिला सदस्य | ९ | निर्मला कुमारी थरुनी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | महिला |
| बढैयाताल गाउँपालिका | महिला सदस्य | ४ | कमला गुरुङ्ग | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | महिला |
| बढैयाताल गाउँपालिका | महिला सदस्य | ६ | पार्वती काफ्ले | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | महिला |
| बढैयाताल गाउँपालिका | महिला सदस्य | ५ | राम प्यारी थारु | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | महिला |
| बढैयाताल गाउँपालिका | महिला सदस्य | १ | संगिता रोकाय | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | महिला |

| स्थानीय तह | पद | वडा नं. | उम्मेदवारको नाम | राजनीतिक दल र स्वतन्त्र | लिङ्ग |
|---|---|---|---|---|---|
| बढैयाताल गाउँपालिका | महिला सदस्य | २ | मंगला देवी लामा | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | महिला |
| बढैयाताल गाउँपालिका | महिला सदस्य | ८ | ममता कुमारी घर्ती मगर | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | महिला |
| बढैयाताल गाउँपालिका | महिला सदस्य | ७ | समिक्षा थारु | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | महिला |
| बढैयाताल गाउँपालिका | महिला सदस्य | ३ | दिब्या गुरुङ्ग | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | महिला |
| बढैयाताल गाउँपालिका | दलित महिला सदस्य | ४ | कौशिला वि.क | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | महिला |
| बढैयाताल गाउँपालिका | दलित महिला सदस्य | ६ | टोपली कमिनी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | महिला |
| बढैयाताल गाउँपालिका | दलित महिला सदस्य | ५ | तारा पासी | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | महिला |
| बढैयाताल गाउँपालिका | दलित महिला सदस्य | ९ | मिना सुनार | नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र) | महिला |
| बढैयाताल गाउँपालिका | दलित महिला सदस्य | ३ | चन्द्र कला वि.क. | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | महिला |
| बढैयाताल गाउँपालिका | दलित महिला सदस्य | १ | विष्णु कुमारी सुनारनी | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | महिला |
| बढैयाताल गाउँपालिका | दलित महिला सदस्य | २ | देवी सरा रैदास | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | महिला |
| बढैयाताल गाउँपालिका | दलित महिला सदस्य | ८ | कृष्ण कला सुनार | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | महिला |
| बढैयाताल गाउँपालिका | दलित महिला सदस्य | ७ | डिल माया सुनार | नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) | महिला |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## १०.३ प्रमुख राजनैतिक दलहरुको विवरण

बर्दिया जिल्लामा २० भन्दा बढि राजनीतिक दलहरू दर्ता भई क्रियाशील रहेका छन् । तीमध्ये केही दलको प्रभाव यस क्षेत्रमा पनि रहेको छ । भर्खरै गाउँपालिका बनेको कारण राजनीतिक दलहरूले गाउँपालिका स्तरीय संगठन बनाइसकेको अवस्था छैन । त्यसैले ती दलको गाउँपालिका स्तरीय कमिटीको प्रमुख को हो र उसको सम्पर्क नम्बर के कति हो भन्ने कुरा छुट्याउन सकिएन ।

तसर्थ, राजनीतिक दलहरूको सम्बन्धमा यहाँ क्रियाशील रहेका दलहरूको नाम समावेश गरिएको छ । त्यसको साथमा मधेशको क्षेत्रीय अधिकारका लागि आन्दोलन गरिरहेका संगठनहरू पनि यसै सन्दर्भमा राजनीतिक दलकै सूचीमा समावेश गरिएको छ ।

१. नेपाली काङ्ग्रेस

२. नेपाल कम्युनिष्ट पार्टी

३. संघीय समाजवादी फोरम नेपाल